संघीय संसद

विधेयक सङ्ग्रह

तेस्रो अधिवेशन

२०७५

संघीय संसद सचिवालय
सिंहदरवार, काठमाडौं

संघीय संसद

तेस्रो अधिवेशन

(२०७५/०९/११-२०७५/१२/१०)

श्री कृष्ण बहादुर महरा	- सभामुख
श्री गणेश प्रसाद तिमिल्सिना	- अध्यक्ष
डा. शिव माया तुम्बाहाङफे	- उपसभामुख
श्री शशिकला दाहाल	- उपाध्यक्ष
श्री मनोहरप्रसाद भट्टराई	- महासचिव (संघीय संसद)
श्री गोपालनाथ योगी	- सचिव (प्रतिनिधि सभा)
श्री राजेन्द्र फुयाल	- सचिव (राष्ट्रिय सभा)
श्री भरतराज गौतम	- सचिवालय सचिव
श्री ध्रुव प्रसाद घिमिरे	- सचिवालय सचिव

विधेयक महाशाखा (प्रतिनिधि सभा)

श्री जीवराज बुढाथोकी — सहसचिव

श्री नेत्रबहादुर कार्की — उपसचिव

श्री मोहन घर्ती मगर — शाखा अधिकृत

श्री प्रकाशकुमार लामा — कम्प्युटर अपरेटर

श्री पूर्णानन्द पन्त — नायव सुब्बा

श्री नवीन श्रेष्ठ — खरिदार

श्री आकाश चौधरी — कार्यालय सहयोगी

विधेयक महाशाखा (राष्ट्रिय सभा)

श्री मनोज कुमार गिरी — सहसचिव

श्री सिर्जना बराल — उपसचिव

श्री सुशिता दुवाडी (आचार्य) — कम्प्युटर अपरेटर

श्री रमा कुँवर (भण्डारी) — नायब सुब्बा

श्री चिरीकाजी मर्हजन — कार्यालय सहयोगी

श्री अनिल कुमार राई — कार्यालय सहयोगी

मुद्रण तथा प्रकाशन शाखा

श्री बाबुराजा महर्जन	-	मुद्रण अधिकृत
श्री गम्बीरमान सिंह	-	सिनियर प्रेस टेक्निसियन
श्री राजेन्द्रप्रसाद लामिछाने	-	सिनियर प्रेस टेक्निसियन
श्री प्रेमबहादुर चन्द	-	सिनियर प्रेस टेक्निसियन
श्री रोबन प्रजापति	-	सिनियर प्रेस टेक्निसियन
श्री कृष्णकला पौडेल	-	प्रेस टेक्निसियन
श्री माधव पौडेल	-	प्रेस टेक्निसियन
श्री विनोद न्यौपाने	-	प्रेस टेक्निसियन
श्री विमला बुढा	-	प्रेस टेक्निसियन
श्री मदन गिरी	-	कार्यालय सहयोगी

विषय सूची

क्र.स.	विधेयकको नाम	पृष्ठ
१.	राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	१
२.	सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक	३०
३.	कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	३२
४.	केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक	५२
५.	नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक	१०८
६.	निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	१५७
७.	भुक्तानी तथा फस्यौंट सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	१७४
८.	सार्वजनिक-निजी साझेदारी तथा लगानी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	१९७
९.	विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक	२३३
१०.	विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक	२३९
११.	बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक	२६४
१२.	लेखापरीक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक	२६६
१३.	प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक	२७९
१४.	मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक	२८६

राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरूप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेशाधर्मिता, संस्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सबै विद्यार्थीहरुको समान पहुँच सुनिश्चित गर्नका लागि चिकित्सा शिक्षा सुधार गर्ने सम्बन्धमा विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावना समेतलाई दृष्टिगत गरी चिकित्सा शिक्षा आयोगको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद–१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आयोग" भन्नाले दफा ३ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ग) "आङ्गिक शिक्षण संस्था" भन्नाले विश्वविद्यालयको आफ्नै स्वामित्व र लगानीमा सञ्चालित चिकित्सा शिक्षा अध्यापन गराउने आङ्गिक क्याम्पस, मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्छ।

(घ) "उच्च शिक्षा" भन्नाले स्नातक तह वा सोभन्दा माथिल्लो तहमा दिइने चिकित्सा शिक्षा सम्झनु पर्छ।

(ङ) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनु पर्छ।

(च) चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेशा सम्बन्धी सबै विधा र तहका शिक्षा (हेल्थ प्रोफेसनल एजुकेसन) सम्झनु पर्छ।

(छ) "चिकित्सा शिक्षा विज्ञ" भन्नाले स्वास्थ्य सेवाको कुनै विधामा सेवा, अध्यापन तथा अनुसन्धान गर्ने विशेषज्ञ सम्झनु पर्छ र सो शब्दले चिकित्सा शिक्षा विधि विज्ञलाई समेत जनाउँछ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "निर्देशक" भन्नाले दफा २९ बमोजिमको निर्देशक सम्झनु पर्छ।

(ञ) "निर्देशनालय" वा "बोर्ड" भन्नाले दफा २८ बमोजिमको निर्देशनालय वा बोर्ड सम्झनु पर्छ।

(ट) "परिषद्" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सम्झनु पर्छ।

(ठ) "प्रशिक्षक" भन्नाले शिक्षण संस्थाको प्रमाणपत्र तहमा अध्यापन गर्न नियुक्त व्यक्ति सम्झनु पर्छ।

(ड) "प्रतिष्ठान" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापित प्रतिष्ठान सम्झनु पर्छ।

(ढ) "योग्यता क्रम" भन्नाले आयोगले तोके अनुसारको परीक्षाको नतिजा तथा अन्य तोकिएका आधारहरूबाट तय भएको योग्यताको क्रम सम्झनु पर्छ।

(ण) "विश्वविद्यालय" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न, गराउन प्रचलित कानून बमोजिम स्थापित विश्वविद्यालय सम्झनु पर्छ।

(त) "शिक्षक (फ्याकल्टी)" भन्नाले उच्च शिक्षाको अध्यापनका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर गरी चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थामा अध्यापन, सेवा तथा अनुसन्धान गर्ने, गराउने प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापक सम्झनु पर्छ।

(थ) "शिक्षण शुल्क" भन्नाले शिक्षण संस्थाले चिकित्सा शिक्षाको अध्ययन अवधिभरमा लिने भर्ना, शिक्षण, ल्याब, पुस्तकालय, सामुदायिक तालीम वा परीक्षा शुल्क सम्झनु पर्छ र सो शब्दले आयोगको स्वीकृतिमा शिक्षण संस्थाले लिने अन्य शुल्कलाई समेत जनाउँछ।

(द) "शिक्षण संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापित चिकित्सा शिक्षा प्रदान गर्ने मेडिकल कलेज वा शिक्षण संस्था सम्झनु पर्छ र सो शब्दले शिक्षण संस्था सञ्चालन गर्न दिइएको विस्तारित कार्यक्रमको अनुमतिलाई समेत जनाउँछ।

(ध) "समिति" भन्नाले दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(न) "सम्बन्धन" भन्नाले कुनै शिक्षण संस्थाले आफ्नो शैक्षिक कार्यक्रम सञ्चालनका लागि अनुसरण गर्ने पाठ्यक्रम, भर्ना, सङ्कायको संरचना, परीक्षा विधि तथा उपाधि प्रदान गर्न विश्वविद्यालयद्वारा वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा प्रदान गरिएको औपचारिक प्राज्ञिक सम्बन्धन सम्झनु पर्छ।

(प) "सार्वजनिक शिक्षण संस्था" भन्नाले सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्तिको प्रयोग गरी स्थापना भएका सरकारी, सार्वजनिक गुठी वा अन्य शिक्षण संस्था सम्झनु पर्छ।

परिच्छेद-२

आयोगको स्थापना

३. **आयोगको स्थापना:** (१) शिक्षण संस्थाको नियमन गर्न तथा चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउनको लागि चिकित्सा शिक्षा आयोगको स्थापना गरिएको छ।

(२) आयोगको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकता अनुसार प्रदेशस्तरमा समेत शाखा कार्यालय खोल्न सक्नेछ।

४. **आयोग स्वशासित संस्था हुने:** (१) आयोग अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) आयोगको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) आयोगले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) आयोगले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र आयोग उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) आयोगले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

परिच्छेद–३

आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

५. **आयोगको गठन:** (१) आयोगको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रधानमन्त्री –अध्यक्ष

(ख) शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री –सह-अध्यक्ष

(ग) स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री –सह-अध्यक्ष

(घ) चिकित्सा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका चिकित्सकहरुमध्येबाट नेपाल सरकारले नियुक्ति गरेको एक जना –उपाध्यक्ष

(ङ) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा तथा स्वास्थ्य हेर्ने) –सदस्य

(च) चिकित्सा शिक्षा कार्यक्रम सञ्चालन भएका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूमध्येबाट तीन जना –सदस्य

(छ) शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको सचिव –सदस्य

(ज) स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको सचिव –सदस्य

(झ) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग -सदस्य

(ञ) उपाध्यक्ष, प्राविधिक शिक्षा तथा

व्यावसायिक तालिम परिषद् -सदस्य

(ट) अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद् -सदस्य

(ठ) अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् -सदस्य

(ड) अध्यक्ष, नेपाल नर्सिङ परिषद् -सदस्य

(ढ) अध्यक्ष, नेपाल स्वास्थ्य व्यवसायी परिषद् -सदस्य

(ण) अध्यक्ष, नेपाल फार्मेसी काउन्सिल -सदस्य

(त) स्वास्थ्य सम्बन्धी राष्ट्रिय तहका
मेडिकल तथा नर्सिङ लगायतका
आधिकारिक पेशागत संगठनका
अध्यक्षहरू मध्येबाट कम्तीमा
एक जना महिला सहित दुई जना -सदस्य

(थ) मेडिकल र डेन्टल बाहेकका निजी
शिक्षण संस्था सञ्चालकहरूको राष्ट्रिय
स्तरको आधिकारिक संगठनका अध्यक्ष -सदस्य

(द) नागरिक समाजका लब्ध प्रतिष्ठित
कम्तीमा एक महिला सहित दुई जना -सदस्य

(ध) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल –सदस्य

(न) चिकित्सा शिक्षा विज्ञहरूमध्येबाट
समावेशी सिद्धान्तको आधारमा कम्तीमा
दुई जना महिला सहित तीन जना –सदस्य

(प) अध्यक्ष, नेपाल मेडिकल एशोसियसन –सदस्य

(फ) निजी मेडिकल र डेन्टल कलेज
सञ्चालकहरूको राष्ट्रियस्तरको
आधिकारिक सङ्गठनका अध्यक्ष –सदस्य

(ब) आयोगको वरिष्ठ कर्मचारी –सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च), (त), (थ), (द) र (न) बमोजिमका सदस्यहरूको मनोनयन अध्यक्षले गर्नेछ।

(३) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजहरू अर्को एक कार्यकालको लागि पुनः मनोनयन हुन सक्नेछन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत कुनै सदस्यले आफ्नो पद अनुरूपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी आयोगले निर्णय गरेमा अध्यक्षले जुनसुकै बखत निजलाई सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

६. **<u>आयोगको काम, कर्तव्य र अधिकार:</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नु पर्ने राष्ट्रिय नीति तय गर्ने,

(ख) संघ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तर सम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,

(ग) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने,

(घ) प्रत्यायन सम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,

(ङ) प्राज्ञिक उन्नयन तथा अनुसन्धान सम्बन्धी नीति निर्धारण गर्ने,

(च) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकता अनुसार निर्देशन दिने,

(छ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,

(ज) आशय पत्र, सम्बन्धन र सम्बन्धन खारेज सम्बन्धी नीति र मापदण्ड तय गर्ने,

(झ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,

(ञ) आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(ट) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने,

(ठ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

७. **<u>आयोगको बैठक र निर्णय:</u>** (१) आयोगको बैठक आवश्यकता अनुसार बस्नेछ।

तर दुई बैठक बीचको अन्तर छ महिनाभन्दा बढी हुने छैन।

(२) आयोगको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) आयोगको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना आयोगको सदस्य-सचिवले आयोगका सदस्यलाई दिनेछ।

तर आयोगको अध्यक्षले चाहेमा जुनसुकै बखत बैठक बोलाउन सकिनेछ।

(४) आयोगमा तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा आयोगको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ।

(६) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) आयोगको बैठकमा आयोगले कुनै व्यक्ति, पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(८) आयोगको बैठकमा छलफल वा निर्णयको लागि पेश भएको कुनै विषयमा कुनै सदस्यको व्यक्तिगत हित, चासो, सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो सदस्यले सो विषयमा हुने छलफल वा निर्णयको प्रक्रियामा भाग लिन पाउने छैन।

(९) आयोगको बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राख्नेछ।

(१०) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद–४

समितिको गठन तथा काम, कर्तव्य र अधिकार

८. **कार्यकारी समितिः** (१) आयोगको कार्यकारी निकायको रूपमा काम गर्न एक कार्यकारी समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क)	उपाध्यक्ष	– अध्यक्ष
(ख)	निर्देशकहरू	– सदस्य
(ग)	आयोगका सदस्यहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित दुई जना	– सदस्य

(३) आयोगको सदस्य-सचिवले समितिको सदस्य-सचिवको रूपमा काम गर्नेछ।

(४) समितिमा मनोनीत सदस्यको पदावधि आयोगको सदस्य रहेसम्म कायम रहनेछ।

(५) समितिमा मनोनीत सदस्यले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा पद अनुसारको आचरण नगरेमा आयोगको अध्यक्षले समितिको अध्यक्षको सिफारिसमा निजलाई जुनसुकै बखत हटाई अर्को व्यक्तिलाई मनोनीत गर्न सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

९. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) निर्देशनालय र बोर्डबीच समन्वय गर्ने,

(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार निर्देशनालय तथा बोर्डलाई निर्देशन दिने,

(ग) निर्देशनालय तथा बोर्डबाट पेश हुने कार्ययोजना, प्रस्ताव, निर्देशिका वा मापदण्डमा आवश्यक परिमार्जन गरी स्वीकृतिको लागि आयोगमा पेश गर्ने,

(घ) सम्बन्धित निर्देशनालयको सिफारिसका आधारमा यस ऐन बमोजिम आशय पत्रका लागि आयोग समक्ष सिफारिस गर्ने,

(ङ) आयोगबाट स्वीकृत भएका नीति तथा कार्यक्रम सम्बन्धित निर्देशनालय तथा बोर्डद्वारा कार्यान्वयन गराउने,

(च) यस ऐन बमोजिम शिक्षण संस्थाको सम्बन्धन खारेजी गर्न सम्बन्धित विश्वविद्यालयलाई लेखी पठाउने,

(छ) चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य र समन्वय गर्ने,

(ज) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन तयार गर्ने,

(झ) शिक्षण संस्थाको विद्यार्थी सिट सङ्ख्या, शिक्षण शुल्क र सम्बन्धन सम्बन्धी विषयमा आयोग समक्ष सिफारिस गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

१०. **<u>समितिको बैठक र निर्णय:</u>** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना समितिको सदस्य-सचिवले सबै सदस्यहरुलाई पठाउनेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्षले प्रमाणित गरी राख्नेछ।

(८) समितिको बैठकमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद–५

आशयपत्र, सम्बन्धन तथा प्रत्यायन

११. **आशयपत्र लिनु पर्ने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षणसंस्था स्थापना गर्न चाहनेले त्यस्तो संस्था स्थापनाको लागि आयोगबाट आशयपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आशयपत्र प्राप्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी आयोगमा निवेदन दिनु पर्नेछ:-

(क) शिक्षण संस्था स्थापनाको लागि नक्साङ्कन सम्बन्धी विवरण,

(ख) शिक्षण संस्था स्थापनाको सम्बन्धमा आर्थिक तथा प्राविधिक प्रस्ताव,

(ग) सम्बन्धन लिन चाहेको विश्वविद्यालयको सहमतिपत्र,

(घ) अस्पताल सञ्चालन सम्बन्धमा स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयको स्वीकृतिपत्र,

(ङ) आयोगले तोके बमोजिमका अन्य विवरण तथा कागजात।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन सहितको कागजात जाँचबुझ गर्दा शिक्षण संस्था स्थापना गर्न यो ऐन तथा प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र शर्त पूरा भएको देखिएमा आयोगले अवधि र शर्त तोकी निवेदकलाई आशयपत्र प्रदान गर्नेछ।

(४) दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम अस्पताल सञ्चालन नगरेका शिक्षण संस्थाले यो ऐन प्रारम्भ हुनु अगावै आशयपत्र पाइसकेको भए तापनि तोकिएको अवधिभित्र सो खण्ड बमोजिमको शर्त पूरा नगरेमा त्यस्ता शिक्षण संस्थाको आशयपत्र नवीकरण गरिने छैन।

(५) आशयपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था र नवीकरण गर्दा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

१२. **<u>आशयपत्र प्रदान नगरिने</u>**: (१) दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षण संस्था स्थापना गर्न आशयपत्र प्रदान गरिने छैनः-

(क) विद्यार्थीको पढाई र अभ्यासको लागि मेडिकल तर्फ कम्तीमा तीनसय तथा डेण्टल र नर्सिङ्ग तर्फ एकसय शैयाको अस्पताल सञ्चालन नभएसम्म सम्बन्धित विषयको कुनै कार्यक्रम सञ्चालन गर्न।

(ख) आयोगले तोकेको अन्य मापदण्ड पूरा नगरेमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको मितिले दश वर्षसम्म काठमाडौं उपत्यका भित्र मेडिकल, डेन्टल र नर्सिङ विषयमा स्नातक कार्यक्रम सञ्चालन गर्नका लागि शिक्षण संस्था स्थापना र सञ्चालन गर्न आशयपत्र प्रदान गरिने छैन।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत आशयपत्र प्राप्त गरी पूर्वाधार पूरा गरेका शिक्षण संस्थाका हकमा देहाय बमोजिम गर्न सकिनेछः-

(क) सम्बन्धित शिक्षण संस्थाले सरकारलाई सम्पत्ति हस्तान्तरण गर्न चाहेमा सरकारले उचित मुआब्जा दिई स्वामित्व ग्रहण गर्न सक्ने, वा

(ख) आयोगले प्राथमिकता तोकेको क्षेत्रमा सम्बन्धित शिक्षण संस्थाले स्थानान्तरण गर्न चाहेमा नेपाल सरकारले प्रोत्साहन सुविधा उपलब्ध गराउने।

१३. **सम्बन्धन सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय र परिषद्ले आफ्नो आङ्गिक कार्यक्रम नभएका विषयमा कुनै पनि शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा सञ्चालन नभएका नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक प्राज्ञिक तथा भौतिक पूर्वाधार तथा व्यवस्थापकीय क्षमता भएका शिक्षण संस्थालाई सो कार्यक्रम सञ्चालन गर्न आयोगको सिफारिसमा सम्बन्धित विश्वविद्यालयले सम्बन्धन दिन सक्नेछ।

(३) विश्वविद्यालयले एक जिल्लामा एकभन्दा बढी मेडिकल वा डेन्टल विषयका शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि जनसङ्ख्या, उपलब्ध शिक्षण संस्था, भौगोलिक विशिष्टता, स्वास्थ्य सेवामा नागरिकको पहुँच तथा सामाजिक न्याय समेतलाई दृष्टिगत गरी आयोगले उपयुक्त ठहऱ्याएको जिल्लामा एकभन्दा बढी मेडिकल वा डेन्टल विषयका शिक्षण संस्थालाई सम्बन्धन दिन बाधा पर्ने छैन।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयले देहायको अवस्थामा शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन:-

(क) प्रचलित कानून बमोजिम लिएको आशयपत्रमा उल्लिखित शर्तहरु पूरा नगरेको,

(ख) अस्पताल सञ्चालन सम्बन्धमा प्रचलित कानून बमोजिम स्वीकृति लिई तीन वर्षसम्म आफ्नै अस्पताल पूर्ण रूपमा सञ्चालन नगरेको,

(ग) आयोगले तोकेको मापदण्ड पूरा नगरेको,

(घ) प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने अन्य शर्त वा मापदण्ड पूरा नगरेको।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन जारी भएपछि एक विश्वविद्यालयले पाँच भन्दा वढी शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन। तर यो ऐन जारी हुनुभन्दा अघि सम्बन्धन दिई सकेका र मनसायपत्र लिई मापदण्ड पूरा गरेका काठमाण्डौ उपत्यका वाहिरका शिक्षण संस्थाका हकमा यो प्रावधान लागु हुने छैन। काठमाण्डौ उपत्यका वाहिरका अन्य शिक्षण संस्थाका हकमा

आयोगले निर्णय गरे बमोजिम हुनेछ। आयोगले निर्णय गर्दा यस ऐनको कुनैपनि कुराले बाधा पुग्ने छैन।

१४. **<u>सम्बन्धनको खारेजी:</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले देहायको अवस्थामा शिक्षण संस्थाको वा सो संस्थाको कुनै एक वा सोभन्दा बढी शैक्षिक कार्यक्रमको सम्बन्धन खारेज गर्न सम्बन्धित विश्वविद्यालयलाई लेखी पठाउन सक्नेछः-

(क) दफा १८ बमोजिम निर्धारितभन्दा बढी शुल्क लिएमा,

(ख) आयोगले निर्धारण गरे बमोजिमको सिट सङ्ख्या सम्बन्धी मापदण्डको उलङ्घन भएमा,

(ग) आयोगले दिएको निर्देशन बारम्बार उलङ्घन गरेमा,

(घ) यस ऐन बमोजिम निर्धारित मापदण्ड पूरा गरेको नदेखिएमा।

(२) उपदफा (१) बमोजिम कुनै शिक्षण संस्थाको सम्बन्धन खारेज गर्नु अघि सम्बन्धित विश्वविद्यालयले त्यस्तो संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनेछ।

(३) उपदफा (२) बमोजिम दिइएको अवधिभित्र कुनै शिक्षण संस्थाले सफाई पेश नगरेमा वा पेश गरेको सफाई सन्तोषजनक नभएमा सम्बन्धित विश्वविद्यालयले त्यस्तो शिक्षण संस्थाको वा सो संस्थाको कुनै एक वा सोभन्दा बढी शैक्षिक कार्यक्रमको सम्बन्धन खारेज गर्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै शिक्षण संस्था वा सो संस्थाको शैक्षिक कार्यक्रमको सम्बन्धन खारेज भएमा सम्बन्धित विश्वविद्यालयले त्यसको जानकारी यथाशीघ्र आयोगलाई दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम कुनै शिक्षण संस्था वा सो संस्थाको शैक्षिक कार्यक्रमको सम्बन्धन खारेज गर्दा त्यस्तो शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीको अध्ययन निरन्तरता गराउने कार्य सम्बन्धित विश्वविद्यालयले गर्नेछ।

(६) उपदफा (३) बमोजिम सम्बन्धन खारेज भएको शिक्षण संस्थामा भर्ना भई अध्ययनरत विद्यार्थीलाई उपदफा (५) बमोजिम अन्य शिक्षण संस्थामा अध्ययनको लागि निरन्तरता दिन नसकिने भएमा नयाँ भर्ना लिन नपाउने गरी त्यस्ता विद्यार्थीलाई सोही शिक्षण संस्थामा निरन्तर अध्ययनको व्यवस्था मिलाउनु पर्नेछ।

(७) शिक्षण संस्थाको सम्बन्धन खारेजी र सो संस्था खारेज भएपछिको दायित्व सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **प्रत्यायनः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्सा शिक्षा सम्बन्धी सम्पूर्ण कार्यक्रमहरूको प्रत्यायन सम्बन्धी कार्य गर्नका लागि कानून बमोजिम छुट्टै निकाय गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको निकाय गठन नभएसम्म प्रत्यायन सम्बन्धी कार्य मापदण्ड तथा प्रत्यायन निर्देशनालयले गर्नेछ।

(३) परिषद् अन्तर्गत रहेका प्रमाणपत्र तहका कार्यक्रमहरूको प्रत्यायन निर्देशनालय वा आयोगले तोकेको निकायले गर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भए पछि परिषद्ले प्रमाणपत्र तह भन्दा मुनिका स्वास्थ्य शिक्षा सम्बन्धी कुनै पनि प्राविधिक कार्यक्रमहरू सञ्चालन गर्ने छैन।

(५) परिषद्ले सञ्चालन गरेको प्रमाणपत्र तह भन्दा मुनिका स्वास्थ्य शिक्षा सम्बन्धी कुनै पनि प्राविधिक कार्यक्रमहरू तोकिए बमोजिम हटाउने (फेज आउट) र तोकेको मापदण्ड बमोजिम स्तरोन्नति (अपग्रेड) गरिनेछ।

(६) प्रत्यायन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

परिच्छेद–६

विद्यार्थी भर्ना

१६. **प्रवेश परीक्षा सम्बन्धी व्यवस्थाः** (१) उच्च शिक्षामा अध्ययनको लागि भर्ना हुन चाहने व्यक्तिले आयोग वा आयोगले तोकेको संस्था वा निकायले सञ्चालन गरेको प्रवेश परीक्षामा आयोगले तोकेको न्यूनतम अङ्क ल्याई उत्तीर्ण गर्नु पर्नेछ।

(२) नेपालबाट अन्य मुलुकमा उच्च शिक्षा अध्ययन गर्न जाने व्यक्तिले उपदफा (१) बमोजिमको प्रवेश परीक्षा उत्तीर्ण गरेको र नेपालका शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विदेशी व्यक्तिले आयोगले तोकेको विषयमा अयोगले तोकेको न्यूनतम प्रतिशत प्राप्त गरेको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन गरेको प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा आयोगले एकीकृत सूची तयार गरी प्रकाशन गर्नेछ। त्यसरी सूची प्रकाशन गर्दा नेपाल सरकारलाई उपलब्ध गराइएको छात्रवृत्तिको सिट सङ्ख्या, यो ऐन तथा

प्रचलित कानून बमोजिम आरक्षण गरिएको सिट सङ्ख्या, विदेशी विद्यार्थीको लागि छुट्याइएको सिट सङ्ख्या र खुल्ला सिट सङ्ख्या समेत सूचीमा उल्लेख गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम योग्यताक्रमको सूची तयार गर्दा स्नातकभन्दा माथिको तहमा तोकिएका दुर्गम क्षेत्रमा सेवा गरेका चिकित्सकलाई तोकिए बमोजिमको प्रतिशतमा विशेष अङ्कभार प्रदान गरी योग्यताको सूची तयार गरिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहाय बमोजिम हुनेछः-

(क) प्रवेश परीक्षा सञ्चालन भई नसकेका विषय अध्ययन गर्न विदेश जाने प्रयोजनको लागि आयोग वा आयोगले तोकेको निकायले अनुमतिपत्र दिन सक्ने,

(ख) आयोगले प्रवेश परीक्षा सुरु नगरेसम्म विश्वविद्यालय तथा प्रतिष्ठानहरूबाट लिइएको प्रवेश परीक्षाबाट योग्यताक्रमको सूची कायम गरिने,

(ग) परिषद् अन्तर्गत प्रमाणपत्र तहका स्वास्थ्य शिक्षा सम्बन्धी कार्यक्रमहरूको प्रवेश परीक्षा सम्बन्धी व्यवस्था आयोगको समन्वयमा परिषद्ले गर्नेछ।

(६) एमविविएस वा विडिएस पूरा गरेका चिकित्सकले एक वर्ष कार्य अनुभव हासिल गरेपछि मात्र स्नातकोत्तर कार्यक्रमको प्रवेश परीक्षामा सहभागी हुन पाउनेछ।

तर यो व्यवस्था विदेशी विद्यार्थी, आधारभूत चिकित्सा विज्ञान, एमडिजिपी कार्यक्रम र पब्लिक हेल्थको हकमा लागू हुने छैन र अन्य विधाहरूका स्नातकोत्तर कार्यक्रमको लागि आवश्यक पर्ने कार्य अनुभव सम्बन्धी व्यवस्था आयोगले तोके बमोजिम हुनेछ।

(७) प्रवेश परीक्षाको पाठ्यक्रम, पाठ्यभार तथा परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **<u>विद्यार्थी भर्ना र शैक्षिक क्यालेन्डरः</u>** (१) आयोगले प्रत्येक वर्ष तोकिए बमोजिमको मापदण्डका आधारमा विश्वविद्यालय, प्रतिष्ठान तथा अन्य शिक्षण संस्थाका लागि निश्चित सिट सङ्ख्या तोक्नेछ।

(२) विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण संस्थाले विद्यार्थी भर्ना गर्दा दफा १६ बमोजिमको प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा विद्यार्थीलाई भर्ना गर्नु पर्नेछ।

तर नेपाल सरकारलाई उपलब्ध गराइएको छात्रवृत्ति र आरक्षण गरिएको सिटमा भर्ना गर्दा त्यस्तो सिटको लागि सिफारिस गरिएका व्यक्तिलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्नेछ।

(३) विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण संस्थाले प्रवेश परीक्षाबाट छनोट भएका विद्यार्थीहरुलाई म्याचिङ्ग प्रणाली अनुरूप भर्ना गर्नु पर्नेछ।

(४) स्वदेशी लगानीबाट सञ्चालित कलेजहरूले कुल सिट सङ्ख्याको कम्तीमा दश प्रतिशत र नेपाली र विदेशीको संयुक्त लगानी वा विदेशीको लगानीमा सञ्चालित शिक्षण संस्थाले कुल सिट सङ्ख्याको कम्तीमा बीस प्रतिशत सिट निःशुल्क छात्रवृत्तिका रुपमा नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ।

(५) स्नातक तथा स्नातकोत्तर तहका लागि तोकिएका कुल सिट सङ्ख्यामध्ये विदेशी विद्यार्थीको सङ्ख्या एक तिहाइभन्दा बढी हुने छैन।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारलाई बीस प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको रूपमा उपलब्ध गराउने शिक्षण संस्थाको हकमा विदेशी विद्यार्थीको सिट सङ्ख्या बढीमा पचास प्रतिशत हुनेछ।

(७) सार्वजनिक शिक्षण संस्थाले स्नातक तहको कार्यक्रममा उपलब्ध सिट संख्याको कम्तीमा पचहत्तर प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको लागि व्यवस्था गर्नु पर्नेछ र आयोगको परामर्शमा त्यस्तो सिट क्रमशः वृद्धि गर्दै लैजान सकिनेछ।

(८) उपदफा (७) बमोजिम निःशुल्क छात्रवृत्ति उपलब्ध गराए बापत नेपाल सरकारले सार्वजनिक शिक्षण संस्थालाई एकमुष्ठ अनुदान प्रदान गर्नेछ।

(९) शिक्षण संस्थामा एमबिबिएस, डेन्टल लगायत अन्य कार्यक्रमका लागि एकीकृत वार्षिक शैक्षिक क्यालेन्डर लागू गरिनेछ।

(१०) छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद–७

शिक्षण शुल्क

१८. **शिक्षण शुल्क सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्सा शिक्षाका स्नातक कार्यक्रमका लागि लिइने शुल्क सम्बन्धमा देहाय बमोजिम हुनेछ:-

(क) विश्वविद्यालय, प्रतिष्ठान वा शिक्षण संस्थाको लागत तथा सञ्चालन खर्च, मुद्रास्फिति, भौगोलिक अवस्थिति, छात्रवृत्ति तथा निःशुल्क सेवा समेतलाई दृष्टिगत गरी विश्वविद्यालय, प्रतिष्ठान तथा शिक्षण संस्थासँग परामर्श गरी आयोगले शुल्क निर्धारण गर्नेछ।

(ख) विद्यार्थीबाट लिइने एक तिहाई रकम पहिलो वर्षमा र बाँकी रकम वार्षिकरूपमा किस्तावन्दीमा लिइनेछ।

(ग) विद्यार्थीले पहिलो वर्षको शुल्क सम्बन्धित विश्वविद्यालय मार्फत बुझाउनु पर्नेछ।

(२) चिकित्सा शिक्षामा स्नातकोत्तर कार्यक्रमका लागि लिइने शुल्क सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:-

(क) सार्वजनिक शिक्षण संस्था बाहेक अन्य शैक्षिक संस्थाको हकमा आयोगले सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान तथा शिक्षण संस्थासँग परामर्श गरी शुल्क निर्धारण गर्नेछ।

(ख) सार्वजनिक शिक्षण संस्थामा आधारभूत चिकित्सा विज्ञान वा क्लिनिकल विधा (मेडिकल तथा डेन्टल) अध्ययन गर्दा नेपाली विद्यार्थीलाई शिक्षण शुल्क लिइने छैन र त्यस्ता विद्यार्थीलाई समुचित निर्वाह भत्ता सम्बन्धित शिक्षण संस्थाले उपलब्ध गराउनेछ।

(ग) सम्बन्धित शिक्षण संस्था अन्तर्गत अध्ययनका लागि नर्सिङ, आयुर्वेद लगायत अन्य चिकित्सा शिक्षा विधाका विषयहरुमा लिइने शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भए पश्चात सरकारी शिक्षण संस्थामा सञ्चालन हुने चिकित्सा क्षेत्रको स्नातकोत्तर तह नेपाली विद्यार्थीको लागि निःशुल्क हुनेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी विद्यार्थीको हकमा आयोगले निर्धारण गरेको मापदण्डको आधारमा सम्बन्धित विश्वविद्यालय वा प्रतिष्ठान आफैले शुल्क निर्धारण गर्नेछ।

(५) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा विदेशी विद्यार्थी भर्ना नभई नेपाली विद्यार्थीलाई भर्ना गर्दा नेपाली विद्यार्थीको लागि निर्धारण गरिएको शिक्षण शुल्क लिनु पर्नेछ।

(६) नेपाली विद्यार्थी भर्ना हुन नआएमा आयोगको अनुमति लिई त्यस्तो सिटमा विदेशी विद्यार्थीलाई भर्ना गर्न सकिनेछ।

परिच्छेद–८

पाठ्यक्रम, शिक्षण विधि, उपाधि तथा संस्थागत जवाफदेही

१९. **पाठ्यक्रम, शिक्षण विधि तथा उपाधिको मापदण्डः** (१) विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण संस्थाको पाठ्यक्रम, शिक्षण विधि र उपाधीको मापदण्ड आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको पाठ्यक्रममा चिकित्सा शिक्षा सम्बन्धी सैद्धान्तिक ज्ञानका अतिरिक्त व्यवहारिक सीपको विकास, मानवीय संवेदनशीलता, सञ्चार सीप, व्यावसायिकता, सामाजिक जवाफदेही, सहकार्य, सदाचार र नेतृत्वदायी क्षमता विकास सम्बन्धी विषयवस्तु समावेश हुनेछन्।

(३) आयोगले विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण संस्थाबाट प्रदान गरिने उपाधिलाई एकरूपता कायम गर्नेछ।

२०. **संस्थागत जवाफदेहीः** (१) प्रत्येक विश्वविद्यालय, प्रतिष्ठान वा अन्य शिक्षण संस्थाले आयोगको सिफारिसमा स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले तोकेको कम्तीमा एउटा जिल्लामा सेवा क्षेत्रको रूपमा काम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका संस्थाले आफ्नो सेवा क्षेत्रभित्र विशेषज्ञ सेवा सहितको समुदायमूलक शिक्षा तथा चिकित्सा सेवा प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका संस्थाले आय व्ययको लेखाको पारदर्शी ढङ्गले लेखा परीक्षण तथा सामाजिक परीक्षण गराई सोको प्रतिवेदन आयोगमा पेश गरी आफ्नो वेबसाइटमा नियमित रूपमा अद्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ।

परिच्छेद–९

शिक्षक, उपाध्यक्ष, निर्देशनालय, बोर्ड, निर्देशक तथा कर्मचारी

२१. शिक्षक सम्बन्धी व्यवस्थाः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय, प्रतिष्ठान तथा अन्य शिक्षण संस्थाले आयोगले तोके बमोजिमको न्यूनयतम योग्यता र अनुभव भएका प्राध्यापक, सहप्राध्यापक तथा उपप्राध्यापकको व्यवस्था गर्नु पर्नेछ।

तर उच्च शिक्षा अध्यापनका लागि सम्वन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(२) परिषद् अन्तर्गतका शिक्षण संस्थाले आयोगले तोके बमोजिमको न्यूनतम् योग्यता र अनुभव भएका प्रशिक्षकको व्यवस्था गर्नु पर्नेछ।

२२. **उपाध्यक्षः** (१) नेपाल सरकारले दफा २३ बमोजिमको समितिले सिफारिस गरेका व्यक्तिहरुमध्येबाट एक जनालाई आयोगको उपाध्यक्ष नियुक्त गर्नेछ।

(२) उपाध्यक्ष आयोगको पूरा समय काम गर्ने प्रमुख कार्यकारी हुनेछ।

(३) उपाध्यक्षको पदावधि बढिमा चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले आफ्नो पद अनुरुपको आचरण नगरेको, जिम्मेवारी पूरा नगरेको वा निज शारीरिक वा मानसिक अस्वस्थताको कारण कार्य सम्पादन गर्न असमर्थ भएको आधारमा आयोगको तत्काल कायम रहेको सदस्यको बहुमतबाट निजलाई पदमुक्त गर्ने निर्णय गरेमा उपाध्यक्ष आफ्नो पदबाट स्वतः मुक्त हुनेछ।

तर त्यसरी पदबाट मुक्त गर्ने निर्णय गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(५) उपाध्यक्षले नेपाल सरकारले तोके बमोजिमको मासिक पारिश्रमिक र अन्य सुविधा पाउनेछ।

२३. **सिफारिस समितिः** (१) उपाध्यक्षको नियुक्तिको लागि नाम सिफारिस गर्न नेपाल सरकारले देहाय बमोजिमको एक सिफारिस समिति गठन गर्नेछः-

(क) लोक सेवा आयोगको अध्यक्ष –संयोजक

(ख) नेपाल सरकारको मुख्य सचिव
वा निजले तोकेको प्रधानमन्त्री तथा
मन्त्रिपरिषद्को कार्यालयको सचिव –सदस्य

(ग) चिकित्सा क्षेत्रका प्राध्यापकहरुमध्ये
नेपाल सरकारले तोकेको महिला एकजना –सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले आफ्नो काम प्रारम्भ गरेको मितिले तीस दिनभित्र उपाध्यक्ष पदमा नियुक्तिको लागि नेपाल सरकार समक्ष तीन जनाको नाम सिफारिस गर्नु पर्नेछ।

(३) उपाध्यक्षको पदमा नियुक्तिको लागि नाम सिफारिस गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२४. **सिफारिसका आधारः** (१) दफा २३ बमोजिमको सिफारिस समितिले देहायका व्यक्तिहरूमध्येबाट उपाध्यक्षको पदमा नियुक्तिको लागि नेपाल सरकारमा सिफारिस गर्नेछः-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी चिकित्साशास्त्रको कुनै पनि विधामा कम्तीमा बीस वर्षको अनुभव भएको वा चिकित्सा शिक्षाको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव सहित स्वास्थ्य सेवाका क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव भएको,

(ख) शिक्षण संस्थाका बहालवाला वा अवकाश प्राप्त उपकुलपति, प्राध्यापक वा विशिष्ट श्रेणीको चिकित्सक वा चिकित्सा शिक्षा विज्ञको रूपमा ख्याति प्राप्त गरेको,

(ग) सम्बद्ध क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,

(घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) चिकित्सा शिक्षाको क्षेत्रमा निजी स्वार्थ नभएको,

(च) उच्च नैतिक चरित्र कायम गरेको, र

(छ) दफा २५ बमोजिमको अयोग्यता नभएको।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षण संस्था वा अन्य कुनै सेवाको बहालवाला व्यक्ति वा पदाधिकारी उपाध्यक्ष पदमा नियुक्ति भएमा त्यसरी नियुक्ति भएको मितिभन्दा अगाडि बहाल रहेको पदबाट निज स्वतः पद मुक्त भएको मानिनेछ।

२५. **<u>उपाध्यक्षको अयोग्यता:</u>** देहायको व्यक्ति उपाध्यक्षको पदमा नियुक्ति हुन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) दामासाहीमा परेको,

(ग) मानसिक सन्तुलन ठीक नभएको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषध बिक्री वितरण वा ओसार पसार, राहदानी दुरुपयोग, जबरजस्ती करणी वा नैतिक पतन देखिने अन्य कुनै फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्षको अवधि पूरा नभएको,

(च) पैंतालीस वर्ष उमेर पूरा नभएको,

(छ) नेपालको संविधानको धारा २९१ बमोजिम नियुक्ति हुन अयोग्य भएको।

२६. **<u>पद रिक्त हुने अवस्था:</u>** देहायको अवस्थामा उपाध्यक्षको पद रिक्त हुनेछः-

(क) निजले पदबाट राजीनामा दिएमा,

(ख) निज दफा २२ को उपदफा (४) बमोजिम पदमुक्त भएमा,

(ग) निज दफा २५ बमोजिम उपाध्यक्षको पदमा बहाल रहन अयोग्य भएमा,

(घ) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ङ) निजको मृत्यु भएमा।

२७. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगबाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) आयोगको वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गराई आयोग समक्ष पेश गर्ने,

(ग) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) आयोगको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

२८. **निर्देशनालय तथा बोर्ड:** (१) आयोगको कार्य सम्पादनका लागि आयोगमा देहायका निर्देशनालय तथा बोर्ड रहनेछन्:-

(क) मापदण्ड तथा प्रत्यायन निर्देशनालय,

(ख) योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय,

(ग) परीक्षा निर्देशनालय,

(घ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज।

(२) निर्देशनालय तथा बोर्डको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२९. **निर्देशक:** (१) निर्देशनालय वा बोर्डको प्रमुखको रूपमा कार्य गर्न प्रत्येक निर्देशनालय वा बोर्डमा एक एक जना पूरा समय काम गर्ने निर्देशक रहनेछन्।

(२) उपदफा (६) बमोजिमको समितिको सिफारिसमा उपाध्यक्षले निर्देशकको नियुक्ति गर्नेछ।

(३) निर्देशकको पदावधि चार वर्षको हुनेछ र अर्को एक अवधिको लागि निजको पुनः नियुक्ति हुन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निर्देशकले आफ्नो पद अनुरुपको आचरण नगरेमा, जिम्मेवारी पूरा नगरेमा वा आयोगको हित विपरीत कुनै काम गरेमा उपाध्यक्षले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछन्।

(६) निर्देशकको नियुक्तिको लागि उपाध्यक्ष समक्ष नाम सिफारिस गर्न अध्यक्षले तोकेको राष्ट्रिय योजना आयोगको सदस्यको संयोजकत्वमा सम्बन्धित विषयका प्राध्यापक र कुनै एक विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति गठन हुनेछ।

(७) उपदफा (६) बमोजिमको समितिले आफ्नो काम प्रारम्भ गरेको मितिले पन्ध्र दिनभित्र निर्देशकको पदमा नियुक्तिको लागि उपाध्यक्ष समक्ष नाम सिफारिस गर्नेछ।

(८) उपदफा (६) बमोजिमको समितिले निर्देशनालय वा बोर्डको कामसँग सम्बन्धित दक्षता र कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा अनुभव भएको, उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल, स्वच्छ छवि र व्यावसायिकता भएका व्यक्तिहरुमध्येबाट उपयुक्त व्यक्तिलाई निर्देशक पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ।

(९) उपदफा (६) बमोजिमको सिफारिस समितिले निर्देशक पदमा नियुक्तिको लागि नाम सिफारिस गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

३०. **<u>आयोगको सदस्य-सचिव:</u>** (१) आयोगको वरिष्ठ कर्मचारीले आयोगको सदस्य-सचिवको रूपमा काम गर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगमा कर्मचारी व्यवस्था नभएसम्म नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले आयोगको सदस्य-सचिव भई काम गर्नेछ।

(३) सदस्य-सचिवको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको वार्षिक कार्यक्रम र योजना तयार गरी उपाध्यक्ष समक्ष पेश गर्ने,

(ख) आयोगको वार्षिक बजेट तयार गर्ने,

(ग) आयोगको चल अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने वा गराउने,

(घ) आयोगको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ङ) आयोगमा रहने अभिलेख अद्यावधिक, व्यवस्थित र सुरक्षित राख्ने,

(च) आयोगका कर्मचारीलाई कार्यविभाजन गरी काममा लगाउने,

(छ) आयोगको कार्यालयको काम कारबाहीको अनुगमन, नियन्त्रण, सुपरीवेक्षण गर्ने,

(ज) नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्ने,

(झ) आयोग वा समितिले तोकेको अन्य काम गर्ने।

३१. **आयोगको सङ्गठनात्मक संरचना र कर्मचारी:** (१) आयोगको सङ्गठनात्मक संरचना अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) आयोगमा कर्मचारी नियुक्ति नभएसम्म आयोगको कार्य सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

परिच्छेद–१०

आयोगको कोष, लेखा तथा लेखा परीक्षण

३२. **आयोगको कोष:** (१) आयोगको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संघ, संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) आयोगको नामबाट गरिने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) उपदफा (१) बमोजिमको कोषमा रहने सम्पूर्ण रकम आयोगले तोकेको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

३३. **लेखा र लेखापरीक्षणः** (१) आयोगले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) आयोगको आन्तरिक लेखापरीक्षण आयोगले नियुक्त गरेको लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले आयोगको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी तथा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

परिच्छेद–११

विविध

३४. **निरीक्षण गर्न सक्नेः** (१) आयोगले आवश्यकता अनुसार चिकित्सासँग सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान र काउन्सिल वा शिक्षण संस्थाको निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगबाट निरीक्षण गर्न आउने व्यक्तिलाई सहयोग गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

३५. **पदाधिकारी छनोटका आधारः** विश्वविद्यालय, प्रतिष्ठान तथा शिक्षण संस्थाका लागि पदाधिकारी छनोट गर्दा देहायका विषयलाई आधार लिनु पर्नेछः-

(क) पेशागत दक्षता,

(ख) व्यवस्थापकीय दक्षता,

(ग) संस्थागत प्रतिबद्धता,

(घ) सार्वजनिक रूपमा स्वच्छ छवि,

(ङ) वरिष्ठता।

३६. **नयाँ शैक्षिक कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन गर्न सक्ने:** आयोगले नर्सिङ्ग लगायत चिकित्सा शिक्षा क्षेत्रका अन्य विषयहरूमा विशिष्टीकृत सेवाका लागि चाहिने नयाँ शैक्षिक कार्यक्रमहरूको सूची बनाई त्यस्ता कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्नेछ।

३७. **आङ्गिक र सम्बन्धन प्राप्त हुने:** चिकित्सा शिक्षा सञ्चालन गर्ने शिक्षण संस्था आङ्गिक वा सम्बन्धन प्राप्त हुनेछन्।

३८. **कबुलियतनामा गर्नु पर्ने:** (१) निःशुल्क वा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात् नेपाल सरकारले खटाएको दुर्गममा एक वर्ष र सुगममा एक वर्ष काम गर्ने गरी कबुलियतनामा गर्नु पर्नेछ।

(२) कुनै विद्यार्थीले कबुलियतनामा अनुसार काम नगरेमा सम्बन्धित शिक्षण संस्थामा पूर्ण शुल्क तिर्ने विद्यार्थीले तिरेको रकमको दोब्बर रकम जरिवाना गरी निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) उपदफा (१) को प्रयोजनको लागि निःशुल्क वा छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले अध्ययन पूरा गरेको एक महिनाभित्र शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयमा सम्पर्क गर्नु पर्नेछ र सो मन्त्रालयले त्यस्तो विद्यार्थीलाई कुनै ठाउँमा काम गर्ने गरी तीन महिनाभित्र नियुक्ति गर्न स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

३९. **शैक्षिक ऋण:** यस ऐन बमोजिमको योग्यताक्रमको सूचीमा परेका आर्थिक रूपले विपन्न जेहेन्दार विद्यार्थीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम सहुलियत पूर्ण ऋणको व्यवस्था गरिनेछ।

४०. **सिट आरक्षण:** चिकित्सा शिक्षा अध्ययनका लागि शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरुको परिवार, द्वन्द पीडित, महिला, दलित, आदिवासी जनजाती, खस आर्य, मधेशी, थारू, मुस्लिम र पिछडिएको क्षेत्र समेतलाई आयोगले तोके बमोजिमको सिट आरक्षण गर्नेछ।

४१. **विद्यार्थी तथा शिक्षकको आचरण:** चिकित्सा शिक्षा अध्ययन तथा अध्यापन गर्ने विद्यार्थी तथा शिक्षकको आचरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **प्रमाणपत्र तहको कार्यक्रम सञ्चालन नहुने:** (१) यो ऐन प्रारम्भ भएपछि विश्वविद्यालयले कुनै पनि शिक्षण संस्थालाई चिकित्सा शिक्षातर्फ प्रमाणपत्र वा सोभन्दा तल्लो तहका कार्यक्रम सञ्चालन गर्न अनुमति दिने छैन।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत उपदफा (१) बमोजिमका कार्यक्रम सञ्चालन गरिरहेका विश्वविद्यालय वा प्रतिष्ठानले यो ऐन प्रारम्भ भएको पाँच वर्षभित्र त्यस्तो कार्यक्रम फेज आउट गर्नु पर्नेछ।

४३. **सहुलियत दिन सक्ने:** नेपाल सरकारले प्राथमिकता तोकेको क्षेत्र र स्थानमा स्थापना भएको शिक्षण संस्थालाई प्रोत्साहन गर्न आवश्यक सहुलियत वा सुविधा उपलब्ध गराउन सक्नेछ।

४४. **यस ऐन बमोजिम मापदण्ड कायम गर्नु पर्ने**: (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि आफ्नो अस्पताल सञ्चालन नभए पनि शैक्षिक कार्यक्रम सञ्चालन गरेका शिक्षण संस्थाले यो ऐन प्रारम्भ भएको दुई वर्षभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड बमोजिम अस्पताल सञ्चालनमा ल्याउनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका वा स्थापना भई सञ्चालन हुने क्रममा रहेका शिक्षण संस्थाले यस ऐन बमोजिम कायम गर्नु पर्ने पूर्वाधार तथा मापदण्ड पूरा नगरेको भएमा यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो पूर्वाधार तथा मापदण्ड कायम गर्नु पर्नेछ।

४५. **शिक्षण संस्था आपसमा गाभिन सक्ने:** शिक्षण संस्था तोकिए बमोजिम एक आपसमा गाभिन सक्नेछन्।

४६. **नेपाल सरकारले सञ्चालन गर्न सक्ने:** (१) नेपाल सरकारले चिकित्सा शिक्षा अध्ययन अध्यापन गर्न गराउनको लागि एक चिकित्सा शिक्षा विश्वविद्यालय स्थापना र सञ्चालन गर्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि सार्वजनिक मेडिकल कलेज वा प्रतिष्ठान नभएका प्रदेशमा यो ऐन प्रारम्भ भएको पाँच वर्षभित्र नेपाल सरकारले कम्तीमा एउटा सार्वजनिक मेडिकल कलेज सञ्चालन गर्नु पर्नेछ।

४७. **गैर नाफामूलक हुनेः** (१) यो ऐन प्रारम्भ भएको मितिले दश वर्षपछि नेपाल राज्यभित्र सञ्चालित चिकित्सा सम्बन्धी शिक्षण संस्था क्रमशः गैर नाफामूलक र सेवामूलक संस्थाका रुपमा रहनेछन्।

(२) उपदफा (१) बमोजिमका गैर नाफामूलक शिक्षण संस्थाका सम्बन्धमा सम्वन्धित शिक्षण संस्थाले सरकारलाई सम्पत्ति हस्तान्तरण गर्न चाहेमा सरकारले उचित मुआब्जा दिई स्वामित्व ग्रहण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको आवश्यक प्रक्रिया र स्वरुप तोकिए बमोजिम हुनेछ।

४८. **जानकारी गराउनेः** (१) शिक्षण संस्था वा सार्वजनिक शिक्षण संस्थाका कुनै पदाधिकारीले अन्य कुनै शिक्षण संस्थामा लगानी गरेको भए सो को जानकारी त्यस्तो नियमनकारी निकायलाई गराउनु पर्नेछ।

(२) शिक्षण संस्था वा नियमनकारी निकायले उपदफा (१) बमोजिमको जानकारी तोकिए बमोजिमको ढाँचामा आयोगलाई दिनु पर्नेछ।

(३) शिक्षण संस्थाको नियमनकारी निकाय वा सार्वजनिक शिक्षण संस्थाका पदाधिकारीले निजी क्षेत्रका शिक्षण संस्थामा काम गर्न र सम्बन्धित विषयको नीतिगत निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैनन्।

४९. **कार्यालय समयमा अन्यत्र काम गर्न नहुनेः** (१) सरकारी वा सार्वजनिक अस्पताल वा निकायमा कार्यरत चिकित्सकले कार्यालय समयमा आफू खटिएको अस्पताल वा निकाय बाहेक अन्यत्र चिकित्सा सम्बन्धी कुनै प्रकारको पेशा, व्यवसाय वा रोजगारी गर्नु हुदैन।

(२) उपदफा (१) विपरीत काम गर्ने चिकित्सकलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम कारबाही हुनेछ।

५०. **सम्पत्ति विवरण पेश गर्नु पर्नेः** (१) उपाध्यक्ष तथा आयोगका सदस्यहरुले नियुक्ति वा मनोनयन भएको साठी दिनभित्र र त्यसपछि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र प्रचलित कानूनमा तोकिएको ढाँचामा शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयमा सम्पत्ति विवरण पेश गर्नु पर्नेछ।

तर प्रचलित कानून बमोजिम अन्य कुनै निकायमा सम्पत्ति विवरण पेश गर्नु पर्ने दायित्व भएका आयोगका सदस्यले यस दफा बमोजिमको बेग्लै सम्पत्ति विवरण पेश गर्नु पर्ने छैन।

(२) उपाध्यक्ष तथा सदस्यको सम्पत्ति विवरण शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

५१. **वार्षिक प्रतिवेदन पेश गर्ने:** (१) आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र त्यस्तो वर्षभरीमा आफूले सम्पादन गरेको काम कारबाहीको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको वार्षिक प्रतिवेदन नेपाल सरकारले प्रतिनिधिसभाको सम्बन्धित विषयगत समितिमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले आयोगको काम कारबाहीको सम्बन्धमा आवश्यकता अनुसार जुनसुकै बखत अनुगमन गरी आयोग, सम्बन्धित निकाय वा पदाधिकारीलाई निर्देशन दिन सक्नेछ।

५२. **नेपाल सरकारसँग सम्पर्क:** आयोगले नेपाल सरकारसँग सम्पर्क राख्नु पर्दा शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय मार्फत राख्नेछ।

५३. **यसै ऐन बमोजिम हुने:** विश्वविद्यालय, प्रतिष्ठान तथा सम्बन्धित विषयगत काउन्सिलसँग सम्बन्धित प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम हुनेछ।

५४. **नियम बनाउने अधिकार:** नेपाल सरकारले आयोगसँग परामर्श गरी यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियम बनाउन सक्नेछ।

५५. **बाधा नपर्ने:** यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका शिक्षण संस्थाले आफूले सञ्चालन गरी आएको शैक्षिक कार्यक्रम यस ऐनको अधीनमा रही सञ्चालन गर्न बाधा पर्ने छैन।

प्रतिनिधि सभाले पारित मितिः २०७५/१०/११
राष्ट्रिय सभाले संशोधनविना पारित गरेको मितिः २०७५/१०/१७
प्रमाणीकरण मितिः २०७५/११/१०

सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २ मा संशोधनः** सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) को उपखण्ड (२) मा रहेका "कुनै वस्तु" भन्ने शब्दहरुपछि "वा सोको सार तत्व" भन्ने शब्दहरु थपिएका छन्।

३. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले निजी जग्गामा लोपोन्मुख वनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा प्राकृतिक रुपमा उम्रिएको लोपोन्मुख वनस्पति हुर्काउन, सोको नमूना उत्पादन गर्न, राख्न र प्रयोग गर्न सक्नेछ।"

४. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरुको सट्टा "तोकिए बमोजिमको ढाँचामा" भन्ने शब्दहरु राखिएका छन्।

५. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) को खण्ड (ङ) र (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि लोपोन्मुख वनस्पति र वन्यजन्तु वा सोको नमूनाको निकासी गर्दा निकासी हुने मुलुकले दिएको त्यस्तो अनुमतिपत्र तथा आश्वासनपत्र आवश्यक पर्ने छैन।"

६. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर कुनै व्यक्तिले निजी जग्गामा संरक्षित वनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा प्राकृतिक रुपमा उम्रिएको संरक्षित वनस्पति हुर्काउन, सोको नमूना उत्पादन गर्न, राख्न र प्रयोग गर्न त्यस्तो अनुमतिपत्र लिनु पर्ने छैन।"

७. **मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को,–

(१) उपदफा (१) मा रहेका,–

(क) "वा कुनै सङ्कटापन्न वनस्पति रोपेको, हुर्काएको" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) "यो ऐन प्रारम्भ भएको एक वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "तोकिएको अवधिभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(२) ठाउँ-ठाउँमा रहेका "वा वनस्पति" भन्ने शब्दहरु झिकिएका छन्।

८. **रुपान्तरः** मूल ऐनको ठाउँ-ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "वन विभाग" भन्ने शब्दहरुको सट्टा "वन तथा भू-संरक्षण विभाग" भन्ने शब्दहरु,

(ख) "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरु।

राष्ट्रिय सभाले पारित गरेकोः २०७५/०६/१०
प्रतिनिधि सभाले संशोधन सहित पारित गरेकोः २०७५/०९/२९
राष्ट्रिय सभाले पुनः पारित गरेकोः २०७५/११/०२
प्रमाणीकरण मितिः २०७५/११/१०

कर्मचारी समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्मचारी समायोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अन्य सेवाका कर्मचारी" भन्नाले साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति पाई कर्मचारी समायोजन अध्यादेश, २०७५ प्रारम्भ हुँदाका बखत स्थानीय तहमा कार्यरत कर्मचारी वा प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका सङ्गठित संस्थाका स्थायी कर्मचारी सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेका सरकारी सेवा र अन्य सेवाका स्थायी कर्मचारी सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(घ) "राष्ट्रिय किताबखाना" भन्नाले निजामती कर्मचारीको अभिलेख राख्ने निकाय सम्झनु पर्छ।

(ङ) "समायोजन" भन्नाले कर्मचारीलाई यस ऐन बमोजिम सङ्घ, प्रदेश वा स्थानीय तहको सेवाको पदमा पदस्थापन गर्ने कार्य सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ३ को उपदफा (२) बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति सम्झनु पर्छ।

(छ) "सरकारी सेवा" भन्नाले निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएका सेवा सम्झनु पर्छ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(झ) "सेवा सञ्चालन गर्ने निकाय" भन्नाले प्रचलित कानून बमोजिम सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

३. **<u>सङ्गठन तथा कर्मचारी दरबन्दी स्वीकृत गर्ने:</u>** (१) यस ऐन बमोजिम कर्मचारी समायोजन गर्ने प्रयोजनको लागि सङ्घ, प्रदेश र स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत गर्नको लागि सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछ :-

(क)	सचिव, मन्त्रालय	-संयोजक
(ख)	सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	-सदस्य
(ग)	सहसचिव, नेपाल सरकार, अर्थ मन्त्रालय	-सदस्य
(घ)	सहसचिव, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	-सदस्य
(ङ)	सहसचिव, नेपाल सरकार, सम्बन्धित मन्त्रालय	-सदस्य
(च)	सहसचिव, मन्त्रालय	-सदस्य-सचिव

(३) समितिको बैठक तथा तत् सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिले संविधान बमोजिमको अधिकारको सूची, कार्य प्रकृति र कार्यबोझ समेतको आधारमा नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना र कर्मचारी दरबन्दीमा पुनरावलोकन गर्नु पर्ने अवस्था देखिएमा पुनरावलोकन गरी मन्त्रालयमा सिफारिस गर्नेछ।

(५) समितिले उपदफा (४) बमोजिम प्रदेश र स्थानीय तहको सङ्गठन संरचना र कर्मचारी दरबन्दी पुनरावलोकन गर्दा तहगत दरबन्दी कायम हुने गरी सिफारिस गर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिम समितिले सिफारिस गरेको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत गर्नको लागि मन्त्रालयले नेपाल सरकार समक्ष पेश गर्नेछ।

(७) समितिले प्रदेश वा स्थानीय तहको सङ्गठन संरचना र कर्मचारी दरबन्दी पुनरावलोकन गर्दा प्रदेशको प्रमुख सचिवलाई आमन्त्रण गर्न सक्नेछ।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिम पुनरावलोकन गर्दा यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा हेरफेर नहुने भएमा नेपाल सरकार समक्ष पेश गर्नु पर्ने छैन।

(९) समितिले आफ्नो कार्यमा सहयोग गर्न आवश्यकता अनुसार कुनै व्यक्तिलाई आमन्त्रण गर्न वा उपसमिति गठन गर्न सक्नेछ।

(१०) कर्मचारी समायोजनको कार्य सम्पन्न भइ सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्नेछन्। सम्बन्धित प्रदेश वा स्थानीय तहबाट अनुरोध भइ आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।

(११) कर्मचारी समायोजनको कार्य सम्पन्न भएपछि संविधानको अनुसूचिमा उल्लेखित अधिकारको सूचि, कार्य प्रकृति र कार्यवोझ समेतको आधारमा नेपाल सरकारले संघ अन्तर्गतका निकायहरुको सङ्गठन संरचना र दरबन्दी पुनरावलोकन गर्नेछ।

४. **<u>कर्मचारीको विवरणः</u>** (१) सरकारी सेवाका कर्मचारी समायोजन गर्ने प्रयोजनको लागि राष्ट्रिय किताबखानामा रहेको कर्मचारीको विवरणलाई आधार मानिनेछ।

(२) साविकका स्थानीय निकायबाट स्थायी नियुक्ति पाई बहाल रहेका कर्मचारीको हकमा सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिले तयार गरी मन्त्रालयमा पठाएको विवरणलाई आधार मानिनेछ।

(३) प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका सङ्गठित संस्थाका स्थायी कर्मचारीको हकमा सम्बन्धित मन्त्रालयले तयार गरी मन्त्रालयमा पठाएको विवरणलाई आधार मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयमा सम्बन्धित निकायबाट प्राप्त भएका विवरण तथा मन्त्रालयले विभिन्न माध्यमबाट सङ्कलन गरेको विवरणलाई समेत कर्मचारी समायोजन गर्ने प्रयोजनको लागि आधार मान्न सकिनेछ।

५. **<u>सूचना प्रकाशन गर्ने:</u>** (१) सरकारी सेवाको कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहको पदमा समायोजन गर्ने प्रयोजनको लागि समायोजन गरिने सेवा, समूहको पद तथा तहगत विवरण खुलाई कर्मचारीबाट निवेदन माग गर्ने सूचना मन्त्रालयले प्रकाशन गर्नेछ।

(२) प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका अन्य सेवाका कर्मचारीलाई स्थानीय तहको पदमा समायोजन गर्ने प्रयोजनको लागि समायोजन गरिने स्थानीय तह, सेवा, पद तथा तहगत विवरण खुलाई कर्मचारीबाट निवेदन माग गर्ने सूचना मन्त्रालयले प्रकाशन गर्नेछ।

(३) साविकको जिल्ला विकास समितिको सेवामा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन अध्यादेश, २०७५ प्रारम्भ हुँदाका बखत जिल्ला समन्वय समिति वा कुनै स्थानीय तहमा कार्यरत कर्मचारीलाई सम्बन्धित जिल्ला भित्रका स्थानीय तहको पदमा समायोजन गर्ने प्रयोजनको लागि समायोजन गरिने स्थानीय तह, सेवा, पद तथा तहगत विवरण खुलाई कर्मचारीबाट निवेदन माग गर्ने सूचना मन्त्रालयले प्रकाशन गर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम निवेदन माग गर्दा समायोजन गरिने सङ्घको सेवा, समूह, उपसमूह, त्यस अन्तर्गतका पदसङ्ख्या तथा श्रेणी वा तह, प्रत्येक प्रदेशको सेवा, समूह, उपसमूह, त्यस अन्तर्गतका पदसङ्ख्या तथा तह, प्रत्येक जिल्लाका स्थानीय तहको सेवा, समूह, त्यस अन्तर्गतका पदसङ्ख्या तथा तह समेत खुलाईएको विवरण मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(५) सरकारी सेवाका कर्मचारीले उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिभित्र आफू समायोजन हुन चाहेको सङ्घ, प्रदेश र स्थानीय तहको प्राथमिकताक्रम खुलाई सेवा सञ्चालन गर्ने निकायमा निवेदन दिनु पर्नेछ।

(६) प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका अन्य सेवाका कर्मचारीले उपदफा (२) बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिभित्र आफू समायोजन हुन चाहेको स्थानीय तहको प्राथमिकताक्रम खुलाई मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(७) साविकको जिल्ला विकास समितिको सेवामा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन अध्यादेश, २०७५ प्रारम्भ हुँदाका बखत जिल्ला समन्वय समिति वा कुनै स्थानीय तहमा कार्यरत कर्मचारीले उपदफा (३) बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिभित्र आफू समायोजन हुन चाहेको स्थानीय तहको प्राथमिकताक्रम खुलाई मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समायोजन भएका कर्मचारीले यस दफा बमोजिम निवेदन दिनु पर्ने छैन।

(९) उपदफा (५), (६) र (७) बमोजिम निवेदन दिँदा सङ्घ र प्रदेशको सेवाको हकमा आफू कार्यरत पदसँग सम्बन्धित सेवा, समूह वा उपसमूह र स्थानीय तहको सेवाको हकमा आफू कार्यरत पदसँग सम्बन्धित सेवा, समूहमा समायोजनको लागि निवेदन दिनु पर्नेछ।

(१०) उपदफा (५), (६) र (७) बमोजिम प्राप्त निवेदनको आधारमा सम्बन्धित मन्त्रालयले यस दफा बमोजिम समायोजन हुने कर्मचारीको विवरण तयार गर्नेछ।

(११) यस दफा बमोजिम दिनुपर्ने निवेदनको ढाँचा, प्रक्रिया र निवेदनमा खुलाउनु पर्ने कुरा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम निवेदन नदिएको वा निवेदनमा खुलाउनु पर्ने विवरण नखुलाएको कारणले मात्र कुनै पनि कर्मचारीलाई समायोजन गर्न बाधा पर्ने छैन।

६. **<u>अन्य सेवाका कर्मचारी समायोजन गर्ने:</u>** (१) दफा ५ को उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार परेको निवेदनको आधारमा सो उपदफामा उल्लिखित कर्मचारीलाई दफा ३ बमोजिम स्थानीय तहमा स्वीकृत भएको सङ्गठन संरचना तथा दरबन्दीमा मन्त्रालयले दफा ८ मा उल्लिखित आधारमा हाल बहाल रहेको पद र शैक्षिक योग्यताको आधारमा स्थानीय तहको मिल्दो सेवा, समूह र तहमा समायोजन गर्नेछ।

(२) दफा ५ को उपदफा (३) बमोजिम प्रकाशित सूचना अनुसार परेको निवेदनको आधारमा सो उपदफामा उल्लिखित कर्मचारीलाई दफा ३ बमोजिम स्थानीय तहमा स्वीकृत भएको सङ्गठन संरचना तथा दरबन्दीमा मन्त्रालयले दफा ८ मा उल्लिखित आधारमा सम्बन्धित जिल्लाभित्रको स्थानीय तह, सेवा, समूह र तहमा समायोजन गर्नेछ।

तर सम्बन्धित जिल्लाभित्रका कुनै स्थानीय तहमा कर्मचारीको सेवा, समूह वा तह मिल्दो पद नभई समायोजन गर्न नसकिने अवस्था भएमा सम्बन्धित प्रदेशभित्रका अन्य जिल्लाको स्थानीय तहको सेवाको पदमा समायोजन गर्न सकिनेछ।

(३) प्रदेश वा स्थानीय तहमा सेवा हस्तान्तरण भएका आयोग, समिति, प्रतिष्ठान वा यस्तै प्रकृतिका सङ्गठित संस्थाका स्थायी कर्मचारीलाई समायोजन गर्दा हाल बहाल रहेको पद र शैक्षिक योग्यताको आधारमा स्थानीय तहको मिल्दो सेवा, समूह र तहमा समायोजन गरिनेछ।

(४) साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समायोजन भई समायोजनको पत्र पाउन बाँकी रहेका कर्मचारीलाई सम्बन्धित स्थानीय तहले यो ऐन प्रारम्भ भएको मितिले दश दिनभित्र समायोजन भएको पत्र दिई सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(५) यस दफा बमोजिम गरिने समायोजनको अन्य प्रकृया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

७. **<u>सरकारी सेवाका कर्मचारी समायोजन गर्ने:</u>** (१) दफा ३ बमोजिमको सङ्गठन संरचना र दरबन्दीमा दफा ५ बमोजिम प्रकाशित सूचना अनुसार परेको निवेदन समेतको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको सङ्गठन संरचना तथा दरबन्दीमा सेवा सञ्चालन गर्ने निकायले दफा ८ मा उल्लिखित आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्नेछ।

(२) उपदफा (१) बमोजिम समायोजन गर्दा देहाय बमोजिम समायोजन गरिनेछः-

(क) सङ्घको सेवामा समायोजन गर्दा सम्बन्धित सेवा, समूह, उपसमूह, श्रेणी वा तहको पदमा,

(ख) प्रदेशको सेवामा समायोजन गर्दा सम्बन्धित सेवा, समूह, उपसमूहको उपदफा (४) बमोजिम कायम हुने तहमा, र

(ग) स्थानीय तहको सेवामा समायोजन गर्दा सम्बन्धित सेवा, समूहको उपदफा (४) बमोजिम कायम हुने तहमा।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन अध्यादेश, २०७५ प्रारम्भ हुनु अघि सरकारी सेवामा नियुक्ति भएका तर

दफा ३ बमोजिम सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत हुँदा दरबन्दीमा नपरेका स्थायी कर्मचारीको हकमा सम्बन्धित सेवा, समूहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा गरेको भएमा प्रदेश वा स्थानीय तहको सेवाको शैक्षिक योग्यता मिल्ने जुनसुकै सेवा, समूहको पदमा सेवा सञ्चालन गर्ने निकायको सिफारिसमा दफा १७ बमोजिमको निर्देशन तथा समन्वय समितिको निर्णय बमोजिम मन्त्रालयले समायोजन गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा कर्मचारीको सेवा अवधि र शैक्षिक योग्यताका आधारमा देहाय बमोजिम तह मिलान तथा ग्रेड (तलब वृद्धि) कायम हुने गरी समायोजन गरिनेछ :-

हालको श्रेणी	**सेवा अवधि र शैक्षिक योग्यता**	**समायोजन हुने तह**	**समायोजन हुँदा कायम हुने ग्रेड**
राजपत्र अनङ्कित द्वितीय	पाँच वर्ष भन्दा कम सेवा अवधि	सहायक स्तर चौथो तह	खाईपाई आएकोमा दुई ग्रेड थप
	पाँच वर्ष वा पाँच वर्ष भन्दा बढी सेवा अवधि	सहायकस्तर पाँचौ तह	-
राजपत्र अनङ्कित प्रथम	पाँच वर्ष भन्दा कम सेवा अवधि	सहायकस्तर पाँचौं तह	खाईपाई आएकोमा दुई ग्रेड थप
	पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरेको र राजपत्र अनङ्कित प्रथम श्रेणीमा सेवा प्रवेश गर्दाको बखत तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको	अधिकृतस्तर छैठौं	-
राजपत्राङ्कित तृतीय	पाँच वर्ष भन्दा कम सेवा अवधि	अधिकृतस्तर सातौं	खाईपाई आएकोमा दुई ग्रेड थप
	पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि	अधिकृतस्तर आठौं	-
राजपत्राङ्कित द्वितीय	पाँच वर्ष भन्दा कम सेवा अवधि	अधिकृतस्तर नवौं	खाईपाई आएकोमा दुई ग्रेड थप
	पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि	अधिकृतस्तर दशौं	-
राजपत्राङ्कित प्रथम		अधिकृतस्तर एघारौं	खाईपाई आएकोमा दुई ग्रेड थप

(५) श्रेणी विहीन कर्मचारीलाई प्रदेश वा स्थानीय तहको सेवामा समायोजन गर्दा निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप पाउने गरी समायोजन गरिनेछ।

(६) यस दफा बमोजिम कर्मचारी समायोजन गर्दा कायम हुने तलब निजले साविकमा खाईपाई आएको तलबभन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिनेछ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) र (५) बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा समायोजन गर्दा थप गरिएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने भएमा त्यसरी थप भएको ग्रेड समेत दिइनेछ।

(८) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवामा तहगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्नु पर्दा प्रदेश वा स्थानीय तहको सेवाको सम्बन्धित तहमा समायोजन गरिनेछ। यसरी समायोजन भएका कर्मचारीलाई निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप गरिनेछ। यस्ता कर्मचारीको हकमा उपदफा (६) र (७) को व्यवस्था समेत लागू हुनेछ।

(९) यस दफा बमोजिम सरकारी सेवाका कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्दा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिका पदमा नेपाल सरकारले तथा अन्य पदमा सम्बन्धित सेवा सञ्चालन गर्ने निकायले समायोजन गर्नेछ।

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएको नेपाल व्यवस्थापिका-संसद सेवाका कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गरिनेछ ।

(११) उपदफा (१०) बमोजिम समायोजन हुने कर्मचारीको विवरण संघीय संसद सचिवालयले यो ऐन प्रारम्भ भएको सात दिन भित्र मन्त्रालयमा पठाउनेछ र यस्तो विवरण प्राप्त भएको सात दिन भित्र मन्त्रालयले समायोजन गर्नेछ। यसरी समायोजन गर्दा यस ऐनको दफा ८ को अधीनमा रही नेपाल व्यवस्थापिका-संसद सेवाको सामान्य प्रशासन समूहका कर्मचारीलाई प्रदेश निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह वा स्थानीय सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूहको पदमा र अन्य समूहका कर्मचारीलाई मिल्दो समूहमा समायोजन गर्नेछ।

(१२) उपदफा (११) बमोजिम समायोजन हुने कर्मचारीको सरुवा, बढुवा, ज्येष्ठताको गणना यस ऐन बमोजिम समायोजन हुने सरकारी सेवाका कर्मचारी सरह हुनेछ ।

८. **<u>कर्मचारी समायोजनको आधार:</u>** (१) यस ऐन बमोजिम सरकारी सेवाका कर्मचारीलाई सङ्गको पदमा समायोजन गर्दा कर्मचारीले दफा ५ को उपदफा (५) बमोजिम दिएको निवेदनमा उल्लिखित प्राथमिकताक्रम बमोजिम क्रमशः देहायको आधारमा समायोजन गरिनेछः-

(क) कार्यरत पदको ज्येष्ठता,

(ख) कार्यरत पद भन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता

(ग) उमेरको जेष्ठता।

(२) यस ऐन बमोजिम सरकारी सेवाका कर्मचारीलाई प्रदेश वा स्थानीय तहको पदमा समायोजन गर्दा कर्मचारीले दफा ५ को उपदफा (५) बमोजिम दिएको निवेदनमा उल्लिखित प्राथमिकताक्रम बमोजिम क्रमशः देहायको आधारमा समायोजन गरिनेछः-

(क) कार्यरत पदको ज्येष्ठता,

(ख) कार्यरत पद भन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता

(ग) कर्मचारी हाल कार्यरत रहेको प्रदेश वा स्थानीय तह,

(घ) हालको स्थायी बसोबासको ठेगाना,

(ङ) नागरिकताको प्रमाणपत्रमा उल्लिखित ठेगाना,

(च) उमेरको जेष्ठता।

(३) उपदफा (२) बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा कर्मचारी समायोजन गर्दा सम्भव भएसम्म पति पत्नीलाई एकै जिल्लामा पर्ने गरी समायोजन गरिनेछ।

(४) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनले निर्धारण गरेको कडा रोग लागेको वा गम्भीर शारीरिक अशक्तता भएको भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डले प्रमाणित गरेका कर्मचारीलाई दफा १७ बमोजिमको निर्देशन तथा समन्वय समितिको सिफारिसमा सेवा सञ्चालन गर्ने निकायले उपयुक्त ठहऱ्याए बमोजिम समायोजन गर्नेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५ बमोजिम सूचना प्रकाशन भएको मितिले एक वर्षभित्र अनिवार्य अवकाश हुने अवस्था भएका सरकारी सेवाका कर्मचारीलाई प्रदेश वा स्थानीय तहको सेवामा समायोजन गरिने छैन।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहमा सङ्गठन संरचना सहित कार्यजिम्मेवारी हस्तान्तरण भएका निकाय वा कार्यालयका कर्मचारीलाई सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवामा समायोजन गर्न बाधा परेको मानिने छैन।

(७) यस दफा बमोजिम सङ्घको सेवाको पदमा समायोजन भएका र समायोजन हुँदाका बखत सङ्घको कार्यालय वा पदमा बहाल रहेका कर्मचारीले निजको सेवा, शर्त सम्बन्धी कानून बमोजिम पदस्थापन वा सरुवा नभएसम्मको लागि आफू बहाल रहेको कार्यालयमा कामकाज गर्नु पर्नेछ। सङ्घको सेवाको पदमा समायोजन भएका र समायोजन हुँदाका बखत प्रदेश वा स्थानीय तहमा खटिएका कर्मचारीको हकमा सङ्घको कुनै कार्यालय तोकी कामकाज गर्न लगाइनेछ।

९. **<u>कर्मचारी खटाउन सकिने:</u>** (१) दफा ६ र ७ बमोजिम समायोजन गर्दा समेत दफा ३ बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा स्वीकृत भएको दरबन्दी पूर्ति हुन नसकी रिक्त रहेको पदमा दफा १९ को उपदफा (१) बमोजिम पुल दरबन्दीमा कायम भएका सम्बन्धित सेवा, समूहका कर्मचारीमध्येबाट निज बहाल रहेको पदसँग मिल्दो तहको दफा ७ बमोजिमको पदमा बढीमा तीन वर्षको लागि प्रदेश सरकार मार्फत कामकाज गर्न खटाईनेछ।

(२) उपदफा (१) बमोजिम कर्मचारी खटाउँदा राजपत्राङ्कित प्रथम श्रेणी वा एघारौं तह वा सो भन्दा माथिको कर्मचारीलाई नेपाल सरकारले र अन्य कर्मचारीलाई सेवा सञ्चालन गर्ने निकायले खटाउनेछ।

(३) यस दफा बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा खटिएका कर्मचारीलाई प्रदेश सरकारले प्रदेश भित्रको निजको सेवा, समूह, उपसमूह र तह मिल्दो रिक्त पदमा एक निकायबाट अर्को निकायमा खटाउन सक्नेछ।

(४) यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा खटिएको कर्मचारी आफू त्यस्तो तहमा कार्यरत रहँदासम्म खटिएकै तहप्रति उत्तरदायी हुनेछ।

(५) यस दफा बमोजिम खटिएका कर्मचारी खटिएको प्रदेश वा स्थानीय तहको सेवाको पदमा बढुवा हुन योग्य हुनेछ।

(६) उपदफा (५) बमोजिमको कर्मचारी सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवामा बढुवा भएमा निज त्यस्तो प्रदेश वा स्थानीय तहको सेवाको पदमा स्वतः समायोजन भएको मानिनेछ।

(७) यस दफा बमोजिम खटिएको कर्मचारीको पद देहायको कुनै अवस्थामा रिक्त भएको मानिनेछ र त्यस्तो रिक्त पदमा पदपूर्तिको लागि सम्बन्धित प्रदेश वा स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि अनुरोध गरी पठाउनु पर्नेछ :-

(क) निजले राजीनामा दिएमा,

(ख) निज सङ्घको सेवाको पदमा सरुवा वा बढुवा भएमा,

(ग) निज सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवामा बढुवा भएमा, वा

(घ) निजको मृत्यु भएमा।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोक सेवा आयोग गठन नभएसम्म पदपूर्तिका लागि मन्त्रालय मार्फत लोक सेवा आयोगमा अनुरोध गरी पठाउनु पर्नेछ।

(९) यस ऐन बमोजिम सङ्घको सेवाको पदमा समायोजन भएका कर्मचारीलाई सम्बन्धित प्रदेश वा स्थानीय तहको मागको आधारमा प्रदेश वा स्थानीय तहमा कामकाज गर्ने गरी खटाउन सकिनेछ।

१०. **<u>कामकाज गर्न खटाइनेः</u>** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (३) बमोजिमको कानून नबनेसम्मका लागि नेपाल सरकारले जिल्ला समन्वय अधिकारी र गाउँपालिका तथा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको पदमा निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई खटाउनेछ।

(२) उपदफा (१) बमोजिम खटाइएका कर्मचारी सम्बन्धित स्थानीय तह प्रति जवाफदेही हुनु पर्नेछ।

११. **<u>प्रदेशको प्रमुख सचिव तथा प्रदेश मन्त्रालयको सचिव सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम कर्मचारी समायोजन गर्ने प्रयोजनका लागि प्रदेश सरकारको प्रमुख सचिव र प्रदेश सरकारका मन्त्रालयको सचिवको पद सङ्घीय निजामती सेवाको पद मानिनेछ।

(२) प्रदेशको प्रमुख सचिव र प्रदेश मन्त्रालयको सचिव पदमा प्रचलित कानून बमोजिम नेपाल सरकारले निजामती सेवाबाट कर्मचारी खटाउनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश कानून बमोजिम प्रदेश सचिवको पदपूर्ति भएपछि त्यस्तो पद स्वतः प्रदेश निजामती सेवाको पद मानिनेछ ।

(४) उपदफा (२) बमोजिम प्रदेशको प्रमुख सचिव पदमा खटाउँदा राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीमध्येबाट र प्रदेश मन्त्रालयको सचिव पदमा खटाउँदा सम्बन्धित सेवा, समूह वा उपसमूहका राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीमध्येबाट सम्भव भएसम्म ज्येष्ठता र कार्यक्षमताको आधारमा खटाइनेछ।

(५) उपदफा (२) बमोजिम खटाइएका कर्मचारी पूर्ण रुपमा प्रदेश सरकार प्रति उत्तरदायी हुनुपर्नेछ ।

१२. **<u>पदपूर्तिको लागि माग गर्न सक्नेः</u>** (१) प्रदेश वा स्थानीय तहको सेवाको लागि दफा ३ बमोजिम कायम गरिएको दरबन्दीमा दफा ६ र ७ बमोजिम समायोजन गर्दा समेत त्यस्तो दरबन्दी पूर्ति हुन नसकेमा सम्बन्धित प्रदेश वा स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि अनुरोध गरी पठाउनु पर्नेछ।

तर प्रदेश लोक सेवा आयोग गठन नभएसम्मका लागि सम्बन्धित प्रदेश वा स्थानीय तहले मन्त्रालय मार्फत लोक सेवा आयोगमा अनुरोध गरी पठाउनु पर्नेछ।

(२) उपदफा (१) वा दफा ९ को उपदफा (७) वा (८) बमोजिम अनुरोध भई आएमा प्रदेश लोक सेवा आयोग वा लोक सेवा आयोगले सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवाको कानून बमोजिम पदपूर्तीको लागि उम्मेदवार सिफारिस गर्नेछ।

तर सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवा सम्बन्धी कानून नबनेसम्म निजामती सेवा सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम पदसङ्ख्या निर्धारण गरी पदपूर्ति गरिनेछ। यसरी पदपूर्ति गर्दा बढुवाको लागि निर्धारण भएको पदमा बढुवा हुने पदको आवश्यक न्यूनतम योग्यता पुगेका सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवाका एक श्रेणी वा तह मुनिका सम्भाव्य उम्मेदवारहरुबाट पदपूर्ति गरिनेछ।

(३) उपदफा (२) बमोजिम अनुरोध प्राप्त भएमा प्रदेश लोक सेवा आयोग वा लोकसेवा आयोगले पद रिक्त रहेको प्रदेश वा स्थानीय तह खुलाई विज्ञापन गर्नेछ र उपयुक्त उम्मेदवारलाई नियुक्तिका लागि सम्बन्धित प्रदेश वा स्थानीय तहमा नै सिफारिस गर्नेछ। यसरी सिफारिस भएका कर्मचारीलाई सम्बन्धित प्रदेश वा स्थानीय तहले नियुक्ति दिनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएको कर्मचारी कुनै कारणले सेवामा नरहेमा

त्यस्तो पदमा सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवा सम्बन्धी कानून बमोजिम पदसङ्ख्या निर्धारण गरी पदपूर्ति गरिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोक सेवा आयोग गठन नभएसम्मको लागि दफा ३ बमोजिम स्वीकृत प्रदेश तथा स्थानीय तहको सङ्गठन संरचना र दरबन्दीमा समायोजन हुने कर्मचारीको पदसङ्ख्या तथा समायोजनबाट पूर्ति हुन नसक्ने पदसङ्ख्या प्रक्षेपण गरी प्रदेश र स्थानीय तहको रिक्त पद खुलाई पदपूर्तिको लागि सिफारिस गर्न नेपाल सरकारले लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम अनुरोध भई आएमा लोक सेवा आयोगले त्यस्तो पदमा पदपूर्ति सम्बन्धी कारबाही गरी नियुक्तिको लागि सम्बन्धित प्रदेश वा स्थानीय तहमा सिफारिस गर्नेछ र त्यस्तो कर्मचारीलाई सम्बन्धित प्रदेश वा स्थानीय तहले नियुक्ति दिनु पर्नेछ।

(७) उपदफा (३) वा (६) बमोजिम नियुक्त भएको कर्मचारी सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवाको पदमा नियुक्त भएको मानिनेछ।

१३. **<u>कर्मचारी हाजिर हुनुपर्नेः</u>** (१) यस ऐन बमोजिम समायोजन भएका कर्मचारी बाटोको म्याद बाहेक एक्काइस दिनभित्र समायोजन गरिएको प्रदेश वा स्थानीय तहको सेवाको पदमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन हुँदाका बखत देहायको अवस्थामा रहेको कर्मचारीले देहायको अवधि समाप्त भएको पैँतीस दिनभित्र समायोजन भएको पदमा हाजिर हुनु पर्नेछः

(क) प्रसूति बिदा वा प्रसूति स्याहार बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ख) किरिया बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ग) निलम्बनमा रहेको कर्मचारीले त्यस्तो निलम्बन समाप्त भएको,

(घ) असाधारण वा अध्ययन बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ङ) बिरामी परी अस्पताल भर्ना भएको कर्मचारीले अस्पतालबाट डिस्चार्ज भएको।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र हाजिर नहुने कर्मचारीलाई प्रचलित कानून बमोजिमको विभागीय सजायको आदेश दिन पाउने अधिकारीले सेवाबाट अवकाश दिनेछ।

(४) उपदफा (३) बमोजिम कर्मचारीलाई सेवाबाट अवकाश दिनुपूर्व प्रचलित कानून बमोजिम सफाइ र स्पष्टीकरण पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम कर्मचारीलाई सेवाबाट अवकाश दिने विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(६) उपदफा (३) बमोजिम अवकाश पाएको कर्मचारीले प्रचलित कानून बमोजिमको सुविधा पाउनेछ।

(७) सम्बन्धित निकायको प्रशासकीय प्रमुख वा अधिकारीले यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन हुने कर्मचारीलाई हाजिर गराई जिम्मेवारी दिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम हाजिर नगराउने र जिम्मेवारी नदिने अधिकारीलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

१४. **<u>समायोजन भएका कर्मचारीको सरुवा तथा बढुवा सम्बन्धी व्यवस्थाः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम प्रदेशको सेवामा समायोजन भएका कर्मचारीलाई प्रदेश कानूनमा तोकिएको अवधि पुरा भएपछि सम्बन्धित प्रदेश वा अन्तर्गतका कार्यालयमा सरुवा गर्न सकिनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम समायोजन भएका कर्मचारी देहायको पदमा बढुवाको लागि उम्मेदवार हुन सक्नेछन् :-

(क) स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारी सम्बन्धित प्रदेशमा रहेका स्थानीय तहको सम्बन्धित सेवा, समूहको एक तह माथिको पदमा,

(ख) प्रदेशको सेवामा समायोजन भएको कर्मचारी सम्बन्धित प्रदेशको सेवा, समूह वा उपसमूहको एक तह माथिको पदमा।

(३) उपदफा (२) को प्रयोजनको लागि समायोजन भएको कर्मचारीको हकमा निजको समायोजन हुनु पूर्वको सेवा अवधि समेत गणना गरिनेछ।

(४) यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन भएका कर्मचारी सङ्घीय निजामती सेवा सम्बन्धी ऐन बमोजिम आन्तरिक प्रतियोगिता, ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि समायोजन हुनुपूर्व वहाल रहेको सेवा, समूह वा उपसमूहको एक श्रेणी वा तह माथिको पदमा उम्मेदवार हुन सक्नेछ।

१५. **<u>सेवाका शर्त र सुरक्षा सम्बन्धी मापदण्डः</u>** (१) प्रदेश वा स्थानीय तहले प्रदेश वा स्थानीय तहको सेवाको गठन सम्बन्धी कानून बनाउँदा देहायको व्यवस्था गर्नु पर्नेछ :-

(क) प्रदेश निजामती सेवा तथा स्थानीय सेवा सम्बन्धी कानून बनाउँदा कर्मचारी छनौट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण र विभागीय सजायका विषयमा सङ्घीय निजामती सेवा सम्बन्धी कानूनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रुपमा लिने,

(ख) प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदमा प्रदेश लोकसेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था गर्ने,

(ग) प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारी अवकाश नभएसम्म त्यसरी समायोजन हुँदाको पद कायम रहने गरी सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने,

(घ) समायोजन हुँदाका बखत कानून बमोजिम खाइपाई आएको तलब भन्दा कम तलब नहुने कुरा सुनिश्चित गर्ने,

(ङ) प्रदेशको सेवामा समायोजन भएका कर्मचारीलाई सम्बन्धित प्रदेश र अन्तर्गतका कार्यालयमा सम्बन्धित सेवा, समूहको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने कुरा सुनिश्चित गर्ने,

(च) स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीहरु सम्बन्धित प्रदेशमा रहेका स्थानीय तहमा कानून बमोजिम सरुवा हुन सक्ने व्यवस्था गर्ने,

(छ) यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीलाई अन्तर सेवा प्रतिस्पर्धामार्फत प्रदेश वा स्थानीय तहको सेवाको पदमा पदोन्नतीको अवसर प्रदान गर्ने,

(ज) दफा ९ बमोजिम खटिएको कर्मचारी सम्बन्धित प्रदेश र स्थानीय सेवाको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने कुरा सुनिश्चित गर्ने,

(झ) दफा १२ को उपदफा (३) वा (६) बमोजिम नियुक्त भएको कर्मचारीको हकमा योगदानमा आधारित सेवा निवृत्त सुविधा दिने व्यवस्था गर्ने।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी कानून नबनेसम्मको लागि यस ऐन बमोजिम समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाहरू समायोजन हुनु पूर्वको सेवाका शर्त र सुविधा बमोजिम नै हुनेछ।

(३) दफा ६ र ७ बमोजिम समायोजन भएका कर्मचारीको समायोजन हुँदाका बखत लागू रहेको कानून बमोजिमको तलब, उपदान, निवृत्तभरण, उपचार खर्च र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा प्रतिकूल असर पर्नेगरी कानून बनाउन पाइने छैन।

(४) यस ऐन बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीलाई सङ्घीय निजामती सेवा सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम सङ्घीय निजामती सेवाको पदमा अन्तरसेवा प्रतिष्पर्धा मार्फत बढुवाको अवसर प्रदान गरिनेछ।

(५) नेपाल सरकारलाई प्राप्त वैदेशिक छात्रवृत्ति अन्तर्गतका अध्ययन, तालिम, सेमिनार, गोष्ठी जस्ता अवसर आवश्यकता र औचित्यको आधारमा यस ऐन बमोजिम प्रदेश र स्थानीय तहको सेवामा समायोजन हुने कर्मचारीलाई उपलब्ध गराइनेछ।

१६. **<u>समायोजन भएका तथा खटाइएका कर्मचारीको सेवा सुविधा:</u>** (१) यस ऐन बमोजिम प्रदेश तथा स्थानीय तहको सेवामा समायोजन भएका तथा खटाइएका कर्मचारीको तलब तथा अन्य सुविधा सम्बन्धित प्रदेश वा स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएको वा खटाइएको सरकारी कर्मचारी

कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तभरण, उपचार खर्च, सञ्चित बिदाको रकम नेपाल सरकारले व्यहोर्नेछ। यस्तो रकम उपलब्ध गराउँदा सङ्घीय निजामती सेवाको समान श्रेणी वा तहको कर्मचारीले पाउने सुविधाभन्दा घटी बढी नहुने गरी उपलब्ध गराइनेछ।

तर भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको कर्मचारीलाई यस उपदफा बमोजिमको कुनै सुविधा दिइने छैन।

(३) यस ऐन बमोजिम अन्य सेवाबाट प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीले सेवा निवृत्त हुँदा पाउने सुविधा सम्बन्धी व्यवस्था सम्बन्धित तहको कानून बमोजिम हुनेछ। यसरी कानून बनाउँदा त्यस्तो कर्मचारी नियुक्ति हुँदाको अवस्थामा रहेको कानून बमोजिमको सुविधामा प्रतिकूल असर नपर्ने व्यवस्था गर्नु पर्नेछ।

१७. **<u>निर्देशन तथा समन्वय समितिः</u>** (१) कर्मचारी समायोजन सम्बन्धी कार्यको अनुगमन गर्ने, अन्तर निकाय समन्वय गर्ने र आवश्यकता अनुसार निर्देशन दिने प्रयोजनको लागि देहाय बमोजिमको एक निर्देशन तथा समन्वय समिति रहनेछः-

(क)	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री	-संयोजक
(ख)	मुख्य सचिव, नेपाल सरकार	-सदस्य
(ग)	सचिव, सेवा सञ्चालन गर्ने निकाय	-सदस्य
(घ)	मन्त्रालयले तोकेको प्रशासन विज्ञ	-सदस्य
(ङ)	मन्त्रालयको सचिव	-सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको निर्देशन तथा समन्वय समितिले दफा ७ को उपदफा (३) बमोजिमका कर्मचारीलाई मिल्दो सेवा समूहमा समायोजन गर्ने आधार र मापदण्ड तोक्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशन तथा समन्वय समितिको बैठक तथा तत् सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१८. **<u>सहजीकरण समितिः</u>** (१) कर्मचारी समायोजन सम्बन्धी कार्यमा सहजीकरण गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक सहजीकरण समिति रहनेछः-

(क)	मुख्य सचिव, नेपाल सरकार	-संयोजक

(ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(च) सचिव, सेवा सञ्चालन गर्ने निकाय -सदस्य

(छ) सहसचिव, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको सहजीकरण समितिको बैठक तथा तत् सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१९. **पुल दरबन्दी सम्बन्धी व्यवस्थाः** (१) दफा ७ बमोजिम समायोजन भई बाँकी रहेका सरकारी सेवाका कर्मचारीहरु सेवा सञ्चालन गर्ने निकायको पुल दरबन्दीमा स्वतः कायम भएको मानिनेछ। यसरी पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई अन्यत्र कामकाज गर्न खटाईएको अवस्थामा बाहेक सम्बन्धित सेवा सञ्चालन गर्ने निकायले हाजिर गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पुल दरबन्दीमा रहेका कर्मचारीहरु तथा त्यस्ता कर्मचारीको दरबन्दी सम्बन्धी विवरण सेवा सञ्चालन गर्ने निकायले श्रेणी वा तहगत रुपमा खुलाई मन्त्रालय र राष्ट्रिय किताबखानालाई यथाशीघ्र उपलब्ध गराउनु पर्नेछ। यसरी प्राप्त विवरण समेतको आधारमा राष्ट्रिय किताबखानाले विवरण अद्यावधिक गर्नेछ।

(३) उपदफा (१) बमोजिम पुल दरबन्दीमा रहेका कर्मचारी माथिल्लो पदमा बढुवा भएमा वा कुनै कारणले सेवामा नरहेमा त्यस्तो दरबन्दी स्वतः खारेज हुनेछ र सोही बमोजिम सेवा सञ्चालन गर्ने निकाय र राष्ट्रिय किताबखानाले अभिलेख अद्यावधिक गर्नेछ।

(४) यस दफा बमोजिम सरकारी सेवाको पुल दरबन्दीमा रहेको कर्मचारी निजको सेवा शर्त सम्बन्धी कानूनको अधीनमा रही सङ्गको सम्बन्धित सेवा, समूह वा उपसमूहको माथिल्लो पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउनेछ।

२०. **सम्बन्धित तहको सेवामा समायोजन भएको मानिनेः** (१) यस ऐन बमोजिम सङ्गमा समायोजन भएका कर्मचारी सङ्गको सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा समायोजन भएको मानिनेछ।

(२) यस ऐन बमोजिम प्रदेशको सेवामा समायोजन भएका कर्मचारी सम्बन्धित प्रदेश निजामती सेवामा र स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारी स्थानीय सेवामा समायोजन भएको मानिनेछ।

२१. **सम्बन्धित निकायको कर्मचारी मानिने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहमा संरचना सहित सेवा हस्तान्तरण भएका समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका सङ्गठित संस्थाका स्थायी कर्मचारीहरु त्यसरी सेवा हस्तान्तरण भएको प्रदेश वा स्थानीय तहको त्यस्तो समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका सङ्गठित संस्थाको सेवाको कर्मचारी मानिनेछ।

२२. **दरबन्दीको अभिलेख:** (१) दफा ३ बमोजिम कायम भएको सङ्गठन संरचना, दरबन्दी र दफा १९ बमोजिमको पुल दरबन्दीको अभिलेख राष्ट्रिय किताबखानाले अद्यावधिक गरी राख्नेछ।

(२) राष्ट्रिय किताबखानाले यस ऐन बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीको दरबन्दी र सङ्गमा कायम भएको दरबन्दीको छुट्टाछुट्टै अभिलेख राखी अद्यावधिक समेत गर्नेछ।

(३) उपदफा (२) बमोजिम राखिएको अभिलेख अनुसार प्रदेश तथा स्थानीय तहमा कायम भएको दरबन्दीलाई सङ्गमा कायम भएको दरबन्दीसँग मिलान गरी दरबन्दी सङ्ख्या यकिन गरिनेछ।

(४) यस ऐन बमोजिम समायोजनको कार्य समाप्त भएको भनी मन्त्रालयले लेखी पठाए पछि प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको राष्ट्रिय किताबखानामा रहेको अभिलेख सो किताबखानाले आवश्यकता अनुसार सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउनेछ।

२३. **प्रोत्साहन सुविधा:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका अन्य सेवाका कर्मचारी र साविकमा तहगत रुपमा रही समान तहमा प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका सरकारी सेवाका कर्मचारीको हकमा निजहरुको नियुक्ति, शैक्षिक योग्यता र सेवा अवधिको आधारमा मापदण्ड बनाई प्रोत्साहन सुविधाको व्यवस्था गर्न सकिनेछ।

(२) यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहको सेवाको पदमा समायोजन भएका वा खटिएका कर्मचारीलाई नेपाल सरकारले गरेको भौगोलिक वर्गीकरणको आधारमा सम्बन्धित प्रदेश वा स्थानीय तहले थप प्रोत्साहन सुविधा उपलब्ध गराउन सक्नेछ।

२४. **सङ्गको सेवाका पदमा पदपूर्ति:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कर्मचारीको समायोजन भएपछि रिक्त हुन आउने सङ्गको सेवाको पदमा दफा १९ को उपदफा (१) बमोजिम पुल दरबन्दीमा रहेका सम्बन्धित सेवा,

समूह, उपसमूह र श्रेणी वा तहका सरकारी कर्मचारीको पद मिलान गरी बाँकी रहेको सङ्गको दरबन्दीको पदमा मात्र पदपूर्ति गरिनेछ।

तर प्रदेश र स्थानीय तहको सेवामा दरबन्दी कायम नहुने सेवा वा समूहको रिक्त पदमा प्रचलित कानून बमोजिम पदपूर्ति गर्न सकिनेछ।

२५. **दरबन्दी सृजनाः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन बमोजिम समायोजनको कार्य सम्पन्न नभएसम्म दफा ३ बमोजिमको अवस्थामा बाहेक कुनै निकायको लागि सङ्गठन संरचना र दरबन्दी सृजना गरिने छैन।

तर तत्काल सङ्गठन संरचना तथा दरबन्दी पुनरावलोकन गर्न नेपाल सरकारले आवश्यक ठानेमा प्रचलित कानून बमोजिम सङ्गठन संरचना तथा दरबन्दी पुनरावलोकन गर्न बाधा पर्ने छैन।

२६. **समायोजन गर्न बाधा नपर्नेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गको दरबन्दीमा नरही प्रदेश र स्थानीय तहमा दरबन्दी कायम भएका वा कुनै पनि तहमा दरबन्दी कायम हुन नसकेका सरकारी सेवाका कर्मचारीले दफा ५ बमोजिम निवेदन नदिएको कारणले मात्र त्यस्तो कर्मचारीलाई मन्त्रालयले उपयुक्त ठहऱ्याए बमोजिम प्रदेश वा स्थानीय तहको सेवाको मिल्दो पदमा समायोजन गर्न बाधा पर्ने छैन।

२७. **नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२८. **आवश्यक व्यवस्था मिलाउनेः** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा नेपाल सरकारले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२९. **यसै ऐन बमोजिम हुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम हुनेछ।

३०. **खारेजी र बचाउः** (१) कर्मचारी समायोजन अध्यादेश, २०७५ खारेज गरिएको छ।

(२) कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रतिनिधि सभाले पारित गरेको मितिः २०७५/११/०३
राष्ट्रिय सभाले संशोधन विना पारित गरेको मितिः २०७५/११/०८
प्रमाणीकरण मितिः २०७५/११/१०

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः प्रचलित नेपाल ऐनमा समसामयिक सुधार गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५" रहेकोछ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा संशोधनः** नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को,-

(१) दफा २ को,-

(क) खण्ड (ङ) मा रहेका "ऐन, सवाल र" भन्ने शब्दहरुको सट्टा "ऐन, ऐन सरहका संहिता, सवाल र" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (झ) पछि देहायका खण्ड (झ१) र (झ२) थपिएका छनः-

"(झ१) "प्रदेश सरकार" भन्नाले नेपालको संविधानको धारा १६२ बमोजिम प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्ने प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(झ२) "स्थानीय कार्यपालिका" भन्नाले नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ।"

(ग) खण्ड (ठ) मा रहेका "वा नेपालको संविधान बमोजिम बनेको" भन्ने शब्दहरूको सट्टा "वा नेपालको संविधान बमोजिम संघ, प्रदेश वा स्थानीय तहले बनाएको" भन्ने शब्दहरू राखिएका छन।

(घ) खण्ड (ड) मा रहेका "आदेश वा उपनियम" भन्ने शब्दहरुको सट्टा "आदेश, विनियम वा ऐन अन्तर्गत बनेका निर्देशिका वा कार्यविधि" भन्ने शब्दहरु राखिएका छन्।

(ङ) खण्ड (ल) मा रहेको "लिखत" भन्ने शब्दको सट्टा "लिखित" भन्ने शब्द राखिएको छ।

(२) दफा ३ को खण्ड (च) मा रहेका "व्यवस्थापिका-संसदबाट" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसद् वा नेपालको संविधानको धारा ८३ बमोजिमको संघीय संसदबाट" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

"१४क. <u>नेपाल सरकारबाट कार्य सम्पादन भएको मानिनेः</u> प्रचलित कानूनमा नेपाल सरकारबाट सम्पादन हुने भनिएका विषयमध्ये देहायका विषय नेपाल सरकार, मन्त्रिपरिषद्बाट र सो बाहेकका अन्य विषय नेपाल सरकारको कार्यसम्पादन नियमावली वा नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भए बमोजिम सम्बन्धित मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरे बमोजिम नेपाल सरकारको राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृतबाट सम्पादन भएकोमा त्यस्तो कार्य नेपाल सरकारबाट सम्पादन भएको मानिनेछः-

(क) प्रचलित कानूनमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सम्पादन हुने भनि उल्लेख भएका विषय,

(ख) नेपाल सरकारको कार्यसम्पादन नियमावली बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्नु पर्ने विषय,

(ग) प्रचलित कानूनमा नेपाल सरकारमा पुनरावेदन लाग्ने भनी उल्लेख भएका विषय।"

३. **<u>विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधनः</u>** विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७ को उपदफा (१२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा उपदफा (१०)" भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>स्थानीय प्रशासन ऐन, २०२८ मा संशोधनः</u>** स्थानीय प्रशासन ऐन, २०२८ को,-

(१) प्रस्तावनामा रहेका "विकेन्द्रित प्रशासन" भन्ने शब्दहरुको सट्टा "सङ्घीय" भन्ने शब्द राखिएको छ।

(२) दफा २ को,-

(क) खण्ड (क१) झिकिएको छ।

(ख) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ।"

(३) परिच्छेद-२ को ठाउँ ठाउँमा रहेका "विकास क्षेत्र, अञ्चल तथा" भन्ने शब्दहरु झिकिएका छन्।

(४) दफा ३ को उपदफा (१) मा रहेको "अनुसूचीमा" भन्ने शब्दको सट्टा "नेपालको संविधानको अनुसूची -४ मा" भन्ने शब्दहरु राखिएका छन्।

(५) परिच्छेद-३ को शीर्षकमा रहेका "क्षेत्रीय र" भन्ने शब्दहरु झिकिएका छन्।

(६) दफा ५ को उपदफा (१) मा रहेका "क्षेत्रीय प्रशासकको" भन्ने शब्दहरु झिकिएका छन्।

(७) दफा ६ को,-

(क) उपदफा (१क) मा रहेका "क्षेत्रीय प्रशासक तथा गृह मन्त्रालयलाई" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयलाई" भन्ने शब्द र "क्षेत्रीय प्रशासकले" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (२क) झिकिएको छ।

(८) दफा ९ को उपदफा (४) मा रहेका "वन तथा भू-संरक्षण मन्त्रालयले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयले" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ११ को उपदफा (३क) मा रहेका "क्षेत्रीय प्रशासकले" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयले प्रदेश मन्त्रालयको निजामती सेवाको कुनै पदाधिकारी," भन्ने शब्दहरु राखिएका छन्।

(१०) ऐनको ठाउँ ठाउँमा रहेका "गृह मन्त्रालय" र क्षेत्रीय प्रशासक र गृह मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

(११) दफा ४क., ४ख., ४ग., ४घ. र अनुसूची खारेज गरिएका छन्।

५. **शिक्षा ऐन, २०२८ मा संशोधनः** शिक्षा ऐन, २०२८ को,–

(१) दफा २ को खण्ड (ज) मा रहेको "नियममा" भन्ने शब्दको सट्टा "नियम वा विनियममा" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १९क. पछि देहायको दफा १९ख. थपिएको छः-

"१९ख. **विनियम बनाउने अधिकारः** (१) बोर्डले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही बोर्डका कर्मचारीको सेवाको शर्त तथा सुविधा र बोर्डको कार्य सञ्चालन सम्बन्धमा आवश्यक विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बोर्डले बनाएको विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।"

६. **बोनस ऐन, २०३० मा संशोधनः** बोनस ऐन, २०३० को,–

(१) दफा २ को,–

(क) खण्ड (ख) मा रहेका "श्रम ऐन, २०४८ को दफा २ को खण्ड (ख) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ज) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (च) मा रहेका "श्रम ऐन, २०४८ को दफा २ को खण्ड (च) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "श्रम ऐन, २०७४ को दफा २ को खण्ड (द) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (ज१) मा रहेका "श्रम ऐन, २०४८ को दफा ७२ बमोजिम" भन्ने शब्दहरुको सट्टा "श्रम ऐन, २०७४ को दफा १५१ बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ५ को उपदफा (२) को खण्ड (क) झिकिएको छ।

(३) दफा ६ को उपदफा (२) को खण्ड (क) मा रहेका "श्रम ऐन, २०४८ को दफा ११ बमोजिम" भन्ने शब्दहरुको सट्टा "श्रम ऐन, २०७४ को दफा १५ बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ७ को,-

(क) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले पाउने बोनस देहायको रकमभन्दा बढी हुने छैनः-

(क) नेपाल सरकाले तोकेको न्यूनतम पारिश्रमिकको दोब्बरसम्म मासिक तलब वा ज्याला पाउने कर्मचारीले आफ्नो आठ महिनाको तलब वा ज्याला बराबरको रकम,

(ख) खण्ड (क) भन्दा बढी तलब वा ज्याला पाउने कर्मचारीले आफ्नो छ महिनाको तलब वा ज्याला बराबरको रकम,"

(ख) उपदफा (४) मा रहेका "र खण्ड (ग) बमोजिम पाउने न्यूनतम बोनस रकम खण्ड (ख) बमोजिमको अधिकतम बोनस रकम भन्दा कम" भन्ने शब्दहरु झिकिएका छन्।

(५) दफा १३ को ठाउँठाउँमा रहेका "श्रम ऐन, २०४८ को दफा ३७ बमोजिम खडा गरेको कल्याणकारी कोषमा" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून बमोजिम स्थापना भएको कल्याणकारी कोषमा" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ मा संशोधनः</u>** जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को,–

(१) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. **<u>पंजिकाधिकारी तथा स्थानीय पंजिकाधिकारीः</u>** (१) यस ऐनको प्रयोजनको लागि नेपाल सरकारको राष्ट्रिय परिचयपत्र व्यवस्थापन तथा पञ्जिकरण विभागको प्रमुखले पंजिकाधिकारी (रजिष्ट्रार) को रूपमा काम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको पंजिकाधिकारीले तोकेको मापदण्डको आधारमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले गाउँपालिका वा नगरपालिकामा कार्यरत कर्मचारीमध्येबाट तोकेको कर्मचारीले स्थानीय पंजिकाधिकारी (रजिष्ट्रार) को रूपमा काम गर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानीय पंजिकाधिकारी तोक्दा गाउँपालिका वा नगरपालिकाका प्रत्येक वडामा रहने गरी तोक्नु पर्नेछ।"

(२) दफा ५ को,-

(क) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) दफा ४ को उपदफा (१) वा (२) मा तोकिएको अवधि नाघेपछि व्यक्तिगत घटना दर्ता गराउन आएमा स्थानीय पञ्जिकाधिकारीले पचास रुपैंया दस्तुर लिई दर्ता गर्नेछ।"

(ख) उपदफा (४) झिकिएको छ।

(३) दफा ६ पछि देहायको दफा ६क. थपिएको छः-

"६क. <u>दर्ता गर्न तथा प्रमाणपत्र दिन नहुनेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम स्वतः बदर हुने विवाह लगायतका व्यक्तिगत घटनाको दर्ता गर्न तथा सोको प्रमाणपत्र दिनु हुँदैन।

(२) उपदफा (१) बमोजिम व्यक्तिगत घटना दर्ता गर्न ल्याएमा सो घटनाको बेग्लै अभिलेख राखी सो सम्बन्धमा प्रचलित कानून बमोजिमको कारबाही गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) यस दफामा लेखिएको कुनै कुराले स्वतः बदर हुने विवाहको परिणामबाट जन्मिएका शिशुको जन्म दर्ता गर्नु पर्ने विषयलाई प्रतिकूल असर पार्ने छैन।"

(४) दफा ११ पछि देहायको दफा ११क. थपिएको छः-

"११क. **<u>एकीकृत विद्युतीय प्रणालीको निर्माण:</u>** (१) नेपाल सरकारले व्यक्तिगत घटना दर्ताको लागि एकीकृत विद्युतीय प्रणालीको निर्माण गरी संचालनमा ल्याउने छ।

(२) उपदफा (१) बमोजिम संचालनमा ल्याइएको विद्युतीय प्रणालीमा गाउँपालिका वा नगरपालिकालाई पहुँच दिइनेछ र गाउँपालिका वा नगरपालिकाले व्यक्तिगत घटना दर्तामा त्यस्तो प्रणालीको अवलम्वन गर्नु पर्नेछ।"

(५) दफा १३ को उपदफा (१) मा रहेका "पचास रूपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "दुईसय रूपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ मा संशोधन:</u>** नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को,-

(१) दफा ९ को उपदफा (३) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:-

"(क) उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री वा नेपाल सरकारले तोकेको नेपाल सरकारको विशिष्ट श्रेणीको कर्मचारी -अध्यक्ष

(ख) सचिव, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय -सदस्य"

(२) दफा १९ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) विद्युत महसुल बाहेक ग्राहकबाट मिटर जडान, मिटर ठाउँसारी, नामसारी, क्षमता वृद्धि लगायतका सेवा शुल्क निर्धारण गर्ने,"

(३) दफा ३६ मा रहेका "जलस्रोत मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "उर्जा, जलस्रोत तथा सिंचाई मन्त्राल" भन्ने शब्दहरू राखिएका छन्।

९. **<u>नेपाल विशेष सेवा ऐन, २०४२ मा संशोधन:</u>** नेपाल विशेष सेवा ऐन, २०४२ को,-

(१) दफा ४ को उपदफा (१) मा रहेका "गृह मन्त्रालय अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत" भन्ने शब्दहरु राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "क्षेत्रीय, अञ्चल र जिल्लास्तरिय" भन्ने शब्दहरु झिकिएका छन्।

१०. **<u>नगर विकास ऐन, २०४५ मा संशोधनः</u>** नगर विकास ऐन, २०४५ को,–

(१) दफा २ को खण्ड २.१.२ग. पछि देहायको खण्ड २.१.२घ. थपिएको छः-

"२.१.२घ "मन्त्रालय" भन्नाले नेपाल सरकारको सहरी विकास मन्त्रालय सम्झनु पर्छ।

(२) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. <u>नगर विकास समितिको गठनः</u>

४.१ नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यकता अनुसार प्रत्येक स्थानीय तहमा नगर विकास समिति गठन गर्न सक्नेछ।

४.२ समितिमा देहायका सदस्यहरु रहनेछन्ः-

४.२.१ सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष -अध्यक्ष

४.२.२ सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको प्रमुखले तोकेको सो समितिको सदस्य -सदस्य

४.२.३ प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत -सदस्य

४.२.४ वन, भूमि तथा नापी सम्बन्धी स्थानीय तह वा जिल्लास्थित कार्यालयका प्रतिनिधिहरु -सदस्य

४.२.५ नगर कार्यपालिका वा गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट सम्बन्धित नगर कार्यपालिका वा गाउँ

कार्यपालिकाले तोकेको तीन जना सदस्य -सदस्य

४.२.६ स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका सोही क्षेत्रका समाजसेवीहरु मध्येबाट सम्बन्धित स्थानीय तहको कार्यपालिकाले मनोनीत गरेका एकजना महिला सहित दुई जना -सदस्य

४.२.७ सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

४.३ समितिले आवश्यक देखेमा सम्बन्धित स्थानीय तहको विकासमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति वा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।"

(३) दफा २४ को उपदफा २४.३ मा रहेका "पालना गरेको छैन भन्ने ठहराएमा" भन्ने शब्दहरुको सट्टा "पालना गरेको छैन भन्ने लागेमा वा समिति कायम राखी राख्न आवश्यक नदेखिएमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २४क. पछि देहायको दफा २४ख. थपिएको छः-

"२४ख. <u>मुद्दा सर्ने:</u> (१) दफा २४ बमोजिम समिति विघटन भएमा समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा र दफा २० अन्तर्गत गठित पुनरावेदन समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित उच्च अदालतमा सर्नेछन्।

(२) समितिले दिएको सजाय उपर ऐन बमोजिमको पुनरावेदन समितिमा पुनरावेदन लाग्ने रहेछ भने त्यस्तो

पुनरावेदन सोही ऐनले तोकेको म्यादभित्र सम्बन्धित उच्च अदालतमा गर्न सकिनेछ।

(३) समितिको हक, दायित्व नेपाल सरकारमा सर्नेछ र कागजात तथा अभिलेख नेपाल सरकारले तोकेको निकाय वा कार्यालयमा सर्नेछ।"

(५) दफा २५ मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(६) दफा ११, १२, १२ख., १३, १३क., १४, १५, २०, २३, २४, २५ र २६ को उपदफा २६.१ बाहेक अन्यत्र ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

११. **<u>काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ मा संशोधनः</u>** काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को,-

(१) दफा १३ को उपदफा १३.१ को सट्टा देहायको उपदफा १३.१ राखिएको छः-

"१३.१ काठमाडौं उपत्यकाको विकासको लागि देहायका सदस्यहरु भएको एक काठमाडौं उपत्यका भौतिक विकास समिति गठन हुनेछः-

१३.१.१	सहरी विकास मन्त्री	-अध्यक्ष
१३.१.२	सम्बन्धित प्रदेशको शहरी विकास हेर्ने मन्त्री	-सदस्य
१३.१.३	सचिव, अर्थ मन्त्रालय	-सदस्य
१३.१.४	सचिव, खानेपानी मन्त्रालय	-सदस्य
१३.१.५	सचिव, भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय	-सदस्य
१३.१.६	सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	-सदस्य
१३.१.७	सचिव, राष्ट्रिय योजना आयोग	-सदस्य

१३.१.८ सचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

१३.१.९ सचिव, सहरी विकास मन्त्रालय -सदस्य

१३.१.१० सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य

१३.१.११ सचिव, सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

१३.१.१२ सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

१३.१.१३ प्रमुख, काठमाडौं महानगरपालिका -सदस्य

१३.१.१४ प्रमुख, ललितपुर महानगरपालिका -सदस्य

१३.१.१५ प्रमुख, भक्तपुर नगरपालिका -सदस्य

१३.१.१६ काठमाडौं उपत्यकाका अन्य नगरपालिकाहरू मध्येबाट मन्त्रालयले तोकेका तीनवटा नगरपालिकाका प्रमुखहरु -सदस्य

१३.१.१७ विकास आयुक्त -सदस्य सचिव"

(२) दफा १४ को उपदफा १४.३ को खण्ड १४.३.६ को सट्टा देहायको खण्ड १४.३.६ राखिएकोछः-

"१४.३.६ सहरी विकास व्यवस्थापन सम्बन्धी विज्ञहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी सहरी विकास मन्त्रालयले तोकेका तीन जना -सदस्य"

(३) दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-

"२७क. <u>मुद्दा सर्ने:</u> (१) दफा २७ बमोजिम प्राधिकरण विघटन भएमा दफा ९ र २१ बमोजिम प्राधिकरणमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा र दफा २३ बमोजिमको पुनरावेदन समितिमा कारबाही भई छिन्न बाँकी मुद्दाहरु उच्च अदालत पाटनमा सर्नेछन्।

(२) प्राधिकरणको हक, दायित्व नेपाल सरकारमा सर्नेछ र कागजात तथा अभिलेख नेपाल सरकारले तोकेको निकाय वा कार्यालयमा सर्नेछ।

(४) दफा २८ मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सहरी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

१२. **सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधनः** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४८ को उपदफा (२) मा रहेका "र निजले चलाउन चाहेको सवारीको सम्बन्धमा प्रशिक्षण केन्द्रले दिएको प्रमाणपत्रको प्रतिलिपी" भन्ने शब्दहरू झिकिएका छन्।

१३. **विद्युत ऐन, २०४९ मा संशोधनः** विद्युत ऐन, २०४९ को,-

(१) दफा ३ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(२) दफा ५ को उपदफा (३) मा रहेका "हुनुभन्दा एक वर्ष अगावै" भन्ने शब्दहरूको सट्टा "हुनु भन्दा अगावै" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा २१ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम खरिद गरिने विद्युतको खरिद दर विद्युत नियमन आयोगले निर्धारण गरे बमोजिम हुनेछ।"

(४) दफा २७ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर तत्काल मर्मत गर्नु पर्ने वा अन्य कुनै अवस्था परी विद्युत आपूर्ति रोक्न परेमा त्यस्तो कार्य गर्नु अगावै सोको जानकारी गराएर मर्मत सम्भार गर्न बाधा पर्ने छैन।"

(५) दफा ३८ को उपदफा (२) मा रहेका "पाँच हजार" भन्ने शब्दहरूको सट्टा "पाँच लाख" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा ४० को उपदफा (२) को खण्ड (च) झिकिएको छ।

१४. **वन ऐन, २०४९ मा संशोधनः** वन ऐन, २०४९ को,–

(१) दफा २ को,–

(क) खण्ड (ठ) मा रहेका "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ठ) पछि देहायको खण्ड (ठ१) थपिएको छः-

"(ठ१) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको वन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(ग) खण्ड (ड) मा रहेका "वन विभाग" भन्ने शब्दहरुको सट्टा "वन तथा भू-संरक्षण विभाग" भन्ने शब्दहरु राखिएका छन्।

(घ) खण्ड (ड१) को सट्टा देहायको खण्ड (ड१) राखिएको छः-

"(ड१) "प्रदेश वन निर्देशक" भन्नाले प्रदेशको वन निर्देशनालयको प्रमुख सम्झनु पर्छ।"

(ङ) खण्ड (ड१) पछि देहायको खण्ड (ड२) थपिएको छः-

"(ड२) "निर्देशनालय" भन्नाले प्रदेशको वन सम्बन्धी विषय हेर्ने प्रदेश वन निर्देशनालय सम्झनु पर्छ।"

(च) खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छः-

"(ढ) "डिभिजनल वन अधिकृत" भन्नाले डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ।"

(छ) खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छः-

"(ण) "वन अधिकृत" भन्नाले मन्त्रालय, प्रदेश मन्त्रालय, विभाग, निर्देशनालय, र अन्तर्गतका कार्यालयहरुमा खटिएका सबै तहका राजपत्रांकित प्राविधिक कर्मचारीहरु सम्झनु पर्छ।"

(२) दफा ३ मा रहेका "सम्बन्धित जिल्लाको" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित डिभिजन वन कार्यालयको अधिकारक्षेत्र भित्र पर्ने" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ९ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) जिल्लास्थित नापी कार्यालयका प्रमुख -सदस्य"

(४) दफा २० को,–

(क) उपदफा (३) मा रहेका "आ-आफ्नो जिल्लामा" भन्ने शब्दहरूको सट्टा "आफ्नो डिभिजन वन कार्यालयको अधिकार क्षेत्रमा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) ठाउँ ठाउँमा रहेका "विभाग" भन्ने शब्दको सट्टा "प्रदेश मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २४ को ठाउँ ठाउँमा रहेको "विभाग" भन्ने शब्दको सट्टा "प्रदेश मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा २४क. मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा २४ख. को ठाउँ ठाउँमा रहेको "विभाग" भन्ने शब्दको सट्टा "प्रदेश मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा ३१ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी डिभिजन वन कार्यालय मार्फत तोकिए बमोजिम आय आर्जनका कार्यक्रम सञ्चालन गर्न।"

(९) दफा ३२ को,–

(क) उपदफा (२) मा रहेका "विभाग मार्फत" भन्ने शब्दहरूको सट्टा "निर्देशनालय मार्फत" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका "विभाग मार्फत क्षेत्रीय वन निर्देशकलाई दिनेछ" भन्ने शब्दहरुको सट्टा "विभाग मार्फत प्रदेश मन्त्रालयलाई दिनेछ र प्रदेश मन्त्रालयले सोको जानकारी निर्देशनालयलाई दिनेछ।" भन्ने शब्दहरु राखिएका छन्।

(१०) दफा ४८क. को उपदफा (२) मा रहेका "जिल्लाभित्रको" भन्ने शब्दहरूको सट्टा "डिभिजन वन कार्यालयको अधिकारक्षेत्रको" भन्ने शब्दहरू राखिएका छन्।

(११) दफा ६० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कर्मचारीले गर्नेछ र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।"

(१२) दफा ६५ को,–

(क) उपदफा (१) मा रहेका "जिल्ला वन अधिकृतले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको नेपाल वन सेवाको अधिकृतले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) ठाउँ ठाउँमा रहेका "जिल्ला वन अधिकृतले" भन्ने शब्दहरुको सट्टा "मुद्दा हेर्ने अधिकारीले" भन्ने शब्दहरु राखिएका छन्।

(१३) दफा ६६ पछि देहायको दफा ६६क. थपिएको छः-

"६६क. <u>वन विकास कोषः</u> (१) नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न, वनको संरक्षण र सम्वर्द्धन गर्न एवं अन्य प्रर्बर्द्धनात्मक कार्यको लागि एक वन विकास कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट सहयोग वा ऋण स्वरुप प्राप्त रकम,

(घ) वन क्षेत्रको वन पैदावर बिक्रीबाट प्राप्त रकम र वन क्षेत्र अन्य प्रयोजनको लागि दिए वापत प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) वन विकास कोषको रकम कुनै "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(६) कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(१४) दफा ६८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त योजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त विद्युत प्रशारण लाईन विस्तार सम्बन्धी योजना सञ्चालन गर्न वनको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्तो योजना सञ्चालन गर्नको निमित्त नेपाल सरकारले सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, साझेदारी वन, सामुदायिक वन, कबुलियती वन वा धार्मिक वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ। यसरी वन क्षेत्र प्रयोग गर्न दिए वापत मापदण्ड बनाई नेपाल सरकारले रकम वा सट्टा जग्गा लिन सक्नेछ र त्यस्तो जग्गा प्रयोग गर्न दिए वापत प्राप्त रकम दफा ६६क. बमोजिमको कोषमा जम्मा गरिनेछ।"

(१५) दफा ७२क. को सट्टा देहायको दफा ७२क. राखिएको छः-

"**७२क. <u>कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने:</u>** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।"

(१६) ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएको छः-

(क) "इलाका वन कार्यालय" को सट्टा "सव डिभिजन वन कार्यालय",

(ख) "जिल्ला वन कार्यालय" को सट्टा "डिभिजन वन कार्यालय",

(ग) "जिल्ला वन अधिकृत" को सट्टा "डिभिजनल वन अधिकृत",

(घ) "क्षेत्रीय वन निर्देशक" को सट्टा "प्रदेश वन निर्देशक" र

(ङ) "क्षेत्रीय वन निर्देशनालय" को सट्टा "निर्देशनालय"।

१५. **<u>राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधनः</u>** राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. **<u>प्रदेश तथा स्थानीय कानून बमोजिम हुनेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा देहाय बमोजिम हुनेछः-

(क) एकसय वाट सम्मका एफ. एम. रेडियो संचालनको इजाजत, नविकरण र नियमन सम्बन्धी कार्य आफ्नो स्थानीय तहको क्षेत्र भित्र सम्बन्धित स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ।

(ख) एकसय वाट भन्दा माथि एकहजार वाट सम्मको एफ. एम. रेडियो प्रशारण र केवुलमा आधारित टेलिभिजन प्रशारणको इजाजत, नविकरण र नियमन सम्बन्धी कार्य आफ्नो प्रदेशभित्र सम्बन्धित प्रदेशले बनाएको कानून बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम हुने एफ.एम. रेडियोको फ्रिक्वेन्सीको बाँडफाँटका लागी सम्बन्धित प्रदेश वा स्थानीय तहले मन्त्रालय समक्ष माग गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजत, नवीकरण र नियमन सम्बन्धमा स्थानीय तह वा प्रदेशले कानून नबनाए सम्मको लागी त्यस्तो

विषयको इजाजत, नवीकरण तथा नियमन यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम हुनेछ।"

१६. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ मा संशोधनः स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को,-

(१) दफा ५ को,-

(क) उपदफा (२) मा रहेका "पाँच विकास क्षेत्रको" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन्:-

"(३) उपदफा (२) बमोजिमका प्रशिक्षण केन्द्र र त्यसको लागि आवश्यक पर्ने जग्गा नेपाल सरकारले सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम हस्तान्तरण भएका प्रशिक्षण केन्द्र सञ्चालनको लागि प्रदेश सरकारले आवश्यक व्यवस्था गर्नेछ।"

(२) दफा १२ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) प्रतिष्ठानको कार्य सञ्चालनको लागि नेपाल सरकारले निजामती कर्मचारीलाई बढिमा एक वर्षको लागि कामकाजमा खटाउन सक्नेछ।"

(३) दफा २० पछि देहायको दफा २०क. र २०ख. थपिएका छन्:-

"२०क. <u>प्रदेश सरकारले नियम बनाउन सक्नेः</u> (१) प्रदेश सरकारमा हस्तान्तरण भएका प्रशिक्षण केन्द्र सञ्चालन सम्बन्धमा यस ऐनको अधीनमा रही प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले बनाएका नियमहरू प्रदेश राजपत्रमा प्रकाशन भए पछि मात्र लागू हुनेछन्।

२०ख. **अन्तरिम व्यवस्थापन:** दफा ५ को उपदफा (३) बमोजिम प्रदेश सरकारमा हस्तान्तरण भएका प्रशिक्षण केन्द्रमा कार्यरत कर्मचारीलाई सम्बन्धित प्रदेशमा कामकाज गर्न खटाउन सकिनेछ।"

(४) दफा १० र दफा ११ खारेज गरिएका छन्।

१७. **नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० मा संशोधन:** नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा ४ को,–

(१) उपदफा (१) को खण्ड (ङ) मा रहेका "नेपालको पाँच विकास क्षेत्रमा" भन्ने शब्दहरुको सट्टा "नेपालको प्रत्येक प्रदेशमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (५) मा रहेका "सम्बन्धित विकास क्षेत्रका पाँच जना" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित प्रदेशका एक एक जना गरी सातजना" भन्ने शब्दहरु राखिएका छन्।

१८. **राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधन:** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को,-

(१) दफा ९ को उपदफा (५) को खण्ड (क) मा रहेका "अर्थ मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १३क. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम अनुसन्धान अधिकृतको प्रतिवेदन प्राप्त भएपछि विभागले पच्चीस लाख रुपैयाँसम्मको राजस्व चुहावटको कसुरमा त्यस्तो आयकर, मूल्यअभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महशुल वा अन्य कर वा गैरकर निर्धारण गरी असुल गर्न वा त्यस्तो राजस्व निर्धारणमा भएको गल्ती वा त्रुटी सच्याउन सम्बन्धित संस्था वा निकायमा लेखी पठाउन सक्नेछ।"

१९. **नगर विकास कोष ऐन, २०५३ मा संशोधन:** नगर विकास कोष ऐन, २०५३ को,–

(१) दफा १४ को उपदफा (२) को,–

(क) खण्ड (क), (ग) र (घ) को सट्टा देहायका खण्ड (क), (ग) र (घ) राखिएका छन्:-

"(क) सचिव, सहरी विकास मन्त्रालय -अध्यक्ष

(ग) प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(घ) नगरपालिकाका प्रमुख वा उपप्रमुखहरूमध्येबाट प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेका कम्तीमा तीन जना महिला सहित सातजना -सदस्य"

(ख) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) समावेशिताको आधारमा नगर विकास सम्बन्धी विज्ञता भएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले तोकेको कम्तीमा एक जनामहिला सहित तीन जना -सदस्य"

(२) दफा ३३ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछः-

"(घ) कोष कायम राख्न आवश्यक छैन भन्ने नेपाल सरकारले ठहऱ्याएमा।"

(३) दफा ३५ मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सहरी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

२०. **<u>भवन ऐन, २०५५ मा संशोधनः</u>** भवन ऐन, २०५५ को,–

(१) दफा ३ को उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेका "भौतिक योजना तथा निर्माण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सहरी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (च) मा रहेका "स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (ज) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "सहरी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ९ को ठाउँ ठाउँमा रहेका "भौतिक योजना तथा निर्माण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सहरी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

२१. **<u>बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ मा संशोधनः</u>** बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को दफा २ को,-

(१) खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

"(ख) "प्रतिष्ठान" भन्नाले श्रम ऐन, २०७४ को दफा २ को खण्ड (ञ) बमोजिमको प्रतिष्ठान सम्झनु पर्छ।

(ग) "व्यवस्थापक" भन्नाले श्रम ऐन, २०७४ को दफा २ को खण्ड (द) बमोजिमको व्यवस्थापक सम्झनु पर्छ।"

(२) खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः-

"(झ) "श्रम कार्यालय" भन्नाले श्रम ऐन, २०७४ को दफा २ को खण्ड (घ) बमोजिमको कार्यालय सम्झनु पर्छ।"

२२. **<u>आयकर ऐन, २०५८ मा संशोधनः</u>** आयकर ऐन, २०५८ को,-

(१) दफा ११ख. खारेज गरिएको छ।

(२) अनुसूची-१ को दफा २ को,–

(क) उपदफा (३) को खण्ड (ख) को प्रकरण (३) को सट्टा देहायको प्रकरण (३) राखिएको छः-

"(३) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्था वा संघले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा।

तर देहाय बमोजिमका बचत तथा ऋण सहकारी संस्था वा संघलाई देहाय बमोजिम छुट हुनेछः-

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा लाग्ने करको दरमा पचहत्तर प्रतिशत,

(२) उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा लाग्ने करको दरमा पचास प्रतिशत।"

(ख) उपदफा (३क) पछि देहायको उपदफा (३ख) थपिएको छः-

"(३ख) सार्वजनिक गुठी अन्तर्गत दर्ता भई सञ्चालित विद्यालय, महाविद्यालयको कर योग्य आयमा बीस प्रतिशतको दरले कर लाग्नेछ।

२३. **अन्तः शुल्क ऐन, २०५८ मा संशोधनः** अन्तःशुल्क ऐन, २०५८ को दफा १० मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखिएका छन्।

२४. **केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ मा संशोधनः** केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ को,–

(१) दफा २ को खण्ड (क) को,-

(क) उपखण्ड (५) पछि देहायका उपखण्ड (५क) र (५ख) थपिएका छन-

"(५क) प्रदेश सरकारले बनाएको नियम, जारी गरेको आदेश वा अधिकार पत्र वा प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय,

(५ख) स्थानीय तहले बनाएको ऐन, नियम तथा जारी गरेको आदेश"

(ख) उपखण्ड (६) को सट्टा देहायको उपखण्ड (६) राखिएको छः-

"(६) संविधान सभा, व्यवस्थापिका-संसद वा संघीय संसदद्वारा पारित प्रस्ताव"

(ग) उपखण्ड (६) पछि देहायको उपखण्ड (६क) थपिएको छः-

"(६क) प्रदेश सभा, नगर सभा वा गाउँ सभाबाट पारित प्रस्ताव"

(घ) उपखण्ड (११) पछि देहायको उपखण्ड (११क) थपिएको छः-

"(११क) प्रचलित कानून बमोजिम प्रदेश सरकारले दिने नियुक्ति, सरूवा वा अवकाशपत्र"

(२) दफा ३ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकका प्रतिहरुमा विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले संघीय संसदबाट विधेयक पारित भएको मिति उल्लेख गरी हस्ताक्षर गरेको हुनु पर्नेछ।"

(ख) ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरूको सट्टा "संघीय-संसद" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. <u>संघीय-संसदद्वारा पारित प्रस्तावको प्रमाणीकरणः</u> (१) नेपालको संविधान तथा अन्य प्रचलित कानून बमोजिम संघीय-संसदद्वारा पारित प्रस्तावको प्रमाणीकरण त्यस्तो प्रस्ताव उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षको हस्ताक्षरबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणिक प्रतिको आधारमा संघीय-संसदका महासचिव वा सचिव वा महासचिवले तोकेको राजपत्रांकित अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने वा गराउनेछ।"

(४) दफा ११ को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछः-

"तर प्रदेश र स्थानीय तहका सार्वजनिक लिखतको हकमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

(५) दफा १४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कसैले सार्वजनिक लिखत किर्ते गरेमा, नभएको कुरा प्रमाणीकरण वा प्रमाणित गरेमा वा केरमेट गरेमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २७६ को उपदफा (३) बमोजिम सजाय हुनेछ।

(ख) उपदफा (२) झिकिएको छ।

२५. **सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ मा संशोधनः** सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को,–

(१) दफा २ को खण्ड (ह) को सट्टा देहायको खण्ड (ह) राखिएको छः-

"(ह) "स्वदेशी उच्चपदस्थ व्यक्ति" भन्नाले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्य मन्त्री, संघीय संसदका सदस्य, संवैधानिक निकायको पदाधिकारी, प्रदेश सभाका सभामुख, प्रदेश सरकारका मन्त्री, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरह वा सोभन्दा माथिका पदाधिकारी, उच्च अदालतको न्यायाधीश वा सोभन्दा माथिल्लो तहको न्यायाधीश, प्रदेश सभाका उपसभामुख, प्रदेश सभाका सदस्य, राष्ट्रियस्तरको राजनीतिक दलको केन्द्रीय पदाधिकारी, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थाको उच्च पदाधिकारी वा त्यस्तो जिम्मेवारी भएको वा पाएको व्यक्ति सम्झनु पर्छ।"

(२) दफा ८ को उपदफा (१) को,–

(क) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) सचिव, अर्थ मन्त्रालय" -सदस्य"

(ग) खण्ड (घ१) झिकिएको छ।

(३) ठाउँठाउँमा रहेका "अर्थ मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

२६. **<u>वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनः</u>** वैदेशिक रोजगार ऐन २०६४ को,-

(१) दफा २ को खण्ड (घ) पछी देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(२) दफा ११ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पत्र दिन उपयुक्त देखेमा विभागले तोकिए बमोजिमको इजाजतपत्र दस्तुर र वार्षिक तीन हजारसम्म कामदार पठाउने लक्ष्य राखी इजाजत माग गर्ने संस्थासँग धरौटी बापत पचास लाख रुपैयाँ नगदै र एक करोड पचास लाख रुपैयाँको बैक ग्यारेण्टी, वार्षिक तीनहजार भन्दा बढी पाँचहजारसम्म कामदार पठाउने लक्ष्य राखी इजाजत माग गर्ने संस्थासँग धरौटी बापत एक करोड रुपैयाँ नगदै र तीन करोड रुपैयाँको बैक ग्यारेन्टी तथा वार्षिक पाँच हजार भन्दा बढी कामदार पठाउने लक्ष्य राखी इजाजत माग गर्ने संस्थासँग धरौटी बापत दुई करोड रूपैयाँ नगदै र चार करोड रूपैयाँको बैङ्क ग्यारेण्टी लिई इजाजत दिनु पर्नेछ।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) प्रारम्भ हुनु अघि इजाजत प्राप्त गरेको संस्थाले सो उपदफा प्रारम्भ भएको मितिले छ महिना भित्र सो उपदफा बमोजिमको धरौटी बापतको रकम र बैङ्क ग्यारेण्टी दाखिला गर्नु पर्नेछ।"

(ग) उपदफा (७) को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(३) दफा ११ पछि देहायका दफा ११क. र ११ख. थपिएका छन्:-

"११क. <u>इजाजतपत्र प्राप्त संस्था एक आपसमा गाभिन सक्नेः</u> (१) दुई वा दुई भन्दा बढी इजाजतपत्र प्राप्त संस्थाहरु एक आपसमा गाभिन चाहेमा आपसमा सम्झौता गरी गाभिन सक्नेछन्।

(२) इजाजतपत्र प्राप्त संस्था गाभिंदाको प्रक्रिया तथा पूरा गर्नु पर्ने शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

११ख. <u>एकाघर सगोलका परिवारको शेयर रहेको एक भन्दा बढी संस्थालाई इजाजत नदिईनेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ भएपछि एका घर सगोलका परिवारका सदस्यको शेयर रहेको एक भन्दा बढी संस्थालाई इजाजतपत्र दिईने छैन।

(२) यो दफा प्रारम्भ हुँदाका बखत एकाघर सगोलका परिवारका सदस्यको शेयर रहेको एक भन्दा बढी संस्था भएमा यो दफा प्रारम्भ भएको मितिले छ महिनाभित्र एक आपसमा दफा ११क. बमोजिम गाभिनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिमको अवधि पछि एकाघर सगोलका परिवारका सदस्यको शेयर रहेका एक भन्दा बढी संस्थाको इजाजतपत्र नवीकरण गरिने छैन।"

(४) दफा १३ को,–

(क) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) झुट्टा कागजात वा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा वा बैदेशिक रोजगारमा पठाएमा"

(ख) उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन्ः-

"(घ१) दफा १४ विपरित स्वामित्व वा दायित्व हस्तान्तरण वा परिवर्तन गरेमा,

(घ२) लगातार दुई वर्षसम्म वार्षिक एकसय जना पनि कामदार पठाउन नसकेमा,"

(ग) उपदफा (४) को ठाउँठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ।

(५) दफा १५ को,-

(क) उपदफा (१) मा रहेका "विभाग समक्ष" भन्ने शब्दहरु पछि "अनलाइन मार्फत" भन्ने शब्दहरु थपी सोही उपदफाको खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) गन्तव्य मुलुकको नेपाली कुटनीतिक नियोगबाट प्रमाणित गरिएको मागपत्र र अख्तियारीको सक्कल प्रति"

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) गन्तव्य मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगले उपदफा (१) को खण्ड (च) मा उल्लेखित प्रमाणित कागजात पन्ध्र दिनभित्र विभागमा पठाउनु पर्नेछ। रोजगारदाताबाट कामदारको लागि हवाइ टिकटको प्रवन्ध भए नभएको समेत खुलाई पठाउनु पर्नेछ।"

(ग) उपदफा (३) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) कामदारको सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको दृष्टिले अनुपयुक्त देखिएमा,"

(६) दफा २० को,-

(क) उपदफा (१) मा रहेका "दफा १९ बमोजिम जानकारी दिईसकेपछि" भन्ने शब्दहरू झिकी सोही उपदफामा रहेका "किटान नभएकोमा" भन्ने शब्दहरु पछि "श्रम स्विकृति लिएको मितिले" भन्ने शब्दहरु थपिएका छन्।

(ख) उपदफा (२) मा रहेका "वार्षिक बीस प्रतिशतले हुने व्याजको रकम समेत जोडी" भन्ने शब्दहरुको सट्टा "वार्षिक पच्चीस प्रतिशत रकम थप गरी" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा २१ पछि देहायका दफा २१क. र २१ख. थपिएका छन्:-

"**२१क. <u>उजुरी दिन सकिने:</u>** (१) यस ऐन बमोजिम उजुरी गर्न सकिने विषयमा हुलाक वा विद्युतीय माध्यमबाट समेत उजुरी गर्न

सकिनेछ र त्यसरी प्राप्त भएको उजुरी विभाग वा कार्यालयले दर्ता गरी कारबाही गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम विभाग समक्ष उजुरी गर्न सकिने विषयमा सम्बन्धित जिल्लास्थित प्रमुख जिल्ला अधिकारी समक्ष समेत उजुरी दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारी समक्ष परेको उजुरी इजाजतपत्र प्राप्त संस्था उपर परेकोमा सात दिनभित्र सो उजुरी विभागमा पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम कुनै व्यक्ति उपर परेको उजुरी सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गरी कामदार वा निजको प्रतिनिधिलाई क्षतिपूर्ति भराई दिनु पर्ने देखिएमा दुबै पक्षविच छलफल गराई क्षतिपूर्ति भराईदिने गरी मेलमिलाप गराउन सक्नेछ र त्यसरी मेलमिलाप गराएको जानकारी विभागलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम मेलमिलाप हुन नसकेको अवस्थामा वा उजुरीको प्रकृतिबाटै मेलमिलाप गराउन मिल्ने नदेखिएमा प्रमुख जिल्ला अधिकारीले सक्कलै उजुरी आवश्यक कारबाहीको लागि विभागमा पठाउनु पर्नेछ।

२१ख. <u>पुनः श्रम स्वीकृति सम्बन्धी व्यवस्था:</u> (१) पुनः श्रम स्वीकृति लिन चाहने कामदारले तोकिए बमोजिम आवश्यक कागजात सहित सम्बन्धित निकायमा निवेदन दिनु पर्नेछ।

(२) विदेशमा रहेका कामदारले सम्बन्धित मुलुक हेर्ने नेपाली कुटनीतिक नियोगबाट बढीमा दुई पटक श्रम स्वीकृति लिन सक्नेछ।

(३) पुनः श्रम स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(८) दफा ३८ को उपदफा (१) को खण्ड (क), (ख) र (घ) मा रहेका "श्रम, रोजगार तथा यातायात व्यवस्था" भन्ने शब्दहरुको सट्टा "श्रम, रोजगार तथा सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ६४ को उपदफा (१) मा रहेका "श्रम अदालतको मुद्दा हेर्ने अधिकारी" भन्ने शब्दहरुको सट्टा "श्रम अदालतको अध्यक्षले तोकेको सोही अदालतको एकजना सदस्य" भन्ने शब्दहरु राखिएका छन्।

(१०) दफा ७४ को,-

(क) उपदफा (२) मा रहेका "वा आफ्नो प्रतिनिधि नियुक्त गर्न" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) उपदफा (४) मा रहेका "शाखा खोल्ने" भन्ने शब्दहरुको सट्टा "विदेशी मुलुकमा शाखा खोल्ने" भन्ने शब्दहरु राखिएका छन्।

(११) ठाउँ ठाउँमा रहेका "वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड" भन्ने शब्दहरूको सट्टा "बैदेशिक रोजगार बोर्ड" भन्ने शब्दहरू राखी रुपान्तर गरिएका छन्।

२७. **<u>नेपाल ट्रष्ट ऐन, २०६४ मा संशोधनः</u>** नेपाल ट्रष्ट ऐन, २०६४ को,–

(१) दफा ५ को,–

(क) उपदफा (२) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) राष्ट्रिय हित अनुकूल तथा ट्रष्टलाई फाइदा हुने गरी पर्यटकीय र व्यावसायिक कार्य सञ्चालन गर्न।"

(ख) उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएका छन्:-

"(३क) उपदफा (३) बमोजिम कार्यक्रम सञ्चालन गर्दा समितिले ट्रष्टको सम्पत्ति कुनै व्यक्ति वा संस्थालाई ट्रष्टको सिफारिसमा नेपाल सरकारले तोकेको अवधिको लागि लिजमा दिन सक्नेछ।

(३ख) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि अवधि तोकी लिजमा दिइएको सम्पत्तिको उपभोग गर्ने पक्षले थप पूँजी लगानी सहित विद्यमान संरचनालाई मर्मत सम्भार गरी सञ्चालन गर्न चाहेमा र सोबाट ट्रष्टलाई थप आर्थिक लाभ हुने सुनिश्चित भएमा त्यस्तो अवधि समाप्त हुनु

अगावै समेत आवश्यकता अनुसार ट्रष्टको सिफारिसमा नेपाल सरकारले लिजको अवधि थप गर्न सक्नेछ।

तर त्यसरी थप गरिने लिज अवधि शुरु लिज अवधि भन्दा बढी हुने छैन।"

(२) दफा ७ को,–

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) ट्रष्टको सम्पत्ति व्यवस्थापन र संरक्षण गरी ट्रष्ट सञ्चालन गर्न देहाय बमोजिमको ट्रष्ट सञ्चालक समिति रहनेछः-

(क)	प्रधानमन्त्रीले तोकेको नेपाल सरकारको कुनै मन्त्री	-अध्यक्ष
(ख)	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्बन्धित क्षेत्र हेर्ने सचिव	-सदस्य
(ग)	कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्याल	-सदस्य
(घ)	नेपाल सरकारले नियुक्त गरेका वा तोकेका एक जना महिला सहित तीन जना व्यक्ति	-सदस्य
(ङ)	नेपाल ट्रष्टको कार्यालयको सहसचिव	-सदस्य-सचिव"

(ख) उपदफा (२) मा रहेको "नागरिक" भन्ने शब्द पछि "उपदफा (१) को खण्ड (घ) बमोजिम" भन्ने शब्दहरु थपिएका छन्।

(ग) उपदफा (३) को शुरुमा "उपदफा (१) को खण्ड (घ) बमोजिमको" भन्ने शब्दहरु थपिएका छन्।

(घ) उपदफा (४) मा रहेका "उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरू पछि "उपदफा (१) को खण्ड (घ) बमोजिमको" भन्ने शब्दहरु थपिएका छन्।

(३) दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

"१४क. **पुरस्कार दिन सक्नेः** दफा ४ बमोजिम ट्रष्टको नाममा कायम हुने सम्पत्तिको विषयमा आवश्यक सबुद प्रमाण सहित जानकारी दिने व्यक्तिलाई समितिले तोकिए बमोजिम पुरस्कार दिन सक्नेछ।"

(४) दफा २४ को उपदफा (२) मा रहेका "व्यवस्थापिका-संसदको राज्यव्यवस्था समिति" भन्ने शब्दहरुको सट्टा "सङ्घीय संसदको सम्बन्धित समिति" भन्ने शब्दहरु राखिएका छन्।

२८. **संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन,२०६६ मा संशोधनः** संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ७ को ठाउँठाउँमा रहेका "व्यवस्थापिका-संसद सचिवालय" भन्ने शब्दहरुको सट्टा "संघीय संसद सचिवालय" भन्ने शब्दहरु राखिएका छन्।

२९. **फोहोर मैला व्यवस्थापन ऐन, २०६८ मा संशोधनः** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को,–

(१) दफा २ को,-

(क) खण्ड (घ) झिकिएको छ।

(ख) खण्ड (न) को सट्टा देहायको खण्ड (न) राखिएको छः-

"(न) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।"

(ग) खण्ड (भ) झिकिएको छ।

(२) दफा २० को उपदफा (२) झिकिएको छ।

(३) दफा २१ को उपदफा (५) झिकिएको छ।

(४) दफा २३ को,-

(क) उपदफा (२) को खण्ड (ण) को सट्टा देहाको खण्ड (ण) राखिएको छः-

"(ण) मन्त्रालयले तोकेको सहसचिव -सदस्य सचिव"

(ख) उपदफा (५) झिकिएको छ।

(५) परिच्छेद-८ झिकिएको छ।

(६) दफा ४७ को उपदफा (२) र (३) झिकिएका छन्।

(७) दफा ४८ मा रहेका "वा केन्द्र" भन्ने शब्दहरू झिकिएका छन्।

(८) दफा ४९ को उपदफा (१) मा रहेको "केन्द्रले" भन्ने शब्दको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

(९) दफा ५० को उपदफा (२) झिकिएको छ।

(१०) दफा ५१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही स्थानीय तहले विभिन्न प्रकृतिका फोहोरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न सक्नेछ।"

(११) दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छः-

"५२क. <u>सम्पत्ति तथा दायित्व नेपाल सरकारमा सर्नेः</u> फोहोरमैला व्यवस्थापन केन्द्र विघटन भएपछि त्यसको सम्पूर्ण सम्पत्ति तथा दायित्व नेपाल सरकारमा सर्नेछ।"

३०. **<u>भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ मा संशोधनः</u>** भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को,–

(१) दफा ५ को खण्ड (ख), (ङ) र (च) मा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्द हरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ६ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) प्रतिनिधि सभाको प्रमुख विपक्षी दलको नेता वा निजले तोकेको उपनेता -उपाध्यक्ष"

(३) दफा २४ को उपदफा (३) मा रहेको "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २५ को उपदफा (२) मा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राखिएका छन्।

३१. **<u>औद्योगिक व्यवसाय ऐन, २०७३ मा संशोधनः</u>** औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ८ को,–

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) कुनै उद्योगले उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त भएको मितिले छ महिनाभित्र त्यस्तो प्रमाणपत्रमा उल्लिखित अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।

तर अनुमतिपत्र लिनु पर्ने बाहेकका सम्वत् २०७३ साल मंसिर ७ गते अगावै दर्ता भएका तथा यस अघि थपिएको म्याद भित्र समेत सञ्चालन वा उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका अन्य उद्योगको हकमा यो उपदफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र त्यस्तो निवेदन दिई सक्नु पर्नेछ।"

(२) उपदफा (३) मा रहेका "उपदफा (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) वा (२क) बमोजिम" भन्ने शब्दहरु राखी अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ-

तर उपदफा (२क) बमोजिम दिइएको निवेदनको हकमा उद्योग स्थापनाको लागि गर्नु पर्ने निर्माण लगायतका कामको प्रगति हेरी साना उद्योगको हकमा प्रति वर्ष पच्चीस हजार, मझौला उद्योगको हकमा प्रति वर्ष पचहत्तर हजार, ठूला उद्योगको हकमा प्रति वर्ष एकलाख पचास हजारका दरले जरिवाना लिई उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि बढाउन सकिनेछ।"

(३) उपदफा (५) मा रहेका "उपदफा (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) वा (२क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

३२. **<u>संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७३ मा संशोधनः</u>** संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७३ को अनुसूची-१ को शीर्षकमा रहेका "दफा ३, ४, ६, ७, ८, ९, १७ र १९ सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "दफा ३, ४, ६, ७, ८, १७ र १९ सँग सम्बन्धित" भन्ने शब्दहरु राखिएका छन्।

३३. **<u>निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ मा संशोधनः</u>** निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (५) मा रहेका "उपदफा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (४)" भन्ने शब्दहरु राखिएका छन्।

३४. **<u>न्याय प्रशासन ऐन, २०७३ मा संशोधनः</u>** न्याय प्रशासन ऐन, २०७३ को दफा २८ पछि देहायको दफा २८क. थपिएको छः-

"२८क. **<u>मुद्दा हेर्दाको प्राथमिकता क्रमः</u>** (१) अदालतले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्दा देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछः-

(क) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्ति पक्ष रहेको मुद्दा,

(ख) पुर्पक्षको लागि थुनामा रहेको व्यक्ति पक्ष रहेको मुद्दा,

(ग) कैदमा रहेको पक्षको मुद्दा,

(घ) अपाङ्गता भएका व्यक्ति तथा बालबालिका पक्ष रहेको मुद्दा,

(ङ) शारीरिक अशक्तता भएका वा पचहत्तर वर्षभन्दा बढी उमेरका व्यक्ति पक्ष रहेका मुद्दा,

(च) महिला बिरुद्धको हिंसा सम्बन्धी मुद्दा,

(छ) जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी मुद्दा,

(ज) न्वारान वा नाता कायम सम्बन्धी मुद्दा,

(झ) माना चामल सम्बन्धी मुद्दा,

(ञ) सम्बन्ध विच्छेद सम्बन्धी मुद्दा,

(ट) मुद्दा दर्ताको क्रमबाट पहिले दर्ता भएको मुद्दा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै क्रममा एकै प्रकृतिका एक भन्दा बढी मुद्दा भएमा पहिले दर्ता भएको मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।

(३) कुनै मुद्दामा उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लेख भएका व्यक्तिका अतिरिक्त अन्य व्यक्तिहरु पनि पक्ष रहेछन भने त्यस्तो मुद्दाको

कारबाही, सुनुवाई गर्दा त्यस्ता व्यक्तिहरुको हकमा समेत कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले मुद्दाको गम्भीरता र औचित्य हेरी कुनै मुद्दालाई प्राथमिकता दिई कारबाही, सुनुवाई र किनारा गर्न सक्नेछ।"

३५. **<u>राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा संशोधनः</u>** राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को,–

(१) दफा ४३ मा रहेका "दुई वा दुईभन्दा बढी दल बीच" भन्ने शब्दहरु पछि "वा एउटै दलका दुई वा दुईभन्दा बढी पक्षहरु बीच" भन्ने शब्दहरु थपिएका छन्।

(२) दफा ४४ को उपदफा (१) मा रहेका "दलको केन्द्रीय समितिको चालीस प्रतिशत सदस्यले" भन्ने शब्दहरुको सट्टा "पक्षले दलको केन्द्रीय समितिको चालीस प्रतिशत सदस्यको हस्ताक्षर सहित" भन्ने शब्दहरु राखिएका छन्।

३६. **<u>निर्वाचन आयोग ऐन, २०७३ मा संशोधनः</u>** निर्वाचन आयोग ऐन, २०७३ को,-

(१) दफा २० को उपदफा (४) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः-

"तर यस दफा बमोजिम अस्थायी दरबन्दी सृजना गर्दा वा करार वा ज्यालादारीमा कर्मचारी नियुक्तिको सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई आयोगले बनाएको कार्यविधि बमोजिम गर्नु पर्नेछ।"

(२) दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः-

"२८. **<u>भैपरी रकमको खर्च स्वीकृत कार्यविधि बमोजिम गर्नेः</u>** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आयोगको लागि बजेटमा छुट्याएको भैपरी आउने शीर्षक अन्तर्गतको रकमको खर्च नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिमा आयोगले बनाएको कार्यविधिको आधारमा गर्नु पर्नेछ।"

(३) दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः-

"३८. **<u>मालसामान खरिद गर्न सक्ने:</u>** आयोगले निर्वाचन प्रयोजनको लागि आवश्यक वस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

तर निर्वाचनका सम्बन्धमा तत्काल व्यवस्थापन गर्नु पर्ने तोकिए बमोजिमका निर्वाचन सामग्रीहरु खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनको प्रक्रिया पूरा गर्न सम्भव नभएको अवस्थामा आयोगले आधार र कारण खुलाई छिटो माध्यमबाट वा सोझै बजारबाट मालसामान खरिद गर्न वा सेवा प्राप्त गर्न सक्नेछ।"

३७. **<u>राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा संशोधन:</u>** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा १२ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

३८. **<u>राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ मा संशोधन:</u>** राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ को,–

(१) दफा ३ को खण्ड (छ) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरुको सट्टा "कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ९ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छ:-

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"

(३) दफा १२ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १३ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(५) दफा १९ मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा २२ मा रहेका "यस ऐन वा यस अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा यस ऐन अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा २३ को उपदफा (२) मा रहेका "अर्थ मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा २४ मा रहेका "सञ्चालन गर्ने" भन्ने शब्दहरुको सट्टा "सञ्चालन गर्न" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा २१ र अनुसूची खारेज गरिएको छ।

३९. **<u>आदिवासी जनजाति आयोग ऐन, २०७४ मा संशोधनः</u>** आदिवासी जनजाति आयोग ऐन, २०७४ को,-

(१) दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "आदिवासी जनजाति" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले तोकेको जाति वा समुदाय सम्झनु पर्छ।"

(२) दफा ७ को खण्ड (ठ) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा १२ को उपदफा (२) मा रहेका "तथा स्थानीय तह" भन्ने शब्दहरू झिकिएका छन्।

(४) दफा १३ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"

(५) दफा १६ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा १७ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(७) दफा २३ मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा २६ मा रहेका "यस ऐन वा यस अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा यस ऐन अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

(९) दफा २७ को,–

(क) उपदफा (१) मा रहेका "आयोगको लागि" भन्ने शब्दहरुको सट्टा "आयोगले" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (२) मा रहेका "अर्थ मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

(१०) दफा २५ र अनुसूची खारेज गरिएको छ।

४०. **<u>मधेशी आयोग ऐन, २०७४ मा संशोधनः</u>** मधेशी आयोग ऐन, २०७४ को,–

(१) दफा ७ को खण्ड (ट) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १३ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"

(३) दफा १६ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १७ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(५) दफा २३ मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा २६ मा रहेका "यस ऐन वा यस अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा यस ऐन अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा २७ को उपदफा (२) मा रहेको "अर्थ मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा २५ र अनुसूची खारेज गरिएको छ।

४१. **<u>राष्ट्रिय दलित आयोग ऐन, २०७४ मा संशोधनः</u>** राष्ट्रिय दलित आयोग ऐन, २०७४ को,–

(१) दफा २ को खण्ड (ग) झिकिएको छ।

(२) दफा ३ को,–

(क) खण्ड (ङ) मा रहेका "समुदायको सशक्तीकरण लागि" भन्ने शब्दहरुको सट्टा "समुदायको सशक्तीकरणको लागि" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (च) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरुको सट्टा "कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १० को उपदफा (१) मा रहेका "हक हित" भन्ने शब्दहरूको सट्टा "हक हितमा" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा १२ को ठाउँ ठाउँमा रहेका "महान्यायाधिवक्ता" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित निकाय" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा १७ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"

(६) दफा २० मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा २१ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(८) दफा २७ मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(९) दफा २९ को उपदफा (२) मा रहेका "अर्थ मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

(१०) दफा ३२ मा रहेका "यस ऐन वा यस अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा यस ऐन अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

(११) दफा ३१ र अनुसूची खारेज गरिएको छ।

४२. **<u>थारु आयोग ऐन, २०७४ मा संशोधनः</u>** थारु आयोग ऐन, २०७४ को,–

(१) दफा ७ को खण्ड (ठ) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १३ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"

(३) दफा १६ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १७ मा रहेका "तर त्यसरी रिक्त भएको सदस्य नियुक्तिका लागि पद रिक्त भएको मितिले पैंतीस दिनभित्र पदपूर्ति प्रक्रिया सुरु गरिसक्नु पर्नेछ" भन्ने शब्दहरु झिकिएका छन्।

(५) दफा २३ मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा २६ मा रहेका "यस ऐन वा यस अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा यस ऐन अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा २७ को उपदफा (२) मा रहेका "अर्थ मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

(८) दफा २५ र अनुसूची खारेज गरिएको छ।

४३. **<u>राष्ट्रिय महिला आयोग ऐन, २०७४ मा संशोधनः</u>** राष्ट्रिय महिला आयोग ऐन, २०७४ को,–

(१) दफा १७ को उपदफा (१०) मा रहेका "विशिष्ट श्रेणीको कर्मचारी" भन्ने शब्दहरुको सट्टा "राजपत्रांकित प्रथम श्रेणीको अधिकृत" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २० मा रहेका "निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

४४ **<u>मुस्लिम आयोग ऐन, २०७४ मा संशोधनः</u>** मुस्लिम आयोग ऐन, २०७४ को,–

(१) दफा ७ को खण्ड (ट) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १३ को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः—

"(१०) नेपाल निजामती सेवाको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतले आयोगको सचिवको रुपमा काम गर्नेछ। त्यस्तो कर्मचारी नियुक्ति नभएसम्म आयोगको वरिष्ठतम कर्मचारीले आयोगको सचिव भई काम गर्नेछ।"

(३) दफा १६ मा रहेका "निज निलम्बनमा परेमा" भन्ने शब्दहरुको सट्टा "निज संविधानको धारा १०१ को उपधारा (६) बमोजिम आफ्नो पदको कार्यसम्पादन गर्न नपाउने भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १७ को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ।

(५) दफा २३ मा रहेका "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा २७ को उपदफा (२) मा रहेका "अर्थ मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, अर्थ मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा २५ र अनुसूची खारेज गरिएको छ।

४५. **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संशोधनः** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ को उपदफा (१) को खण्ड (ग) मा रहेका "गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखमध्येबाट" भन्ने शब्दहरुको सट्टा "गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्ष र नगरपालिकाका प्रमुख वा उपप्रमुखमध्येबाट" भन्ने शब्दहरु राखिएका छन्।

४६. **राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ मा संशोधनः** राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को अनुसूची-४ को शीर्षकमा रहेका "शपथ ग्रहण" भन्ने शब्दहरुको सट्टा "शपथ ग्रहणको ढाँचा" भन्ने शब्दहरु राखिएका छन्।

४७. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संशोधनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को,–

(१) दफा २ को खण्ड (प) को उपखण्ड (२) मा रहेका "नगर कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष" भन्ने शब्दहरूको सट्टा "नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १० को खण्ड (ग) मा रहेका "वडाको केन्द्र तथा" भन्ने शब्दहरु झिकिएका छन्।

(३) दफा ११ को,-

(क) उपदफा (२) को,-

(१) खण्ड (घ) को,–

(अ) उपखण्ड (६) मा रहेका "एवं खानीजन्य" भन्ने शब्दहरू झिकिएका छन्।

(आ) उपखण्ड (७) को शुरुमा "प्रचलित कानून बमोजिम गर्ने" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (प) को उपखण्ड (७) मा रहेका "नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तु" भन्ने शब्दहरुको सट्टा "माटो तथा स्लेट जस्ता वस्तु" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (४) को,–

(१) खण्ड (ख) को उपखण्ड (२) मा रहेका "स्वास्थ्य संस्थाहरुको क्लिनिक" भन्ने शब्दहरुको सट्टा "स्वास्थ्य संस्था र क्लिनिक" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ङ) को उपखण्ड (२१) मा रहेका "अनुगमन र अनुगमन" भन्ने शब्दहरूको सट्टा "अनुगमन र नियमन" भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छः-

"(ठ) संघ, संस्था दर्ता तथा नवीकरण

(१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण।"

(ग) उपदफा (५) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) लघु, घरेलु तथा साना उद्योग

(१) लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन,

(२) उद्यमशिलताको विकास र प्रवर्द्धन।"

(घ) उपदफा (७) मा रहेका "उपदफा (१), (३), (४) र (५) बमोजिमको" भन्ने शब्दहरूको सट्टा "यस दफा बमोजिमका" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा १२ को उपदफा (२) को खण्ड (ङ) को उपखण्ड (३४) पछि देहायको उपखण्ड (३४क) थपिएको छः-

"(३४क) जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने,"

(५) दफा ३५ को दफा शीर्षकको सट्टा देहायको दफा शीर्षकको राखिएको छः-

"नक्सामा हेरफेर गरी स्वीकृत गर्न सक्ने"

(६) दफा ४७ को,-

(क) उपदफा (२) को खण्ड (ग) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर पति पत्नीबीचको सम्बन्ध बिच्छेद हुने गरी मेलमिलाप गर्न सकिने छैन।"

(ख) उपदफा (४) मा रहेको "भएको" भन्ने शब्द झिकिएको छ।

(७) दफा ४९ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) न्यायिक समितिले विवादका दुवै पक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलापबाट विवादको समाधान गर्नु पर्नेछ। सो अवधिभित्र मेलमिलाप हुन नसकेमा दफा ४७ को उपदफा (२) बमोजिमको विवादका हकमा त्यस्तो व्यहोरा जनाई विवाद समाधानको लागि अदालत जानको लागि सम्बन्धित पक्षलाई जानकारी दिई तत् सम्बन्धी मिसिल तथा कागजात सम्बन्धित अदालतमा पठाइदिनु पर्नेछ।"

(८) दफा ५५ को सट्टा देहायको दफा ५५ राखिएको छः-

"५५. <u>सम्पत्ति करः</u> (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागी "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायको आधारमा गर्नु पर्नेछः-

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था।

(४) उपदफा (१) बमोजिम घर र घरजग्गाको सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर र कर तिर्न सक्ने क्षमताको आधारमा गर्नु पर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका घर र घरजग्गा।"

(९) दफा ६२ पछि देहायका दफा ६२क. र ६२ख. थपिएका छन्:-

"**६२क. <u>बिक्री गर्न सक्ने:</u>** (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ।

(२) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बिक्री बापत प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

६२ख. <u>सामुदायिक वनबाट आय प्राप्त गर्ने:</u> (१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।"

(१०) दफा ६६ को,–

(क) उपदफा (६) मा रहेका "फागुन महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "वैशाख दश गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (७) मा रहेका "चैत्र पन्ध्र गतेभित्र" भन्ने शब्दहरुको सट्टा "वैशाख पन्ध्र गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(११) दफा ८४ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।"

(१२) दफा ८५ को,–

(क) उपदफा (२) मा रहेका "सेवा तथा स्थानीय तहमा कार्यरत" भन्ने शब्दहरुको सट्टा "सेवामा कार्यरत" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका "स्थानीय तहमा कार्यरत स्थानीय तहका स्थायी कर्मचारीहरु" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरु" भन्ने शब्दहरु राखिएका छन्।

(१३) दफा ९४ को उपदफा (५) मा रहेका "औषधि उपचार सम्बन्धित विदा" भन्ने शब्दहरूको सट्टा "औषधि उपचार, विदा" भन्ने शब्दहरू राखिएका छन्।

(१४) दफा १०५ को उपदफा (२) को खण्ड (ग) मा रहेका "मुख्य सचिव" भन्ने शब्दहरूको सट्टा "प्रमुख सचिव" भन्ने शब्दहरू राखिएका छन्।

(१५) दफा ११६ पछि देहायको दफा ११६क. थपिएको छः-

"११६क. **<u>सदस्य कायम रहनेः</u>** (१) सभाको कुनै सदस्य कार्यपालिकामा निर्वाचित भएमा निजको सम्बन्धित वडा समितिको सदस्य पद कायमै रहनेछ।

(२) उपदफा (१) बमोजिमको सदस्यले कुनै एक पदको मात्र सुविधा लिनु पर्नेछ।"

(१६) अनुसूची-१ को,-

(क) अनुसूची शीर्षकमा रहेका "हिमाली, पहाडी तथा भित्री मधेश र तराईका जिल्लाहरूको विवरण" भन्ने शब्दहरूको सट्टा "हिमाली, पहाडी, भित्री मधेश, तराई काठमाडौं उपत्यकाका जिल्लाहरूको विवरण" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ख) अन्तर्गत पहाडी जिल्लाहरुको सूचीको क्रमसङ्ख्या १५ झिकी खण्ड (क) अन्तर्गत हिमाली जिल्लाहरुको सूचीको क्रमसङ्ख्या २० पछि देहायको क्रमसङ्ख्या २१. थपिएको छः-

"२१. म्याग्दी,"

४८. **<u>श्रम ऐन, २०७४ मा संशोधनः</u>** श्रम ऐन २०७४ को, -

(१) दफा २ को,-

(क) खण्ड (घ) मा रहेका " श्रम कार्यालय" भन्ने शब्दहरुको सट्टा "श्रम तथा रोजगार कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ट) मा रहेको "श्रम तथा रोजगार" भन्ने शब्दहरुको सट्टा "श्रम, रोजगार तथा सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (थ) मा रहेका "श्रम विभाग" भन्ने शब्दहरुको सट्टा "श्रम तथा व्यवसाय जन्य सुरक्षा विभाग" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २२ को उपदफा (३) पछि देहाय बमोजिमको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ।

"तर नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, लगानी बोर्ड र नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संघ, संस्था वा अन्य आधिकारिक निकायहरुले नेपाल सरकार वा सम्बन्धित मन्त्रालयको स्वीकृति लिई गरेको लगानी सम्झौतामा उल्लेख भएको विषयमा यस ऐन बमोजिम प्राविधिक वा विज्ञको रुपमा काम गर्न आउने विदेशी नागरिकको हकमा विज्ञापन प्रकाशन गर्नुपर्ने छैन।"

(३) दफा ५३ को उपदफा (७) झिकिएको छ।

(४) दफा १०५ पछि देहायको दफा १०५क. थपिएको छः-

"१०५क. **<u>प्रदेश सरकारले प्रदेश श्रम सल्लाहकार परिषद गठन गर्न सक्नेः</u>** (१) यो ऐनको कार्यान्वयनको लागि सहजीकरण गर्न तथा प्रदेश तहमा श्रम क्षेत्रमा गर्नु पर्ने सुधारको कामलाई व्यवस्थित गर्नको लागि प्रदेश सरकारले प्रदेश श्रम सल्लाहकार परिषदको गठन गर्न सक्नेछ।

(२) प्रदेश श्रम सल्लाहकार परिषदको गठन, संचालन तथा अन्य व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।"

(५) दफा १०६ को उपदफा (४) मा रहेका "उपदफा (३) बमोजिम" भन्ने शब्दहरुको सट्टा "यस दफा बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा १६६ को उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन्:-

"(६) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम विभाग, कार्यालय वा यस ऐन बमोजिम निर्णय गर्न अधिकार प्राप्त अधिकारीले गरेको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम विभाग, कार्यालय वा अधिकारीको निर्णय कार्यान्वयन नगर्ने पक्षलाई विभाग वा कार्यालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कारबाही गर्न सक्नेछ।"

(७) दफा १७७ को दफा शीर्षक पछि शुरुमा अंक "(१)" थपिएको छ।

(८) दफा १८३ को उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

"(ख) औद्योगिक प्रशिक्षार्थी तालीम ऐन, २०३९,

(ग) निवृत्ति कोष ऐन, २०४२"

४९. **<u>सहकारी ऐन, २०७४ मा संशोधन:</u>** सहकारी ऐन, २०७४ को,-

(१) दफा २ को खण्ड (द) मा रहेका "दर्ता भएको" भन्ने शब्दहरुको सट्टा "गठन भएको" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १९ को खण्ड (ङ) मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरूको सट्टा "तोके बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ५० को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ:-

"(६) सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा सहकारी बैङ्क वा साना किसान लघुवित्त संस्थाको शेयर खरीद गर्न बाहेक अचल सम्पत्ति खरीद, पूर्वाधार

निर्माण, कारोबारमा लगानी, फर्म, कम्पनी वा अन्य कुनै बैङ्कको शेयर खरीद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन।"

(४) दफा ८९ को उपदफा (२) मा रहेका "उपदफामा (१) मा" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) मा" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा १२७ को दफा शीर्षक पछि रहेको अंक "(१)" झिकिएको छ।

(६) दफा १५० पछि देहायको दफा १५०क. थपिएको छः-

"**१५०क. <u>सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन पालना गर्नु पर्नेः</u>** (१) सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कबादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा प्रचलित कानून बमोजिमका निकायबाट जारी भएको निर्देशनको पालना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था प्रदेश वा स्थानीय सहकारी कानून अन्तर्गत दर्ता वा सञ्चालन भएको सहकारी संस्थाको हकमा समेत समान रूपमा लागू हुनेछ।

(३) प्रदेश सरकार वा स्थानीय तहले उपदफा (२) बमोजिम दर्ता वा सञ्चालन भएको सहकारी संस्थालाई उपदफा (१) बमोजिमको निर्देशन लागू गर्नु, गराउनु पर्नेछ।"

५०. <u>योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ मा संशोधनः</u> योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को,-

(१) दफा २ को खण्ड (ङ) मा रहेका "श्रम तथा रोजगार" भन्ने शब्दहरुको सट्टा "श्रम, रोजगार तथा सामाजिक सुरक्षा" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २६ को उपदफा (३) झिकिएको छ।

५१. <u>प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ मा संशोधनः</u> प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ को दफा २३ को उपदफा (५) मा रहेका "घर बिदा बिदामा घर जाँदा" भन्ने शब्दहरूको सट्टा "घर बिदामा घर जाँदा" भन्ने शब्दहरू राखिएका छन्।

५२. **रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ मा संशोधनः** रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को दफा ३५ को उपदफा (४) मा रहेका "दफा ३३" भन्ने शब्द र अङ्कको सट्टा "दफा ३२" भन्ने शब्द र अङ्क राखिएका छन्।

५३. **प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ मा संशोधनः** प्रदेश प्रमुखको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को दफा ११ को दफा शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छः-

"दैनिक भत्ता पाउने"

५४. **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा संशोधनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को,–

(१) दफा ३ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) नेपाल सरकारका मन्त्रीहरु -सदस्य"

(२) दफा ६ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) नेपाल सरकारका मन्त्रालयका सचिवहरु -सदस्य"

(३) दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. **कार्यकारी प्रमुखः** (१) नेपाल सरकारले प्राधिकरणको प्रशासकीय प्रमुखको रुपमा काम गर्न नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको व्यक्तिलाई उपदफा (२) बमोजिमको समितिको सिफारिसमा कार्यकारी प्रमुखको रूपमा नियुक्त गर्नेछ।

(२) नेपाल सरकारले कार्यकारी प्रमुखको नियुक्तिको लागि उपयुक्त व्यक्तिको नाम सिफारिस गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा अन्य दुईजना विज्ञ सदस्य रहेको समिति गठन गर्नेछ। कार्यकारी प्रमुखको नियुक्तिको लागि सिफारिस गर्दा अवलम्बन गर्ने प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) कार्यकारी प्रमुखको पदावधि पाँच वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी प्रमुखको कार्यसम्पादन सन्तोषजनक नभएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी प्रमुखको पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कार्यकारी प्रमुखको पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) कार्यकारी प्रमुखले कार्यकारी समितिको प्रत्यक्ष नियन्त्रणमा रही कार्य गर्नेछ र आफ्नो कार्यसम्पादनका लागि परिषद् र नेपाल सरकार प्रति जवाफदेही हुनेछ।

(७) कार्यकारी प्रमुखले विपद्को समयमा विपद् प्रतिकार्य नियन्त्रकको रूपमा कार्य गर्नेछ।

(८) कार्यकारी प्रमुखको पारिश्रमिक, सुविधा, सेवाको शर्त तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) परिच्छेद-६ को शीर्षकमा रहेका "प्रदेश विपद व्यवस्थापन समिति" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्ने शब्दहरु राखिएका छन्।

(५) मूल ऐनको परिच्छेद-६ को शीर्षक पछि देहायको दफा १३क. थपिएको छः-

"१३क. <u>प्रदेश विपद् व्यवस्थापन परिषदः</u> (१) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना तयार गर्ने, आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन समितिलाई नीतिगत मार्गदर्शन गर्ने तथा निर्देशन दिने समेतको प्रयोजनको लागि प्रत्येक प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषदमा रहने सदस्य, सो परिषदको बैठक तथा निर्णय र तत् सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले बनाएको नियममा तोकिए बमोजिम हुनेछ।"

(६) दफा १४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रत्येक प्रदेशमा विपद व्यवस्थापन गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति गठन गर्न सक्नेछ।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिमा अध्यक्षको अतिरिक्त बढिमा पन्ध्र जना सदस्य रहनेछन्।"

(ग) उपदफा (२) को खण्ड (घ) मा रहेका "तोकिए बमोजिमका" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकारले बनाएको नियममा तोकिए बमोजिमका" भन्ने शब्दहरू राखिएका छन्।

(घ) उपदफा (४) मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरूको सट्टा प्रदेश सरकारले बनाएको नियममा तोकिए बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।"

(८) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः-

"२३. **<u>अन्य कोष सम्बन्धी व्यवस्था:</u>** (१) विपद् व्यवस्थापनको लागि प्रत्येक प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहनेछ।

(२) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले विपद् व्यवस्थापन सम्बन्धी काम गर्दा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत गराउन सक्नेछ र सो प्रयोजनको लागि उपदफा (१) बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोषबाट आवश्यक रकम जिल्ला विपद् व्यवस्थापन कोषलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रदेश विपद्

व्यवस्थापन कोष तथा स्थानीय विपद् व्यवस्थापन कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश तथा स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुनेछ।"

(९) दफा ४७ पछि देहायको दफा ४७क. थपिएको छः-

"४७क. <u>प्रदेश सरकारले नियम बनाउन सक्नेः</u> (१) प्रदेश सरकारले यस ऐन बमोजिम विपद् व्यवस्थापनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी प्रदेश सरकारले देहायका विषयमा नियम बनाउन सक्नेछः-

(क) प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी,

(ख) प्रदेश विपद् व्यवस्थापन कोषमा रहने रकम, त्यसको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी,

(ग) यस ऐन बमोजिम नियमावलीबाट व्यवस्था गर्न सकिने अन्य कुनै विषयमा।

(३) यस ऐन बमोजिम प्रदेश सरकारले बनाएको नियमहरु प्रदेश राजपत्रमा प्रकाशन भए पछि मात्र लागू हुनेछन्।"

(१०) दफा ४८ मा रहेका "कार्यकारी समितिले" भन्ने शब्दहरूको सट्टा "कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिले" भन्ने शब्दहरू राखिएका छन्।

(११) मूल ऐनको ठाउँ ठाउँमा रहेका "प्रदेश विपद व्यवस्थापन समिति" भन्ने शब्दहरुको सट्टा "प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

५५. <u>**राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ मा संशोधनः**</u> राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को-

(१) दफा ३ को,–

(क) दफा शीर्षक पछि "(१)" भन्ने अंक थपिएको छ।

(ख) खण्ड (घ) पछि देहायको उपदफा (२) थपिएको छः-

"(२) उपदफा (१) को उपखण्ड (क) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो खण्ड बमोजिम निर्वाचित कुनै सदस्यको पद जुनसुकै कारणले रिक्त भई उपनिर्वाचन हुँदा वा संविधानको धारा ८६ को उपधारा (३) बमोजिम कायम भएको पदावधि समाप्त भई कुनै समूहको एक जना सदस्यको लागि मात्र निर्वाचन गर्नु पर्ने अवस्थामा जुन समूह र तरीकाबाट निर्वाचित भएको हो सोही र समूह र तरीकाबाट मतदाताले दिने एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने एक जना निर्वाचित हुनेछ।"

(२) दफा ५ को,–

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम निर्वाचनको मिति तोक्दा संविधानको धारा ८६ को उपधारा (३) बमोजिम कायम भएको पदावधि समाप्त भई रिक्त हुन आउने सदस्य पदको निर्वाचनको मिति सो पद रिक्त हुनु भन्दा पैंतीस दिन पहिले निर्वाचन हुने गरी मिति तोक्नु पर्नेछ। सो बाहेक अन्य कुनै कारणले पद रिक्त भई उपनिर्वाचन गर्नुपर्ने अवस्थामा पद रिक्त भएको मितिले पैंतीस दिन भित्र निर्वाचन सम्पन्न गर्ने गरी मिति तोक्नु पर्नेछ।"

(ख) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "यस दफा" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ११ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) कुनै गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,"

(४) दफा ६१ को सट्टा देहायको दफा ६१ राखिएको छः-

"**६१. <u>उपनिर्वाचनः</u>** कुनै सदस्यको पदावधि छ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले निजको पद रिक्त भएमा रिक्त भएको पैंतीस दिनभित्र नेपाल सरकारले तोकेको मितिमा आयोगले त्यस्तो रिक्त सदस्यको पद यो ऐन बमोजिम बाँकी अवधिको लागि उपनिर्वाचनद्वारा दफा ३ बमोजिम पूर्ति गर्नेछ।"

(५) अनुसूची-१ को क्रमसंख्या २ मा रहेका

"कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार)

जम्मा गाउँपालिका र नगरपालिकाको सङ्ख्या x २"

भन्ने शब्दहरुको सट्टा

"कूल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार)

जम्मा गाउँपालिका र नगरपालिकाको सङ्ख्या x २" ÷ १०००

भन्ने शब्दहरु राखिएका छन्।

५६. <u>खारेजीः</u> कर फछर्यौट आयोग ऐन, २०३३ खारेज गरिएको छ।

प्रतिनिधि सभाले पारित गरेको मितिः २०७५/११/०३
राष्ट्रिय सभाले संशोधन सहित पारित गरेको मितिः २०७५/११/१५
प्रतिनिधि सभाले पुनः पारित गरेको मितिः २०७५/११/१८
प्रमाणीकरण मितिः २०७५/११/१९

नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः मुलुकको संघीय ढाँचा अनुकूल हुने गरी तथा नेपालको संविधानको धारा ३०४ को सन्दर्भमा प्रचलित नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम "नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **प्राचीन स्मारक संरक्षण ऐन, २०१३ मा संशोधनः** प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को,-

(१) दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"

(२) दफा ३क. को सट्टा देहायको दफा ३क. राखिएको छः-

"३क. प्राचीन स्मारकको वर्गीकरणः (१) नेपाल सरकारले स्वामित्वको दृष्टिले प्राचीन स्मारकलाई सार्वजनिक प्राचीन स्मारक र निजी प्राचीन स्मारक गरी दुई किसिमले वर्गीकरण गर्न सक्नेछ।

(२) नेपाल सरकारले प्राचीन स्मारकलाई महत्वको दृष्टिले अन्तर्राष्ट्रिय महत्व, राष्ट्रिय महत्व, प्रादेशिक महत्व र स्थानीय महत्व गरी चार किसिमले वर्गीकरण गर्न सक्नेछ।"

(३) दफा ३छ. पछि देहायको दफा ३ज. थपिएको छः-

"३ज. प्राचीन स्मारकको प्रदेश तथा स्थानीय तहबाट संरक्षणः (१) यो दफा प्रारम्भ हुँदाका बखत नेपाल सरकारले संरक्षण र व्यवस्थापन गरेका प्राचीन स्मारकमध्ये प्रादेशिक महत्वका प्राचिन स्मारक सम्बन्धित प्रदेश सरकारलाई र स्थानीय महत्वका प्राचिन स्मारक सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण भएका प्राचीन स्मारकको संरक्षण तथा व्यवस्थापन विभागले तोकेको

मापदण्ड बमोजिम सम्बन्धित प्रदेश र स्थानीय तहले गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम हस्तान्तरण भएका प्राचीन स्मारकको संरक्षणको प्रयोजनको लागि प्रदेश सरकार वा स्थानीय तहले दफा ३ बमोजिम संरक्षित स्मारक क्षेत्र घोषणा गर्न सक्नेछन्।"

३. **विकास समिति ऐन, २०१३ मा संशोधनः** विकास समिति ऐन २०१३ को,-

(१) दफा २ को खण्ड (क) मा रहेका "दफा ३" भन्ने शब्दहरुको सट्टा "दफा ३ वा ३क" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. **समिति गठन गर्ने प्रदेश सरकारको अधिकारः** (१) यस ऐन बमोजिम समिति गठन भई सञ्चालनमा रही नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण भएका योजना, परियोजना वा संस्थालाई प्रदेश सरकारले विकास समितिको रुपमा सञ्चालन गर्न आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) अन्तर्गतको आदेशद्वारा समितिका काम र कर्तव्य तोकिने छन् र समिति गठन गर्दाका बखत आदेशमा तोके बमोजिमको नामले प्रचलित हुनेछ।

(३) समितिमा सूचित आदेशमा तोकिएको मापदण्डका आधारमा प्रदेश सरकारले नियुक्ति गरेका तीन जना व्यक्तिहरु रहने छन्।

(४) उपदफा (१) बमोजिम गठित समिति बमोजिमको योजना, परियोजना कार्यान्वित भएपछि सो समिति स्वतः विघटन हुनेछ र त्यसको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।"

(३) दफा ४ मा रहेका "दफा ३ अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "दफा ३ वा ३क. अन्तर्गत" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ५ को,—

(क) उपदफा (१) मा रहेका "दफा ३ अन्तर्गत" भन्ने शब्दहरूको सट्टा "दफा ३ वा ३क. अन्तर्गत" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (३) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

"तर दफा ३ अन्तर्गत निकालिएको आदेश बमोजिमका समितिले बनाएका नियमहरुमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र दफा ३क. अन्तर्गत निकालिएको आदेश बमोजिमका समितिले बनाएका नियमहरुमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।"

४. **अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ मा संशोधनः** अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ को दफा ३ को उपदफा (१) मा रहेका "सार्वजनिक कामको निमित्त" भन्ने शव्दहरु पछि "नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लागि" शव्दहरु राखिएका छन।

५. **प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ मा संशोधनः** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को,-

(१) दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "सम्बन्धित विभाग" भन्नाले वाणिज्य सम्बन्धी फर्मको विषयको लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र सो बाहेकका अन्य उद्योगको विषयका लागि उद्योग विभाग सम्झनु पर्छ र सो शब्दले वाणिज्य सम्बन्धी विषय र घरेलु तथा साना उद्योगको विषयको लागि प्रदेश सरकारको वाणिज्य तथा उद्योग हेर्ने विभाग वा कार्यालयलाई समेत जनाउनेछ।"

(२) दफा ५ पछि देहायको दफा ५क. थपिएको छः-

"५क. प्रदेशमा प्राइभेट फर्म रजिष्ट्रेशनः प्रदेशस्तरमा प्राइभेट फर्मको रजिष्ट्रेशन, नवीकरण तथा तत् सम्बन्धी अन्य व्यवस्था यस ऐनको अधीनमा रही प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

६. **आवश्यक सेवा सञ्चालन ऐन, २०१४ मा संशोधनः** आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. **<u>हड्ताल निषेध गर्ने प्रदेश सरकारको अधिकारः</u>** (१) सार्वजनिक हितको लागि आवश्यक एवं उचित लागेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएको कुनै आवश्यक सेवामा हड्ताल निषेध गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै आवश्यक सेवामा नेपालभर लागू हुने गरी हडताल निषेध गर्ने आदेश जारी गरेकोमा प्रदेश सरकारले त्यस्तो सेवामा हडताल निषेधको आदेश जारी गर्नु पर्ने छैन र दफा ३ बमोजिम नेपाल सरकारले जारी गरेको आदेश प्रदेश सरकारले उपदफा (१) बमोजिमको आदेश सरह कार्यान्वयन गर्नेछ।

(३) उपदफा (१) बमोजिमको आदेश छ महिनासम्मको लागि लागू रहनेछ।

(४) उपदफा (१) बमोजिम प्रदेश सरकारले कुनै आदेश निकालेपछिः-

(क) सो आदेशमा तोकिएको कुनै आवश्यक सेवामा काम लगाई राखेको कुनै व्यक्तिले हड्ताल गर्न वा त्यसमा भाग लिन वा भाग लिई राख्न पाउने छैन।

(ख) त्यस्तो सेवामा काम लगाई राखिएका व्यक्तिले त्यस्तो आदेश जारी हुन भन्दा अघि वा पछि गरेको हड्ताल वा गर्छु भनी घोषणा गरेको हड्ताल अवैध मानिनेछ।"

७. **<u>गैरसैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ मा संशोधनः</u>** गैरसैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ९च. को उपदफा (१) मा रहेका "सपुर्दगी ऐन, २०४५" भन्ने शब्दहरूको सट्टा "सपुर्दगी ऐन, २०७०" भन्ने शब्दहरू राखिएका छन्।

८. **<u>तथ्याङ्क ऐन, २०१५ मा संशोधनः</u>** तथ्याङ्क ऐन, २०१५ को दफा ७ख. पछि देहायको दफा ७ग. थपिएको छः-

"७ग. **<u>प्रदेश सरकार वा स्थानीय तहले विवरण वा तथ्याङ्क संकलन गर्न सक्नेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार वा

स्थानीय तहले आफूलाई आवश्यक पर्ने विवरण वा तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रकाशन र विश्लेषण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वा तयार गरिएको कुनै व्यक्तिगत वा परिवार वा फर्म वा कम्पनी सम्बन्धी विवरण वा तथ्याङ्क दिने व्यक्तिको वा निजद्वारा अधिकार प्राप्त व्यक्तिको लिखित स्वीकृति विना अधिकार प्राप्त अधिकृत बाहेक अरु कसैलाई प्रत्यक्षरुपमा देखाउन वा प्रकाशन गर्न हुँदैन।

(३) नेपाल सरकारले विवरण वा तथ्याङ्क संकलन गरेको वा राष्ट्रिय रूपमा विवरण वा तथ्याङ्क सङ्कलन हुने विषयमा प्रदेश वा स्थानीय तहले विवरण वा तथ्याङ्क सङ्कलन गर्ने छैनन्।

(४) प्रदेश वा स्थानीय तहले विवरण वा तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रकाशन र विश्लेषण गर्ने सम्बन्धी अन्य व्यवस्था प्रदेश वा स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ।"

९. **<u>जलचर संरक्षण ऐन, २०१७ मा संशोधनः</u>** (१) जलचर संरक्षण ऐन, २०१७ को,-

(१) दफा २ को खण्ड (घ) मा रहेका "नेपाल सरकारलाई" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहलाई" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ५ख. पछि देहायको दफा ५ग. थपिएको छः-

"५ग. <u>प्रदेश तथा स्थानीय तहबाट जलचरको संरक्षणः</u> प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रभित्र जलचरको संरक्षण गर्नु पर्नेछ।"

(३) दफा ७ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा ४ बमोजिम मनाही गरिएका जलचर वा दफा ५ बमोजिमका खास जलमा रहेका जलचर बाहेक अन्य जलचर समाउने तथा मार्ने कामको लागि नेपाल सरकारले उपदफा (३) बमोजिम जारी गरेको मापदण्डको अधीनमा रही स्थानीय तहले कानून बमोजिम ठेक्का गर्न सक्नेछ।

(ख) उपदफा (४) मा रहेका "वा (२)" भन्ने शब्दहरु झिकिएका छन्।

१०. **<u>आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ मा संशोधन</u>**ः आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को,-

(१) दफा २ को खण्ड (ख) मा रहेका "नेपाल राजपत्रमा" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारको हकमा नेपाल राजपत्रमा र प्रदेश सरकारको हकमा प्रदेश राजपत्रमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. **<u>आवश्यक पदार्थको उत्पादन, वितरण वा व्यापार नियन्त्रण सम्बन्धी मापदण्डः</u>** (१) नेपाल सरकारले आवश्यक पदार्थको उत्पादन, वितरण वा व्यापारलाई नियमित वा नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) प्रदेश सरकारले दफा ३ बमोजिम आवश्यक पदार्थको उत्पादन, वितरण वा व्यापारलाई नियमित वा नियन्त्रण गर्दा उपदफा (१) बमोजिम निर्धारित मापदण्डको अधीनमा रही गर्नु पर्नेछ।"

(४) दफा ७क. मा रहेका "नेपाल सरकार वादी हुनेछ" भन्ने शब्दहरु पछि "र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा परेको मानिनेछ" भन्ने शब्दहरु थपिएका छन्।

(५) दफा ८ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा १० मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारबाट" भन्ने शब्दहरू राखिएका छन्।

११. **<u>ब्रेटन उडस् सम्झौता ऐन, २०१८ मा संशोशन</u>**ः ब्रेटन उडस् सम्झौता ऐन, २०१८ को,-

(१) ठाउँ ठाउँमा रहेका "अर्थ मन्त्रीले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको अर्थ मन्त्रीले" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "नेपाल सरकारको सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "संघीय सञ्चित कोष" भन्ने शब्दहरू राखिएका छन्।

१२. **अन्तर्राष्ट्रिय विकास एशोसियशनको सदस्यता प्राप्त गर्ने ऐन, २०१९ मा संशोधनः** अन्तर्राष्ट्रिय विकास एशोसियशनको सदस्यता प्राप्त गर्ने ऐन, २०१९ को,-

(१) दफा ३ मा रहेका "अर्थ मन्त्रीले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको अर्थ मन्त्रीले" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "नेपाल सरकारको सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "संघीय सञ्चित कोष" भन्ने शब्दहरू राखिएका छन्।

१३. **आय टिकट दस्तुर ऐन, २०१९ मा संशोधनः** आय टिकट दस्तुर ऐन, २०१९ को,-

(१) दफा ४ को उपदफा (२) को खण्ड (ग) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार तथा नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले जारी गरेको" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ५ को उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखिएका छन्:-

"(२) यो ऐन बमोजिम टाँस्नु पर्ने आय टिकट नपाइएमा वा सो टिकट टाँस्नु पर्ने कागजातमा उपयुक्त स्थानको अभाव भएमा आय टिकट दस्तुर बापत लाग्ने रकम नेपाल राष्ट्र बैंक वा नेपाल राष्ट्र बैंकले राजश्व संकलनको लागि तोकेको बैकमा राजश्व दाखिल गरी सो को भौचर वा सम्बन्धित कार्यालयमा नगद रकम बुझाई सो को भरपाई आय टिकट टाँस गर्नु पर्ने कागजातसाथ संलग्न गरेको भएमा यस ऐनको प्रयोजनको लागि आय टिकट टाँस गरेको मानिनेछ।

(३) उपदफा (२) बमोजिम आय टिकट बापतको रकम बुझाउन ल्याएमा बैंक वा सम्बन्धित कार्यालयले बुझिलिई त्यसको भरपाई दिनु पर्नेछ र कार्यालयमा नगदै दाखिल भएकोमा आम्दानी बाँधी राजश्व खातामा दाखिल गर्नु पर्नेछ।"

(३) दफा ९ खारेज गरिएको छ।

१४. **कर्मचारी सञ्चयकोष ऐन, २०१९ मा संशोधनः** कर्मचारी सञ्चयकोष ऐन, २०१९ को,-

(१) दफा २ को खण्ड (ख) मा रहेका "सो शब्दले" भन्ने शब्दहरु पछि "प्रदेशको सरकारी सेवा, स्थानीय सेवाका कर्मचारी वा" भन्ने शब्दहरु थपिएका छन्।

(२) दफा १७ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकारको सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "सङ्घीय सञ्चित कोष" भन्ने शब्दहरू राखिएका छन।

१५. **गोरखापत्र संस्थान ऐन, २०१९ मा संशोधनः** गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ३०क. मा रहेका "सूचना तथा सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

१६. **हुलाक ऐन, २०१९ मा संशोधनः** हुलाक ऐन, २०१९ को दफा ६८क. को उपदफा (३) मा रहेका "सम्बन्धित क्षेत्रीय हुलाक निर्देशनालय रहेको अञ्चलको उच्च अदालतमा" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित हुलाक निर्देशनालय रहेको प्रदेशको उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन्।

१७. **राष्ट्रिय समाचार समिति ऐन, २०१९ मा संशोधनः** राष्ट्रिय समाचार समिति ऐन, २०१९ को,-

(१) दफा ३०क. मा रहेका "सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३३क. मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट" भन्ने शब्दहरु राखिएका छन्।

१८. **साझेदारी ऐन, २०२० मा संशोधनः** साझेदारी ऐन, २०२० को,-

(१) दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "सम्बन्धित विभाग" भन्नाले वाणिज्य सम्बन्धी फर्मको विषयको लागि वाणिज्य, आपुर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र सो बाहेकका अन्य उद्योगको विषयका लागि उद्योग विभाग सम्झनु पर्छ र सो शब्दले वाणिज्य सम्बन्धी विषय र घरेलु तथा साना उद्योगको विषयको लागि प्रदेश सरकारको वाणिज्य तथा उद्योग हेर्ने विभाग वा कार्यालयलाई समेत जनाउनेछ।"

(२) दफा ११ख. पछि देहायको दफा ११ग. थपिएको छः-

"११ग. **प्रदेशमा साझेदारीको दर्ता:** प्रदेशस्तरमा साझेदारीको दर्ता, नवीकरण तथा तत् सम्बन्धी अन्य व्यवस्था यस ऐनको अधीनमा रही प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

१९. **संक्रामक रोग ऐन, २०२० मा संशोधनः** संक्रामक रोग ऐन, २०२० को दफा २ पछि देहायको दफा २क. थपिएको छः-

"२क. **विशेष व्यवस्था गर्ने प्रदेशको अधिकारः** (१) प्रदेशभर वा त्यसको कुनै भागमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा प्रदेश सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारबाही गर्न सक्नेछ र सर्वसाधारण जनता वा व्यक्तिहरुको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) प्रदेश सरकारले प्रदेशमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ।

(३) उपदफा (१) वा (२) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी प्रदेश सरकारले पैदल वा जुनसुकै सवारीको साधनबाट यात्रा गर्ने यात्रुको जाँचबुझ गर्न र त्यस्ता यात्रुलाई कुनै संक्रामक रोग लागेकोछ भन्ने शंका लागेमा जाँचबुझ गर्न खटिएको कर्मचारीले त्यस्तो यात्रुलाई अस्पताल तथा अन्य स्थानमा अलग गरी राख्न वा कुनै किसिमबाट ल्याउन लैजान वा यात्रा गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेशहरु जारी गर्न सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दफा २ बमोजिम नेपाल सरकारले आदेश जारी गरिसकेको अवस्थामा प्रदेश सरकारले यस दफा बमोजिम आदेश जारी गर्नु पर्ने छैन र त्यस्तो आदेश प्रदेश सरकारले समेत कार्यान्वयन गर्नेछ।

(५) यस दफा बमोजिम प्रदेश सरकारले आदेश जारी गरेको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ।"

२०. **अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेशनको सदस्यता प्राप्त गर्ने ऐन, २०२२ मा संशोधनः** अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेशनको सदस्यता प्राप्त गर्ने ऐन, २०२२ को,-

(१) दफा ३ मा रहेका "अर्थ मन्त्रीले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको अर्थ मन्त्रीले" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ४ मा रहेका "नेपाल सरकारको सञ्चित कोष" भन्ने शब्दहरूको सट्टा "सङ्घीय सञ्चित कोष" भन्ने शब्दहरू राखिएका छन्।

२१. **खाद्य ऐन, २०२३ मा संशोधनः** खाद्य ऐन, २०२३ को दफा ९ पछि देहायको दफा ९क. थपिएको छः-

"९क. **अनुगमन तथा निरीक्षण गर्न सक्नेः** (१) कसैले कुनै खाद्य पदार्थ यस ऐन बमोजिम तोकिएको गुण, स्तर, मात्रा वा परिधि भन्दा न्यून गुण, स्तर, मात्रा वा परिधिको वा दुषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थलाई ढाँटी झुक्याई बिक्री वितरण गरे गराएको विषयमा प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणको क्रममा कसैले यस ऐन विपरित कुनै काम गरेको पाइएमा प्रदेश सरकार वा स्थानीय तहबाट अनुगमन वा निरीक्षणमा खटिएको अधिकृत वा निरीक्षकले यस ऐनको दफा ४क. र दफा ८ बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ। त्यसको जानकारी अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ।

(३) यस दफा बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कसै उपर यस ऐन बमोजिम मुद्दा चलाउनु पर्ने भएमा उपदफा (२) बमोजिमको अधिकारीले यस ऐन बमोजिम अनुसन्धान तथा अभियोजन गर्ने अधिकारी समक्ष पठाउनु पर्नेछ।"

२२. **होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ मा संशोधनः** होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ को दफा ८ मा रहेका "नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले तोकिए बमोजिमका होटल, पसल वा क्षेत्रमा आवश्यकता अनुसार नेपाल राजपत्र, प्रदेश राजपत्र वा स्थानीय राजपत्रमा" भन्ने शब्दहरु राखिएका छन्।

२३. **ऋण तथा जमानत ऐन, २०२५ मा संशोधनः** ऋण तथा जमानत ऐन, २०२५ को दफा ६ को ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राखिएका छन्।

२४. **चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ मा संशोधनः** चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को,–

(१) दफा ४ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीबाट इजाजतपत्र नलिई कसैले चलचित्र घर निर्माण गर्नु हुदैन।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम इजजतपत्र लिएपछि चलचित्र घर निर्माण गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट नक्शा स्वीकृति लिनु पर्नेछ।"

(ग) उपदफा (३) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन।

(२) दफा ५ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"१०. **टिकट दर र श्रेणीः** चलचित्र घरमा कायम गरिने विभिन्न श्रेणी र टिकट दर सम्बन्धित प्रदेशले निर्धारण गरे बमोजिम हुनेछ।"

(४) दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

"११. **नेपाल सरकार र प्रदेश सरकारको अधिकारः** (१) नेपालको सुरक्षा वा सार्वजनिक शान्ति वा व्यवस्थाको निमित्त आवश्यक देखेमा नेपाल सरकारले नेपालभर र प्रदेश सरकारले प्रदेशभर कुनै चलचित्रको प्रदर्शन बन्द गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश दिनु अगावै सम्बन्धित व्यक्तिलाई आफ्नो भनाई पेश गर्ने मुनासिब माफिकको मौका दिनुपर्नेछ।

(३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन अन्तर्गत आफूलाई प्राप्त भएको अधिकार दफा १०क. बमोजिम गठित बोर्ड, समिति वा कुनै अधिकारीलाई सुम्पन सक्नेछ।"

२५. **जाँचबुझ आयोग ऐन, २०२६ मा संशोधनः** जाँचबुझ आयोग ऐन, २०२६ को,-

(१) दफा ३ को,-

(क) उपदफा (२) को ठाउँ ठाउँमा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले जाँचबुझ आयोग गठन गरिसकेको विषयमा प्रदेश सरकारले जाँचबुझ आयोग गठन गर्न सक्ने छैन्।"

(ग) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) नेपाल सरकारले आयोग गठन गरेको सूचना नेपाल राजपत्रमा र प्रदेश सरकारले आयोग गठन गरेको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नेछ।"

(२) दफा ४ को उपदफा (२) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "त्यस्तो आयोग गठन गर्ने नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ७ को उपदफा (२) मा रहेका "नेपाल राजपत्रमा" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारले गठन गरेको आयोगको हकमा नेपाल राजपत्र र प्रदेश सरकारले गठन गरेको आयोगको हकमा प्रदेश राजपत्रमा" भन्ने शब्दहरू राखिएका छन्।

२६. **<u>सञ्चार संस्थान ऐन, २०२८ मा संशोधनः</u>** सञ्चार संस्थान ऐन, २०२८ को,-

(१) दफा ३१ मा रहेका "सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३६ को उपदफा (२) मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट" भन्ने शब्दहरु राखिएका छन्।

२७. **<u>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधनः</u>** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २० मा रहेका "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

२८. **<u>चन्दा ऐन, २०३० मा संशोधनः</u>** चन्दा ऐन, २०३० को,-

(१) दफा ३ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारको" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "कुनै अञ्चलस्तरीय समितिबाट" भन्ने शब्दहरूको सट्टा "कुनै प्रदेशस्तरीय समितिबाट" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ४ को उपदफा (१) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा" भन्ने शब्दहरू पछि "र प्रदेश सरकारले प्रदेश राजपत्रमा" भन्ने शब्दहरु थपि सोही उपदफामा रहेका "बढीमा एघार सदस्यहरु" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले बढीमा एघार सदस्य र प्रदेश सरकारले बढीमा सात सदस्य" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ५ मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारको" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ७ को उपदफा (७) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा ८ को उपदफा (२) झिकिएको छ।

(६) दफा ९ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर प्रदेश सरकारबाट गठित समितिबाट उठेको चन्दा रकमलाई रकमान्तर गर्नु परेमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।"

(७) दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः-

"१२. **नेपाल सरकार वा प्रदेश सरकारले निर्देशन दिन सक्नेः** (१) नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) प्रदेश सरकारबाट गठित समितिलाई प्रदेश सरकारले आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको निर्देशन पालन गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ।"

२९. **सार्वजनिक सडक ऐन, २०३१ मा संशोधनः** सार्वजनिक सडक ऐन, २०३१ को,-

(१) दफा ३क. पछि देहायको दफा ३ख. थपिएको छः -

"३ख. **<u>सडकको वर्गीकरण:</u>** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सडकलाई देहाय बमोजिम वर्गीकरण गर्न सक्नेछः-

(क) राष्ट्रिय लोक मार्ग,

(ख) प्रदेश लोक मार्ग,

(ग) स्थानीय सडक,

(घ) ग्रामीण सडक,

(ङ) शहरी सडक,

(च) कृषि सडक, र

(छ) तोकिए बमोजिमका अन्य सडक।

(२) दफा १६ को ठाउँ ठाउँमा रहेका "सडक विभाग" भन्ने शब्दहरुको सट्टा "सडक विभाग, सम्बन्धित प्रदेश सरकार, गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १८ को ठाउँ ठाउँमा रहेका "सडक विभाग" भन्ने शब्दहरुको सट्टा "सडक विभाग, सम्बन्धित प्रदेश सरकार, गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २१ को,-

(क) दफा शीर्षकमा रहेका "सडक विभागले" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) ठाउँ ठाउँमा रहेका "सडक विभाग" र "सो विभागले" भन्ने शब्दहरुको सट्टा क्रमशः "सडक विभाग, सम्बन्धित प्रदेश सरकार, गाउँपालिका वा नगरपालिका" र "त्यस्तो विभाग, सरकार, गाउँपालिका वा नगरपालिकाले" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २७ मा रहेका "सडक विभाग" भन्ने शब्दहरुको सट्टा "सडक विभाग वा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

३०. **कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधनः** कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा ४ को ठाउँ ठाउँमा रहेका "अञ्चल" भन्ने शब्दको सट्टा "प्रदेश" भन्ने शब्द राखिएको छ।

३१. **दाना पदार्थ ऐन, २०३३ मा संशोधनः** दाना पदार्थ ऐन, २०३३ को,-

(१) दफा ५ को उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार र प्रदेश सरकारले" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १२ पछि देहायको दफा १२क. थपिएको छः–

"१२क. **अनुगमन तथा निरीक्षण गर्न सक्नेः** (१) दाना पदार्थको उत्पादन, बिक्री वितरण, निकासी, पैंठारी वा सञ्चय गर्दा यस ऐन बमोजिमको स्तर कायम गरे नगरेको समेतका विषयमा प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणको क्रममा कसैले यस ऐन विपरित कुनै काम गरेको पाइएमा प्रदेश सरकार वा स्थानीय तहबाट अनुगमन वा निरीक्षणमा खटिएको दाना निरीक्षकले यस ऐनको दफा ६ र ११ बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ। त्यसको जानकारी अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ।

(३) यस दफा बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कसै उपर यस ऐन बमोजिम मुद्दा चलाउनु पर्ने भएमा दाना निरीक्षकले यस ऐन बमोजिम अनुसन्धान गर्ने अधिकारी समक्ष पठाउनु पर्नेछ।"

३२. **विनिमेय अधिकारपत्र ऐन, २०३४ मा संशोधनः** विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ को खण्ड (च) मा रहेका "मुलुकी ऐन लेनदेन व्यवहारको महल" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी (संहिता) ऐन, २०७४ को भाग ४ को परिच्छेद-१५" भन्ने शब्दहरु राखिएका छन्।

३३. **जग्गा प्राप्ति ऐन, २०३४ मा संशोधनः** जग्गा प्राप्ति ऐन, २०३४ को,-

(१) दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"

(२) दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. <u>प्रदेश वा स्थानीय तहको लागि जग्गा उपलब्ध गराइदिनु पर्ने</u>: प्रदेश वा स्थानीय तहद्वारा सञ्चालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले यस ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश वा स्थानीय तहलाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछ।"

(३) दफा ४ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्रदेश सरकारको पूर्ण स्वामित्व भएका संस्थासँग सम्बन्धित परियोजना सञ्चालन गर्न वा त्यस्तो संस्थाको कारोबारसँग सम्बन्धित वा त्यस्तो संस्थाले उत्पादन गरेको कुनै मालवस्तु सञ्चय गर्नको लागि गोदाम घर निर्माण गर्न यस ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन त्यस्तो संस्थाले प्रदेश सरकार समक्ष अनुरोध गरेमा प्रदेश सरकारले त्यस्तो जग्गा प्राप्त गराइ दिन नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ। त्यसरी अनुरोध प्राप्त भएमा नेपाल सरकारले त्यस्तो संस्थालाई जग्गा प्राप्त गराइ दिने गरी निर्णय गर्न सक्नेछ।"

(ख) उपदफा (२) र (३) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) वा (१क)" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ५ को उपदफा (१) मा रहेका "दफा ३ वा ४" भन्ने शब्दहरुको सट्टा "दफा ३, ३क. वा ४" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी वा राजपत्राङ्कित कर्मचारी" भन्ने शब्दहरुको सट्टा "राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तरको कर्मचारी वा राजपत्राङ्कित वा अधिकृतस्तरको कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा १६ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकार, स्थानीय तह वा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थाको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्थाको" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्था" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्था" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा १७ मा रहेका "नेपाल सरकार, स्थानीय तह वा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थाको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्थाको" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा ३३ मा रहेको "नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थाको लागि" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्था" भन्ने शब्दहरु राखि सोही दफामा रहेको "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तहले" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा ३४ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थाले" भन्ने शब्दहरुको सट्टा " नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्थाले " भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्था" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्था " भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ३८ पछि देहायको ३८क. थपिएको छः-

"३८क. **<u>नेपाल सरकारको स्वामित्व रहनेः</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको निर्णयबाट प्रदेश

सरकार वा स्थानीय तहको लागि जग्गा प्राप्ति भएकोमा त्यस्तो जग्गाको स्वामित्व नेपाल सरकारमा रहनेछ।"

(१०) दफा २ को खण्ड (ख) र दफा १९ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरू राखी रुपान्तरण गरिएको छ।

३४. **पर्यटन ऐन, २०३५ मा संशोधनः** पर्यटन ऐन, २०३५ को,-

(१) दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-

"७क. **प्रदेशमा ट्राभेल तथा ट्रेकिङ एजेन्सीको इजाजत, अनुमति र नविकरणः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट इजाजतपत्र लिई यस ऐन बमोजिम ट्राभेल वा ट्रेकिङ एजेन्सीको काम गर्न सकिनेछ।

(२) उपदफा(१) बमोजिम ट्राभेल वा ट्रेकिङ एजेन्सीको इजाजतपत्र लिन चाहने व्यक्तिलाई इजाजतपत्र दिने, नविकरण गर्ने, निलम्बन गर्ने, खारेज गर्ने सम्बन्धमा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम नेपाल सरकारलाई भएको अधिकार प्रदेश सरकारले समेत प्रयोग गर्नेछ।"

(२) दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

"१४क. **प्रदेशमा पर्यटकस्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार दर्ता गराउन सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत बनेको नियमावलीमा वर्गीकरण भएकामध्ये नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार प्रदेश सरकारले दर्ता गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएका पर्यटकस्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको निरीक्षण तथा परीक्षण सम्बन्धमा नेपाल सरकारलाई प्राप्त अधिकार प्रदेश सरकारले समेत प्रयोग गर्नेछ।"

(३) दफा ४५ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ४७ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा नेपाल सरकार र प्रदेश सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा ४९ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा नेपाल सरकार समक्ष र प्रदेश सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा ५० मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा नेपाल सरकार समक्ष र प्रदेश सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा ५१ मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा नेपाल सरकारले र प्रदेश सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा प्रदेश सरकारले" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा ५२ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा नेपाल सरकारले र प्रदेश सरकारबाट इजाजत लिएका वा दर्ता भएकाको हकमा प्रदेश सरकारले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएको छः-

"**५३. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने:</u>** (१) यो ऐन बमोजिम नेपाल सरकारलाई प्राप्त कुनै अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै कार्यालय, निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यो ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त कुनै अधिकार प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै कार्यालय, निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।"

३५. **<u>औषधि ऐन, २०३५ मा संशोधनः</u>** औषधि ऐन, २०३५ को,–

(१) दफा २ को खण्ड (झ) मा रहेको "विभाग" भन्ने शब्द पछि "वा प्रदेश सरकार" भन्ने शब्दहरु थपिएका छन्।

(२) दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"२०क. **<u>प्रदेश सरकारबाट खटिएको निरीक्षकले जाँचबुझ र निरीक्षण गर्न सक्नेः</u>** (१) प्रदेश सरकारबाट खटिएको निरीक्षकले कुनै औषधिको उत्पादन, गुणस्तर, सञ्चय, बिक्री वितरण वा परिवहन भईरहेको कुनै ठाउँको जाँचबुझ, निरीक्षण र खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटिने निरीक्षकले निरीक्षण गर्दा औषधि जनसुरक्षित, असरयुक्त र गुणयुक्त नभएको वा यस ऐन विपरित बिक्री वितरण गरेको पाईएमा व्यवस्थापक समक्ष प्रतिवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि यस ऐन बमोजिम कसै उपर मुद्दा चलाउनु पर्ने अवस्था भएमा व्यवस्थापकले मुद्दा तहकिकात गर्ने अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

(३) दफा ३९ मा रहेको "निरीक्षकले" भन्ने शब्दहरुको सट्टा "विभागले खटाएको निरीक्षकले" भन्ने शब्दहरु राखिएका छन्।

३६. **<u>राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ मा संशोधनः</u>** राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ को दफा १८ मा रहेका "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "वन तथा वातावरण मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

३७. **<u>नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन,२०३९ मा संशोधनः</u>** नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ को,-

(१) दफा ५ को खण्ड (क) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ७ को उपदफा (१) को खण्ड (क), (ङ) र (च) को सट्टा देहायका खण्ड (क), (ङ) र (च) राखिएका छन्:-

"(क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री -अध्यक्ष

(ङ) मुख्य सचिव, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(च) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य"

(३) दफा ९ को उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राखिएका छन:-

"(ख) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्राल -सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य"

(४) दफा २३ मा रहेका "सामान्य प्रशासन मन्त्रालय " भन्ने शब्दहरुको सट्टा "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

३८. **<u>लुम्बिनी विकास कोष ऐन, २०४२ मा संशोधन:</u>** लुम्बिनी विकास कोष ऐन, २०४२ को,—

(१) दफा ८ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

"(क) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्य मन्त्री -अध्यक्ष"

(२) दफा १७ मा रहेको "युवा, खेलकुद तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

३९. **<u>पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ मा संशोधन:</u>** पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को,-

(१) दफा ८ को उपदफा ८.२ को खण्ड ८.२.६ र ८.२.७ को सट्टा देहायका खण्ड ८.२.६ र ८.२.७ राखिएका छनः-

"८.२.६. सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

८.२.७ सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय -सदस्य"

(२) दफा २२ मा रहेका "युवा, खेलकुद तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

४०. **<u>बीउबिजन ऐन, २०४५ मा संशोधनः</u>** बीउबिजन ऐन, २०४५ को,-

(१) दफा ३ को उपदफा ३.२ को खण्ड ३.२.१ को सट्टा देहायको खण्ड ३.२.१ राखिएको छः-

"३.२.१ सचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय -अध्यक्ष"

(२) दफा १६ को,—

(क) उपदफा १६.२ मा रहेका "कुनै निजामती कर्मचारी" भन्ने शब्दहरुको सट्टा "आफू मातहतका कुनै कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्।

(ख) ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १७क. को उपदफा १७क.१ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

४१. <u>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ मा संशोधनः</u> प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन,२०४५ को,-

(१) दफा २क. को उपदफा २क.१ को खण्ड २क.१.१, २क.१.५, २क.१.६, २क.१.७ र २क.१.८ को सट्टा देहायका खण्ड २क.१.१, २क.१.५, २क.१.६, २क.१.७ र २क.१.८ राखिएका छनः-

"२क.१.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्य मन्त्री -अध्यक्ष

२क.१.५ सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

२क.१.६ सचिव, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

२क.१.७ सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

२क.१.८ सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य"

(२) दफा ३ को उपदफा ३.२ को खण्ड ३.२.१ र ३.२.४ को सट्टा देहायका खण्ड ३.२.१ र ३.२.४ राखिएका छन्:-

"३.२.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

३.२.४ सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(३) दफा १४ मा रहेको "शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा १६ मा रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट" भन्ने शब्दहरु राखिएका छन्।

४२. **अभिलेख संरक्षण ऐन, २०४६ मा संशोधनः** अभिलेख संरक्षण ऐन, २०४६ को,-

(१) दफा २ को खण्ड २.१.४ मा रहेका "सो शब्दले संवैधानिक अंग र नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "सो शब्दले संवैधानिक अंग, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय र नेपाल सरकारबाट" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ११ पछि देहायको दफा ११क. थपिएको छः-

"११क. प्रदेश र स्थानीय तहले अभिलेखको संरक्षण तथा व्यवस्थापन गर्न सक्नेः (१) प्रदेश र स्थानीय तहले आफ्ना अभिलेखहरुको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्नेछन्।

(२) उपदफा (१) बमोजिम अभिलेखहरुको संरक्षण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश र स्थानीय तहको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

४३. **<u>सार्वजनिक सुरक्षा ऐन, २०४६ मा संशोधनः</u>** सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा ४ को उपदफा ४.१ मा रहेका "गृह मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, गृह मन्त्रालय र प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

४४. **<u>नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ मा संशोधनः</u>** नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य"

(२) दफा १९ मा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "स्वास्थ्य तथा जनसंख्या मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

४५. **<u>नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ मा संशोधनः</u>** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को,-

(१) दफा ६ को उपदफा (१) को खण्ड (ग), (ङ) र (च) को सट्टा देहायका खण्ड (ग), (ङ) र (च) राखिएका छन्ः-

"(ग) सचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय -सदस्य

(ङ) सचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(च) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य"

(२) दफा ७ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) सहसचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय -सदस्य"

(३) दफा १७ मा रहेको "कृषि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा " कृषि तथा पशुपंक्षी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन।

४६. **<u>राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ मा संशोधनः</u>** राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (१) र (२) को सट्टा देहायका खण्ड (१) र (२) राखिएका छनः-

"(१) कृषि तथा पशुपंक्षी विकास मन्त्री -अध्यक्ष

(२) कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको सचिव -उपाध्यक्ष"

(२) दफा १७ मा रहेका "कृषि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कृषि तथा पशुपंक्षी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

४७. **नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ मा संशोधनः** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को,-

(१) दफा २५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) प्रज्ञा-प्रतिष्ठानको लेखाको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।"

(२) ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "वातावरण, विज्ञान तथा प्रविधि मन्त्री" भन्ने शब्दहरुको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री"

(ख) "वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।"

४८. **प्रेस काउन्सिल ऐन,२०४८ मा संशोधनः** प्रेस काउन्सिल ऐन,२०४८ को ठाँउ ठाँउमा रहेका "सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

४९. **जलस्रोत ऐन, २०४९ मा संशोधनः** जलश्रोत ऐन, २०४९ को दफा १० पछि देहायको दफा १०क. थपिएको छः-

"१०क. प्रदेश तथा स्थानीय तहले जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका स्तर, क्षमता वा परिमाणका खानेपानी, जलविद्युत, सिंचाई लगायत जलस्रोतको सम्बन्धमा प्रदेश वा स्थानीय तहले कानून बनाई त्यस्तो कानून बमोजिम जलस्रोतको उपयोग वा विकास गर्न सक्नेछन्।"

५०. **राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ मा संशोधनः** राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ को,-

(१) दफा ८ को उपदफा (१) को खण्ड (क), (च) र (ज) को सट्टा देहायका खण्ड (क),(च) र (ज) राखिएका छन्:-

"(क) कृषि तथा पशुपंक्षी विकास मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(च) सहसचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय -सदस्य

(ज) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य"

(२) दफा १७ मा रहेको "कृषि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कृषि तथा पशुपंक्षी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

५१. **<u>राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ मा संशोधन</u>**: राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (क), (च), (ज), (झ) र (ड) को सट्टा देहायका खण्ड (क), (च), (ज), (झ) र (ड) राखी खण्ड (छ) झिकिएको छः-

"(क) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(च) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ज) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय -सदस्य

(झ) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ड) सात प्रदेशका सहकारी वा सामाजिक कार्यकर्ताहरूमध्येबाट नेपाल सरकारद्वारा मनोनीत सातजना -सदस्य"

(२) दफा १८ मा रहेको "कृषि मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

५२. **<u>समाज कल्याण ऐन, २०४९ मा संशोधनः</u>** समाज कल्याण ऐन, २०४९ को,-

(१) दफा ५ को उपदफा (२) को,-

(क) खण्ड (क) मा रहेका "समाज कल्याणको काम हेर्ने मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरुको सट्टा "मन्त्री, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ञ) मा रहेका "प्रतिनिधि, स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(ग) खण्ड (ठ) मा रहेका "प्रतिनिधि, स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(घ) खण्ड (ड) मा रहेका "प्रतिनिधि, शिक्षा तथा संस्कृति मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा २३ को उपदफा (१) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा २५ मा रहेका "सम्बन्धित मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

५३. **<u>आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ मा संशोधनः</u>** आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ को,-

(१) दफा २ को खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छः-

"(त) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ।"

(२) दफा ४ को उपदफा (२) को खण्ड (क), (ख), (ङ) र (च) को सट्टा देहायका खण्ड (क), (ख), (ङ) र (च) राखी खण्ड (ग) र (घ) झिकिएका छन्:

"(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -अध्यक्ष

(ख) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय – सदस्य

(ङ) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(च) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

५४. **<u>वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ मा संशोधनः</u>** वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (ज) र (झ) को सट्टा देहायका खण्ड (ज) र (झ) राखिएका छन्:-

"(ज) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य

(झ) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य"

(२) दफा १० को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य"

(३) दफा २२ मा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "स्वास्थ्य तथा जनसंख्या मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

५५. **<u>सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधनः</u>** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को,-

(१) दफा ९ को उपदफा (१) मा रहेका "नेपाल सरकारको स्वामित्व भएको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "निर्माण तथा यातायात मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

५६. **<u>नेपाल स्काउट ऐन, २०५० मा संशोधनः</u>** नेपाल स्काउट ऐन, २०५० को,-

(१) दफा २ को खण्ड (ख१) को सट्टा देहायको खण्ड (ख१) राखिएको छः-

"(ख१) "प्रदेश परिषद्" भन्नाले दफा ९क. बमोजिमको प्रदेश परिषद् सम्झनु पर्छ।"

(२) दफा ६ को खण्ड (क१) को सट्टा देहायको खण्ड (क१) राखिएको छः-

"(क१) प्रदेश परिषद्,"

(३) दफा ७ को उपदफा (२) को खण्ड (ग), (ठ) र (ड) को सट्टा देहायका खण्ड (ग), (ठ) र (ड) राखिएका छन्:-

"(ग) संघीय संसदका सदस्यहरुमध्येबाट तीनजना -सदस्य

(ठ) प्रत्येक प्रदेशबाट दुईजना महिला र दुईजना पुरुषको प्रतिनिधित्व हुने गरी सम्बन्धित प्रदेशका नेपाल स्काउटका राष्ट्रियस्तरका तालीमप्राप्त दलका सदस्यहरुले आफूमध्येबाट निर्वाचन गरी पठाएका अट्ठाईसजना - सदस्य

(ड) नेपाल स्काउटका प्रदेश तहका सदस्यहरुले आ-आफ्नो प्रदेशबाट चारजनाका दरले प्रतिनिधित्व हुने गरी आफूहरुमध्येबाट निर्वाचन गरी पठाएका अट्ठाईसजना - सदस्य"

(४) दफा ९क. को सट्टा देहायको दफा ९क. राखिएकोछः-

"९क. <u>प्रदेश परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार</u>: प्रदेश परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।"

(५) दफा १० को उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) राष्ट्रिय परिषद्का निर्वाचित सदस्यहरुबाट सबै प्रदेशको प्रतिनिधित्व हुने गरी सातजना -सदस्य"

(६) दफा १८क. को उपदफा (२) मा रहेका "क्षेत्रीय परिषद्" भन्ने शब्दहरुको सट्टा "प्रदेश परिषद्" भन्ने शब्दहरु राखिएका छन्।

(७) ऐनको ठाउँ ठाउँमा रहेका "शिक्षा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "युवा तथा खेलकुद मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

५७. **निजीकरण ऐन, २०५० मा संशोधनः** निजीकरण ऐन, २०५० को,-

(१) दफा ३ को उपदफा (२) को खण्ड (छ) मा रहेका "श्रम मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाँउ ठाँउमा रहेका "अर्थ समिति (व्यवस्थापिका-संसद)" भन्ने शब्दहरुको सट्टा "अर्थ समिति (प्रतिनिधि सभा)" भन्ने शब्दहरु राखिएका छन।

५८. **श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ मा संशोधनः** श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा ११ को उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

"(ख) प्रतिनिधि, (राजपत्रांकित प्रथम श्रेणी) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, (राजपत्रांकित प्रथम श्रेणी) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य"

५९. **नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ मा संशोधनः** नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ को दफा ५ को उपदफा (१) को खण्ड (झ) मा रहेका "क्षेत्रीय स्वास्थ्य निर्देशनालय" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकारको स्वास्थ्य निर्देशनालय" भन्ने शब्दहरू राखिएका छन्।

६०. **नेपाल नागरिक उड्ड्यन प्राधिकरण ऐन, २०५३ मा संशोधनः** नेपाल नागरिक उड्ड्यन प्राधिकरण ऐन, २०५३ को,-

(१) दफा १३ को उपदफा (१) को खण्ड (क) मा रहेका "पर्यटन तथा नागरिक उड्डयन" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

६१. **<u>दूरसञ्चार ऐन, २०५३ मा संशोधनः</u>** दूरसञ्चार ऐन, २०५३ को,-

(१) दफा १० को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) निजको उमेर पैसट्ठी वर्ष पूरा भएमा"

(२) दफा ४९ को उपदफा (१) को खण्ड (क), (घ) र (ङ) को सट्टा देहायका खण्ड (क), (घ) र (ङ) राखिएका छनः-

"(क) सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(घ) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय -सदस्य

(ङ) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य"

(३) दफा ५१ मा रहेका "सूचना तथा सञ्चार मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ५८ मा रहेका "सूचना तथा सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

६२. **<u>नेपाल चाटर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ मा संशोधनः</u>** नेपाल चाटर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को,-

(१) दफा १५क. को उपदफा (२) को खण्ड (ग), (च) र (छ) को सट्टा देहायका "खण्ड (ग), (च) र (छ)" राखिएका छन्:-

"(ग) प्रतिनिधि, महालेखापरीक्षकको कार्यालय -सदस्य

(च) महानिर्देशक, आन्तरिक राजस्व विभाग -सदस्य

(छ) अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, नेपाल धितोपत्र बोर्ड -सदस्य"

(२) दफा १५घ. को उपदफा (२) को खण्ड (ग) मा रहेका "महालेखा परीक्षकको विभाग" भन्ने शब्दहरूको सट्टा "महालेखा परीक्षकको कार्यालय" भन्ने शब्दहरू राखिएका छन्।

६३. **अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ मा संशोधनः** अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ को ठाँउ ठाउँमा रहेका "कानून तथा न्याय मन्त्रालय" भन्ने शब्दहरुको सट्टा" कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

६४. **बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ मा संशोधनः** बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ को,-

(१) दफा ६ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) सहसचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य"

(२) दफा २४ मा रहेका "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

६५. **पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा संशोधनः** पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को,-

(१) दफा २ को खण्ड (ट) मा रहेको "जिल्ला" भन्ने शब्द झिकिएको छ।

(२) दफा २५ पछि देहायको दफा २५क. थपिएको छः-

"२५क. प्रदेश तथा स्थानीय तहले पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्य गर्न सक्नेः (१) प्रदेश तथा स्थानीय तहले पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित गर्न किसानलाई पशु स्वास्थ्य तथा पशु सेवा उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश र स्थानीय तहले पशु स्वास्थ्य तथा पशु सेवा उपलब्ध गराउँदा यस ऐन

बमोजिमको मापदण्डको अधिनमा रही उपलब्ध गराउनु पर्ने हुनेछ।"

६६. **वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ मा संशोधनः** वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को दफा २४ को उपदफा (१) को खण्ड (क) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरु पछि ",प्रदेश सरकार" भन्ने शब्दहरु थपिएका छन्।

६७. **नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ मा संशोधनः** नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा २८ मा रहेको "कृषि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कृषि तथा पशुपंक्षी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

६८. **पशु वधशाला र मासु जाँच ऐन, २०५५ मा संशोधनः** पशु वधशाला र मासु जाँच ऐन, २०५५ को,-

(१) दफा ४ को ठाउँ ठाउँमा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ६ को उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकारले" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ७ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार वा स्थानीय तहले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) झिकिएको छ।

(४) दफा १८ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २० को उपदफा (१) मा रहेका "मासु निरीक्षकले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले नियुक्त गरेको मासु निरीक्षकले" भन्ने शब्दहरु राखिएका छन्।

६९. **नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ मा संशोधनः** नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ को दफा ३६ मा रहेका "निर्माण तथा यातायात मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

७०. **<u>निर्माण व्यवसाय ऐन, २०५५ मा संशोधनः</u>** निर्माण व्यवसाय ऐन, २०५५ को,-

(१) दफा १३ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) भौतिक पूर्वाधार तथा यातायात मन्त्री -अध्यक्ष"

(२) ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "निर्माण तथा यातायात मन्त्रालय" को सट्टा "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।"

(ख) "जलस्रोत मन्त्रालय" को सट्टा "ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय।"

(ग) "आवास तथा भौतिक योजना मन्त्रालय" को सट्टा "सहरी विकास मन्त्रालय।"

७१. **<u>शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ मा संशोधनः</u>** शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (क) मा रहेका "स्वास्थ्य मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री वा राज्यमन्त्री" भन्ने शब्दहरू राखिएका छन्।

(२) ठाउँ ठाउँमा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

७२. **<u>नेपाल फार्मेसी परिषद् ऐन, २०५७ मा संशोधनः</u>** नेपाल फार्मेसी परिषद् ऐन, २०५७ को दफा ३५ मा रहेका "स्वास्थ्य मन्त्रालयको" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको" भन्ने शब्दहरू राखिएका छन्।

७३. **<u>आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा संशोधनः</u>** आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा ७ को खण्ड (ङ) मा रहेका "प्रत्येक विकासक्षेत्रबाट दुई दुईजनाको दरले नेपाल सरकारद्वारा मनोनीत दशजना" भन्ने शब्दहरुको सट्टा "प्रत्येक प्रदेशबाट दुई दुईजनाको दरले नेपाल सरकारद्वारा मनोनीत चौधजना" भन्ने शब्दहरु राखिएका छन्।

७४. **सडक बोर्ड ऐन, २०५८ मा संशोधनः** सडक बोर्ड ऐन, २०५८ को ठाउँ ठाउँमा रहेका "भौतिक योजना तथा निर्माण मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएका छन्।

७५. **प्रतिलिपि अधिकार ऐन, २०५९ मा संशोधनः** प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ४० को सट्टा देहायको दफा ४० राखिएकोछः-

"४०. **नेपाल सरकार र प्रदेश सरकारको प्रतिलिपि अधिकारः** (१) नेपाल सरकारद्वारा तयार गरिएको रचनाको प्रतिलिपि अधिकार नेपाल सरकार र प्रदेश सरकारद्वारा तयार गरिएको रचनाको प्रतिलिपि अधिकार प्रदेश सरकारलाई हुनेछ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले उपदफा (१) बमोजिम प्राप्त अधिकार कुनै व्यक्ति वा संस्थालाई बहालमा दिन वा बिक्री गर्न वा अन्य कुनै प्रकारले प्रयोग गर्न अनुमति दिन सक्नेछ।"

७६. **नोटरी पब्लिक परिषद् ऐन, २०६३ मा संशोधनः** नोटरी पब्लिक परिषद् ऐन, २०६३ को दफा ५ को उपदफा (१) को खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छन्ः-

"(ङ) सचिव, नेपाल कानून आयोग -सदस्य

(च) सचिव, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय -सदस्य"

७७. **पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ मा संशोधनः** पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा ४५ पछि देहायको दफा ४५क. थपिएको छः-

"४५क. **प्रदेशले परियोजना कार्यान्वयन गर्न सक्नेः** प्रदेश सरकारले यस ऐनमा अन्तरनिहित मान्यताको प्रतिकुल नहुने गरी आवश्यक कानून बनाई दफा ३ बमोजिमको तरिका अपनाई निजी लगानीमा परियोजना कार्यान्वयन गर्न सक्नेछ।"

७८. **नेपाल कानून आयोग ऐन, २०६३ मा संशोधनः** नेपाल कानून आयोग ऐन, २०६३ को,-

(१) दफा ४ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ;-

"(ख) सभापति, कानून तथा मानव अधिकार समिति, प्रतिनिधिसभा -सदस्य"

(२) दफा ९ मा रहेका "व्यस्थापिका-संसदको विधायन समितिका" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधि सभा, कानून तथा मानव अधिकार समितिका" भन्ने शब्दहरु राखिएका छन्।

७९. **<u>चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ मा संशोधनः</u>** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को,-

(१) दफा ७ को उपदफा (२) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय- सदस्य"

(२) दफा ९ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) प्रतिनिधि, (कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय –सदस्य"

८०. **<u>सैनिक ऐन, २०६३ मा संशोधनः</u>** सैनिक ऐन, २०६३ को,-

(१) दफा १० को उपदफा (२) मा रहेका "व्यवस्थापिका-संसदमा प्रस्तुत गरी राज्य व्यवस्था समितिमा छलफल गराइनेछ" भन्ने शब्दहरूको सट्टा "संघीय संसदको प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल गराइनेछ" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ३३ मा रहेका "प्रतिनिधिसभा राज्य व्यवस्था समितिलाई" भन्ने शब्दहरूको सट्टा "संघीय संसदको प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिलाई" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ६२ को ठाउँ ठाउँमा रहेका ",यातना र बेपत्ता" भन्ने शब्दहरू झिकिएका छन्।

(४) दफा ६६ को उपदफा (१) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्।

"(ग) यातना

(घ) बेपत्ता।"

(५) दफा ८४ को उपदफा (१) को खण्ड (क) र (ख) मा रहेका "सर्वस्व सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्द राखिएको छ।

(६) दफा १०१ को उपदफा (२) को खण्ड (ठ) को ठाउँ ठाउँमा रहेका "सर्वस्व सहित जन्मकैद" भन्ने शब्दहरूको सट्टा "जन्मकैद" भन्ने शब्द राखिएको छ।

(७) "दफा १३५ पछि देहायको दफा १३५क. थपिएको छः-

"१३५क. **<u>उपयोग गर्न सकिनेः</u>** नेपाल सरकारले नेपाली सेनालाई विकास निर्माण तथा विपद् व्यवस्थापनका कार्यमा समेत उपयोग गर्न सक्नेछ।"

८१. **<u>कम्पनी ऐन, २०६३ को दफा ९ मा संशोधनः</u>** कम्पनी ऐन, २०६३ को दफा ९ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालित यातायात व्यवसायी समितिमा आबद्ध यातायात व्यवसायीहरू मिली प्राईभेट कम्पनी संस्थापना गरी यातायात व्यवसाय सञ्चालन गर्न यो उपदफा प्रारम्भ भएको मितिले तीन महिनाभित्र निवेदन दिएमा उपदफा (१) मा लेखिएभन्दा बढी शेयर धनी सङ्ख्या भए पनि त्यस्तो प्राईभेट कम्पनी दर्ता गर्न बाधा पर्ने छैन।"

८२. **<u>सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधनः</u>** सार्वजनिक खरिद ऐन, २०६३ को,-

(१) दफा २ को खण्ड (ख) को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ७४ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) प्रदेश सरकार र स्थानीय तहले यस ऐन बमोजिम आफ्नो खरिद कारबाही गर्दा लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र मूल्यांकन तथा स्वीकृत गर्ने, सोझै खरिद गर्ने सम्बन्धमा दफा ४१ को उपदफा (२) बमोजिम रहने समिति तथा भेरिएसन आदेश जारी गर्ने अधिकारी तोक्ने समेतका विषयमा यस ऐन तथा खरिद सम्बन्धी मान्य सिद्धान्तको प्रतिकुल नहुने गरी नियमहरू बनाउन सक्नेछ।"

८३. **<u>बिरुवा संरक्षण ऐन,२०६४ मा संशोधनः</u>** बिरुवा संरक्षण ऐन, २०६४ को दफा ३ को उपदफा (२) को खण्ड (क) र (ग) को सट्टा देहायका खण्ड (क) र (ग) राखिएका छनः-

"(क) सचिव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय -अध्यक्ष

(ग) सहसचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य"

८४. **<u>व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ मा संशोधनः</u>** व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को,

(१) दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सभामुख -सभापति

(ख) राष्ट्रिय सभाको अध्यक्ष -सदस्य

(ग) उपसभामुख -सदस्य

(घ) राष्ट्रिय सभाको उपाध्यक्ष -सदस्य

(ङ) महासचिव -सदस्य

(च) प्रतिनिधि सभाको सचिव -सदस्य

(छ) राष्ट्रिय सभाको सचिव -सदस्य

(ज) सचिवालय सचिव (संसदीय अध्ययन तथा अनुसन्धान) -सदस्य

(झ) सचिवालय सचिव (प्रशासन) -सदस्य-सचिव

(२) दफा २७ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) सचिवमध्येबाट सभामुखले तोकेको सचिव -सदस्य"

(३) दफा ३५ को उपदफा (४) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) सचिवमध्येबाट सभामुखले तोकेको सचिव -सदस्य"

(४) लामो शीर्षक, प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ लगायत ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद सचिवालय" भन्ने शब्दहरुको सट्टा "संघीय संसद सचिवालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

(५) लामो शीर्षक, प्रस्तावना तथा ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरुको सट्टा "संघीय संसद" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

८५. **<u>मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन</u>**ः मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को,-

(१) दफा १३ को,-

(क) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन्ः-

"(१क) नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ।

(१ख) नेपाल सरकारले स्थापना गरेका पुनर्स्थापना केन्द्रलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता केन्द्र प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१क) र (१ख) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले स्थापना र सञ्चालन गरेको केन्द्रको अनुगमन सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले गर्नेछ।"

(२) दफा १४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) दफा १३ को उपदफा (१क) र (१ख) बमोजिम स्थापना तथा हस्तान्तरण भएका पुनर्स्थापना केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्न चाहने प्रदेश सरकारले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी

प्रदेश कानून बमोजिम र स्थानीय तहले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी स्थानीय कानून बमोजिम पुनर्स्थापना कोष स्थापना गर्न सक्नेछन्।"

८६. **<u>सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा संशोधनः</u>** सूचनाको हक सम्बन्धी ऐन, २०६४ को,-

(१) दफा २ को खण्ड (क) को,-

(क) उपखण्ड (३) पछि देहायका उपखण्ड (३क) र (३ख) थपिएका छन्:-

"(३क) प्रदेश सरकारका कार्यालय वा प्रदेश सरकारद्धारा गठित निकाय,

(३ख) स्थानीय तह वा त्यसका कार्यालयहरु,"

(ख) उपखण्ड (८) पछि देहायको उपखण्ड (८क), (८ख) र (८ग) थपिएका छन्:-

"(८क) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा प्रदेश सरकारको अनुदान प्राप्त संगठित संस्था,

(८ख) प्रदेश सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,

(८ग) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रदेश सरकारबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरु,"

(२) दफा ११ को उपदफा (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) सञ्चार तथा सूचना प्रविधि मन्त्री वा राज्यमन्त्री - सदस्य"

(३) दफा २६ मा रहेका "सूचना तथा सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

८७. **<u>सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा संशोधनः</u>** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को,-

(१) दफा ३ को,-

(क) उपदफा (१) मा रहेका "क्षेत्रीय स्तर, अञ्चल स्तर," भन्ने शब्दहरूको सट्टा "प्रदेशस्तर" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (२) मा रहेका "क्षेत्र, अञ्चल र" भन्ने शब्दहरूको सट्टा "प्रदेश र" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ७ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्रदेश सरकार, गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आफ्नो प्रशासनिक कार्य सम्पादन गर्दा उपदफा (१) मा उल्लिखित नेपाल सरकारले अख्तियार गरेका नीतिको अधीनमा रही आवश्यक नीतिहरू अख्तियार गर्नेछन्।"

(ख) उपदफा (२) मा रहेका "नीतिलाई कार्यान्वयन गर्न नेपाल सरकारले" भन्ने शब्दहरु पछि "र उपदफा (१क) बमोजिम अख्तियार गरेका नीतिलाई कार्यान्वयन गर्न प्रदेश सरकार, गाँउ कार्यपालिका वा नगर कार्यपालिकाले" भन्ने शब्दहरू थपिएका छन्।

(३) दफा १३ पछि देहायको दफा १३क. थपिएको छः-

"१३क. <u>प्रदेश र स्थानीय तहको प्रशासनिक कार्य सञ्चालन तथा जिम्मेवारीः</u>

प्रदेश वा स्थानीय तहले सञ्चालन गर्ने प्रशासनिक कार्य र जिम्मेवारी तथा प्रशासनिक कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा प्रदेश वा स्थानीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

(४) दफा ३० को उपदफा (१) मा रहेका "क्षेत्रीय, अञ्चल," भन्ने शब्दहरूको सट्टा "प्रदेश," भन्ने शब्द राखिएका छन्।

(५) दफा ३८ को उपदफा (२) मा रहेका "क्षेत्रीय, अञ्चल," भन्ने शब्दहरूको सट्टा "प्रदेश" भन्ने शब्द राखिएको छ।

(६) दफा ४१ को उपदफा (३) मा रहेका "प्रगति सम्बन्धी प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष" भन्ने शब्दहरूको सट्टा "प्रगति सम्बन्धमा

नेपालको संविधानको धारा ५३ बमोजिमको प्रतिवेदनमा समावेश गरी संघीय संसद समक्ष" भन्ने शब्दहरू राखिएका छन्।

८८. **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ मा संशोधनः** पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को,-

(१) दफा ७ को उपदफा (२) को,-

(क) खण्ड (झ) मा रहेका "शिक्षा तथा खेलकूद मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (ढ) मा रहेका "ललितपुर उपमहानगरपालिका" भन्ने शब्दहरूको सट्टा "ललितपुर महानगरपालिका" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ३३ को उपदफा (१) मा रहेका "प्रवेशिका" भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू थपिएका छन्।

(३) दफा ३४ को उपदफा (१) मा रहेका "प्रवेशिका" भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू र "प्रविणता प्रमाणपत्र तह" भन्ने शब्दहरू पछि "वा सो सरह" भन्ने शब्दहरू थपिएका छन्।

(४) दफा ३५ को उपदफा (१) को स्पष्टीकरण खण्डमा रहेका "प्रवेशिका" भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू थपी सोही उपदफामा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरूको सट्टा "गाउँपालिका" भन्ने शब्दहरू राखिएका छन्।

८९. **विभूषण ऐन, २०६४ मा संशोधनः** विभूषण ऐन, २०६४ को,-

(१) दफा ५ को,-

(क) उपदफा (१) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) प्रदेश सरकारसँग सम्बन्धित पदाधिकारी र कर्मचारी तथा प्रदेश सरकारसँग सम्बन्धित तर सरकारी सेवामा नरहेका कुनै व्यक्तिको हकमा सम्बन्धित प्रदेशको मुख्य मन्त्रीले,"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) स्थानीय तहसँग सम्बन्धित कुनै पदाधिकारी, कर्मचारी वा महानुभावले आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई योगदान पुऱ्याएको भएमा त्यस्तो पदाधिकारी वा कर्मचारी वा महानुभावले पुऱ्याएको योगदानको विवरण सहित सम्बन्धित स्थानीय तहले नेपाल सरकारको गृह मन्त्रालय समक्ष पठाउनु पर्नेछ र यसरी प्राप्त भएका विवरण समेतको आधारमा उपयुक्त व्यक्तिको नाम गृहमन्त्रीले सिफारिस समितिमा पठाउनु पर्नेछ।"

(ग) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) विभूषण सिफारिस सम्बन्धी अन्य प्रकृया नेपाल सरकारको गृह मन्त्रालयले तोके बमोजिम हुनेछ।"

(२) दफा ७ को उपदफा (१) मा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले" भन्ने शब्द राखिएको छ।

९०. **स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ मा संशोधनः** स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा ५ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) प्रमुख विशेषज्ञ, नीति, योजना तथा अनुगमन र गुणस्तर मापन तथा नियमन, मन्त्रालय -अध्यक्ष"

९१. **घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधनः** घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को,-

(१) दफा ९ को ठाउँ ठाउँमा रहेका "महिला तथा बालबालिका कार्यालय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखी "सो कार्यालयले" भन्ने शब्दहरु झिकिएका छन्।

(२) दफा ११ को,-

(क) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन्:-

"(१क) नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्नेछन्।

(१ख) नेपाल सरकारले स्थापना गरेका सेवा केन्द्रलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता सेवा केन्द्र प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१क) र (१ख) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले स्थापना र सञ्चालन गरेको सेवा केन्द्रको अनुगमन सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले गर्नेछ।"

(३) दफा १२ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) दफा ११ को उपदफा (१क) र (१ख) बमोजिम स्थापना तथा हस्तान्तरण भएका सेवा केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्न चाहने प्रदेश सरकारले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी प्रदेश कानून बमोजिम र स्थानीय तहले आफ्नो श्रोतबाट व्यवस्था गर्ने गरी स्थानीय कानून बमोजिम सेवा कोष स्थापना गर्न सक्नेछ।"

(४) दफा १२क. को सट्टा देहायको दफा १२क. राखिएको छः-

"१२क. <u>संरक्षण अधिकृतः</u> स्थानीय तहले घरेलु हिसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्ने काम समेतका लागि एकजना संरक्षण अधिकृत तोक्न सक्नेछ।"

९२. **<u>कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ मा संशोधनः</u>** कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को,-

(१) दफा २ को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) "पिछडिएको क्षेत्र" भन्नाले हुम्ला, डोल्पा, मुगु, कालिकोट, जुम्ला, जाजरकोट, बाजुरा, बझाङ र अछाम जिल्ला सम्झनु पर्छ।"

(२) दफा ७ को उपदफा (२) को खण्ड (ज) मा रहेका "शिक्षा मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ३२ को ठाउँ ठाउँमा रहेका "प्रवेशिका परीक्षा" भन्ने शब्दहरूको सट्टा "प्रवेशिका परीक्षा वा सो सरह" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ३४ को उपदफा (१) मा रहेको "प्रवेशिका" भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू थपी सोही उपदफाको स्पष्टीकरणमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरूको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ।

९३. **<u>जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ मा संशोधन</u>** : जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ को,–

(१) दफा ४ को ठाउँ ठाउँमा रहेका "जात, जाति, वंश, समुदाय वा पेशा" भन्ने शब्दरुको सट्टा "जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था" भन्ने शब्दहरु राखिएका छन् ।

(२) लामो शीर्षक, संक्षिप्त नाम र प्रारम्भ लगायत ठाउँ ठाउँमा रहेका "जातीय भेदभाव तथा छुवाछूत", "छुवाछूत तथा भेदभाव", "जातीय भेदभाव वा छुवाछूत" तथा "जातीय छुवाछूत वा भेदभाव" भन्ने शब्दहरुको सट्टा "जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।"

९४. **<u>कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा संशोधनः</u>** कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा १४ को उपदफा (२) मा रहेका "सम्बन्धित क्षेत्रको क्षेत्रीय प्रशासकलाई" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित प्रदेशको प्रमुख सचिवलाई" भन्ने शब्दहरू राखिएका छन्।

९५. **<u>बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ मा संशोधनः</u>** बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ को,-

(१) दफा १२ को उपदफा (२) र (३) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १५ मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले" भन्ने शब्दहरू राखिएका छन्।

९६. **<u>पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ मा संशोधनः</u>** पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ को,-

(१) दफा २ को खण्ड (ठ) मा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ७ को उपदफा (२) को खण्ड (ज) र (ट) को सट्टा देहायका खण्ड (ज) र (ट) राखिएका छन्:-

"(ज) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ट) प्रमुख, पोखरा महानगरपालिका -सदस्य"

(३) दफा ३१ को उपदफा (१) मा रहेका "प्रवेशिका परीक्षा" भन्ने शब्दहरूको सट्टा "प्रवेशिका परीक्षा वा सो सरह" भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा ३३ को उपदफा (१) मा रहेका "प्रवेशिका" भन्ने शब्दहरूको सट्टा "प्रवेशिका परीक्षा वा सो सरह" भन्ने शब्दहरू राखिएका छन्।

९७. **खोप ऐन, २०७२ मा संशोधनः** खोप ऐन, २०७२ को,-

(१) दफा २ को खण्ड (ट) मा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा १५ को खण्ड (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (घ), (ङ) र (च) राखिएका छन्:-

"(घ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ङ) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(च) सहसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय -सदस्य"

९८. **स्थानीय तह निर्वाचन ऐन, २०७३ मा संशोधनः** स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) मा राखिएको छः-

"(२) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख, गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडाअध्यक्ष एवं नगरपालिकाको प्रमुख, उपप्रमुख तथा वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा बाँकी पदावधिको लागि निर्वाचन आयोगको परामर्श लिई नेपाल सरकारले तोकेको मितिमा त्यस्तो रिक्त पद उपनिर्वाचनद्वारा पूर्ति गरिनेछ।

तर एक वर्ष भन्दा कम पदावधि बाँकी रहेको अवस्थामा उपनिर्वाचन गरिने छैन।"

९९. **बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा संशोधनः** बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ३९ पछि देहायको दफा ३९क. थपिएको छः-

"३९क. **प्रदेशमा वित्तीय संस्थाको सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) नेपाल राष्ट्र बैङ्कले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही प्रदेशस्तरमा सीमित रही वित्तीय संस्थाको सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको वित्तीय संस्थाले नेपाल राष्ट्र बैङ्कबाट निर्धारित ईजाजत नीतिको अधीनमा रही प्रदेशले बनाएको कानून बमोजिम ईजाजतपत्र लिनु पर्नेछ।

(३) यस दफा बमोजिम सञ्चालन भएका वित्तीय संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षण नेपाल राष्ट्र बैङ्कबाट हुनेछ।

(४) प्रदेशस्तरका वित्तीय संस्थाको सञ्चालन सम्बन्धी अन्य व्यवस्था यस ऐनको अधीनमा रही सम्बन्धित प्रदेशको कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।"

१००. **विद्युत नियमन आयोग ऐन, २०७४ मा संशोधनः** विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "मन्त्रालय" भन्नाले उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सम्झनु पर्छ।"

१०१. **राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ मा संशोधनः** राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को,-

(१) दफा ३३ को उपदफा (१) मा रहेको "प्रवेशिका" भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू र "प्रविणता प्रमाणपत्र तह" भन्ने शब्दहरू पछि "वा सो सरह" भन्ने शब्दहरू थपिएका छन्।

(२) दफा ३४ को उपदफा (१) मा रहेको "प्रवेशिका" भन्ने शब्द पछि "वा सो सरह" भन्ने शब्दहरू थपिएका छन्।

१०२. **स्वास्थ्य बीमा ऐन, २०७४ मा संशोधनः** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २ को खण्ड (ज) मा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

१०३. **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा संशोधनः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को,-

(१) दफा ३१ मा रहेका "नेपाल सरकारले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरुको सट्टा "महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा

परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३२ को उपदफा (१) मा रहेका "नेपाल सरकारले तोकेको ढाँचामा" भन्ने शब्दहरुको सट्टा "महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भएको ढाँचामा" भन्ने शब्दहरु राखिएका छन्।

१०४. **उपभोक्ता संरक्षण ऐन,२०७५ मा संशोधनः** उपभोक्ता संरक्षण ऐन,२०७५ को,-

(१) दफा १७ को उपदफा (१) मा रहेका "ढुवानी वा बिक्री वितरणमा अवरोध गर्नु हुँदैन" भन्ने शब्दहरूको सट्टा "ढुवानी गर्नु हुँदैन" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ४० को उपदफा (४) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरू पछि "वा उपदफा (३)" भन्ने शब्दहरू थपिएका छन्।

१०५. **सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधनः** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३० मा रहेका "संघीय मामिला विषय हेर्ने मन्त्रालयले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको गृह मन्त्रालयले" भन्ने शब्दहरू राखिएका छन्।

१०६. **खारेजी र बचाउः** (१) देहायका ऐनहरू खारेज गरिएका छन्:-

(क) विदेशी लगानी कर ऐन, २०१९

(ख) घर जग्गा कर ऐन, २०१९

(ग) रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०१९

(घ) सवारी साधन कर ऐन, २०३१

(ङ) सम्पत्ति कर ऐन, २०४७

(२) उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष दायर भई छिन्न बाँकी रहेका मुद्दा,निवेदन र प्रतिवेदनहरू तत् तत् अधिकारीबाटै सोही ऐन बमोजिम कारबाही र किनारा गर्न बाधा पर्ने छैन।

(३) यो दफा प्रारम्भ हुँदाका बखत रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०१९ बमोजिम ठेक्का लगाएको भएमा त्यस्तो ठेक्का करार बमोजिमको अवधि समाप्त नभएसम्म त्यस्तो ऐन बमोजिम ठेक्कालाइ निरन्तरता दिन तथा ठेक्का बमोजिमको रकम उठाउन बाँकी भएकोमा बाँकी रकम उठाउन बाधा पर्ने छैन।

(४) उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम कसूर भएको उजुरी परी अनुसन्धानको क्रममा रहेको भएमा सो ऐन बमोजिम नै अनुसन्धान र अभियोजन गर्न बाधा पर्ने छैन।

प्रतिनिधि सभाले पारित गरेको मितिः २०७५/१०/२९
राष्ट्रिय सभाले संशोधन सहित पारित गरेकोः २०७५/११/१५
प्रतिनिधि सभाले पुनः पारितः २०७५/११/१८
प्रमाणीकरण मितिः २०७५/११/१९

निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः सरकारी कर्मचारीको लागि योगदानमूलक निवृत्तभरण प्रणाली लागू गर्न तथा प्रचलित कानून बमोजिम सरकारी कोषबाट निवृत्तभरण पाउने गरी नियुक्त भएका कर्मचारीले अवकाश पछि पाउने निवृत्तभरण वा उपदान रकमलाई व्यवस्थित गर्ने सम्बन्धमा निवृत्तभरण कोषको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघीय संसद्‌ले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "निवृत्तभरण कोष ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अवकाश" भन्नाले कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून बमोजिम उमेर वा सेवा अवधिको कारण हुने अवकाश सम्झनु पर्छ र सो शब्दले जुनसुकै कारणले सेवा निवृत्त भएको अवस्थालाई समेत जनाउँछ।

(ग) "कर्मचारी" भन्नाले दफा ९ बमोजिम योगदानमूलक निवृत्तभरण प्रणालीमा आबद्ध हुने सरकारी कर्मचारी सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले योगदानमूलक निवृत्तभरण प्रणालीमा आबद्ध हुने कर्मचारी कार्यरत रहेको सरकारी सेवासँग सम्बन्धित कार्यालय सम्झनु पर्छ।

(ङ) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको निवृत्तभरण कोष सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ज) "योगदानमूलक निवृत्तभरण प्रणाली" भन्नाले कर्मचारीको मासिक तलबबाट रकम कट्टा गरी कोषमा जम्मा गर्ने तथा सो कोषमा नेपाल सरकारका तर्फबाट थप गरिने रकम र अवकाश हुँदा सोही कोषबाट निवृत्तभरण वा रकम प्रदान गर्ने प्रणाली सम्झनु पर्छ।

(झ) "व्यक्तिगत खाता" भन्नाले दफा ११ बमोजिम कर्मचारीको नाममा रहेको व्यक्तिगत निवृत्तभरण खाता सम्झनु पर्छ।

(ञ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ।

(ट) "समिति" भन्नाले दफा ६ बमोजिमको कोषको सञ्चालक समिति सम्झनु पर्छ।

(ठ) "सेवा" भन्नाले यस ऐन बमोजिम योगदानमूलक निवृत्तभरण प्रणालीमा समावेश भएका कर्मचारीको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिमको सेवा सम्झनु पर्छ।

परिच्छेद-२

कोषको स्थापना

३. **कोषको स्थापना:** (१) कर्मचारीलाई निवृत्तभरण लगायतको रकम उपलब्ध गराउने प्रयोजनको लागि निवृत्तभरण कोष नामको एक कोषको स्थापना गरिनेछ।

(२) कोषको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र कोषले आवश्यकता अनुसार प्रदेश स्तरीय कार्यालय वा शाखा कार्यालय खोल्न तथा कुनै ठाउँमा कोषको कामको लागि प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

४. **कोष स्वशासित र सङ्गठित संस्था हुने:** (१) कोष अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) कोषको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) कोषले यस ऐनको अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, सञ्चय गर्न, बेच बिखन गर्न र त्यस्तै अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) कोषले आफ्नो नामबाट नालिस उजूर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

५. **<u>कोषमा रहने रकमः</u>** (१) कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) कर्मचारीको मासिक तलबबाट दफा १० बमोजिम कट्टा गरिएको रकम,

(ख) यो ऐन प्रारम्भ हुनु अघि दफा १६ बमोजिमको सेवामा निवृत्तभरण पाउने गरी नियुक्त भएका कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षकलाई निवृत्तभरण तथा उपदान उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले वार्षिक रुपमा उपलब्ध गराएको रकम,

(ग) कोषको रकम लगानीबाट प्राप्त ब्याज, लाभांश तथा मुनाफा समेतको रकम,

(घ) योगदानमूलक निवृत्तभरण प्रणाली सञ्चालनको लागि कोषलाई प्राप्त अन्य रकम,

(ङ) नेपाल सरकारले प्रयोजन तोकी उपलब्ध गराएको रकम।

(२) कर्मचारीलाई निवृत्तभरण लगायतको रकम उपलब्ध गराउने कार्यलाई सहज तथा दिगो बनाउन नेपाल सरकारले समय समयमा कोषमा थप रकम उपलब्ध गराउनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम कोषलाई प्राप्त भएको रकम समितिले तोकेको नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

परिच्छेद-३

<u>सञ्चालक समिति सम्बन्धी व्यवस्था</u>

६. **<u>सञ्चालक समितिको गठन:</u>** (१) कोषको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कामका लागि एक कोष सञ्चालक समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारले तोकेको विशिष्ट श्रेणीको अधिकृत -अध्यक्ष

(ख) सहसचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(घ) सहसचिव, कर्मचारी प्रशासन सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय -सदस्य

(ङ) कार्यकारी निर्देशक -सदस्य-सचिव

७. **<u>समितिको बैठक र निर्णय:</u>** (१) समितिको बैठक कम्तीमा दुई महिनामा एकपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूची बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगाडि सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(३) अध्यक्ष सहित तीनजना सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुमध्येबाट तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकमा उपस्थित सदस्यको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(७) समितिले बैठकमा कुनै विज्ञ वा नेपाल सरकारको कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) अध्यक्ष तथा सदस्यले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन्।

८. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) योगदानमूलक निवृत्तभरण प्रणालीलाई भरपर्दो र प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ख) कोषको वार्षिक कार्यक्रम तथा योजना स्वीकृत गर्ने,

(ग) कोषको पूँजी व्यवस्थापन र लगानीका आधार (नर्मस) तथा मापदण्ड निर्धारण गर्ने,

(घ) कोषलाई दिगो, भरपर्दो र व्यवस्थित बनाउन आवश्यक कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम निवृत्तभरण वा उपदान उपलब्ध गराउनु पर्ने कर्मचारीलाई सरल ढङ्गले रकम पाउने व्यवस्था गर्ने,

(च) मितव्ययी र व्यवस्थित रुपमा कोषको सञ्चालन गर्ने,

(छ) सरकारी कर्मचारी बाहेकका कर्मचारीलाई योगदानमूलक निवृत्तभरण प्रणालीमा आवद्ध गर्ने सम्बन्धमा आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ज) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

परिच्छेद-४

<u>योगदानमूलक निवृत्तभरण प्रणाली सम्बन्धी व्यवस्था</u>

९. **<u>योगदानमूलक निवृत्तभरण प्रणालीमा समावेश गरिने:</u>** यो ऐन प्रारम्भ भएपछि देहायका सरकारी सेवामा स्थायी रुपमा नियुक्त हुने कर्मचारीलाई दफा १० बमोजिम कोषमा योगदान गर्ने गरी योगदानमूलक निवृत्तभरण प्रणालीमा समावेश गरिनेछः-

(क) निजामती सेवा,

<u>स्पष्टीकरणः</u> यस खण्ड तथा दफा १६ को उपदफा (१) को खण्ड (क) को प्रयोजनका लागि "निजामती सेवा" भन्नाले नेपाल स्वास्थ्य सेवा तथा व्यवस्थापिका-संसद सेवा समेत सम्झनु पर्छ।

(ख) नेपाली सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपालको सेवा र नेपाल विशेष सेवा।

१०. **<u>निवृत्तभरण कोषमा कर्मचारीको योगदानः</u>** (१) कार्यालयले कर्मचारीको मासिक तलबबाट छ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी वेतलबि वा असाधारण बिदामा रहेको वा निलम्बन भएकोमा त्यस्तो विदामा रहेको वा निलम्बन भएको अवधिभर कोषमा रकम जम्मा गरिने छैन।

तर त्यस्तो कर्मचारीलाई लगाइएको अभियोग प्रमाणित नभई निलम्बन फुकुवा भएमा कार्यालयले निजले पाउने तलब वापतको रकमबाट कट्टा गरी निलम्बनमा रहेको अवधिको उपदफा (१) बमोजिमको एकमुष्ट रकम कोषमा जम्मा गर्नु पर्नेछ।

(३) कोषले यस दफा बमोजिम कार्यालयबाट प्राप्त भएको रकम तोकिएको अवधिभित्र कर्मचारीको व्यक्तिगत खातामा नियमित रुपले जम्मा गर्नु पर्नेछ।

११. **<u>कर्मचारीको व्यक्तिगत निवृत्तभरण खाताः</u>** (१) प्रत्येक कर्मचारीको लागि कोषमा छुट्टै व्यक्तिगत निवृत्तभरण खाता रहनेछ।

(२) कोषले दफा ९ बमोजिमको सेवामा कार्यरत कर्मचारीको मासिक तलबबाट कट्टा भई प्राप्त भएको रकम, नेपाल सरकारबाट थप भएको रकम, सो को ब्याज र कोषले आर्जन गरेको मुनाफाको तोकिए बमोजिमको रकम कर्मचारीको व्यक्तिगत खातामा जम्मा गर्नु पर्नेछ।

(३) कोषले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको रकम, सोको ब्याज तथा मुनाफा समेत जोडी त्यसको विवरण अद्यावधिक गर्नु पर्नेछ।

(४) कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको रकमको विवरण सरल र सहज किसिमले हेर्न वा त्यस्तो विवरणको प्रति चाहेको बखत सम्बन्धित कर्मचारीले प्राप्त गर्न सक्ने गरी कोषले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

१२. **<u>निवृत्तभरण पाउने:</u>** (१) बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरी सेवाबाट अलग भएका कर्मचारीले कोषबाट मासिक रुपमा देहाय बमोजिमको हिसाबले आजीवन निवृत्तभरण पाउनेछः-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

(२) नेपाल सरकारले कोषबाट निवृत्तभरण पाउने कर्मचारीको निवृत्तभरण रकममा प्रत्येक तीन वर्ष पुगेपछिको अर्को महिनादेखि खाइपाई आएको निवृत्तभरण रकमको १० प्रतिशतले हुन आउने रकम थप गरी भुक्तानी गर्नेछ।

१३. **<u>पारिवारिक निवृत्तभरण दिइने:</u>** (१) बीस वर्ष सेवा अवधि पूरा गरेको कुनै कर्मचारीको दफा १२ बमोजिम निवृत्तभरण लिनु अगावै वा निवृत्तभरण लिएपछि मृत्यु भएमा निजको सगोलको पति वा पत्नीलाई कर्मचारीले पाउने निवृत्तभरण रकमको पचास प्रतिशत रकम पारिवारिक निवृत्तभरणको रुपमा दिइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत्यु भएको कर्मचारीको सगोलको पति वा पत्नी नभएमा, पारिवारिक निवृत्तभरण लिन थालेपछि त्यस्तो पति वा पत्नीको मृत्यु भएमा वा त्यस्तो पति वा पत्नीले अर्को विवाह गरेमा मृत्यु भएको कर्मचारीको नाबालिग सन्तान अठार वर्ष उमेर नपुगेसम्म त्यस्तो पारिवारिक निवृत्तभरण पाउनेछ।

(३) उपदफा (२) बमोजिम कुनै कर्मचारीको एकभन्दा बढी नाबालिग सन्तानले पारिवारिक निवृत्तभरण पाउने अवस्थामा त्यस्तो निवृत्तभरण दामासाहीले उपलब्ध गराइनेछ।

१४. **<u>सेवाबाट अलग भएमा रकम पाउने:</u>** (१) कुनै कर्मचारी बीस वर्ष सेवा अवधि पूरा नहुँदै जुनसुकै कारणवश सेवामा नरहेमा निजको व्यक्तिगत खातामा जम्मा भएको रकम, ब्याज र मुनाफा समेत निजले एकमुष्ट रुपमा पाउनेछ।

(२) कुनै कर्मचारीको बीस वर्ष सेवा अवधि पूरा नहुँदै मृत्यु भएमा निजको व्यक्तिगत खातामा जम्मा भएको रकम, सोको ब्याज तथा मुनाफा समेत निजले इच्छाएको व्यक्तिले एकमुष्ट रुपमा पाउनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत्यु भएको कर्मचारीले कसैलाई नइच्छाएको वा इच्छाएको व्यक्तिको समेत मृत्यु भईसकेको अवस्थामा त्यस्तो कर्मचारीलाई हेरचाह गरेको निजको हकवाला वा त्यस्तो हकवाला पनि नभए प्रचलित कानून बमोजिमको हकवालाले त्यस्तो रकम पाउनेछ।

(४) कर्मचारीले कोषबाट रकम फिर्ता पाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **तलबबाट कट्टी भएको रकम र सोको ब्याज मात्र पाउने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएमा निजको मासिक तलबबाट कट्टी भएको रकम र त्यस्तो रकमबाट प्राप्त गरेको ब्याज मात्र निजले फिर्ता पाउनेछ।

परिच्छेद-५

कोष मार्फत निवृत्तभरण वा उपदान प्रदान गर्ने सम्बन्धी व्यवस्था

१६. **कोष मार्फत निवृत्तभरण वा उपदान भुक्तानी गरिने:** (१) यो ऐन प्रारम्भ हुनु अघि सरकारी कोषबाट निवृत्तभरण पाउने गरी देहायका सेवामा स्थायी नियुक्ति भएका कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षकलाई उपलब्ध गराउनु पर्ने निवृत्तभरण वा उपदान तथा यो ऐन प्रारम्भ हुँदाका बखत सरकारी कोषबाट निवृत्तभरण पाइरहेका त्यस्तो कर्मचारी वा सामुदायिक विद्यालयका शिक्षकलाई उपलब्ध गराउनु पर्ने निवृत्तभरण बापतको रकम कोष मार्फत भुक्तानी गरिनेछ-

(क) निजामती सेवा,

(ख) नेपाली सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपालको सेवा र नेपाल विशेष सेवा,

(ग) नेपाल शिक्षक सेवा।

(२) उपदफा (१) बमोजिम निवृत्तभरण वा उपदान भुक्तानी गर्ने प्रयोजनको लागि आवश्यक पर्ने रकम प्रत्येक वर्ष नेपाल सरकारले कोषलाई उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको रकम कोषले अलग्गै खातामा राखी व्यवस्थापन गर्नु पर्नेछ।

१७. **संस्था मार्फत भुक्तानी गरिने:** कोषले यस ऐन बमोजिम प्रदान गरिने निवृत्तभरण लगायतको रकम तोकिए बमोजिमको संस्थासँग सम्झौता गरी सो संस्थामार्फत सम्बन्धित व्यक्तिलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनेछ।

परिच्छेद-६

कोषको रकम लगानी सम्बन्धी व्यवस्था

१८. **कोषमा रहेको रकम लगानी गर्न सक्ने:** (१) कोषले मौज्दात रहेको रकम देहाय बमोजिम लगानी गर्न सक्नेछः-

(क) नेपाल सरकारले जारी गरेको ऋणपत्रमा,

(ख) वाणिज्य बैंङ्कको नगद प्रमाणपत्र मुद्दति निक्षेपमा,

(ग) उपयुक्त बैंङ्क जमानत लिई कोषले उपयुक्त ठहर्याएको वित्तीय संस्थाको नगद प्रमाणपत्र मुद्दति डिपोजिटमा,

(घ) नेपाल सरकारको जमानतमा कोषले तोकेको शर्तमा कुनै उद्योग वा सङ्गठित संस्थालाई ऋणमा,

(ङ) बैंङ्क र वित्तीय संस्थाको अधिकतम पच्चिस प्रतिशत सम्मको शेयरमा लगानी,

(च) कुनै बैंङ्क वा वित्तीय संस्थासँग मिली सह-वित्तीयकरणको आधारमा धितो विभाजन (पारिपासु) गर्ने गरी आपसमा भएको सम्झौता अनुसार संयुक्त कर्जामा,

(छ) अधिकतम पच्चिस प्रतिशतमा नबढ्ने गरी कुनै कम्पनी वा सङ्गठित संस्थाले जारी गरेको डिबेन्चरमा,

(ज) कोष आफैंले वा अरू संस्थासँग मिली कर्मचारी आवास परियोजना सञ्चालन गर्ने, जग्गा खरिद गरी भवन निर्माण गर्ने र भवन बहालमा दिने जस्ता कार्यमा,

(झ) कोषले उपयुक्त ठहराएको क्षेत्रमा नेपाल सरकारको स्वीकृति प्राप्त गरी पर्याप्त धितो वा जमानी लिई लगानीमा,

(ञ) कोषको सुरक्षालाई ध्यानमा राखी नेपाल सरकारको स्वीकृति लिई कर्मचारीको हितको कुनै काममा,

(ट) मन्त्रालयको स्वीकृति लिई उत्पादनमुलक क्षेत्रका उद्योगमा,

(ठ) नेपाल सरकारको परियोजनामा,

(ड) कोषको पूँजी पर्याप्तताका आधारमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिइ अन्तर्राष्ट्रिय बण्ड वा विदेशी मुद्रामा,

(ढ) नेपाल सरकारले बिक्री गर्ने ट्रेजरी बिलमा,

(ण) यस ऐन अन्तर्गत कोषले गर्नु पर्ने अन्य आवश्यक काममा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषले कम्तीमा तीन वर्षलाई निवृत्तभरण प्रदान गर्न पुग्ने रकम कोषमा मौज्दात रहने गरी लगानी योजना बनाउनु पर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित कार्यको लागि कोष आँफैले वा तोकिएको आधारमा नेपाल सरकारले तोकेको अन्य संस्थासँगको संयुक्त लगानीमा सहायक कम्पनी वा संस्था स्थापना गर्न सक्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम लगानी गर्नु अघि कोषले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

१९. **<u>कोषको सुरक्षाः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कुराहरुको सम्बन्धमा देहाय बमोजिम हुनेछः-

(क) कोषमा कर्मचारीको व्यक्तिगत खातामा जम्मा रहेको रकममा कर्मचारीका अंशियारहरु कसैको अंश बापत हक नलाग्ने,

(ख) अदालतको फैसला वा अन्य कुनै आधारमा कोषबाट कर्मचारीले पाउने रकममा साहुको दाबी नलाग्ने,

(ग) प्रचलित कानून अन्तर्गत सर्वस्व जायजात हुने वा रकम असूल गर्नु पर्ने अवस्थामा कोषबाट कर्मचारीले पाउने रकम कट्टा गर्न नपाइने,

(घ) सरकारी रकम-कलम बाँकी लिनु पर्नेमा कोषबाट कर्मचारीले पाउने रकम कट्टा गर्न नपाइने,

(ङ) कोषमा रहेको कर्मचारीको व्यक्तिगत खातामा रहेको वा कोषको मुनाफा बापत कर्मचारीले प्राप्त गरेको रकममा आयकर नलाग्ने,

(च) कुनै कम्पनीमा कोषको रकम लगानी भएको वा कोषबाट ऋण लिएकोमा सो कम्पनी विघटन भै त्यसको जायजेथा वितरण हुँदा कोषको लगानी, त्यस बापतको लाभांश र ऋणको असूल उपर हुन बाँकी रकम बापत त्यस्तो कम्पनीको जायजेथा उपर कोषको सबैभन्दा पहिलो हक रहने,

(छ) कुनै व्यक्तिबाट कोषले कुनै रकम लिन बाँकी भएकोमा त्यस्तो व्यक्तिको जायजेथा साहुहरुको दामासाहीमा परेमा निजको जायजेथा उपर कोषको लिनु पर्ने रकम बापत सबैभन्दा पहिलो हक रहने,

(ज) कोषले कुनै सङ्गठित संस्थासँग धितो लिएको जायजेथाबाट सम्पूर्ण रकम असूल हुन नसकेमा प्रचलित कानून बमोजिम त्यस्तो सङ्गठित संस्थाको अन्य सम्पत्तिबाट बाँकी रकम असूल उपर गर्न सक्ने,

(झ) कुनै व्यक्तिले आफूले गरी दिएको लिखत अनुसार कोषलाई बुझाउनु पर्ने सापटी, पेश्की, ऋण वा ब्याजको रकम समयमा नबुझाएमा सो समय नाघेको पैंतीस दिनपछि त्यस्तो व्यक्तिले कोषलाई धितो वा भोगबन्धकी लेखिदिएको वा जमानीले जेथा जमानीमा लेखिदिएको घर, जग्गा वा अन्य कुनै पनि सम्पत्ति कोषले लिलाम बिक्री गरी त्यस्तो रकम असूल उपर गर्न सक्ने र यसरी लिलाम बिक्री हुँदा कसैले नसकारेमा कोषले त्यस्तो सम्पत्ति सकार गर्न सक्ने,

(ञ) कोषले लिखत गराई कुनै सम्पत्ति धितो लिएको लिखतमा उल्लेख भएको शर्त बमोजिमको म्यादभित्र धितो कब्जा गर्न वा कर्जा असूल गर्न कारबाही

प्रारम्भ नगरेको कारणले मात्र धितो माथिको कोषको अधिकार समाप्त नहुने,

(ट) कोषले कुनै व्यक्तिलाई अचल सम्पत्तिको धितोमा ऋण वा सापटी दिँदा पाँच वर्षभन्दा बढीको भाखा राख्न सक्ने।

(२) उपदफा (१) को खण्ड (झ) बमोजिम कोषले सकार गरेको सम्पत्ति नामसारी दाखिल खारेजको लागि कोषले मालपोत कार्यालय वा सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र यसरी लेखी आएकोमा त्यस्तो कार्यालयले आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार नामसारी, दाखिल, खारेज गरी दिनु पर्नेछ।

(३) कोषमा एउटा प्रयोजनको लागि प्राप्त भएको रकम अर्को प्रयोजनको लागि खर्च गर्न पाइने छैन।

२०. **कोषलाई दस्तुर नलाग्ने:** कोषले ऋण लगानी गरेको सङ्गठित संस्थाबाट लिखत गराई धितो लिँदा वा धितो लिएको सम्पत्ति कोषको नाममा पारित गराउँदा वा कोषले कुनै अचल सम्पत्ति खरीद बिक्री गर्दा त्यस्तो कारोबारमा कोषलाई कुनै आय टिकट वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

परिच्छेद-७

कार्यकारी निर्देशक र कर्मचारी सम्बन्धी व्यवस्था

२१. **कार्यकारी निर्देशक:** (१) कोषको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) नेपाल सरकारले कार्यकारी निर्देशकको नियुक्तिको लागि सिफारिस गर्न सम्बन्धित विषयका विज्ञहरु समेत रहेको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, वाणिज्य वा कानूनमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी उद्योग, वाणिज्य, व्यापार, सार्वजनिक प्रशासन, राजस्व प्रशासन, व्यवस्थापन वा कानूनको क्षेत्रमा कम्तीमा बाह्र वर्षको अनुभव प्राप्त व्यक्तिहरू मध्येबाट खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न तीनजना व्यक्तिको नाम नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएको व्यक्तिहरु मध्येबाट नेपाल सरकारले उपयुक्त व्यक्तिलाई कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नेछ।

(५) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको काम सन्तोषजनक देखिएमा निजलाई पुनः अर्को एक पटकको लागि कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्न सकिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा कोषको हित विपरीत कुनै काम कारबाही गरेको देखिएमा नेपाल सरकारले समितिको सिफारिसमा निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको नियुक्ति नभएको वा कार्यकारी निर्देशक निलम्बनमा परेको अवस्थामा मन्त्रालयले निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको कुनै अधिकृतलाई कार्यकारी निर्देशकको रुपमा कामकाज गर्ने गरी तोक्न सक्नेछ।

२२. **<u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u>** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषको नीति तथा वार्षिक कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्ने,

(ख) कोषमा जम्मा भएको रकमको सुरक्षित लगानीका क्षेत्रहरु पहिचान गरी समिति समक्ष सिफारिस गर्ने,

(ग) कोषको सम्पत्ति तथा जायजेथाको संरक्षण र व्यवस्थापन गर्ने,

(घ) समितिमा छलफल हुने प्रस्ताव तयार गर्ने,

(ङ) कोषको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(च) कोषको काम कारबाहीको निरीक्षण तथा अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(छ) समितिबाट भएको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ज) कोषको प्रशासकीय प्रमुखको रुपमा दैनिक प्रशासन सञ्चालन गर्ने,

(झ) समितिबाट निर्देशित तथा प्रत्यायोजित अन्य काम गर्ने, गराउने।

२३. **कर्मचारी तथा विज्ञ सम्बन्धी व्यवस्था:** (१) कोषमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन्।

(३) कोषका कर्मचारी नियुक्त नभएसम्मको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक सङ्ख्यामा कर्मचारी उपलब्ध गराउन नसकेमा कोषमा कर्मचारी नियुक्त नभएसम्मको लागि कोषले करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ।

(५) कोषले आवश्यकता अनुसार कुनै विज्ञको सेवा लिन सक्नेछ। त्यस्तो विज्ञलाई दिइने सेवा सुविधा प्रचलित कानूनको अधीनमा रही कोषले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-८

विविध

२४. **कोष सञ्चालनको लागि निकाय तोक्न सक्ने:** यस ऐन बमोजिम कोषको गठन नभएसम्म नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी कुनै निकायलाई कोष सञ्चालन सम्बन्धी कार्य गर्ने गरी तोक्न सक्नेछ।

२५. **छुट्टाछुट्टै अभिलेख राख्नु पर्ने:** कोषले प्रचलित कानून बमोजिम निवृत्तभरण पाउने कर्मचारी तथा शिक्षक र यस ऐन बमोजिम योगदानमा आधारित निवृत्तभरण प्रणाली बमोजिम निवृत्तभरण पाउने कर्मचारीको लागि प्राप्त रकम, सो रकमको लगानी तथा हिसाब किताबको अभिलेख छुट्टाछुट्टै रुपमा राख्नु पर्नेछ।

२६. **परिचयपत्र उपलब्ध गराउने:** (१) कोषले प्रत्येक कर्मचारीलाई कोषको परिचयपत्र उपलब्ध गराउनेछ।

(२) कर्मचारीले उपदफा (१) बमोजिमको परिचयपत्र लिनको लागि कोषले निर्धारण गरेका प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

२७. **निर्देशन दिन सक्ने:** (१) नेपाल सरकारले योगदानमूलक निवृत्तभरण प्रणालीको सञ्चालन सम्बन्धमा कोषलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारबाट प्राप्त निर्देशनको पालना गर्नु कोषको कर्तव्य हुनेछ।

२८. **निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्ने:** मन्त्रालयले कोषको निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ।

२९. **लेखा तथा लेखापरीक्षण:** (१) कोषको लेखा नेपाल सरकारले अवलम्बन गरेको लेखा प्रणाली बमोजिम तोकिए बमोजिमको ढाँचामा राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) कोषले वार्षिक रुपमा लेखापरीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ।

३०. **प्रतिवेदन पेश गर्नुपर्ने:** (१) कोषले वर्ष भरिमा आफूले गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी कात्तिक मसान्तभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको प्रतिवेदन कोषले सार्वजनिक गर्नु पर्नेछ।

३१. **अधिकार प्रत्यायोजन:** समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा कोषको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३२. **नेपाल सरकारसँग सम्पर्क:** कोषले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

३३. **उपदान तथा निवृत्तभरण नपाउने:** (१) शिक्षक तथा कर्मचारीको सेवाका शर्त सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भए पछि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने संस्थाले नेपाल सरकारको दायित्व पर्ने गरी उपदान र निवृत्तभरण पाउने गरी कुनै कर्मचारी, शिक्षक तथा पदाधिकारी नियुक्ति गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिमका कर्मचारी, शिक्षक तथा पदाधिकारीको हकमा कानून बनाई योगदानमूलक निवृत्तभरण प्रणाली लागू गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम कानून बनाउँदा यस ऐन बमोजिम कोष मार्फत योगदानमूलक निवृत्तभरण प्रणाली लागू हुने गरी व्यवस्था गर्न सकिनेछ।

३४. **नियम बनाउन सक्ने:** यो ऐन कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३५. **विनियम बनाउन सक्ने:** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही समितिले आवश्यक विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा कुनै प्रतिकूल असर नपर्ने गरी समितिले देहायका विषयमा विनियम बनाउन सक्नेछः-

(क) कोषमा कार्यरत कर्मचारीको सेवा शर्त पारिश्रमिक तथा सुविधा,

(ख) योगदानमूलक निवृत्तभरण प्रणाली सञ्चालन सम्बन्धमा आवश्यक देखिएका अन्य विषय।

(३) उपदफा (१) बमोजिमको विनियम मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

३६. **निर्देशिका बनाई लागू गर्ने:** समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियमावलीको अधीनमा रही कोषको दैनिक कार्य सञ्चालन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

३७. **संशोधन:** देहायका ऐनहरुमा देहाय बमोजिम संशोधन गरिएको छः-

(१) निजामती सेवा ऐन, २०४९ को दफा ३९ख. को सट्टा देहायको दफा ३९ख. राखिएको छः-

"**३९ख. योगदानमूलक निवृत्तभरण कोष सम्बन्धी विशेष व्यवस्था:** (१) यो ऐन प्रारम्भ भए पछि निजामती सेवामा नियुक्त हुने कर्मचारीको हकमा योगदानमूलक निवृत्तभरण प्रणाली सम्बन्धी प्रचलित कानून बमोजिमको व्यवस्था लागू हुनेछ।

(२) उपदफा (१) बमोजिम योगदानमूलक निवृत्तभरण प्रणाली लागू हुने निजामती कर्मचारीको हकमा दफा

३५, ३६, ३७, ३७क., ३८, ३९, ३९क. र ३९ग.को व्यवस्था लागू हुने छैन।"

(२) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५० पछि देहायको दफा ५०क. थपिएको छः-

"५०क. <u>योगदानमूलक निवृत्तभरण कोष सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यो ऐन प्रारम्भ भए पछि स्वास्थ्य सेवामा नियुक्त हुने कर्मचारीको हकमा योगदानमूलक निवृत्तभरण प्रणाली सम्बन्धी प्रचलित कानून बमोजिमको व्यवस्था लागू हुनेछ।

(२) उपदफा (१) बमोजिम योगदानमूलक निवृत्तभरण प्रणाली लागू हुने कर्मचारीको हकमा दफा ४६, ४७, ४८, ४९ र ५० को व्यवस्था लागू हुने छैन।"

(३) व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ५२ को सट्टा देहायको दफा ५२ राखिएको छः

"५२. <u>योगदानमूलक निवृत्तभरण कोष सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यो ऐन प्रारम्भ भएपछि नियुक्त हुने कर्मचारीको हकमा योगदानमूलक निवृत्तभरण प्रणाली सम्बन्धी प्रचलित कानून बमोजिमको व्यवस्था लागू हुनेछ।

(२) उपदफा (१) बमोजिम योगदानमूलक निवृत्तभरण प्रणाली लागू हुने कर्मचारीको हकमा दफा ४८, ४९, ५०, ५१, ५३, ५४ र ५५ को व्यवस्था लागू हुने छैन।"

प्रतिनिध सभाले पारित गरेको मितिः २०७५/०९/२९
राष्ट्रिय सभाले संशोधन सहित पारित गरेको मितिः २०७५/११/१४
प्रतिनिध सभाले पुनः पारित गरेको मितिः २०७५/११/१८
प्रमाणीकरणा मितिः २०७५/१२/०४

भुक्तानी तथा फर्स्यौंट सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः मुलुकको समग्र भुक्तानी, समाशोधन तथा फर्स्यौंट प्रणालीको विकास, विस्तार, प्रवर्धन, निगरानी तथा नियमन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद–१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भुक्तानी तथा फर्स्यौंट ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अनुमतिपत्र" भन्नाले भुक्तानी प्रणाली सञ्चालन गर्न वा भुक्तानी सेवा प्रदान गर्न दफा ९ बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "आरटिजिएस (रियल टाइम ग्रस सेटलमेन्ट सिस्टम)" भन्नाले स्वचालित विद्युतीय प्रणालीको माध्यमबाट वास्तविक समयमा बैङ्कले तोके बमोजिमको ठूलो मूल्यको भुक्तानी र अति जरुरी भुक्तानी सम्बन्धी प्रत्येक कारोबारको अलग अलग हिसाब मिलान गर्ने गरी सम्बन्धित पक्षको बैङ्क खातामा रकम जम्मा वा खर्च गरी हिसाब मिलान गरिने प्रणाली सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका विनियम वा जारी भएका निर्देशनमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "फर्स्यौंट" भन्नाले भुक्तानी उपकरण जारी गर्ने र स्वीकार गर्ने पक्षहरुको दाबी वा दायित्व रकम प्रचलित व्यवस्था वा प्रणाली बमोजिम हिसाब मिलान वा फरफारख गर्ने कार्य वा प्रक्रिया सम्झनु पर्छ।

(ङ) "ठूलो मूल्य" भन्नाले बैङ्कले समय समयमा ठूलो मूल्य (हाइभ्यालु) भनी निर्धारण गरेको सीमा वा सोभन्दा बढी रकम सम्झनु पर्छ।

(च) "बैंङ्क" भन्नाले नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंङ्क सम्झनु पर्छ।

(छ) "बैंङ्क तथा वित्तीय संस्था" भन्नाले बैंङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम स्थापना भएका बैंङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ज) "बोर्ड" भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय भुक्तानी बोर्ड सम्झनु पर्छ।

(झ) "भुक्तानी उपकरण" भन्नाले दफा ३१ बमोजिमका भुक्तानी उपकरण सम्झनु पर्छ।

(ञ) "भुक्तानी प्रणाली" भन्नाले कुनै भुक्तानी उपकरणको माध्यमबाट सेवाग्राही, संस्था वा बैंङ्क बीच हुने जुनसुकै प्रकारको भुक्तानी दाबी वा दायित्वको भुक्तानी, समाशोधन वा फर्स्यौंट गरिने प्रणाली सम्झनु पर्छ।

(ट) "भुक्तानी प्रणाली सञ्चालक" भन्नाले भुक्तानी सम्बन्धी कार्यको सञ्चालन, व्यवस्थापन र समाशोधनको कार्य गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले समाशोधन गृह, विद्युतीय कार्ड वा अन्य विद्युतीय (अनलाइन) भुक्तानी सञ्जाल सञ्चालन गर्ने संस्थालाई समेत जनाउँछ।

(ठ) "भुक्तानी सेवा प्रदायक" भन्नाले सेवाग्राहीलाई भुक्तानी सम्बन्धी सेवा दिने संस्था सम्झनु पर्छ र सो शब्दले संस्था र सेवाग्राही बीचमा वस्तु, सेवा, सम्पत्ति वा अन्य दायित्व बापतको रकम भुक्तानी गर्ने, स्वदेश तथा विदेशमा रकम स्थानान्तरण (ट्रान्सफर) गर्ने वा विद्युतीय माध्यमबाट भुक्तानी कारोबार सञ्चालन गर्ने संस्थालाई समेत जनाउँछ।

(ड) "संस्था" भन्नाले दफा ६ को उपदफा (१) बमोजिम कम्पनीको रूपमा स्थापना भई दफा ९ बमोजिम अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ र सो शब्दले बैंङ्क तथा वित्तीय संस्थालाई समेत जनाउँछ।

(ढ) "सञ्चार सेवा प्रदायक" भन्नाले टेलीफोन, मोबाइल तथा इन्टरनेट सेवा जस्ता विद्युतीय सूचना तथा सञ्चार सेवा प्रदान गर्ने प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ।

(ण) "सेटलमेण्ट बैंङ्क" भन्नाले भुक्तानीसँग सम्बन्धित वित्तीय कारोबारको समाशोधन, फर्स्यौट र दायित्व भुक्तानी गर्ने प्रयोजनको लागि संस्थाले दफा १२ बमोजिम सम्झौता गरेको बैंङ्क सम्झनु पर्छ।

परिच्छेद–२

राष्ट्रिय भुक्तानी बोर्ड

३. **राष्ट्रिय भुक्तानी बोर्डको गठनः** (१) देहायका अध्यक्ष र सदस्य रहेको एक राष्ट्रिय भुक्तानी बोर्डको गठन गरिएको छः–

(क) बैंङ्कको गभर्नर -अध्यक्ष

(ख) अर्थ मन्त्रालयको सचिव -सदस्य

(ग) नेपाल सरकारबाट मनोनीत तोकिएको योग्यता पुगेको एकजना विज्ञ -सदस्य

(घ) महालेखा नियन्त्रक -सदस्य

(ङ) बैंङ्कको सम्बन्धित क्षेत्र हेर्ने डेपुटी गभर्नर —सदस्य

(च) नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष -सदस्य

(छ) बैंङ्कको भुक्तानी प्रणाली विभागको कार्यकारी निर्देशक -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको पदावधि दुई बर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) बमोजिम मनोनीत सदस्यले आफ्नो पद अनुसारको काम नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(४) बोर्डको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) बोर्डको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अघि बैठकमा छलफल हुने विषय सदस्य–सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(६) कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बोर्डको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(७) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा अर्थ मन्त्रालयको सचिवले बैठकको अध्यक्षता गर्नेछ।

(८) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(९) बोर्डले आवश्यक ठानेमा भुक्तानी, समाशोधन वा फस्यौंट सम्बन्धी विज्ञ वा अन्य पदाधिकारीलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१०) बैठकको निर्णय छुट्टै पुस्तिकामा अभिलेख गरिनेछ र त्यस्तो पुस्तिकामा बैठकको अध्यक्षता गर्ने व्यक्ति र उपस्थित सम्पूर्ण सदस्यले दस्तखत गर्नु पर्नेछ।

(११) बोर्डको निर्णय बोर्डको सदस्य–सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(१२) बोर्डको सचिवालय बैङ्कले तोकेको बैङ्कको विभागमा रहनेछ।

(१३) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. **<u>बोर्डको काम, कर्तव्य र अधिकार:</u>** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) भुक्तानी प्रणालीलाई सुरक्षित, व्यवस्थित तथा सक्षम बनाई वित्तीय स्थायित्व कायम गर्ने, जोखिम न्यूनीकरण गर्ने, भुक्तानी प्रणालीको विश्वसनीयता अभिवृद्धि गर्ने तथा भुक्तानी प्रणालीलाई आधुनिकीकरण गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गर्ने,

(ख) भुक्तानी प्रणालीसँग सम्बन्धित कम्पनीहरू बीच समन्वय गर्ने, गराउने,

(ग) भुक्तानी प्रणाली सम्बन्धमा भए गरेका काम कारबाहीको नियमित अनुगमन, नियमन तथा निगरानी (ओभरसाइट) गर्ने, गराउने,

(घ) भुक्तानी प्रणालीसँग सम्बन्धित काम कारबाहीलाई सुरक्षित र व्यवस्थित गर्ने सम्बन्धमा कम्पनी र सञ्चार सेवा प्रदायकलाई समय समयमा आवश्यक निर्देशन दिने,

(ङ) यस ऐन विपरीत कार्य गर्ने संस्थालाई आवश्यक कारबाही गर्ने वा त्यस्तो कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन बैङ्कको सम्बन्धित विभागलाई निर्देशन दिने,

(च) भुक्तानी प्रणाली सुरक्षित एवं व्यवस्थित रूपमा सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन, नियमन तथा निगरानी गर्न आवश्यकता अनुसार विभिन्न प्राविधिक समिति तथा उपसमिति गठन गर्ने।

परिच्छेद–३

अनुमतिपत्र

५. **अनुमतिपत्र नलिई सेवा सञ्चालन गर्न नहुने:** कसैले पनि बैङ्कबाट अनुमतिपत्र नलिई यस ऐन बमोजिम भुक्तानी प्रणाली सञ्चालन गर्न वा भुक्तानी सेवा प्रदायकको रूपमा काम गर्न वा त्यस्तो सेवा सञ्चालन गर्न हुँदैन।

६. **कम्पनी स्थापना गर्नु पर्ने:** (१) यस ऐन बमोजिम भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकको रूपमा काम गर्न चाहने व्यक्तिले प्रचलित कानून बमोजिम कम्पनी स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क तथा वित्तीय संस्थाले उपदफा (१) को प्रयोजनको लागि पुनः कम्पनी स्थापना गर्नु पर्ने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क तथा वित्तीय संस्था र भुक्तानी सेवा प्रदायक संस्थाले यस ऐन बमोजिम भुक्तानी सेवा प्रदायकको रूपमा काम गर्नको लागि अर्को कुनै कम्पनी स्थापना गर्न वा अन्य कम्पनीसँग सम्झौता गरी त्यस्तो सेवा दिन वा त्यस्तो कार्यको लागि एजेण्ट नियुक्त गर्न सक्नेछ।

७. **आशयपत्र लिनु पर्ने:** (१) भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकको रूपमा काम गर्न चाहने व्यक्तिले दफा ६ बमोजिम कम्पनी स्थापना गर्नु अघि देहायको कागजात र तोकिए बमोजिमको दस्तुर सहित आशयपत्रको लागि बैङ्क समक्ष निवेदन दिनु पर्नेछः–

(क) प्रस्तावित कम्पनीको प्रबन्धपत्र र नियमावली,

(ख) व्यावसायिक तथा प्राविधिक सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) तोकिएको ढाँचामा संस्थापकको व्यक्तिगत विवरण,

(घ) संस्थापकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) संस्थापकको लगानीको स्रोत खुलेको विवरण,

(च) चालु आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाण वा सो प्रयोजनको सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आय विवरण पेश गरेको निस्सा,

(छ) कम्पनीको तर्फबाट संस्थापक बाहेकका अन्य व्यक्तिले निवेदन दिएमा अख्तियारी पत्र,

(ज) कालोसूची वा डिफल्टरमा नपरेको,

(झ) बैङ्कले तोकिदिएका अन्य कागजात।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि भुक्तानी तथा फर्स्यौट सम्बन्धी कारोबार गर्न बैङ्कबाट अनुमति प्राप्त संस्थाले यस दफा बमोजिम आशयपत्र लिएको मानिनेछ।

तर त्यस्तो संस्थाले कुनै नयाँ भुक्तानी उपकरण सञ्चालनमा ल्याउन चाहेमा त्यस्तो उपकरणको लागि बैङ्कको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा बैङ्कले आशयपत्र दिन उपयुक्त देखेमा निवेदन प्राप्त भएको नब्बे दिनभित्र निवेदकलाई तोकिए बमोजिमको ढाँचामा आशयपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम आशयपत्र दिँदा बैङ्क तथा वित्तीय संस्था बाहेकका संस्थाले भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायकमध्ये एकमात्र कारोबार गर्न पाउने गरी आशयपत्र दिइनेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले देहायको कुनै अवस्थामा निवेदकलाई आशयपत्र दिन इन्कार गर्न सक्नेछः-

(क) उपदफा (१) बमोजिम पेश गर्नु पर्ने सम्पूर्ण विवरण कागजात पेश नगरेमा,

(ख) मुलुकको अर्थतन्त्रको अवस्था, आकार र बजार प्रतिस्पर्धा जस्ता वित्तीय तथा प्राविधिक वा दफा १४ को उपदफा (२) मा उल्लिखित आधारबाट थप संस्थाको स्थापना गर्न उपयुक्त नदेखिएमा।

(६) उपदफा (५) बमोजिम आशयपत्र दिन इन्कार गरेमा बैङ्कले सोको कारण सहितको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।

(७) उपदफा (३) बमोजिम आशयपत्र प्राप्त व्यक्तिले बैङ्कले तोकेको अवधिभित्र दफा ६ बमोजिम कम्पनी स्थापना गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको अवधिभित्र कम्पनी स्थापना हुन नसकेमा त्यस्तो आशयपत्र स्वतः रद्द हुनेछ।

८. **<u>निवेदन दिनु पर्ने:</u>** (१) दफा ७ बमोजिम कम्पनीको रुपमा दर्ता भएको संस्थाले आशयपत्र प्राप्त गरेको छ महिनाभित्र भुक्तानी प्रणाली सञ्चालन गर्ने वा भुक्तानी सेवा प्रदान गर्ने अनुमतिपत्रको लागि देहायको विवरण कागजात सहित बैङ्क समक्ष निवेदन दिनु पर्नेछः–

(क) प्रस्तावित कम्पनीको प्रबन्धपत्र र नियमावली,

(ख) भुक्तानी प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान गर्न आवश्यक पर्ने सेवा, सुविधा भएको कार्यालय भवनको विवरण र भवन भाडामा लिएको भए भवन बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि,

(ग) संस्थाको संस्थापकले लिन कबूल गरेको शेयरको रकम चुक्ता गरेको प्रमाणित हुने कागजात,

(घ) कारोबार गर्ने मुख्य स्थान र शाखा कार्यालयको स्थान यकिन भएकोमा सोको ठेगाना,

(ङ) सञ्चालन गरिने कारोबारको प्रकृति तथा संस्थाको व्यावसायिक योजना,

(च) संस्थाको सञ्चालक तथा पदाधिकारीको नामावली र त्यस्ता व्यक्ति यस ऐन बमोजिम सञ्चालक तथा

पदाधिकारी हुन योग्य रहेको घोषणापत्र,

(छ) सम्भावित जोखिम व्यवस्थापनको लागि आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कम्पनीले व्यक्त गरेको प्रतिबद्धतापत्र,

(ज) बैंङ्कले तोकिदिएको अन्य कागजात।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र अनुमतिपत्रको लागि निवेदन नदिने संस्थाको आशयपत्र उपर कुनै कारबाही गरिने छैन।

९. **अनुमतिपत्र दिनु पर्ने:** (१) दफा ८ बमोजिम निवेदन प्राप्त भएको तीस दिनभित्र बैंङ्कले निवेदक संस्थाको भौतिक तथा प्राविधिक पूर्वाधारको सम्बन्धमा स्थलगत निरीक्षण एवं जाँचबुझ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण एवं जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन उपयुक्त देखिएमा बैंङ्कले निवेदन प्राप्त भएको मितिले साठी दिनभित्र तोकिए बमोजिमको रकम धरौटी लिई निवेदकलाई भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकको रूपमा काम गर्न अनुमतिपत्र दिनु पर्नेछ।

१०. **शर्त तोक्न सक्ने:** (१) बैंङ्कले दफा ९ बमोजिम जारी गरेको अनुमतिपत्रमा संस्थाले पालना गर्नु पर्ने आवश्यक शर्तहरू तोक्न सक्नेछ।

(२) उपदफा (१) का अतिरिक्त बैंङ्कले समय समयमा निर्देशन जारी गरी अन्य थप शर्तहरू तोक्न, कायम रहेका शर्तहरू हटाउन वा शर्तमा हेरफेर गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम तोकिएका शर्तहरूको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

११. **अनुमतिपत्र दिन इन्कार गर्न सक्ने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैंङ्कले देहायको अवस्थामा निवेदकलाई भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकको रूपमा काम गर्न अनुमतिपत्र दिन इन्कार गर्न सक्नेछ:–

(क) संस्थाको भौतिक तथा प्राविधिक पूर्वाधार अपर्याप्त देखिएमा,

(ख) दफा ८ को उपदफा (१) मा उल्लेख भए बमोजिमका सम्पूर्ण विवरण कागजात पेश नगरेमा,

(ग) बैंङ्कले तोकेको अवधिभित्र अनुमतिपत्र बापतको धरौटी रकम बैंङ्कमा नबुझाएमा।

(२) उपदफा (१) बमोजिम अनुमति दिन इन्कार गरेमा बैङ्कले सोको कारण सहितको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।

(३) यस दफा बमोजिम अनुमतिपत्र प्रदान गर्न इन्कार गरिएको कारणबाट निवेदकलाई कुनै हानि नोक्सानी हुन गएमा त्यस्तो हानि नोक्सानी उपर बैङ्कले कुनै दायित्व व्यहोर्ने छैन।

१२. **सम्झौता गर्नु पर्ने:** (१) संस्थाले आफ्नो सेवा सञ्चालन गर्नु अघि यस ऐन बमोजिम वित्तीय कारोबारको समाशोधन, फस्र्यौंट, हिसाब मिलान वा दायित्व भुक्तानी गर्ने प्रयोजनको लागि कुनै सेटलमेन्ट बैङ्कसँग तोकिए बमोजिम सम्झौता गर्नु पर्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिम सम्झौता गरेको सेटलमेन्ट बैङ्कमा यस ऐन बमोजिम गरिने भुक्तानी तथा फस्र्यौंट कारोबारको लागि छुट्टै खाता खोल्नु पर्नेछ।

१३. **अनुमतिपत्रको अवधि र नवीकरण:** (१) यस ऐन बमोजिम नवीकरण गरेकोमा बाहेक दफा ९ बमोजिम प्रदान गरिएको अनुमतिपत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्रको अवधि समाप्त हुनुभन्दा नब्बे दिन अगावै सम्बन्धित संस्थाले तोकिए बमोजिमको दस्तुर सहित नवीकरणको लागि बैङ्कसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि बैङ्कले त्यस्तो संस्थाको स्थलगत निरीक्षण समेत गरी जाँचबुझ गर्दा अनुमतिपत्र नवीकरण गर्न उपयुक्त देखेमा निवेदन प्राप्त भएको मितिले साठी दिनभित्र अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको स्थलगत निरीक्षण तथा जाँचबुझबाट अनुमतिपत्र नवीकरण गर्न उपयुक्त नदेखिएमा सात दिनभित्र सोको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र कुनै कारणले अनुमतिपत्र नवीकरणको लागि निवेदन दिन नसकिएमा अनुमतिपत्रको म्याद समाप्त भएको नब्बे दिनसम्म यस ऐन बमोजिम लाग्ने नवीकरण दस्तुरको दोब्बर दस्तुर तिरी अनुमतिपत्र नवीकरण गराउन सकिनेछ।

(६) उपदफा (५) बमोजिम तोकिएको अवधिभित्र नवीकरणको लागि निवेदन नदिने संस्थाको अनुमतिपत्र त्यस्तो अनुमतिपत्रको अवधि समाप्त भएपछि स्वतः रद्द हुनेछ।

(७) अनुमतिपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **भुक्तानी उपकरण थप गर्न वा खारेज गर्न निवेदन दिनु पर्ने:** (१) संस्थाले यस ऐन बमोजिम प्राप्त गरेको अनुमतिपत्रमा उल्लेख नभएको कुनै भुक्तानी उपकरण थप गर्न वा कायम रहेको कुनै भुक्तानी उपकरण खारेज गर्न चाहेमा बैंङ्क समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन देहायको आधारमा जाँचबुझ गर्दा कुनै भुक्तानी उपकरण थप गर्न वा कायम रहेको भुक्तानी उपकरण खारेज गर्न उपयुक्त देखिएमा बैंङ्कले त्यस्तो भुक्तानी उपकरण थप गर्न वा खारेज गर्न सम्बन्धित संस्थालाई अनुमति दिन सक्नेछः–

(क) राष्ट्रिय अर्थतन्त्रको अवस्था,

(ख) भुक्तानी सेवाको प्रभावकारिता, पारदर्शिता र विश्वसनीयता,

(ग) भुक्तानी सम्बन्धी कारोबारको गोपनीयता,

(घ) भुक्तानी सम्बन्धी उपकरणमा अन्तरनिहित जोखिम,

(ङ) छिटो, छरितो र सुलभ सेवाको प्रत्याभूति,

(च) तरलता व्यवस्थापन,

(छ) अन्तर्राष्ट्रिय प्रचलन तथा असल अभ्यास,

(ज) ग्राहकको हित संरक्षण,

(झ) समग्र जोखिम व्यवस्थापन विधि, र

(ञ) बैंङ्कले उपयुक्त देखेका अन्य विषयहरु।

१५. **संस्थाको विवरण प्रकाशन गर्नु पर्ने:** बैंङ्कले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको विवरण तोकिए बमोजिम अद्यावधिक गरी आफ्नो वेबसाइट मार्फत नियमित रूपमा प्रकाशन गर्नु पर्नेछ।

१६. **चुक्ता पूँजी:** संस्थाको चुक्ता पूँजी बैंङ्कले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद–४

संस्थाको सञ्चालक समिति

१७. **सञ्चालक समितिको गठनः** (१) प्रत्येक संस्थामा कम्तीमा तीनजना सञ्चालकहरु रहेको एक सञ्चालक समिति रहनेछ।

(२) संस्थाको सञ्चालकको नियुक्ति प्रचलित कानूनको अधीनमा रही संस्थाको साधारण सभाले गर्नेछ।

(३) सञ्चालकहरुले आफूमध्ये बहुमतबाट छानेको कुनै एकजना व्यक्ति सञ्चालक समितिको अध्यक्ष हुनेछ।

(४) बैंङ्क तथा वितीय संस्था बाहेकका संस्थाको सञ्चालकको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता तथा सञ्चालक समिति सम्बन्धी अन्य व्यवस्था यस ऐन अन्तर्गत बनेको विनियममा उल्लेख भए बमोजिम हुनेछ।

१८. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) संस्थाको साधारण सभाबाट हुने काम बाहेक बैंङ्कबाट भुक्तानी, समाशोधन तथा फस्यौंटको सम्बन्धमा यस ऐन, प्रचलित कानून, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही संस्थाले गर्नु पर्ने सम्पूर्ण काम, कर्तव्य र अधिकार सञ्चालक समितिमा निहित रहनेछ।

(२) संस्थाको समग्र जोखिम व्यवस्थापन गरी सेवाग्राहीको हितमा संस्थाको सञ्चालन गर्नु र संस्थागत सुशासन कायम गर्नु सम्बन्धित संस्थाको सञ्चालक समितिको कर्तव्य हुनेछ।

(३) सञ्चालक समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संस्थाले गर्नु पर्ने काम सुव्यवस्थित रुपले सञ्चालन गर्न यस ऐन, प्रचलित कानून तथा बैंङ्कको निर्देशनको अधीनमा रही आवश्यक विनियम, निर्देशिका र कार्यविधि बनाई लागू गर्ने,

(ख) संस्थाको संगठनात्मक संरचना स्वीकृत गर्ने,

(ग) भुक्तानी प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान गर्दा जोखिम वा जोखिमजन्य परिस्थिति उत्पन्न हुन नदिन आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापनका मापदण्ड तयार गरी लागू गर्ने,

(घ) संस्थाले गर्नु पर्ने सम्पूर्ण काम कारबाहीको नियमित

अनुगमन गरी व्यवस्थित तबरबाट संस्था सञ्चालन गर्ने, गराउने,

(ङ) वार्षिक प्रतिवेदन सहितको लेखापरीक्षण प्रतिवेदन तयार गर्न लगाई संस्थाको वार्षिक साधारण सभामा पेश गर्ने,

(च) बैङ्कले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

(४) संस्थाको सञ्चालकको हैसियतले काम गर्ने सञ्चालक आफ्नो अधिकारक्षेत्र नाघी गरेको कुनै पनि काम कारबाही प्रति व्यक्तिगत रुपमा उत्तरदायी हुनेछ।

(५) सञ्चालक समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तथा अन्य व्यवस्था संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

१९. **<u>कार्यकारी प्रमुखको नियुक्ति र सेवाका शर्तः</u>** (१) सञ्चालक समितिले यो ऐन, संस्थाको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही संस्थामा एक कार्यकारी प्रमुखको नियुक्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी प्रमुखको शैक्षिक योग्यता र अनुभव यस ऐन अन्तर्गत बनेको विनियममा तोकिए बमोजिम हुनेछ।

(३) सञ्चालक समितिले उपदफा (२) बमोजिम योग्यता पुगेको व्यक्तिलाई संस्थाको कार्यकारी प्रमुखमा नियुक्त गरी सात दिनभित्र सोको जानकारी बैङ्कलाई दिनु पर्नेछ।

(४) कार्यकारी प्रमुखको पदावधि सामान्यतयाः चार वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ।

(५) कार्यकारी प्रमुखको पारिश्रमिक, सेवाका शर्त तथा अन्य सुविधा कम्पनीको सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६) कार्यकारी प्रमुखको पारिश्रमिक, सेवाका शर्त तथा अन्य सुविधाको निर्धारण निजलाई नियुक्त गर्दाका बखत गर्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क तथा वित्तीय संस्थाको कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था सो सम्बन्धी प्रचलित कानून

बमोजिम हुनेछ।

२०. **कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार:** कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) साधारणसभा वा सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रबन्धपत्र र नियमावलीको अधीनमा रही सञ्चालक समितिबाट प्राप्त अधिकारको प्रयोग गरी संस्थाको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने,

(ग) भुक्तानी प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान सम्बन्धी काम कारबाहीको रेखदेख तथा नियन्त्रण गर्ने,

(घ) संस्थाको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(ङ) कर्मचारी विनियमावलीको अधीनमा रही संस्थालाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापन गर्ने,

(च) बैङ्कको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने तथा प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने,

(छ) सेवाग्राही, शेयरधनी तथा संस्थाको उच्चतम हित हुने गरी संस्था सञ्चालन गर्ने,

(ज) बैङ्कद्वारा जारी गरिएका विनियम, निर्देशन तथा आदेशको अधीनमा रही भुक्तानी तथा फस्यौंट सम्बन्धी काम छिटो, छरितो, सुरक्षित र व्यवस्थित रुपले सम्पादन गर्ने।

परिच्छेद–५

संस्थाको दायित्व

२१. **संस्था आबद्ध हुनु पर्ने:** प्रत्येक संस्था र त्यस्तो संस्थाले जारी गरेको भुक्तानी उपकरण बैङ्कले निर्धारण गरेको प्रक्रिया बमोजिम राष्ट्रिय भुक्तानी (वित्तीय) स्वीच र भुक्तानीद्वार (पेमेन्ट गेट वे) मा आबद्ध हुनु पर्नेछ।

२२. **सेवा सञ्चालन गर्नु पर्ने:** (१) संस्थाले यस ऐन, यस ऐन अन्तर्गत बनेको विनियम, बैङ्कले

जारी गरेको निर्देशन तथा अनुमतिपत्रमा तोकिएका शर्त तथा अन्य प्रचलित कानूनले तोकेको मापदण्ड बमोजिम भुक्तानी प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान गर्नु पर्नेछ।

(२) संस्थाले बैंङ्कले स्वीकृत गरेको वा जारी गरेको भुक्तानी, समाशोधन, फस्यौंट र हिसाब मिलान प्रक्रिया सम्बन्धी कार्यविधिको पूर्ण पालना गर्नु पर्नेछ।

(३) संस्थाले अनुमतिपत्रमा तोकिएको अवधिभित्र अनुमतिपत्रमा उल्लेख भए बमोजिम भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायक सम्बन्धी काम शुरु गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र काम शुरु नगर्ने संस्थाको अनुमतिपत्र बैंङ्कले तोकिए बमोजिम खारेज गर्न सक्नेछ।

२३. **अभिलेख सुरक्षित राख्नु पर्ने:** (१) संस्थाले भुक्तानी प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान गर्दा अपनाउनु पर्ने सुरक्षा नीति, ढाँचा र सोको लागि अवलम्बन गरिएका उपाय वा संयन्त्रको नियमित अनुगमन वा परीक्षण गरी भुक्तानी तथा फस्यौंटको विवरण र सो सम्बन्धी सूचना तथा अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(२) संस्थाले भुक्तानी प्रणालीको सुरक्षा, गोपनीयता र विश्वसनीयताको लागि आधिकारिक वा प्रमाणित कम्प्युटर संयन्त्र (सर्टिफाइड सफ्टवेयर र हार्ड वेयर) र सुरक्षित तथ्याङ्क प्रणाली (सेक्यूर्ड डेटाबेस, डेटा ब्याकअप, डेटा सेन्टर) को अतिरिक्त र संभावित क्षतिको न्यूनीकरण गर्न क्षति पुनःस्थापन प्रणाली (डिजास्टर रिकभरी सिस्टम) को व्यवस्था गर्नु पर्नेछ।

(३) संस्थाले सेवाग्राहीको नाम, ठेगाना, खाता नम्बर, कारोबार मिति, कारोबारको रकम, रकम स्थानान्तरण (ट्रान्सफर) को किसिम, सेवाग्राहीले रकम स्थानान्तरण (ट्रान्सफर) गरेको खाता र रकमको विवरण, भुक्तानी वा रकम स्थानान्तरण (ट्रान्सफर) गर्न सेवाग्राहीले दिएको आदेश, मौज्दात विवरण र तोकिए बमोजिमका अन्य विवरण तथा अभिलेख बैंङ्कले तोकेको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

२४. **तरलता मौज्दात राख्नु पर्ने:** (१) संस्थाले भुक्तानी सेवा प्रदान गर्दा कारोबारको प्रकृति, कारोबारको परिमाण, कारोबारमा निहित जोखिम समेतका आधारमा संस्थाले बहन गर्नु पर्ने दायित्वलाई खाम्ने गरी बैंङ्कले समय समयमा तोके बमोजिमको मात्रामा नघट्ने गरी सेटलमेण्ट बैंङ्कमा पर्याप्त तरलता मौज्दात राख्नु पर्नेछ।

(२) कम्पनीले कुनै कारणले ग्राहकको कारोबारको दायित्व भुक्तानी गर्न नसकेको अवस्थामा सोको फस्यौंट गर्ने दायित्व सेटलमेण्ट बैंङ्कको हुनेछ।

२५. **लेखा तथा लेखापरीक्षणः** (१) संस्थाले आफ्नो हिसाब किताब, बहीखाता, स्रेस्ता र लेखाको अभिलेख प्रचलित लेखामान वा लेखाका सर्वमान्य सिद्धान्त अनुरुप कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिबिम्बित हुने गरी दुरूस्त राखु पर्नेछ।

(२) संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र अनिवार्य रुपमा आफ्नो वित्तीय र समग्र भुक्तानी प्रणालीको लेखापरीक्षण गराउनु पर्नेछ।

(३) संस्थाले आफ्नो वार्षिक वित्तीय विवरण सार्वजनिक गर्नुअघि तोकिए बमोजिम बैंङ्कको स्वीकृति लिनु पर्नेछ।

(४) संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **जानकारी गराउनु पर्नेः** (१) संस्थाले आफूले प्रदान गर्ने सेवा, सेवा प्रयोग गरे बापत लाग्ने शुल्क, सेवाग्राहीले पालना गर्नु पर्ने शर्तहरु र कारोबार सञ्चालन प्रक्रिया बारेमा सेवाग्राहीलाई नियमित रूपमा जानकारी गराउनु पर्नेछ।

(२) संस्थाले सेवाग्राहीले मागेका बखत निजसँग सम्बन्धित कारोबारको विवरण लिखित रूपमा वा विद्युतीय माध्यमबाट उपलब्ध गराउनु पर्नेछ।

(३) संस्थाले विद्युतीय माध्ययमबाट कारोबार गर्ने क्रममा कुनै त्रुटि भएमा सोको जानकारी तत्काल सम्बन्धित सेवाग्राहीलाई दिनु पर्नेछ।

२७. **विवरण पेश गर्नुपर्नेः** संस्थाले बैंङ्कले तोकेको अवधिभित्र देहाय बमोजिमका विवरण कागजात विद्युतीय माध्यमद्वारा बैंङ्क समक्ष पेश गर्नु पर्नेछः–

(क) सञ्चालनमा रहेका खाता संख्या तथा विवरण,

(ख) कारोबार रकम,

(ग) संस्थाको बैंङ्क मौज्दात,

(घ) जालसाजी (फ्रड) तथा विवाद सम्बन्धी घटनाहरुको विवरण,

(ङ) विवादको अवस्था र समाधानको विवरण,

(च) प्राप्त गुनासो तथा सुझावहरु,

(छ) सेवा अवरुद्ध वा सुरक्षासँग सम्बन्धित घटनाहरु,

(ज) बैंङ्कले तोकेका अन्य विवरण।

२८. **<u>विवरण गोप्य राख्नु पर्ने:</u>** (१) बैङ्कले यस ऐन बमोजिम संस्थाको अनुगमन, नियमन तथा निगरानी गर्ने सिलसिलामा कुनै संस्थाबाट प्राप्त जानकारी, तथ्याङ्क, विवरण, सूचना तथा अभिलेख प्रचलित कानूनको अधीनमा रही गोप्य राख्नु पर्नेछ।

(२) संस्थाले संस्था र सेवाग्राही बीचको सम्बन्ध, संस्थाको हिसाब किताब, बहीखाता, स्रेस्ता र लेखाको विवरण सम्बन्धित व्यक्ति बाहेक अन्य कसैलाई उपलब्ध गराउनु हुँदैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै जानकारी, तथ्याङ्क, विवरण, सूचना तथा अभिलेख उपलब्ध गराएमा गोपनीयता भङ्ग गरेको मानिने छैन:–

(क) संस्थाको निगरानीको सिलसिलामा बैङ्कलाई उपलब्ध गराएमा,

(ख) मुद्दा वा कानूनी कारबाहीको सिलसिलामा अदालतलाई उपलब्ध गराएमा,

(ग) कानून बमोजिम अधिकार प्राप्त अनुसन्धान, तहकिकात, जाँचबुझ वा अभियोजन गर्ने अधिकारीलाई तहकिकात, जाँचबुझ वा अभियोजनको सिलसिलामा उपलब्ध गराएमा,

(घ) लेखापरीक्षणको सिलसिलामा सम्बन्धित लेखापरीक्षकलाई उपलब्ध गराएमा।

२९. **<u>प्रतिवेदन गर्नु पर्ने:</u>** प्रत्येक संस्थाले सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानूनी व्यवस्था र सो सम्बन्धमा बैङ्क वा सम्बन्धित निकायले जारी गरेको निर्देशन बमोजिम आफ्नो कारोबारको अभिलेख राखी समयमै सोको प्रतिवेदन सम्बन्धित निकायमा गर्नु पर्नेछ।

३०. **<u>उपभोक्ताको हित संरक्षण हुने गरी सेवा सञ्चालन गर्नु पर्ने</u>:** कम्पनीले भुक्तानी प्रणाली वा भुक्तानी सेवा प्रदायकको कारोबारको सञ्चालन गर्दा उपभोक्ताको हित संरक्षण एवं भुक्तानीको सुरक्षा हुने व्यवस्था गरी विश्वसनीय र गुणस्तरीय सेवा सञ्चालन गर्नु पर्नेछ।

परिच्छेद–६

<u>भुक्तानी उपकरण तथा फरर्यौट</u>

३१. **<u>भुक्तानीका उपकरण:</u>** (१) भुक्तानी प्रणालीमा देहाय बमोजिमका भुक्तानीका उपकरणको

प्रयोग हुनेछः-

(क) नगद,

(ख) चेक,

(ग) विद्युतीय बैंकिङ्ग (इ–बैंकिङ्ग),

(घ) भुक्तानी कार्ड,

(ङ) स्वीफ्टको माध्यमबाट हुने भुक्तानी,

(च) अन्तर बैंङ्क भुक्तानी,

(छ) इ–मनी (वालेट),

(ज) मोबाइल बैंकिङ्ग,

(झ) तोकिए बमोजिमका अन्य भुक्तानी उपकरण।

(२) भुक्तानी उपकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **<u>कारोबारको फर्स्यौंटः</u>** (१) बैंङ्क वा संस्थाले प्रत्येक भुक्तानी आदेश वा प्रत्येक भुक्तानी कारोबारको फर्स्यौंट गर्दा त्यस्तो आदेश वा कारोबार वास्तविक समय (रियल टाइम) मा छुट्टाछुट्टै तरिकाले फर्स्यौंट गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंङ्क वा संस्थाले कारोबारको फर्स्यौंट गर्दा निश्चित समयको अन्तरालभित्र प्राप्त भुक्तानी आदेश वा भुक्तानी कारोबारलाई भुक्तानीसँग सम्बन्धित खाता डेबिट वा क्रेडिट नेटिङ्गको आधारमा एकमुष्ठ रूपमा अन्तराल हिसाब गरी कारोबारको फर्स्यौंट गर्न सक्नेछ।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनको लागि "नेटिङ्ग" भन्नाले बैंङ्कले तोकेको प्रक्रिया बमोजिम निश्चित अवधिमा भुक्तानी तथा फर्स्यौंट कार्यमा संलग्न कम्पनीहरु बीच भएको कारोबारको बैंङ्क मार्फत खुद हिसाब मिलान गर्ने प्रणाली सम्झनु पर्छ।

(३) नगद, ट्रान्सफर र स्वीफ्ट कारोबारको फर्स्यौंट उपदफा (१) बमोजिम र विद्युतीय चेक राफसाफ (क्लियरिङ्ग) मार्फत हुने दैनिक कारोबारको फर्स्यौंट उपदफा (२) बमोजिम गर्नु पर्नेछ।

(४) आरटिजिएस बमोजिम हुने ठूलो मूल्य भुक्तानी कारोबारको फर्स्यौंट उपदफा (१) बमोजिम हुनेछ।

(५) विद्युतीय चेक राफसाफ (क्लियरिङ्ग) गर्दा समाशोधन गृह (क्लियरिङ हाउस) मार्फत हुने कारोबार बैङ्कले तोकेबमोजिम कुल फस्यौंट वा खुद फस्यौंट विधि मार्फत गर्नु पर्नेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "कुल फस्यौंट" भन्नाले सेवाग्राहीको आदेश बमोजिम छुट्टाछुट्टै तरिकाले गरिने कारोबारको फस्यौंट र "खुद फस्यौंट" भन्नाले निश्चित समय अन्तरालमा वा बैंङ्कले निर्धारण गरे बमोजिम कारोबारको एकमुष्ठ फस्यौंट सम्झनु पर्छ।

(६) धितोपत्र तथा ऋणपत्रको निष्कासन, ब्याज गणना, लाभांश भुक्तानी, साँवा तथा ब्याज भुक्तानी, स्वामित्व हस्तान्तरण तथा खरिद बिक्री सम्बन्धी कारोबारको फस्यौंट धितोपत्र तथा ऋणपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

३३. **अन्तिम फस्यौंटः** (१) संस्थाले बैंङ्कले समय समयमा दिएको निर्देशन अनुसार बैंङ्क मार्फत कारोबारको अन्तिम फस्यौंट जोखिम कम हुने गरी छिटो, छरितो र प्रभावकारी रुपमा हुने व्यवस्था मिलाउनु पर्नेछ।

(२) संस्थाले कारोबारको कुनै पनि बेला अन्तिम फस्यौंट हुन सक्ने गरी पर्याप्त तरलता, धितो सुरक्षण र जोखिम व्यवस्थापन गर्नु पर्नेछ।

(३) बैंङ्कको खातामा कुल वा खुद कारोबार जुनसुकै रुपमा भए तापनि वास्तविक रकम हस्तान्तरण भएपछि मात्र कारोबारको अन्तिम फस्यौंट हुनेछ।

(४) कारोबारको अन्तिम फस्यौंट भइसकेपछि कुनै पनि भुक्तानी फिर्ता गर्न वा पुनः भुक्तानी गर्न पाइने छैन।

तर कुनै कारणवश हिसाब फरक पर्न गएमा प्रमाणको आधारमा हिसाब मिलान गर्न बाधा पुगेको मानिने छैन।

(५) संस्थाले बैंङ्कले निर्धारण गरे बमोजिम कुनै रकम, तरल सम्पत्ति वा उपकरण सुरक्षण बापत धितो राख्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम सुरक्षण बापत राखिएको धितो संस्थाले व्यहोर्नु पर्ने भुक्तानी सम्बन्धी अन्य दायित्व निर्वाहका लागि समेत प्रयोग गर्न सकिनेछ।

(७) संस्थाले भुक्तानीको अन्तिम हिसाब मिलान गर्दा बैंङ्क मौज्दात वा उपदफा (५) बमोजिम राखिएको धितो वा सुरक्षणले नखामेको अवस्थामा कुनै विशेष समय तोकिएको रहेछ भने सोही समयभित्र र समय तोकिएको रहेनछ भने सोही दिन (इन्ट्राडे) हिसाब मिलान हुने गरी बैंङ्कले संस्थालाई ऋण उपलब्ध गराउन सक्नेछ।

३४. **आरटिजिएस प्रणालीबाट फस्यौंट गर्नु पर्ने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले तोकिदिए बमोजिम ठूलो मूल्य र अति जरूरी भुक्तानी (हाइभ्यालु एण्ड क्रिटिकल पेमेन्ट) तथा कारोबारको फस्यौंट आरटिजिएस कुल वा खुद प्रणाली बमोजिम गर्नु पर्नेछ।

(२) आरटिजिएस प्रणालीको सञ्चालन कार्यविधि, सदस्यता, कारोबारको सीमा, सेवा शुल्क, तरलताको व्यवस्था, जोखिम व्यवस्था, कारोबार समय, फस्यौंट विधि लगायतका व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद–७

कारबाही, कसूर तथा दण्ड सजाय

३५. **कारबाही गर्न सक्ने:** (१) यो ऐन, यस ऐन अन्तर्गत बनेको विनियम वा बैङ्कले जारी गरेको निर्देशन वा आदेशको उल्लंघन गर्ने संस्थालाई उल्लंघनको प्रकृति र गम्भीरता हेरी बैङ्कले देहाय बमोजिमको कुनै एक वा एकभन्दा बढी कारबाही गर्न सक्नेछः–

(क) सचेत गराउने वा नसिहत दिने,

(ख) सुधारात्मक कदम चाल्नको लागि कबुलियत गराउने,

(ग) कारोबारमा सीमा तोक्ने,

(घ) संस्थाको सञ्चालक समितिलाई निलम्बन गर्ने,

(ङ) भुक्तानी उपकरणको सञ्चालनमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउने,

(च) अनुमतिपत्र खारेज गर्ने।

(२) यो ऐन, यस ऐन अन्तरगत बनेको विनियम वा बैङ्कले जारी गरेको निर्देशन वा आदेशबमोजिम बैङ्कले माग गरेका विवरण कागजात उपलब्ध नगराउने संस्थाको सञ्चालक वा कर्मचारीलाई बैङ्कले देहाय बमोजिम कुनै एक वा एकभन्दा बढी कारबाही गर्न सक्नेछः–

(क) सचेत गराउने वा नसिहत दिने,

(ख) निलम्बनमा राख्न वा तलबभत्ता लगायत सम्पूर्ण सुविधाहरु रोक्का राख्न सम्बन्धित संस्थाको सञ्चालक समितिलाई आदेश दिने,

(ग) सञ्चालकको हकमा पदबाट हटाउने र कर्मचारीको हकमा संस्थाको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीमा जुनसुकै व्यवस्था भए तापनि निजलाई सेवाबाट अवकाश दिन सम्बन्धित संस्थाको सञ्चालक समितिलाई आदेश दिने,

(घ) हिनामिना गरिएको रकम सम्बन्धित कसूरदारबाट असूल उपर गर्ने, गराउने।

(३) बैङ्कले उपदफा (१) वा (२) बमोजिम कुनै संस्था वा सोको पदाधिकारी वा कर्मचारीलाई कारबाहीको प्रस्ताव गर्नुअघि सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

३६. **<u>कसूर गरेको मानिनेः</u>** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः–

(क) दफा ५ विपरीत अनुमतिपत्र नलिई भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायकको रुपमा कार्य गरे, गराएमा,

(ख) दफा ८ को उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त गर्न पेश गरेको निवेदनसाथ वा यस ऐन बमोजिम बैंङ्क समक्ष पेश गर्नु पर्ने कागजात, जानकारी, विवरण वा तथ्याङ्कमा गलत वा झुट्टा व्यहोरा उल्लेख गरेमा,

(ग) दफा १४ बमोजिम बैंङ्कको अनुमति नलिई भुक्तानीका उपकरण थप गरी वा खारेज गरी सेवा सञ्चालन गरेमा वा भुक्तानी प्रणालीमा कुनै परिवर्तन गरेमा,

(घ) दफा २८ बमोजिम गोपनीयता कायम नगरेमा,

(ङ) संस्थाको सम्पत्ति हानि नोक्सानी गरेमा,

(च) बैंङ्कबाट गरिने निरीक्षण, अनुगमन वा निगरानी कार्यमा बाधा विरोध गरेमा,

(छ) बैंङ्कले दिएको निर्देशन पालना नगरेमा वा अनुमतिपत्रमा तोकिदिएका शर्त उल्लंघन गरेमा,

(ज) यस ऐन अन्तर्गत बनेको विनियम, बैंङ्कले जारी गरेको निर्देशन वा आदेश विपरीत अन्य कुनै कार्य गरेमा।

३७. **दण्ड सजायः** (१) देहायका कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः–

(क) दफा ३६ को खण्ड (क) र (ख) को कसूर गरेमा पाँच वर्षदेखि दश वर्षसम्म कैद वा एक करोड रूपैयाँसम्म जरीबाना वा दुबै सजाय,

(ख) दफा ३६ को खण्ड (ग), (घ) र (ङ) बमोजिमको कसूर गरेमा दुई वर्षसम्म कैद वा दश लाख रूपैयाँसम्म जरिबाना वा दुबै सजाय।

(२) कसैले दफा ३६ को खण्ड (च), (छ) र (ज) बमोजिमको कसूर गरेमा कसूरको प्रकृति र गम्भीरता हेरी बैङ्कले कसूरदारलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम सजाय हुने कसूरमा बिगो कायम भएमा त्यस्तो बिगो प्रचलित कानून बमोजिम सम्बन्धित कसूरदारबाट असुल उपर गरिनेछ।

(४) दफा ३६ बमोजिमको कसूरको उद्योग गर्ने वा त्यस्तो कसूरमा मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(५) कसैले उपदफा (२) बमोजिम बैङ्कले तोकेको जरिबाना तीस दिनभित्र बैङ्कमा दाखिला नगरेमा निजको नाममा जुनसुकै बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेपबाट त्यस्तो रकम कट्टा गरी वा निजको नाममा रहेको अचल सम्पत्ति रोक्का गरी बिगो रकम असूल गर्ने व्यवस्था मिलाउन बैङ्कले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

३८. **नेपाल सरकार वादी हुनेः** दफा ३६ को खण्ड (क), (ख), (ग), (घ) र (ङ) मा उल्लिखित कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी हुनेछ।

३९. **पुनरावेदन लाग्नेः** दफा ३७ को उपदफा (२) बमोजिम बैङ्कले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले सजायको आदेश पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

४०. **कारबाहीको लागि लेखी पठाउनेः** (१) दफा ३६ बमोजिमको कसूर गरेको जानकारी कुनै माध्यमबाट बैङ्कलाई प्राप्त भएमा बैङ्कले त्यस्तो कसूर उपर छानबिन गर्नको लागि सम्बन्धित अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

(२) बैङ्कले कुनै संस्था वा पदाधिकारीले दफा ३७ मा उल्लेख भएको बाहेक प्रचलित कानून बमोजिम सजाय हुन सक्ने कुनै कसूर गरेको जानकारी पाएमा सो सम्बन्धमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

४१. **<u>प्रचलित कानून बमोजिम सजाय हुन सक्ने:</u>** यस ऐन बमोजिम सजाय हुने कुनै कसूरमा अन्य प्रचलित कानून बमोजिम पनि सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम सजाय गर्न यस ऐनको कुनै कुराले बाधा पुगेको मानिने छैन।

परिच्छेद–८

<u>विविध</u>

४२. **<u>अनुगमन, निगरानी तथा निरीक्षण:</u>** (१) बैङ्कले यो ऐन, यस ऐन अन्तर्गत बनेको विनियम, प्रचलित कानून एवं स्थापित अभ्यासको आधारमा नियमित रूपमा संस्थाको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) बैङ्कले सेवाग्राहीको हितलाई ध्यानमा राखी प्रचलित कानूनको अधीनमा रही संस्थाको कारोबार र भुक्तानीका उपकरणको नियमित निगरानी गर्नेछ।

(३) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक संस्थाको अनुगमन, निरीक्षण तथा निगरानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **<u>विवादको समाधान:</u>** (१) यस ऐन बमोजिम संस्थाबाट सम्पादन हुने कुनै कामको सम्बन्धमा संस्था र सेवाग्राही बीचमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद उत्पन्न भएको सात दिनभित्र सम्बन्धित संस्थाले आपसी सहमतिबाट समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र विवाद समाधान हुन नसकेमा सो व्यहोरा खुलाई पन्ध्र दिनभित्र कुनै विवादको कुनै पक्षले बैङ्कको भुक्तानी प्रणाली विभागमा विवाद समाधानको लागि निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा बैङ्कले विवादका पक्षलाई झिकाई सुनुवाईको मौका दिई मेलमिलापको प्रक्रिया वा अन्य प्रचलित कानून बमोजिम विवाद समाधानका उपायहरु अवलम्बन गरी विवादको समाधान गरिदिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम बैङ्कले गरेको निर्णय अन्तिम हुनेछ।

४४. **<u>विवाद समाधान समिति:</u>** (१) यस ऐन बमोजिम सम्पादन हुने कुनै कामको सम्बन्धमा संस्थाहरू बीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधान गर्न देहाय बमोजिमको एक विवाद समाधान समिति रहनेछः–

(क) सहसचिव, अर्थ मन्त्रालय –अध्यक्ष

(ख) सहसचिव, महालेखा नियन्त्रकको कार्यालय –सदस्य

(ग) बैंङ्कको भुक्तानी प्रणाली विभागको कार्यकारी निर्देशक –सदस्य

(२) यस ऐन बमोजिम हुने कारोबारको सम्बन्धमा संस्थाहरूबीच कुनै विवाद उत्पन्न भएमा कुनै पक्षले उपदफा (१) बमोजिमको समिति समक्ष विवाद समाधानको लागि निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कुनै पक्षको निवेदन परेमा विवाद समाधान समितिले पन्ध्र दिनभित्र सम्बन्धित अर्को पक्षलाई झिकाई सुनुवाईको मौका दिई विवादको समाधान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान समितिले गरेको निर्णय अन्तिम हुनेछ।

(५) विवाद समाधान सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

४५. **निर्देशन दिन सक्ने:** (१) यो ऐनको कार्यान्वयनको लागि बैंङ्कले सम्बन्धित संस्थालाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बैंङ्कले दिएको निर्देशन पालना गर्नु सम्बन्धित सबै संस्थाको कर्तव्य हुनेछ।

४६. **विनियम बनाउने अधिकार:** यो ऐन कार्यान्वयन गर्न बैंङ्कले आवश्यक विनियम बनाउन सक्नेछ।

४७. **खारेजी र बचाउ**: (१) नेपाल राष्ट्र बैंङ्क ऐन, २०५८ को दफा १०३ खारेज गरिएको छ।

(३) उपदफा (१) बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रतिनिधि सभाले संशोधन सहित पारित गरेको मितिः २०७५/०९/२९
राष्ट्रिय सभाले संशोधन सहित पारित गरेको मितिः २०७५/१०/२९
प्रतिनिधि सभाले पुनः पारित गरेको मितिः २०७५/११/१४
प्रमाणीकरण मितिः २०७५/१२/०४

सार्वजनिक-निजी साझेदारी तथा लगानी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा स्वदेशी वा विदेशी निजी क्षेत्र समेतको लगानीको माध्यमबाट मुलुकको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन, सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरुलाई व्यवस्थित गर्न तथा लगानी सम्बन्धी कानूनी व्यवस्थालाई एकीकरण र संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुगमन तथा सहजीकरण समिति" भन्नाले दफा ९ बमोजिमको अनुगमन तथा सहजीकरण समिति सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा ३१ बमोजिम सार्वजनिक-निजी साझेदारीमा र दफा ३५ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमतिपत्र वा इजाजतपत्र सम्झनु पर्छ।

(ग) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र वा इजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले यस ऐन बमोजिम सार्वजनिक-निजी साझेदारी निजी लगानीमा निर्माण भएको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ।

(ङ) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले दफा ४६ बमोजिमको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ।

(च) "कार्यालय" भन्नाले दफा १० बमोजिमको कार्यालय सम्झनु पर्छ।

(छ) "कोष" भन्नाले दफा ५७ बमोजिमको कोष सम्झनु पर्छ।

(ज) "बोर्ड" भन्नाले दफा ५ बमोजिमको लगानी बोर्ड सम्झनु पर्छ।

(झ) "परियोजना" भन्नाले यस ऐन बमोजिम सार्वजनिक-निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्बन्धी परियोजना सम्झनु पर्छ र सो शब्दले निजी लगानीमा कार्यान्वयन गरिने परियोजनालाई समेत जनाउँछ।

(ञ) "पूर्वाधार संरचना" भन्नाले सडक, सुरुङ्ग मार्ग, पुल, नहर, जलाशय, बाँध, ढल, केबुलकार, रेल्वे, ट्रामवे, मेट्रो रेल, मोनो रेल, स्काइ रेल, ट्रलीबस, बस र्‍यापिड ट्रान्जिट, सुख्खा बन्दरगाह, जलमार्ग परिवहन बिसौनी स्थल, विमानस्थल, अस्पताल, शीतभण्डार, गोदामघर, सार्वजनिक सभागृह, रङ्गशाला, जल विद्युतीय, जैविक, वायू, सौर्य लगायतका नवीकरणीय, तापीय तथा भूतापीय उर्जाको उत्पादन, प्रसारण तथा वितरण, प्रदर्शनी स्थल, मनोरञ्जन पार्क, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, सञ्चार तथा सूचना प्रविधि, वित्तीय बजार पूर्वाधार, विशेष आर्थिक तथा औद्योगीक क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्रसँग सम्बन्धित पूर्वाधार संरचना सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचनालाई समेत जनाउँछ।

(ट) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा १२ बमोजिम नियुक्त बोर्डको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(ठ) "महसुल" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिने सेवा शुल्क सम्झनु पर्छ।

(ड) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको विकास, निर्माण वा पुनर्स्थापनाको कार्य सम्झनु पर्छ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) "निजी लगानी" भन्नाले दफा ३२ बमोजिम गरिने लगानी सम्झनु पर्छ।

(त) "लगानी" भन्नाले यस ऐन बमोजिम ऋण वा स्वपूँजी वा पुनर्लगानी वा यस्तै प्रकारका वित्तीय उपकरण मार्फत परियोजनामा गरिने पूँजी प्रवाह सम्झनु पर्छ।

(थ) "लगानीकर्ता" भन्नाले यस ऐन बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न इच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्ति सम्झनु पर्छ र सो

शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ।

(द) "सदस्य" भन्नाले दफा ५ बमोजिमको बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले बोर्डको अध्यक्ष र उपाध्यक्षलाई समेत जनाउँछ।

(ध) "सम्झौता" भन्नाले परियोजना कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा बोर्ड र लगानीकर्ताबीच भएको परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा सुविधा सम्झौता (कन्सेसन एग्रिमेन्ट) वा अन्य यस्तै प्रकारका सम्झौता सम्झनु पर्छ।

(न) "सम्बन्धित निकाय" भन्नाले परियोजना कार्यान्वयन तथा सहजीकरण गर्ने बोर्ड, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह वा मातहतका सार्वजनिक निकाय सम्झनु पर्छ।

(प) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ।

(फ) "सार्वजनिक निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित गठित अन्य सङ्गठित संस्था वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल सरकारले सार्वजनिक निकाय भनी तोकिदिएको सार्वजनिक संस्था सम्झनु पर्छ।

(ब) "सार्वजनिक-निजी साझेदारी" भन्नाले सम्बन्धित सार्वजनिक निकाय र लगानीकर्ता बीच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनर्स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न दफा १७ को उपदफा (२) मा उल्लेख भए मध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ।

(भ) "सार्वजनिक-निजी साझेदारी एकाइ" भन्नाले दफा १४ बमोजिमको सार्वजनिक-निजी साझेदारी एकाइ सम्झनु पर्छ।

(म) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

परिच्छेद-२

लगानी स्वीकृति तथा बोर्ड सम्बन्धी व्यवस्था

३. **लगानी स्वीकृतिः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि छ अर्ब रुपैयाँ वा सोभन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी स्वीकृति बोर्डबाट हुनेछ।

४. **परियोजनाको कार्यान्वयनः** (१) सार्वजनिक-निजी साझेदारीका परियोजनाको कार्यान्वयन देहायका निकायबाट हुनेछः-

(क) प्रचलित सङ्घीय कानून बमोजिम स्थानीय तहको कार्यक्षेत्रमा परेका परियोजना भए सम्बन्धित स्थानीय तह,

(ख) प्रचलित सङ्घीय कानून बमोजिम प्रदेश तहको कार्यक्षेत्रमा परेका परियोजना भए सम्बन्धित प्रदेश सरकार,

(ग) प्रचलित सङ्घीय कानून बमोजिम सङ्घको अधिकारक्षेत्रमा परेका परियोजनामध्ये छ अर्ब रुपैयाँसम्म लागत अनुमान भएका जलविद्युत लगायतका उर्जा परियोजना बाहेकको अन्य परियोजना वा दुई सय मेगाबाट क्षमता सम्मको जलविद्युत लगायतका उर्जा परियोजना भए नेपाल सरकारको सम्बन्धित मन्त्रालय वा निकाय,

(घ) छ अर्ब रुपैयाँ भन्दा बढी लागत अनुमान भएका जलविद्युत लगायतका उर्जा परियोजना बाहेकको अन्य परियोजना वा दुई सय मेगाबाट क्षमताभन्दा बढीको जलविद्युत लगायतका उर्जा परियोजना भए बोर्ड।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिमको कुनै निकायले पहिचान गरी सूची स्वीकृत गरेको परियोजनाको हकमा सम्बन्धित निकाय र बोर्डबीचको आपसी समझदारी वा सम्झौताबाट कार्यान्वयन गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय वा प्रदेश तहको कार्यक्षेत्रमा परेका परियोजनामा विदेशी लगानी गर्ने सम्बन्धी व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ।

(४) उपदफा (१) को खण्ड (घ) बमोजिमको परियोजनाको कार्यान्वयन गर्दा बोर्डले सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ।

५. **<u>बोर्डको गठनः</u>** (१) स्वदेशी वा विदेशी श्रोतको परिचालन गरी पूर्वाधार संरचनाको निर्माण तथा सेवा क्षेत्रको विकास गरी लगानी प्रवर्द्धन गर्ने समेतको कार्य गर्नको लागि अधिकारसम्पन्न लगानी बोर्ड रहनेछ।

(२) उपदफा (१) बमोजिमको बोर्डको गठन देहाय बमोजिम हुनेछः-

(क)	प्रधानमन्त्री	-अध्यक्ष
(ख)	अर्थ मन्त्री	-उपाध्यक्ष
(ग)	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री	-सदस्य
(घ)	वन तथा वातावरण मन्त्री	-सदस्य
(ङ)	उर्जा, जलश्रोत तथा सिँचाई मन्त्री	-सदस्य
(च)	परियोजनासँग सम्बन्धित मन्त्रालयका मन्त्री	-सदस्य
(छ)	राष्ट्रिय योजना आयोगको उपाध्यक्ष	-सदस्य
(ज)	नेपाल राष्ट्र बैङ्कको गभर्नर	-सदस्य
(झ)	नेपाल सरकारको मुख्य सचिव	-सदस्य
(ञ)	उद्योग, पर्यटन, पूर्वाधार विकास, वाणिज्य कानून तथा वित्तीय क्षेत्रका विशेषज्ञहरूमध्ये बोर्डले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीनजना	-सदस्य
(ट)	कार्यालयको प्रमुख कार्यकारी अधिकृत	-सदस्य-सचिव

६. **<u>सदस्यहरूको नियुक्ति,पदावधि तथा पदमुक्तिः</u>** (१) दफा ५ को उपदफा (२) को खण्ड (ञ) बमोजिमका सदस्यको मनोनय बोर्डको अध्यक्षबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमका सदस्यहरुको पदावधि चार वर्षको हुनेछ। निजहरूको पुनर्नियुक्ति हुन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत कुनै सदस्यलाई अध्यक्षले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(४) उपदफा (३) बमोजिम कुनै सदस्य पदमुक्त भएमा वा निजले आफ्नो पदबाट राजिनामा दिएमा निजको स्थानमा बाँकी अवधिका लागि अर्को व्यक्तिलाई मनोनीत गर्न सकिनेछ।

७. **<u>बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति स्थान र समयमा बस्नेछ।

(२) उपदफा (१) बमोजिमको बैठक एक आर्थिक वर्षमा कम्तीमा छ पटक र दुई बैठकको बीचको अवधि दुई महिनाभन्दा बढी नहुने गरी बस्नु पर्नेछ।

(३) बोर्ड बैठकको अध्यक्षता बोर्डको अध्यक्षले र निजको अनुपस्थितिमा बोर्डको उपाध्यक्षले गर्नेछ।

(४) बोर्डले परियोजनासँग सम्बन्धित मन्त्रालयका सचिव, नेपाल सरकारका कुनै अधिकृत वा विशेषज्ञलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) बोर्ड बैठकको कार्यसूचीमा परेको परियोजनाका सम्बन्धमा हुने छलफलमा सम्बन्धित प्रदेशका मुख्यमन्त्री वा स्थानीय तहका प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ।

(६) बोर्डको निर्णय सदस्य-सचिवले अभिलेख गरी प्रमाणित गर्नेछ।

(७) बोर्डको बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **<u>बोर्डको काम, कर्तव्य र अधिकारः</u>** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक-निजी साझेदारी तथा निजी लगानीमा कार्यान्वयन गरिने परियोजना तथा लगानी सम्बन्धी नीति तर्जुमा गर्ने वा गराउने,

(ख) सम्भाव्य परियोजनाहरुको विवरण सङ्कलन गरी त्यस्ता

परियोजनाहरुको अध्ययन तथा परियोजनाको सूची तयार गर्ने वा गराउने,

(ग) सार्वजनिक-निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाहरु मध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने वा गराउने,

(घ) प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको पारदर्शिता,स्वच्छता र प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै परियोजना सम्पन्न गर्ने आधार मूल्याङ्कन गरी त्यस्ता परियोजनाहरुको पूर्व योग्यताको सूची तयार, प्रस्ताव आह्वान, प्रस्तावको मूल्याङ्कन, परियोजना स्वीकृति, लगानी स्वीकृति, तथा आवश्यकता अनुसार त्यस्ता परियोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने वा गराउने,

(ङ) विशेष प्राथमिकताका परियोजनाहरुको रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको वार्ता मार्फत परियोजना विकास,निर्माण तथा सञ्चालन गर्ने गरी सम्झौता गर्ने वा गराउने,

(च) आव्हान नगरिएका बोर्डमा सोझै प्राप्त हुन आएका प्रस्तावहरु आवश्यकता अनुसार अध्ययन गरी सर्वेक्षण अनुमतिपत्र दिने र त्यस्ता प्रस्तावमा उल्लिखित परियोजनाको लागि कानून बमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र, राईट अफ वेका लागि सम्बन्धित निकायमा पठाउने, लगानी स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने वा गराउने,

(छ) स्वीकृत परियोजनाको अध्ययन गरी सम्झौता बमोजिम निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने वा गराउने,

(ज) पूर्वाधार निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्रमा सम्मिश्रित वित्त सम्बन्धी कार्य गर्ने,

(झ) आर्थिक वा गैर आर्थिक सुविधा उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने,

(ञ) स्वीकृत परियोजनाको लागि आवश्यक पर्ने हदबन्दी भन्दा बढीको जग्गा खरीद गर्न वा लिजमा उपलब्ध गराउन समन्वय र सहजिकरण गर्ने,

(ट) स्वीकृत परियोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका लागि वन तथा वातावरण सम्बन्धी अनुमति लिनु पर्ने भएमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी अनुमति प्रदान गर्ने वा गराउने,

(ठ) परियोजना विकास सम्झौता (प्रोजेक्ट डेभेलपमेन्ट एग्रिमेण्ट) तथा परियोजना लगानी सम्झौता (प्रोजेक्ट इन्भेष्टमेण्ट एग्रिमेण्ट) लगायतका सहुलियत सम्झौता (कन्सेसन एग्रिमेन्ट) स्वीकृत गर्ने,

(ड) स्वीकृत परियोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम आवश्यक पर्ने अनुमति, इजाजत तथा स्वीकृतिको लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(ढ) लगानी मैत्री वातावरण तयार गरी नेपाललाई विदेशी लगानीको गन्तव्य स्थलको रुपमा विकास गर्न नेपाल सरकारका सम्बन्धित निकायसँग सहकार्य गर्ने,

(ण) विदेशी लगानी आकर्षित गर्नका लागि बोर्डले उपयुक्त ठहऱ्याएको मुलुकसँग द्विपक्षीय लगानी सम्झौता र दोहोरो कर उन्मुक्ति लगायतका लगानी प्रवर्द्धन सम्बन्धी वार्ता गर्ने वा संयन्त्र स्थापित गर्ने वा गराउने सम्बन्धमा नेपाल सरकारलाई सिफारिश गर्ने,

(त) प्रत्यक्ष विदेशी लगानीमा वा सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनर्स्थापना वा स्तरोन्नति गर्ने वा सार्वजनिक सेवा प्रवाह गर्ने परियोजना कार्यान्वयन र लगानीको सम्बन्धमा नेपाल सरकार लगायत त्यस सम्बन्धी अन्य निकायलाई आवश्यक विशेषज्ञ सेवा उपलब्ध गराउने तथा समन्वय एवं सहजीकरण गर्ने वा गराउने,

(थ) परियोजना विकास, लगानी प्रवर्द्धन तथा परियोजना कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय, प्रदेश, स्थानिय तह एवं सरकारी तथा निजी क्षेत्र बीच समन्वय गर्ने वा गराउने,

(द) स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि शीघ्र निर्णय र समस्याको छिटोछरितो सेवा प्रदान गर्ने वा गराउने,

(ध) बोर्डको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(न) सफलतापूर्वक परियोजना कार्यान्वयन गर्ने लगानीकर्ताहरूको सूची तयार गरी आवश्यकता अनुसार त्यस्ता लगानीकर्ताहरु वा पूर्व योग्यता निर्धारण भएका लगानीकर्ताहरू बीच नयाँ परियोजना कार्यान्वयन गर्न प्रतिस्पर्धा गराउने,

(प) विदेशी लगानी प्रवर्द्धन गर्ने सम्बन्धमा प्रचार प्रसार तथा विदेशी लगानीकर्ता बीच अन्तरक्रिया तथा अन्य आवश्यक कार्य गर्नका लागि कार्यालय तथा विदेशस्थित नेपाली नियोगहरूको सहकार्य तथा समन्वय स्थापित हुने गरी त्यस्ता निकायलाई परिचालन गर्ने वा गराउने,

(फ) विदेशी लगानी आकर्षण गर्न र त्यस्ता लगानीमा स्थापना तथा सञ्चालन हुने कुनै पनि परियोजनाको लागि एकल बिन्दु सेवा केन्द्रबाट सेवा प्रदान गर्ने वा गराउने,

(ब) सम्झौता बमोजिम वित्तीय व्यवस्थापन भई सकेपछि त्यस्तो सम्झौता बमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने वा गराउने,

(भ) लगानीकर्तालाई अनुमति वा इजाजत प्रदान गरे बापत वा परियोजना विकास गर्न बोर्डले पुऱ्याएको सेवा तथा सहजीकरण बापत तोकिए बमोजिमको शुल्क, दस्तुर लिने,

(म) बोर्डबाट सहजीकरण गरिएका वा गरिने परियोजनालाई आवश्यक पर्ने पूर्वाधार संरचनाको निर्माण तोकिए बमोजिम लगानीकर्तामार्फत गर्ने वा गराउने ,

(य) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

९. **<u>अनुगमन तथा सहजीकरण समिति</u>**ः (१) यस ऐन बमोजिम कार्यान्वयन हुने परियोजनाको कार्यान्वयन तथा अनुगमन गर्न तथा सो कार्यमा सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक अनुगमन तथा सहजीकरण समिति रहनेछः-

(क) बोर्डको उपाध्यक्ष -संयोजक

(ख) सचिव, प्रधानमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार विकास विषय हेर्ने) -सदस्य

(ग) सचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(घ) सचिव, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय -सदस्य

(ङ) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, - सदस्य

(च) सचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(छ) सचिव, परियोजनासँग सम्बन्धित मन्त्रालय -सदस्य

(ज) प्रमुख कार्यकारी अधिकृत -सदस्य

(झ) दफा ५ को उपदफा (२) को खण्ड (ठ) बमोजिमका सदस्यबाट बोर्डको अध्यक्षले तोकेको एक जना -सदस्य

(ञ) बोर्डको सार्वजनिक-निजी साझेदारी एकाइ प्रमुख, -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा सहजीकरण समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **बोर्डको कार्यालयः** (१) बोर्डको सचिवालयको रुपमा कार्य गर्न लगानी बोर्डको एक कार्यालय रहनेछ।

(२) कार्यालयको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) प्रमुख कार्यकारी अधिकृत कार्यालयको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(४) कार्यालयले आवश्यक देखेमा बोर्डको स्वीकृति लिई सल्लाहकार वा विशेषज्ञको समूह गठन गर्न सक्नेछ।

११. **कार्यालयको काम, कर्तव्य र अधिकारः** कार्यालयको काम, कर्तव्य र अधिकार देहाय

बमोजिम हुनेछः-

(क) सार्वजनिक-निजी साझेदारी अवधारणा अन्तर्गतका परियोजनाहरुको पहिचान, सर्वेक्षण तथा कार्यान्वयनको लागि विकासकर्ता छनौट तथा अनुगमन लगायतका कार्य गर्ने,

(ख) सार्वजनिक-निजी साझेदारी अवधारणा तथा निजी लगानीमा कार्यान्वयन हुने परियोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन लगायतका कार्यमा सहजीकरण गर्ने,

(ग) बोर्डद्वारा स्वीकृत शर्तहरू तथा प्रस्ताव आह्वानमा संलग्न सम्झौताको मस्यौदाको आधारमा प्रस्तावक वा लगानीकर्तासँग वार्ता गरी सम्झौता गर्ने,

(घ) सम्झौता अनुरूप परियोजना कार्यान्वयन गर्न लगानीकर्तालाई सहजीकरण गर्ने,

(ङ) परियोजना कार्यान्वयनमा देखिएका समस्याको निराकरण गर्ने,

(च) स्वीकृत परियोजना कार्यान्वयनका लागि सार्वजनिक निकाय, प्रदेश, स्थानीय तह लगायत निजी क्षेत्रसँग समन्वय गर्ने,

(छ) स्वीकृत परियोजनाले प्राप्त गर्ने आर्थिक वा गैरआर्थिक सुविधा उपलब्ध हुने व्यवस्था मिलाउने,

(ज) कुनै क्षेत्र वा परियोजनाको लागि उपलब्ध गराइएको सुविधा अपर्याप्त भएको वा अन्य कुनै कारणबाट लगानी निरुत्साहित भएको देखिएमा सोको सुधारका उपाय बोर्ड समक्ष पेश गर्ने,

(झ) परियोजनाको कार्यान्वयनको अनुगमन गर्ने तथा समयतालिका बमोजिम परियोजना कार्यान्वयन नभएको देखिएमा सो सम्बन्धमा आवश्यक कारबाही गर्न वा अनुमति रद्द गर्नका लागि बोर्ड समक्ष सिफारिस गर्ने,

(ञ) कुनै विशेष लगानीका क्षेत्र वा उपक्षेत्रमा विशेष ध्यान दिन आवश्यक देखिएमा सोको सुझाव बोर्ड समक्ष पेश गर्ने,

(ट) स्वदेशी तथा विदेशी लगानीको सुरक्षा तथा लगानी प्रवर्द्धन सम्बन्धी कार्य गर्ने,

(ठ) सार्वजनिक-निजी साझेदारी तथा लगानी सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

(ङ) बोर्डको क्षेत्राधिकार भित्र रहेका र बोर्डले निर्णय गरी तोकिदिएका प्रशासनिक तथा अन्य कार्य गर्ने।

१२. **<u>प्रमुख कार्यकारी अधिकृतः</u>** (१) बोर्डको दैनिक प्रशासन सञ्चालन तथा कार्य सम्पादन गर्न एक प्रमुख कार्यकारी अधिकृत रहनेछ।

(२) प्रमुख कार्यकारी अधिकृत बोर्डमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(३) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र, कानून, इन्जिनियरिङ्ग वा विकास सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र परियोजना विकास, सार्वजनिक खरिद, सार्वजनिक-निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैंकिङ्ग, वित्तीय क्षेत्र औद्योगिक व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको व्यवस्थापकीय अनुभव हासिल गरेको नेपाली नागरिक प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त हुन योग्य मानिनेछ।

(४) देहायको व्यक्ति बोर्डको प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति हुन योग्य हुने छैनः-

(क) भ्रष्टाचार, चोरी, मानव बेचबिखन तथा ओसारपोसार, जबरजस्ती करणी जस्ता नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको अवधिभर,

(ग) पैतिस वर्ष उमेर पूरा नगरेको,

(घ) पैसट्ठी वर्ष उमेर नाघेको।

(५) प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिस गर्न बोर्डको उपाध्यक्षको संयोजकत्वमा राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र नेपाल सरकारले तोकेको विषय विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति रहनेछ।

(६) उपदफा (५) बमोजिमको समितिले प्रतिस्पर्धाको आधारमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि तीनजना व्यक्तिको नाम सिफारिस गर्नेछ।

(७) उपदफा (६) बमोजिम सिफारिस भएका व्यक्तिहरूमध्ये एकजनालाई नेपाल सरकार, मन्त्रिपरिषद्ले प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त गर्नेछ।

(८) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि पुनः नियुक्त हुन सक्नेछ।

(९) देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेछः-

(क) उपदफा (४) बमोजिम अयोग्य भएमा,

(ख) निजले आफ्नो पदबाट बोर्डमार्फत दिएको राजीनामा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएमा,

(ग) कार्यक्षमताको अभाव, खराब आचरण वा निजको कार्य सम्पादनको स्तर सन्तोषजनक नभई नेपाल सरकार मन्त्रिपरिषद्ले निजलाई हटाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निजको मृत्यु भएमा,

(च) पैसठ्ठी वर्ष उमेर पूरा भएमा ।

(१०) उपदफा (९) को खण्ड (ख) बमोजिम हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(११) प्रमुख कार्यकारी अधिकृतमा नियुक्ति भई पदावधि समाप्त भएको मितिले पाँच वर्षसम्म आफू बोर्डमा रहेको अवधिमा यस ऐन बमोजिम अनुमति पत्र दिई लगानी स्वीकृति भएका परियोजनामा संलग्न हुन पाउने छैन।

१३. **<u>प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार</u>**ः (१) यस ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको बैठकमा पेश गरिने प्रस्तावहरूको सूची तयार गर्ने,

(ख) परियोजना स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने र आवश्यक प्रक्रिया अगाडी बढाउने,

(ग) बोर्डबाट भएका निर्णय निर्देशन कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्ड तथा कार्यालयको वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने,

(ङ) बोर्डबाट कार्यान्वयनको लागि स्वीकृत परियोजनाहरूको कार्यान्वयनको अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने,

(च) बोर्डले तोकेका अन्य कार्यहरु गर्ने।

१४. **<u>सार्वजनिक-निजी साझेदारी एकाइः</u>** (१) सार्वजनिक-निजी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरुको सम्भाव्यता अध्ययन तथा लगानीकर्ता छनौट गर्न र सार्वजनिक निकायहरुलाई परियोजनाहरुको निर्माण, सञ्चालन तथा अन्य विषयहरुमा सहजीकरण गर्न कार्यालयमा एक सार्वजनिक-निजी साझेदारी एकाइ रहनेछ।

(२) सार्वजनिक-निजी साझेदारी एकाइको काम, कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक-निजी साझेदारी सम्बन्धी नीतिगत विषयमा कार्यनीति, कार्यविधि तथा निर्देशिका बनाई बोर्ड समक्ष पेश गर्ने,

(ख) सार्वजनिक-निजी साझेदारीका परियोजना कार्यान्वयन गर्ने लगानीकर्तालाई राय, सुझाव वा परामर्श दिने तथा मार्गदर्शन गर्ने,

(ग) सार्वजनिक-निजी साझेदारी सम्बन्धी आशयपत्र आह्वान, पूर्वयोग्यता तथा प्रस्ताव आह्वानपत्र तथा परियोजना सम्झौताको मस्यौदा तयार गर्ने तथा आव्हान गर्ने,

(घ) सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने स्वीकृत परियोजनाको परियोजना बैंक तयार गरी अध्यावधिक गर्ने,

(ङ) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्याङ्कन गरी राय प्रतिकृया दिने,

(च) सार्वजनिक-निजी साझेदार मा सञ्चालित परियोजनाहरुको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी राय, प्रतिकृया तथा सुझाव दिने,

(छ) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाहरुको साझेदार छनौट गर्ने प्रक्रिया तयार गरी लागू गर्ने,

(ज) अन्तर्राष्ट्रिय सार्वजनिक-निजी साझेदारीका असल अभ्यास तथा अनुभवहरुका सम्बन्धमा नियमित अनुसन्धान गर्ने तथा नेपालमा सार्वजनिक-निजी साझेदारी ढाँचाको लागि उपयुक्त हुने विषयहरु अवलम्बन गर्ने,

(झ) सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने आयोजनाको तयारी तथा कार्यान्वयनमा लगानीकर्तालाई आवश्यक सहयोग गर्ने,

(ञ) सार्वजनिक-निजी साझेदारीका परियोजनासँग सम्बन्धित सूचनाहरु सङ्कलन गरी अभिलेखीकरण गर्ने,

(ट) बोर्ड वा कार्यालयले तोकेका अन्य कार्य गर्ने।

(३) सार्वजनिक-निजी साझेदारी एकाइको गठन, सङ्गठनात्मक ढाँचा तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **<u>लगानी एकाइः</u>** (१) यस ऐन बमोजिम कार्यान्वयन हुने परियोजनामा हुने लगानीको प्रवर्द्धन तथा लगानीमैत्री वातावरणको लागि समन्वय, सहकार्य तथा सहजीकरण गर्न कार्यालयमा एक लगानी एकाइ रहनेछ।

(२) उपदफा (१) बमोजिमको लगानी एकाइको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निजी लगानीमा कार्यान्वयन गरिने परियोजना तथा लगानी सम्बन्धी नीति तर्जुमा गरी बोर्ड समक्ष पेश गर्ने,

(ख) निजी लगानीमा कार्यान्वयन हुन सक्ने सम्भाव्य परियोजनाहरुको अध्ययन गरी परियोजना सूची तयार गर्ने,

(ग) बोर्डमा सोझै प्राप्त हुन आएका आव्हान नगरिएका प्रस्तावहरुको हकमा आवश्यक अध्ययन गर्ने र सोको लागि आवश्यक पर्ने अनुमति पत्र, इजाजत पत्र प्रदान

गर्न सम्बन्धित निकायमा लेखी पठाउने,

(घ) परियोजना लगानी सम्झौता लगायतका सहुलियत सम्झौता तथा समझदारी पत्रको मस्यौदा तयार गर्ने,

(ङ) परियोजना विकास,लगानी प्रवर्द्धन तथा परियोजना कार्यान्वयनका लागि सार्वजनिक निकाय तथा निजी क्षेत्र बीच समन्वय गर्ने,

(च) निजी लगानीमा परियोजनाको विकासकर्ता छनौटको आधारहरु तयार गर्ने,

(छ) लगानी सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,

(ज) वैदेशिक लगानीका सन्दर्भमा तुलनात्मक लाभको विवरण तयार गर्ने,

(झ) सम्भावित लगानीकर्ताको विवरण तयार गरी सम्भावित लगानीकर्ताको लगानी सम्बन्धी जिज्ञाशा सम्बोधन गर्ने,

(ञ) बोर्ड वा कार्यालयले तोकेका अन्य कार्य गर्ने।

(३) लगानी एकाइको गठन, सङ्गठनात्मक संरचना तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **विशेषज्ञ समिति वा कार्यदल:** (१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन कार्यालयले कार्यादेश तथा कार्यावधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको एक विशेषज्ञ समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका सदस्य तथा पदाधिकारीहरुको सुविधा कार्यालयले तोके बमोजिम हुनेछ।

परिच्छेद-३

सार्वजनिक-निजी साझेदारी

१७. **परियोजना कार्यान्वयन गर्न सकिने:** (१) पूर्वाधार संरचना सम्बन्धी कुनै परियोजना सार्वजनिक-निजी साझेदारीबाट कार्यान्वयन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक-निजी साझेदारीबाट परियोजना

कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछः-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण,

(झ) पुनर्स्थापना, सञ्चालन तथा हस्तान्तरण,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि पुनर्स्थापना भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निमाण गरी पुनर्स्थापना गर्ने कार्य सम्झनु पर्छ।

(ञ) यस्तै अन्य कुनै तरिका।

(३) उपदफा (२) बमोजिम परियोजना कार्यान्वयन गर्दा कुनै परियोजनाको निर्माण, सञ्चालन, पुनर्स्थापना, मर्मत तथा विस्तारमध्ये कुनै एक वा एकभन्दा बढी चरणमा परियोजना कार्यान्वयन गर्न सकिनेछ।

१८. **परियोजना कार्यान्वयन नगरिनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका परियोजना सार्वजनिक-निजी साझेदारीबाट कार्यान्वयन गरिने छैनः-

(क) वित्तीय, प्राविधिक वा सञ्चालन सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने परियोजना,

(ख) राष्ट्रिय सुरक्षासँग सम्बन्धित परियोजना,

(ग) बोर्डले तोकिदिएका अन्य परियोजना।

१९. **प्राथमिकता निर्धारणः** सार्वजनिक-निजी साझेदारीबाट कार्यान्वयन गरिने परियोजनाको

प्राथमिकताका क्षेत्र बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **परियोजना पहिचानः** (१) सम्बन्धित निकायले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा परियोजनाको सर्भेक्षण लगायतको अध्ययन भए वा नभएको तथा तोकिए बमोजिमका अन्य विवरण समेतका आधारमा सम्बन्धित निकायले प्राथमिकता निर्धारण गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम परियोजना पहिचान गरी सूची निर्धारण गर्दा प्राविधिक तथा वित्तीय विषयहरुमा बोर्डसँग परामर्श लिन सकिनेछ।

२१. **परियोजना स्वीकृत गराउनु पर्नेः** (१) दफा २० बमोजिम पहिचान गरी सूचीकृत गरिएका परियोजनाहरु कार्यान्वयन गर्ने सम्बन्धमा कार्यक्षेत्र अनुसार बोर्ड वा सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने भए दफा १७ मा उल्लिखित तरिका मध्ये कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सोको व्यहोरा उल्लेख गर्नु पर्नेछ।

(३) कुनै सार्वजनिक निकाय अन्तर्गत एकै प्रकृतिका एकभन्दा बढी परियोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न यस दफा बमोजिम परियोजना स्वीकृत गराउँदा त्यस्तो परियोजनाको पुनः प्राथमिकिकरण गर्नु पर्नेछ।

२२. **परियोजनाको सूची प्रकाशन गर्नेः** दफा २१ बमोजिम परियोजना स्वीकृत भएपछि सम्बन्धित निकायले परियोजनाको सूची प्रकाशन गर्नु पर्नेछ।

२३. **आशयपत्र आह्वान गर्नेः** (१) दफा २१ बमोजिम स्वीकृत परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि सम्बन्धित निकायले सार्वजनिक सूचना प्रकाशन गरी आशयपत्र आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) आशयपत्र पेश गर्ने कार्यालय वा निकाय,

(ख) आशयपत्र पेश गर्ने अवधि,

(ग) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

(घ) आशयपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु,

(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

(च) तोकिए बमोजिमका अन्य विवरण।

२४. **आशयपत्र पेश गर्नेः** परियोजनाको अध्ययन-अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका शर्तका अधिनमा रही दफा २३ बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित निकायमा आशयपत्र पेश गर्नु पर्नेछ।

२५. **संक्षिप्त सूची तयार गर्नेः** दफा २४ बमोजिम आशयपत्र प्राप्त भएपछि सम्बन्धित निकायले तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नु पर्नेछ।

२६. **प्रस्ताव आह्वान गर्नेः** (१) दफा २५ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सम्बन्धित निकायले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमका विवरणहरु खुलाई सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ।

२७. **प्रस्ताव छनौट गर्नेः** (१) दफा २६ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि सम्बन्धित निकायले तोकिए बमोजिमको मूल्याङ्कन समिति गठन गरी तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नु पर्नेछः-

(क) तोकिएको समयमा निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) सम्बन्धित निकायलाई बुझाउनु पर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लिखित आर्थिक प्रस्ताव।

(२) यस दफा बमोजिम प्रस्ताव छनौट गरेपछि सम्बन्धित निकायले त्यसको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनु पर्नेछ।

(३) यस दफा बमोजिमको प्रस्ताव छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **आव्हान नगरिएको प्रस्तावः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावक स्वयंले सार्वजनिक-निजी साझेदारीको माध्यमबाट परियोजना कार्यान्वयन गर्नको लागि सम्बन्धित निकाय समक्ष तोकिए बमोजिमको आधार, दस्तुर र ढाँचामा

प्रस्ताव पेश गर्न सक्नेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "आव्हान नगरिएको प्रस्ताव" भन्नाले सम्बन्धित निकायले सार्वजनिक सूचना जारी नगरेको अवस्थामा लगानीकर्ता स्वयंले कुनै परियोजना विकास गर्ने उद्देश्यले आशय प्रकट गरी पेश गरेको प्रस्ताव सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्दा देहायका विषयहरु उल्लेख गर्नु पर्नेछः-

(क) परियोजनाको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमता सहितको विवरण (प्रोफाइल),

(ग) परियोजनाको प्रारम्भिक संभाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यावसायिक योजना,

(ङ) परियोजनामा प्रयोग हुने प्रविधि,

(च) परियोजनाबाट प्राप्त हुने सम्भावित लाभको विवरण।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव दफा २७ को उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो परियोजनाको अध्ययन तथा सर्भेक्षण अनुमति वा परियोजना विकास वा सञ्चालनको लागि तोकिएको प्रक्रिया पूरा गरी तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्न सकिने छ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको परियोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक-निजी साझेदारीमा निर्माण हुने परियोजना प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई स्वीस च्यालेन्जका आधारमा सम्बन्धित निकायले तोकेको प्रक्रिया बमोजिम प्रतिस्पर्धा गराउन सक्नेछ।

<u>स्पष्टिकरणः</u> यस दफाको प्रयोजनको लागि "स्विस च्यालेन्ज" भन्नाले सम्बन्धित निकायले कुनै सेवा क्षेत्र वा सडक, रेल जस्ता सार्वजनिक परियोजनाका लागि आव्हान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्तावभन्दा राम्रो प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आव्हान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनु पर्छ।

(५) उपदफा (१) बमोजिमको प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएमा स्वीकृत भएको प्रस्तावकर्ताबाट उपदफा (१) बमोजिमको प्रस्तावकलाई तोकिए बमोजिमको परियोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा सम्बन्धित निकायको कुनै खर्च भएको अवस्थामा सो समेत सोधभर्ना तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ।

२९. **<u>वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने</u>:** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुईपटक आशयपत्र वा प्रस्ताव आह्वान गर्दा पनि छनौट हुन नसकेको अवस्थामा त्यस्तो परियोजना सम्बन्धित निकायले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने देखिएमा त्यस्तो परियोजना सम्बन्धित निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः-

(क) परियोजनाको प्रकृति वा लागतको कारण आथिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको परियोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको परियोजना,

(ग) राष्ट्रिय प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी छनौट गरिएको परियोजना,

(घ) यस ऐन बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको परियोजना।

(३) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरु खुलाई सम्बन्धित निकाय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी सम्बन्धित निकायले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न स्विकृती दिन सक्नेछ।

३०. **वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने**ः (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिले सोको अनुमतिको लागि कार्यालय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा कार्यालयले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न, गराउन अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने, गराउने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयन गर्नको लागि प्रतिस्पर्धा गराइएको अवस्थामा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने, गराउने व्यक्ति छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराईने छ।

(६) यस दफा बमोजिम परियोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनको आधारमा त्यस्तो परियोजना यस ऐन बमोजिम कार्यान्वयन गरिनेछ।

३१. **अनुमतिपत्र दिनु पर्ने**ः (१) दफा २७,२८, र २९ बमोजिम प्रस्ताव छनौट वा स्वीकृति प्रदान गरेपछि सम्बन्धित निकायले प्रस्तावकलाई तोकिए बमोजिमको शर्तहरु तथा ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समझदारी गर्दा समयभित्र नै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको परफर्मेन्स बण्ड लिनु पर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम परियोजना स्वीकृत भई उपदफा (१) बमोजिम अनुमितपत्र प्राप्त गरेको अवस्थामा त्यस्तो अनुमितपत्र प्रचलित कानूनको रीत पुऱ्याई जारी भएको मानिनेछ।

परिच्छेद-४

निजी लगानी सम्बन्धी व्यवस्था

३२. **निजी लगानीः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रबाट निर्माण, सञ्चालन र व्यवस्थापन हुने प्रकृतिको छ अर्ब रुपैयाँभन्दा माथिको निजी लगानीका परियोजनाको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति बोर्डबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको निजी लागानी हुने परियोजनानामा लगानीकर्ताको स्वामित्व सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको निजी लगानी हुने परियोजनाहरुको लागि तोकिए बमोजिमका आधारमा प्रस्तावको मूल्याङ्कन गरी अनुमतिपत्र प्रदान गरिनेछ।

३३. **परियोजना पहिचानः** (१) निजी लगानीमा कार्यान्वयन गर्न सकिने छ अर्ब रुपैयाँ भन्दा माथिको लगानी हुने परियोजनाहरु आवश्यकता अनुसार कार्यालयले सम्वन्धित निकाय, निजी क्षेत्र तथा अन्य निकायसँगको समन्वय तथा सहकार्यमा परियोजनाको सूची तयार गरी स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचीमा नपरेका परियोजनासँग सम्बन्धित प्रस्ताव स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्न कुनै बाधा पुगेको मानिने छैन।

३४. **परियोजना स्वीकृत गराउनु पर्नेः** दफा ३३ बमोजिम कार्यालयले पहिचान गरी सिफारिस गरेको परियोजना कार्यान्वयनका लागि बोर्डबाट स्वीकृत गराउनु पर्नेछ।

३५. **समझदारी गरी अनुमतिपत्र प्रदान गर्नेः** दफा ३४ बमोजिम प्रस्ताव स्वीकृत भएमा कार्यान्वयनका लागि तोकिए बमोजिमको शर्त र ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन अनुमतिपत्र प्रदान गरिनेछ।

परिच्छेद-५

सम्झौता सम्बन्धी व्यवस्था

३६. **परियोजनाको विवरण पेश गर्नु पर्नेः** (१) दफा ३१ बमोजिम सार्वजनिक-निजी साझेदारीमा र दफा ३५ बमोजिम निजी लगानीमा परियोजना कार्यान्वयन गर्न समझदारी गरेकोमा त्यस्तो समझदारीपत्रमा उल्लिखित समयावधिभित्र प्रस्तावकले परियोजना कार्यान्वयन गर्न तोकिए बमोजिमका विवरणहरु सम्बन्धित निकाय समक्ष

पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा त्यसको आधार र कारण सहित अवधि थपका लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा सम्बन्धित निकायले त्यस्तो विवरण पेश गर्न थप समय दिन सक्नेछ।

३७. <u>सम्झौता गर्नु पर्ने</u>: (१) दफा ३१ र ३५ बमोजिम भएको समझदारीपत्र तथा दफा ३६ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौताका शर्त लगायतका विषयमा वार्ता गर्न सम्बन्धित निकायले एक वार्ता समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित वार्ता समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौतामा देहायका कुराहरु खुलाई सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछः-

(क) परियोजनाको विवरण,

(ख) परियोजना सुरु र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(च) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(छ) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) परियोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(झ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने महसुल सम्बन्धी व्यवस्था,

(ञ) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ट) परियोजनामा जडित मेशिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ठ) सम्बन्धित निकायलाई बुझाउनु पर्ने शुल्क तथा रोयल्टी र भुक्तानी विधि,

(ड) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ढ) परियोजनामा सम्बन्धित निकायको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो बापत सम्बन्धित निकायले प्राप्त गर्ने प्रतिफल,

(ण) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(त) थप परियोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सो सम्बन्धी व्यवस्था,

(थ) सव-लिज गर्न सक्ने भए सो सम्बन्धी शर्त तथा अन्य व्यवस्था,

(द) परियोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(न) अन्य आवश्यक विषयहरु।

(३) उपदफा (२) बमोजिम सम्झौताको लागि सहमति भएको दस्तावेजलाई सम्बन्धित निकायले स्वीकृति गरी प्रस्तावकसँग सम्झौता गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको वार्ता समितिको कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३८. **<u>सम्झौता कार्यान्वयनः</u>** (१) दफा ३७ बमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्बन्धित निकायबाट सम्झौताको शर्त बमोजिम पूरा गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पुर्ण दायित्व लगानी कर्ताले बहन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला निकायहरुसँग कार्यालयले आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने गराउने छ र त्यस्तो सम्झौतामा उल्लिखित शर्तहरुको पालना गर्नु सम्बन्धित सरोकारवाला निकायको कर्तव्य हुनेछ।

(३) यस दफा बमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका शर्तहरुको अधीनमा रही कार्ययोजना निर्माण गरी परियोजना कार्यान्वयन गर्नु पर्नेछ।

३९. **सम्झौता रद्द गर्न सक्नेः** (१) दफा ३७ बमोजिम गरिएको सम्झौतामा उल्लिखित शर्तहरुको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानीकर्तालाई यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्बन्धित निकायले खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज भएमा प्रस्तावकले सम्झौतामा उल्लेख भएको अवस्थामा बाहेक सम्बन्धित निकायसँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिम लगानीकर्तासँग भएको सम्झौता खारेज गर्दा सो सम्झौतामा उल्लेख गरिएको प्रक्रिया पूरा गर्नु पर्नेछ।

४०. **रीत पुगेको मानिनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम सम्बन्धित निकायबाट परियोजना स्वीकृत भई जारी भएको अनुमतिपत्र तथा सम्बन्धित निकायसँग भएको समझदारी वा सम्झौता प्रचलित कानून बमोजिम रीत पुगेको मानिनेछ।

परिच्छेद-६

सुविधा तथा प्रोत्साहन सम्बन्धी व्यवस्था

४१. **कानून बमोजिमको सुविधा पाउनेः** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम उद्योग वा कम्पनीले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट समेत प्राप्त गर्नेछ।

४२. **बोर्डले थप सुविधा उपलब्ध गराउन सिफारिश गर्न सक्नेः** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त बोर्डले थप आर्थिक सुविधा दिन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम उपलब्ध भएको सुविधा तोकिएको अवधिसम्मको लागि उपयोग गर्न बाधा पर्ने छैन।

(३) कुनै अनुमतिपत्र व्यक्तिले यस ऐन बमोजम प्राप्त सुविधाको दुरूपयोग गरेमा त्यस्तो सुविधा बोर्डले रद्द गरी त्यस्तो सुविधा बराबरको रकम र सोमा शतप्रतिशत जरिबाना असुल उपर गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम सुविधा रद्द गर्नु अघि सम्बन्धित अनुमतिपत्रवालालाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

४३. **सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्थाः** (१) नेपाल सरकारले दीर्घकालीन रुपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्वपूर्ण देखिएको तर वित्तीय रुपमा तत्काल मनासिब प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा विस्तारको लागि एक सम्भाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिमका मापदण्डको आधारमा तोकिए बमोजिमका परियोजनाको लागि बोर्डको सिफारिसमा आवश्यक रकम पूँजिगत तथा सञ्चालन अनुदान वा ऋण उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा नेपाल सरकारले समय समयमा आवश्यक रकम विनियोजन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. **थप सुविधा उपलब्ध गराउन सक्नेः** कुनै लगानीकर्ताले परियोजना विकास तथा सञ्चालन गर्दा सम्झौतामा उल्लेख भएको समयसीमा अगावै निर्माण कार्य सम्पन्न गरेमा वा परियोजनाको गुणस्तर उच्च भएमा वा अत्याधुनिक प्रविधिको प्रयोग गरी नेपाल सरकारलाई थप लाभ हुने देखिएमा त्यस्तो लगानीकर्तालाई बोर्डले तोकिए बमोजिम थप आर्थिक तथा गैर आर्थिक प्रोत्साहन प्रदान गर्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

४५. **लगानीको सुरक्षा र संरक्षणः** (१) यस ऐन अन्तर्गत अनुमतिपत्र प्राप्त परियोजनालाई अनुमतिपत्रको अवधिभर राष्ट्रियकरण गरिने छैन।

(२) यस ऐन अन्तर्गत अनुमतिपत्र प्राप्त परियोजनालाई सार्वजनिक प्रयोजनको लागी बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अधिग्रहण गरिने छैन। सार्वजनिक प्रयोजनको लागी अधिग्रहण गर्नु पर्दा प्रचलित कानून बमोजिमको उचित प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) यस ऐन बमोजिम जारी भएको अनुमतिपत्र वा सम्झौताका शर्तहरू उपर अनुमतिपत्र बहाल रहेको अवधिभर प्रतिकूल हुने गरी कुनै कानुनी, प्रशासनिक वा नीतिगत व्यवस्था भएमा यस ऐन बमोजिम गरिएको सम्झौता, अनुमतिपत्र वा इजाजतपत्र प्रदान गरिएको बहाल रहेको अवधिभर सो व्यवस्था लागू हुने छैन।

(४) परियोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो ऋणको साँवा, ब्याज, लाभांश, रोयल्टी लगायत भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी

मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम सटही सुविधा उपलब्ध गराइनेछ।

(५) यस ऐन अन्तर्गत कार्यान्वयन भएको परियोजनालाई अन्य स्वदेशी उद्योग सरहको समान व्यवहार गरिने छ।

तर सङ्घीय कानून बमोजिम राष्ट्रिय व्यवहार लागू नहुने विषयको हकमा सोही बमोजिम हुनेछ।

परिच्छेद-७

एकल बिन्दु सेवा केन्द्र तथा परियोजना कार्यान्वयन

४६. **एकल बिन्दु सेवा केन्द्रः** (१) यस ऐन बमोजिम कार्यान्वयन गरिने परियोजनाको लागि परियोजना सर्भेक्षण अनुमति, समझदारी पत्र, लगानी अनुमति वा सम्झौता लगायतका कार्य गर्ने तथा परियोजनालाई सहयोग एवं सहजीकरणका लागि कार्यालयमा एक एकल बिन्दु सेवा केन्द्रको स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्रमा नेपाल सरकारका सम्बन्धित मन्त्रालय, विभाग, प्राधिकरण, सार्वजनिक संस्थान, नेपाल राष्ट्र बैंक लगायतका निकायबाट सम्बन्धित कार्यालयको प्रतिनिधित्व हुने गरी पूरा वा आंशिक रुपमा काम गर्ने गरी कर्मचारी रहनेछन्।

(३) एकल बिन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लगानीको लागि प्राप्त प्रस्तावको मूल्याङ्कन गरी स्वीकृतिको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने,

(ख) कम्पनी दर्ता, कर दर्ता, उद्योग दर्ता, विदेशी बिनिमयको अनुमति लगायतका अन्य दर्ता, अनुमति तथा स्वीकृति उपलब्ध गराउने,

(ग) श्रम स्वीकृति, भिसा, परमिट उपलब्ध गराउनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) परियोजनाको लागि आवश्यक निजी जग्गा प्राप्तिमा सहजीकरण गर्ने,

(ङ) परियोजनालाई आवश्यक पर्ने सरकारी जग्गा वा वनक्षेत्रको जग्गा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी लिजमा उपलब्ध गराउने,

(च) वातावरणीय अध्ययनको स्वीकृति उपलब्ध गराउने व्यवस्था मिलाउने,

(छ) परियोजनाको लागि आवश्यक पूर्वाधार संरचना लगायतका कार्यमा सहजीकरण गर्ने,

(ज) प्रचलित कानून तथा सम्झौता अनुसार आर्थिक तथा गैर आर्थिक सुविधा तोकिए बमोजिम उपलब्ध गराउने,

(झ) विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ञ) परियोजनाका लागि आवश्यक पर्ने अन्य समन्वय तथा सहजीकरणका कार्य गर्ने।

४७. **जग्गा प्राप्तिः** (१) परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने जग्गा अनुमतिपत्र प्राप्त व्यक्ति आफैंले व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले जग्गा प्राप्तिको लागि बोर्ड समक्ष अनुरोध गरेमा बोर्डले त्यस्तो जग्गा प्रचलित कानून बमोजिम प्राप्त गर्न आवश्यक सहजीकरण गर्नेछ।

(३) उपदफा (२) बमोजिम जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनु पर्ने प्रचलित कानून बमोजिमको मुआब्जा तथा क्षतिपूर्ति सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा परियोजना कार्यान्वयनको लागि आवश्यक भएमा बोर्डले नेपाल सरकारको स्वीकृति लिई त्यस्तो जग्गा लिज वा बहालमा प्रयोग गर्न दिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम नेपाल सरकारले कुनै परियोजनाको लागि जग्गा प्राप्त गरीदिएकोमा त्यस्तो जग्गाको मुआब्जा वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकारले बोर्डमा नै रहने गरी जग्गा प्राप्ति कोष खडा गरी सो कोष मार्फत जग्गाको मुआब्जा वितरण गर्न वा गराउन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको कोषबाट वितरण भएको मुआब्जा बापतको रकम सम्झौतामा उल्लेख भए बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकारलाई शोधभर्ना गराउन सक्नेछ।

४८. **परियोजनाको सुरक्षाः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजनाको सुरक्षाको लागि बोर्डसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बोर्डले सिफारिस गरेमा नेपाल सरकारले परियोजनाको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

४९. **सहयोग उपलब्ध गराउनु पर्नेः** (१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा बोर्ड वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले अनुमतिपत्र प्राप्त व्यक्तिलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरीदिनु पर्ने काम सम्झौतामा उल्लिखित अवधिभित्र गरीदिनु वा उपलब्ध गराउनु पर्नेछ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी बोर्ड आफैले त्यस्तो सहयोग उपलब्ध गराउन वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सम्बन्धित निकायलाई त्यस्तो सहयोग उपलब्ध गराउन लेखी पठाउन सक्नेछ।

५०. **बोर्डले लेखी पठाउनेः** (१) यस ऐन बमोजिम स्वीकृत परियोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र वा स्वीकृतिको लागि निवेदन परेकोमा प्रचलित कानूनले तोकेको अवधिभित्र सम्बन्धित निकायले त्यस्तो अनुमतिपत्र, इजाजतपत्र तथा स्वीकृति नदिएमा सो कुरा खुलाई सम्बन्धित व्यक्तिले बोर्ड समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन मनासिब देखिएमा बोर्डले त्यस्तो निकायलाई अवधि तोकी प्रचलित कानून बमोजिमको अनुमतिपत्र, इजाजतपत्र वा स्वीकृति प्रदान गर्न सम्बन्धित निकाय वा पदाधिकारीलाई लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा सो अवधिभित्र सम्बन्धित निकाय वा पदाधिकारिले प्रचलित कानून बमोजिमको अनुमतिपत्र, इजाजतपत्र वा स्वीकृति प्रदान गरी सोको जानकारी बोर्डलाई दिनु पर्नेछ।

५१. **प्रदेश वा स्थानीय तहले परियोजना कार्यान्वयन गर्न सक्नेः** (१) प्रदेश वा स्थानीय

तहले आफ्नो कार्यक्षेत्र भित्र पर्ने परियोजना यस ऐन बमोजिम सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न सक्नेछन्।

(२) यस ऐन बमोजिम बोर्डबाट कार्यान्वयन गरिने कुनै परियोजना प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त देखिएमा सम्बन्धित प्रदेश वा स्थानीय तहलाई त्यस्तो परियोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्न बोर्डले स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) प्रदेश वा स्थानीय तहले कुनै परियोजना सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्दा सार्वजनिक-निजी साझेदारी एकाइसँग आवश्यक राय सल्लाह माग गर्न सक्नेछ र त्यसरी राय सल्लाह माग भई आएमा एकाइले त्यस्तो राय सल्लाह उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि प्रदेश वा स्थानीय तहले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गर्ने कुनै परियोजनामा सम्भाव्यता न्यून परिपूरक कोषको रकम प्रयोग गर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले लगानी बोर्डको सिफारिसमा अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र त्यस्तो परियोजना कार्यान्वयन गर्नु पर्नेछ।

५२. **भिसा सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम अनुमतिप्राप्त परियोजनाको अध्ययन, अनुसन्धान वा सर्भेक्षण गर्न आउने विदेशी नागरिकलाई छ महिनासम्मको गैर पर्यटक भिसा दिईनेछ।

(२) परियोजनामा लगानी गर्ने विदेशी लगानीकर्ता वा एकजना अधिकृत प्रतिनिधि वा त्यस्तो लगानीकर्ता वा प्रतिनिधिका परिवारका सदस्य तथा प्रचलित कानून बमोजिम श्रम ईजाजत प्राप्त गरि त्यस्तो परियोजनामा काम गर्ने विदेशी कामदार तथा कर्मचारीलाई प्रचलित कानून अनुसार परियोजनामा विदेशी लगानी कायम रहेसम्म नेपालमा बस्न भिसा दिइनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "परिवारका सदस्य" भन्नाले विदेशी लगानीकर्ता वा निजको आधिकारिक प्रतिनिधिको पति वा पत्नी,आमा, बाबु र आश्रित छोरा, छोरी सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिमका व्यक्तिलाई आवश्यकता तथा औचित्य विचार गरी सम्बन्धित निकायमा भिसाका लागि कार्यालयले सिफारिस उपलब्ध गराउनेछ।

५३. **सेवा सुविधाका शर्त तोक्न सक्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन, बोर्डले गरेका निर्णय, प्रचलित कानून तथा

सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएका शर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन।

५४. **रोयल्टी बुझाउनु पर्नेः** अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लिखित शर्त अनुसार सम्बन्धित निकायलाई बुझाउनु पर्नेछ।

५५. **परियोजना हस्तान्तरण गर्नु पर्नेः** (१) सार्वजनिक-निजी साझेदारीबाट कार्यान्वयन भएका परियोजना सम्झौतामा उल्लेख भए बमोजिम सम्बन्धित निकायलाई हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण, संरचना तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरु सम्झौतामा लेखिएबमोजिमको क्षमता अवस्था र चालू हालतमा हुनु पर्नेछ।

(३) परियोजना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५६. **स्वामित्व हुनेः** यस ऐन बमोजिम हस्तान्तरण भएको परियोजना र त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण र अन्य संरचना तथा परियोजनासँग सम्बन्धित भवन, घर तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरुको स्वामित्व सम्बन्धित निकायको हुनेछ।

परिच्छेद-८

विविध

५७. **बोर्डको कोषः** (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्:–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग, अनुदान रकम,

(ग) यस ऐन बमोजिम लगानीकर्ताहरूबाट प्राप्त दस्तुर र सेवा शुल्क बापत प्राप्त रकम,

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) बोर्डको कार्य सञ्चालनको लागि पूँजिगत र प्रशासनिक खर्चको रकम बोर्डले स्वीकृत गरेको बार्षिक कार्यक्रम र बजेटको आधारमा उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) बोर्डको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५८. **लेखा र लेखापरीक्षणः** (१) बोर्डको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ।

(२) बोर्डको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(३) बोर्डले वार्षिक रुपमा आफ्नो वित्तीय विवरण सार्वजनिक गर्नु पर्नेछ।

५९. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) बोर्डलाई आवश्यक पर्ने कर्मचारी बोर्डको अनुरोधमा नेपाल सरकारले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम काजमा खटिएका निजामती कर्मचारीले बोर्डका अन्य कर्मचारी सरह बोर्डले सुविधा उपलब्ध गराउन सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले आवश्यकता अनुसार विशेषज्ञ सेवाको लागि करार सेवामा विशेषज्ञ नियुक्ति गर्न सक्नेछ। त्यस्ता विशेषज्ञको पारिश्रमिक र सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ।

६०. **वार्षिक प्रतिवेदनः** (१) बोर्डको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र तयार गरी प्रमुख कार्यकारी अधिकृतले बोर्ड समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक गरिनेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त बोर्डले सो आर्थिक वर्षमा कार्यान्वयन गरेको परियोजना, परियोजना सञ्चालन गर्दा भएको खर्च र त्यसको उपलब्धी, स्वीकृत भएको लगानी रकम र परियोजना सङ्ख्या तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु समावेश गर्नु पर्नेछ।

६१. **अधिकार प्रत्यायोजनः** बोर्डले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार मातहतका पदाधिकारी वा समिति वा नेपाल सरकारको कुनै निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

६२. **क्षतिपूर्ति दिनु पर्नेः** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा

यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिब रकम हानि नोक्सानी गर्ने पक्षले नोक्सानी पर्ने पक्षलाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षतिको मूल्याङ्कन स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गरिनेछ।

(३) क्षतिको मूल्याङ्कन तथा क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६३. **अनुदान तथा ऋण सहायता स्वीकार गर्ने:** बोर्डले निर्धारण गरेका परियोजना एवं राष्ट्रिय प्राथमिकता प्राप्त परियोजना विकास तथा कार्यान्वयनका लागि अर्थ मन्त्रालयको सहमति तथा समन्वयमा तोकिए बमोजिम ऋण सहायता स्वीकार गर्न सक्नेछ।

६४. **कारबाही गर्न सक्ने:** कुनै लगानीकर्ताले यस ऐनको व्यवस्थाको पालना नगरेमा सम्बन्धित निकायले तोकिएको प्रक्रिया पूरा गरी देहायको कुनै वा सबै कारबाही गर्न सक्नेछ:-

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र वा इजाजत पत्र रद्द गर्ने,

(ग) अन्य यस्तै प्रकारका जुनसूकै कारबाही।

६५. **कानूनी विवाद समाधान:** (१) विदेशी लगानीका सम्बन्धमा स्वदेशी र विदेशी लगानीकर्ता तथा नेपाल सरकार र विदेशी लगानीकर्ता बीच कुनै विवाद उत्पन्न भएमा त्यस्ता लगानीकर्ताले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विवाद उत्पन्न भएको पैंतालीस दिनभित्र त्यस्तो विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद कार्यालयको रोहबरमा सम्बन्धित पक्षहरुले आपसी वार्ताद्वारा समाधान गर्नु पर्नेछ।

(३) विवाद उत्पन्न भएको पैंतालीस दिनभित्र उपदफा (१) वा (२) बमोजिमको प्रक्रियाबाट विवाद समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरुबीच संयुक्त लगानी वा विवाद समाधान सम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौता बमोजिम विवादको समाधान गरिनेछ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान भएको कुराको जानकारी पक्षहरुले त्यस्तो विवाद समाधान भएको पन्ध्र दिनभित्र कार्यालयलाई दिनु पर्नेछ।

तर के कुन शर्तहरुमा त्यस्तो सहमति भएको हो भन्ने कुराको जानकारी

दिन पक्षहरु बाध्य हुने छैनन्।

(५) उपदफा (३) बमोजिम पक्षहरुबीच भएको सम्झौतामा विवाद समाधान सम्बन्धमा कुनै व्यवस्था नभएकोमा नेपालको मध्यस्थता सम्बन्धी कानून बमोजिम मध्यस्थताद्वारा त्यस्तो विवादको समाधान गरिनेछ।

(६) कुनै विदेशी लगानीका सम्बन्धमा उत्पन्न विवादको समाधान विवादका पक्षहरुले अन्यथा मञ्जुर गरेमा बाहेक अन्तर्राष्ट्रिय व्यापार कानून सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय आयोग (अनसिट्राल) को प्रचलित नियम वा कार्यविधिको पालना गरी मध्यस्थता गरिनेछ।

(७) यस दफा बमोजिम गरिने मध्यस्थता नेपालमा हुनेछ र मध्यस्थता सम्बन्धी नेपालको सारवान कानून लागू हुनेछ।

तर उपदफा (३) बमोजिमको अवस्थामा सोही उपदफा बमोजिम हुनेछ।

(८) पक्षहरुवीच विवाद हुनु अघि विवाद समाधान सम्बन्धी कुनै सम्झौता नभएको वा भएको सम्झौता अपर्याप्त भएको महसुस गरेमा विवाद उत्पन्न भएपछी पनि विवाद समाधानका लागि सम्बन्धित पक्षहरुले सम्झौता गर्न सक्नेछन। यसरी गरिएको सम्झौताको जानकारी कार्यालयलाई दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम भएको सम्झौताको हकमा समेत यस दफा बमोजिम विवाद समाधान गर्न सकिनेछ।

६६. **<u>बाधा अड्काउ फुकाउने</u>:** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ देखा परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ।

६७. **<u>यस ऐन बमोजिम हुने</u>:** यस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

६८. **<u>नेपाल सरकारसँग सम्पर्क</u>:** बोर्डले नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् गर्नु पर्नेछ।

६९. **<u>नियम बनाउने अधिकार</u>:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

७०. **<u>कार्यविधि तथा निर्देशिका बनाउन सक्ने</u>:** बोर्डले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही आवश्यक कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ र

त्यस्तो कार्यविधि वा निर्देशिका नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

७१. <u>खारेजी तथा बचाउः</u> (१) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन,२०६३ र लगानी बोर्ड ऐन,२०६८ खारेज गरिएका छन्।

(२) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ र लगानी बोर्ड ऐन,२०६८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) लगानी बोर्ड ऐन,२०६८ बमोजिम नियुक्त बोर्डको सदस्य तथा कार्यकारी प्रमुख यसै ऐन बमोजिम नियुक्त भएको मानिनेछ र निजहरु आफ्नो पदावधि कायम हुँदाका मितिसम्म आफ्नो पदमा बहाल रहनेछन्।

प्रतिनिधि सभाले पारित गरेकोः २०७५/११/२९
राष्ट्रिय सभाले संशोधनविन पारित गरेकोः २०७५/१२/०४
प्रमाणीकरण मितिः २०७५/१२/१३

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) ऐन,२०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मूल ऐनको दफा ४ मा संशोधन:** विशेष आर्थिक क्षेत्र ऐन, २०७३ (यसपछि "मूल ऐन" भनिएको) को मूल ऐनको दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) बमोजिम पेश भएको प्रस्तावको आधारमा नेपाल सरकारले त्यस्तो स्थानलाई विशेष आर्थिक क्षेत्र तोक्न सक्नेछ।"

३. **मूल ऐनको दफा ५ मा संशोधन:** (१) मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) मा रहेका "गर्न सकिने" भन्ने शब्दहरुको सट्टा "गर्न नसकिने" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) र (३) झिकिएका छन्।

४. **मूल ऐनको दफा ६ मा संशोधन:** मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. **विशेष आर्थिक क्षेत्रको स्थापना र सञ्चालन निजी क्षेत्रबाट गराउन सकिने:** (१) नेपाल सरकारले प्राधिकरणको सिफारिसमा निजी क्षेत्रबाट विशेष आर्थिक क्षेत्र स्थापना गरी त्यस्तो विशेष आर्थिक क्षेत्रको सञ्चालन, व्यवस्थापन गर्न र पूर्वाधार संरचनाको विकास गर्न निजी क्षेत्रलाई स्वीकृति दिन सक्नेछ।

(२) नेपाल सरकारले दफा ४ को उपदफा (३) बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रको सञ्चालन र व्यवस्थापन वा पूर्वाधार संरचनाको विकास नेपाल सरकार र निजी क्षेत्रको संयुक्त सहभागितामा वा निजी क्षेत्रबाट गर्न वा गराउन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन वा पूर्वाधार संरचनाको विकास सम्बन्धी

अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

५. **<u>मूल ऐनको दफा ८ मा संशोधनः</u>** मूल ऐनको दफा ८ को,-

(१) उपदफा (३) र (४) झिकिएका छन् ।

(२) उपदफा (६) मा रहेको "वा (४)" भन्ने शब्द झिकिएको छ।

६. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः-

"**१३. <u>निर्यात गर्नुपर्नेः</u>** (१) अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगबाट उत्पादन गरेको कम्तीमा साठी प्रतिशत वस्तु वा सेवा निर्यात गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग सञ्चालनमा आएको मितिले एक वर्षभित्र त्यस्तो उद्योगबाट उत्पादन गरेको वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम आफूले उत्पादन गरेको कुनै वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्री गर्ने भएमा त्यस्तो वस्तु वा सेवा बिक्री गर्नु अगाडि तोकिएका कुराहरु खुलाई सोको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम नेपालको आन्तरिक बजारमा वस्तु वा सेवाको बिक्री गर्ने अनुमतिपत्रवालालाई त्यस्तो वस्तु वा सेवा बिक्री गरेको परिमाणको हदसम्म यस ऐन बमोजिमको कर छुट तथा सुविधा प्रदान गरिने छैन।"

७. **<u>मूल ऐनको दफा १६ मा संशोधनः</u>** मूल ऐनको दफा १६ को खण्ड (घ) मा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर दफा ६ को उपदफा (१) बमोजिम नेपाल सरकार र निजी क्षेत्रको सहभागितामा वा निजी क्षेत्रबाट कुनै विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन भएमा त्यस्तो विशेष आर्थिक क्षेत्रबाट उद्योगलाई उपलब्ध गराउने जग्गा, भवन, सेवा वा सुविधा बापत लिने लिज वा बहालको रकम, शुल्क वा दस्तुर त्यस्तो विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने कम्पनीले विशेष आर्थिक क्षेत्रसँग सम्झौता गरी निर्धारण गरे बमोजिम हुनेछ।"

८. **<u>मूल ऐनको दफा १९ मा संशोधनः</u>** मूल ऐनको दफा १९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्:-

(क) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ग) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(घ) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य

(च) नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष वा सदस्य -सदस्य

(छ) नेपाल उद्योग परिसंघको अध्यक्ष वा सदस्य -सदस्य

(ज) महिला उद्यमी महासंघको अध्यक्ष वा सदस्य -सदस्य

(झ) नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघको अध्यक्ष वा सदस्य -सदस्य

(ञ) संयुक्त ट्रेड यूनियन समन्वय केन्द्रले सिफारिस गरेको एकजना प्रतिनिधि -सदस्य

(ट) कार्यकारी निर्देशक, प्राधिकरण -सदस्य-सचिव"

९. **मूल ऐनको दफा २० मा संशोधनः** मूल ऐनको दफा २० को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको कुनै विज्ञ वा विषयसँग सम्बन्धित अन्य निकायको कुनै पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।"

१०. **मूल ऐनको दफा २७ मा संशोधनः** (१) मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२७. **आयकरमा छुटः** (१) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगको आयमा लाग्ने आयकर र त्यस्ता उद्योगले वितरण गर्ने लाभांशमा लाग्ने करमा देहाय बमोजिम छुट हुनेछः-

(क) हिमाली जिल्ला र नेपाल सरकारले तोकेको पहाडी जिल्लामा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार शुरु गरेको मितिले दश वर्षसम्म

लाग्ने आयकरको शत प्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत,

(ख) खण्ड (क) मा उल्लिखित क्षेत्र बाहेकको अन्य क्षेत्रमा रहेको विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरको शत प्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत,

(ग) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांसमा लाग्ने करको कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म शत प्रतिशत र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत,

(घ) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगका विदेशी लगानीकर्ताले विदेशी प्रविधि वा व्यवस्थापन सेवा शुल्क तथा रोयल्टीबाट आर्जन गरेको आयमा लाग्ने आयकरको पचास प्रतिशत।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (२) बमोजिम विशेष आर्थिक क्षेत्रमा स्थान्तरण भएको उद्योगले यस दफा बमोजिमको आयकर छुट पाउने छैन।"

११. **<u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले पैठारी गर्ने मालवस्तुमा प्राधिकरणको सिफारिसमा देहाय बमोजिम भन्सार महसुल तथा अन्य सुविधा प्रदान गरिनेछः-

(क) निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा नै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ (प्याकिंग सामग्री समेत) पैठारी गर्दा लाग्ने भन्सार महसुल र अन्य महसुल बापत बैंक जमानत लिई पैठारी गर्न,

(ख) उद्योगलाई आवश्यक पर्ने प्लान्ट, मेशिनरी यन्त्र उपकरण तथा पार्टपूर्जा पैठारी गर्दा लाग्ने महसुल बैंक जमानत लिई पैठारी गर्न,

(ग) खण्ड (ख) बमोजिम पैठारी गरिएका प्लान्ट, मेशिनरी

यन्त्र उपकरण तथा पार्टपूर्जा सम्बन्धित उद्योगमा जडान भएको व्यहोरा प्राधिकरणबाट प्रमाणित भई आएमा खण्ड (ख) बमोजिम लिएको बैंक जमानत फुकुवा दिने,

(घ) उद्योगले आफ्ना मजदुर तथा कर्मचारी ओसार्नका लागि प्रयोग गर्न पैठारी गर्ने एक थान सवारी साधन र मालवस्तु ढुवानी गर्ने ढुवानी साधनमा एक प्रतिशत भन्सार महसुल लाग्ने।"

१२. **<u>मूल ऐनको दफा ३३ मा संशोधनः</u>** मूल ऐनको दफा ३३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग वा लगानीकर्तालाई प्रचलित कानून बमोजिम उद्योगले गर्नुपर्ने देहायका काममा सहयोग तथा सहजीकरण गर्न तथा अन्य आवश्यक सेवा, सुविधा तथा सहुलियत एकै स्थानबाट उपलब्ध गराउने प्रयोजनको लागि सम्बन्धित निकायका एकाईहरु रहने गरी एकद्वार एकाई स्थापना गरिनेछः-

(क) उद्योगको दर्ता तथा उद्योग प्रशासन सम्बन्धी कार्य,

(ख) विदेशी लगानीको स्वीकृति प्रदान गर्ने कार्य,

(ग) कम्पनी दर्ता तथा प्रशासन सम्बन्धी कार्य,

(घ) यस ऐन बमोजिम छुट, सुविधा वा सहुलियत प्रदान गर्ने सम्बन्धी कार्य,

(ङ) आन्तरिक राजस्व विभागसँग समन्वय गरी स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्य,

(च) उत्पत्तिको प्रमाणपत्र जारी गर्ने सम्बन्धी कार्य,

(छ) भिसा सम्बन्धी कार्य,

(ज) श्रम स्वीकृति सम्बन्धी कार्य,

(झ) यो ऐन तथा वा यस ऐन अन्तरगत बनेको नियमावली बमोजिम प्राप्त हुने अन्य सेवा तथा सुविधा सम्बन्धी कार्य।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा उल्लिखित सुविधा बाहेक विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगलाई उपलब्ध हुने अन्य छुट, सुविधा वा सहुलियत नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।"

१३. **<u>मूल ऐनको दफा ३९ मा संशोधनः</u>** मूल ऐनको दफा ३९ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छः-

"(२) उद्योगमा काम गर्ने विदेशी कामदार वा कर्मचारीले आफ्नो खुद पारिश्रमिकको सत्तरी प्रतिशतसम्म रकम परिवर्त्य विदेशी मुद्रामा नेपाल बाहिर लैजान पाउनेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "खुद पारिश्रमिक" भन्नाले प्रचलित कानून बमोजिम बुझाउनु पर्ने कर रकम बुझाए पछि बाँकी हुन आउने रकम सम्झनु पर्छ।"

प्रतिनिधि सभाले पारित गरेको मितिः २०७५/११/२६
राष्ट्रिय सभाले संशोधन विना पारित गरेको मितिः २०७५/१२/०४
प्रमाणीकरण मितिः २०७५/१२/१३

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना: मुलुकको आर्थिक समृद्धिका लागि उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी, सुदृढ तथा रोजगारउन्मुख बनाउन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र पूर्वाधार विकास तथा वस्तु वा सेवाको उत्पादनका क्षेत्रमा विदेशी पूँजी, प्रविधि र लगानीलाई आकर्षित गर्न लगानी मैत्री वातावरण सिर्जना गर्दै औद्योगिकीकरण मार्फत दीगो आर्थिक वृद्धि हासिल गर्न विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी प्रचलित नेपाल कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५" रहेको छ।

(२) यो ऐनको दफा १० र ११ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिबाट र अन्य दफाहरु तुरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको उद्योग सम्झनु पर्छ।

(ख) "एकल बिन्दु सेवा केन्द्र" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको एकल बिन्दु सेवा केन्द्र सम्झनु पर्छ।

(ग) "गैर आवासीय नेपाली" भन्नाले गैर आवासीय नेपाली सम्बन्धी प्रचलित कानून बमोजिम गैर आवासीय नेपाली परिचयपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(घ) "तोकिएको" वा" तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ङ) "धितोपत्र बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

(च) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानी कर्ताबीच देहायको कुराको सम्बन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनु पर्छः-

(१) पेटेण्ट, डिजायन, ट्रेडमार्क, व्यापारिक ख्याति (गुडवील), प्राविधिक विशिष्टता, सुत्र (फर्मुला), प्रक्रिया,

(२) उपयोगको इजाजत (युजर्स लाइसेन्स), प्राविधिक जानकारी प्रदान (नो हाउ शेयरिङ्ग) वा प्राविधिक ज्ञानको प्रयोग (फ्रेन्चाइज),

(३) वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन तथा बजार सेवा उपलब्ध गराउने वा अन्य प्राविधिक सीप वा ज्ञान।

(छ) "बोर्ड" भन्नाले औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिमको उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(झ) "लगानी बोर्ड" भन्नाले लगानी बोर्ड सम्बन्धी प्रचलित कानून बमोजिमको लगानी बोर्ड सम्झनु पर्छ।

(ञ) "विदेशी लगानी" भन्नाले विदेशी लगानी कर्ताले उद्योग वा कम्पनीमा गरेको देहायको लगानी सम्झनु पर्छः-

(१) विदेशी मुद्रामा गरिने शेयर लगानी,

(२) उद्योगमा विदेशी मुद्रा वा शेयरबाट प्राप्त लाभांश रकमको पुनःलगानी,

(३) दफा ६ बमोजिम गरेको लिज लगानी (लिज फाइनान्स),

(४) दफा ९ बमोजिम पूँजी लगानी कोषमा गरेको लगानी,

(५) दफा १० बमोजिम धितोपत्रको दोस्रो बजार मार्फत सूचीकृत धितोपत्रमा गरेको लगानी,

(६) नेपालमा संस्थापना भएको कम्पनीको शेयर वा सम्पत्ति खरिद गरी भएको लगानी,

(७) दफा ११ बमोजिम नेपालमा संस्थापित उद्योग वा कम्पनीले

विदेशी पूँजी बजारमा धितोपत्र जारी गरी बैकिङ्ग प्रणाली मार्फत् प्राप्त भएको लगानी,

(८) प्रविधि हस्तान्तरणद्वारा भएको लगानी, वा

(९) नेपालमा उद्योग स्थापना र विस्तार गरी कायम भएको लगानी।

(ट) "विदेशी लगानीकर्ता" भन्नाले विदेशी लगानी गर्ने विदेशी व्यक्ति, फर्म, कम्पनी, गैर आवासीय नेपाली वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था वा अन्य यस्तै प्रकारका संगठित संस्थालाई सम्झनु पर्छ र सो शब्दले विदेशी लगानीकर्ता कुनै संस्थागत विदेशी लगानीकर्ता भएमा त्यस्तो संस्थाको अन्तिम हिताधिकारीलाई समेत जनाउँछ।

(ठ) "विदेशी लगानी स्वीकृत गर्ने निकाय" भन्नाले दफा १७ बमोजिमको निकाय सम्झनु पर्छ।

(ड) "विभाग" भन्नाले उद्योग विभाग सम्झनु पर्छ।

(ढ) "संस्थागत विदेशी लगानीकर्ता" भन्नाले विदेशी लगानी गर्ने विदेशी कम्पनी, संगठित संस्था वा अन्तर्राष्ट्रिय संस्था सम्झनु पर्छ।

परिच्छेद-२

विदेशी लगानी

३. **विदेशी लगानी गर्न सक्ने:** (१) विदेशी लगानीकर्ताले कुनै उद्योगमा विदेशी लगानी गर्न र त्यस्तो लगानीबाट लाभ प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूचीमा उल्लिखित उद्योगमा विदेशी लगानीबाट सञ्चालित उद्योगले आर्जित नाफा वा अन्य कुनै तरिकाबाट विदेशी लगानी गर्न सक्ने छैन।

तर अनुसूचीमा उल्लिखित नेपाली लगानीमा स्थापना भएका उद्योगमा विभागको स्वीकृति लिई प्रविधि हस्तान्तरण गर्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उद्योगमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा कम रकमको विदेशी लगानी गर्न स्वीकृति दिइने छैन।

४. **एकल वा संयुक्त रुपमा विदेशी लगानी गर्न सक्ने:** विदेशी लगानीकर्ताले एकल वा संयुक्त रुपमा वा नेपालमा स्थापित उद्योग वा नेपाली नागरिकसँग संयुक्त रुपमा उद्योग स्थापना गरी विदेशी लगानी गर्न सक्नेछ।

५. **उद्योगको जायजेथा वा शेयर खरिद गरी विदेशी लगानी गर्न सक्ने:** विदेशी लगानीकर्ताले नेपालमा स्थापना भएको कुनै उद्योगको जायजेथा वा तोकिएको प्रतिशतसम्मको शेयर खरिद गरी विदेशी लगानी गर्न सक्नेछ।

६. **लिज लगानी गर्न सक्ने:** विदेशी लगानीकर्ताले हवाइजहाज, पानीजहाज, मेसिन औजार,निर्माण उपकरण वा अन्य यस्तै उपकरणमा तोकिएको सीमाको अधीनमा रही लिज लगानी गर्न सक्नेछ।

७. **प्रविधि हस्तान्तरण गरी विदेशी लगानी गर्न सक्ने:** (१) विदेशी लगानीकर्ताले नेपालमा स्थापित कुनै उद्योगमा प्रविधि हस्तान्तरण गरी विदेशी लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हुने प्रविधि हस्तान्तरणका शर्तहरु सम्बन्धित उद्योग र विदेशी लगानीकर्ताबीच भएको प्रविधि हस्तान्तरण सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको सम्झौतामा तोकिएको सीमाभन्दा बढी रोयल्टी रकम फिर्ता लैजाने व्यवस्था गर्न सकिने छैन।

(४) उपदफा (२) बमोजिमको सम्झौता विदेशी लगानी स्वीकृत गर्ने निकायबाट स्वीकृत गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृति दिँदा विदेशी लगानी स्वीकृत गर्ने निकायले विदेशी लगानी सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन, उद्योगको उत्पादन र बिक्रीको क्षमता समेतको आधारमा आवश्यक शर्त तोक्न सक्नेछ।

८. **शाखा स्थापना गरी विदेशी लगानी गर्न सक्ने:** (१) विदेशमा संस्थापना भएको कुनै उद्योगले प्रचलित कानूनको अधिनमा रही नेपालमा आफ्नो शाखा उद्योग स्थापना वा विस्तार गरी विदेशी लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योगको शाखा स्थापना वा विस्तार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **पूँजी लगानी कोष खडा गरी विदेशी लगानी गर्न सक्ने:** (१) संस्थागत विदेशी लगानीकर्ताले कुनै उद्योगमा स्वपूँजी (इक्विटी) लगानी गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम कम्पनी संस्थापना गरी धितोपत्र बोर्डको स्वीकृति लिई पूँजी लगानी कोष (भेन्चर क्यापिटल फण्ड) खडा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषबाट उद्योगमा लगानी गर्न दफा १५ बमोजिमको प्रकृया पूरा गरी स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको पूँजी लगानी कोषको विवरण त्यस्तो कम्पनीले प्रत्येक छ महिनामा विभागलाई उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थापित कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम
हुनेछ।

१०. **धितोपत्र सम्बन्धी कारोबार गर्न सक्ने:** (१) दफा ९ बमोजिम पूँजी लगानी कोष खडा गर्ने संस्थागत विदेशी लगानीकर्ताले धितोपत्र कारोबारका लागि धितोपत्र बोर्डमा दर्ता हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम धितोपत्र बोर्डमा दर्ता भएको विदेशी लगानीकर्ताले यस ऐन बमोजिम विदेशी लगानी गर्न सकिने उद्योगको धितोपत्रको दोस्रो बजार मार्फत धितोपत्र कारोबार गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम धितोपत्र सम्बन्धी कारोबार गर्दा खरिद गर्नुपर्ने धितोपत्रको न्यूनतम संख्या, लगानीको सीमा, धितोपत्र खरिद गरेपछि आफूले राख्नुपर्ने न्यूनतम अवधि, धितोपत्र खरिद गर्न विदेशी मुद्रामा राख्नुपर्ने जगेडा कोष (रिजर्भ फण्ड) र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **धितोपत्र जारी गरी ऋण लिन वा विदेशी मुद्रा प्राप्त गर्न सक्ने:** (१) नेपालमा संस्थापना भएको कुनै पनि पब्लिक लिमिटेड कम्पनी वा धितोपत्र जारी गर्न प्रचलित कानून बमोजिम अख्तियारी पाएको संगठित संस्थाले नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डको स्वीकृति लिई विदेशी मुलुकको पूँजी बजारमा ऋणपत्र, डिवेञ्चर वा अन्य धितोपत्र जारी गरी ऋण लिन वा विदेशी मुद्रा प्राप्त गर्न सक्नेछ।

(२) विदेशी लगानीमा नेपालमा संस्थापना भएको कम्पनीले धितोपत्र सम्बन्धी प्रचलित कानूनको अधीनमा रही नेपालभित्र धितोपत्र जारी गरी ऋण लिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम धितोपत्र जारी गरी लिएको ऋण वा विदेशी मुद्रा नेपालमा लगानी गर्नुपर्नेछ।

(४) यस दफा बमोजिमको धितोपत्र जारी गर्ने सम्बन्धी अन्य व्यवस्था धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

१२. **विदेशी वित्तीय संस्थाबाट ऋण लिन सक्ने:** विदेशी लगानी भएको कुनै उद्योगले प्रचलित

नेपाल कानून बमोजिम मन्त्रालयको सिफारिश र नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाईनान्सिङ) सम्झौता गरी ऋण लिन सक्नेछ।

१३. **विदेशी लगानीको अधिकतम सीमा नतोकिने:** (१) नेपालमा लगानी गर्न चाहने विदेशी लगानीकर्ताले लगानी गर्ने रकम र लगानीको हिस्साको अधिकतम सीमा तोकिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा उद्योगको हकमा नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्दाका बखत सम्बन्धित क्षेत्र वा उपक्षेत्रका सम्बन्धमा जनाएको प्रतिबद्धताभन्दा कम नहुने गरी विदेशी लगानीको स्वपूँजीको अधिकतम सीमा र दफा १० बमोजिम धितोपत्रमा गरिने लगानीको सीमा तोक्न सकिनेछ।

१४. **वाणिज्य बैंकसंग सम्झौता गर्न सक्ने:** (१) यस ऐन बमोजिम लगानी गर्ने विदेशी लगानीकर्ताले नेपालमा गरेको आफ्नो लगानी सम्बन्धी कामको लागि आफ्नो साझेदार लगानीकर्ता वा अर्को विदेशी लगानीकर्ता र नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त कुनै वाणिज्य बैंक वा पूर्वाधार विकास बैंकसँग सम्झौता त्रिपक्षीय सम्झौता (स्को एग्रिमेन्ट) गर्न सक्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "सम्झौता (स्को एग्रिमेन्ट)" भन्नाले करारका पक्षहरुबीच हुने कारोबारको सम्बन्धमा त्यस्तो कारोबारको सुरक्षाको लागि करारका पक्षहरूले कुनै तेस्रो पक्षलाई कुनै रकम, प्रमाण कागजात वा कुनै जमानतको लागि सुरक्षणमा राख दिने र करारका पक्षहरुबाट करारीय दायित्व पूरा भएपछि त्यस्तो रकम, प्रमाण कागजात वा जमानत सम्बन्धित पक्षलाई उपलब्ध गराउने गरी मञ्जुर गरी गरिएको सम्झौतालाई सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम सम्झौता (स्को एग्रिमेन्ट) गर्ने बैंकले सम्झौताका पक्षहरूको एजेन्टको रुपमा काम गर्नेछ।

(३) उपदफा (१) बमोजिम गरिने सम्झौता (स्को एग्रिमेन्ट) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-३

विदेशी लगानीको स्वीकृति तथा फिर्ता

१५. **विदेशी लगानी गर्ने स्वीकृतिको लागि निवेदन दिनुपर्ने:** (१) यस ऐन बमोजिम विदेशी लगानी गर्न चाहने विदेशी लगानीकर्ताले नेपालमा विदेशी लगानी भित्र्याउने समय

तालिका तथा उद्योगमा लगानीको कार्ययोजना सहितको विवरण खुलाई विदेशी लगानी गर्ने स्वीकृतिको लागि तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको विवरणहरु खुलाई विदेशी लगानी स्वीकृत गर्ने निकायमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा तोकिए बमोजिमका कागजात पूरा भएको देखिएमा विदेशी लगानी स्वीकृत गर्ने निकायले निवेदन प्राप्त भएको मितिले सात दिनभित्र तोकिए बमोजिमको ढाँचामा विदेशी लगानीको लागि स्वीकृति दिनेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृति प्राप्त उद्योगले आर्जित नाफाबाट सोही उद्योगमा लगानी गर्न वा अनुसूची बमोजिमका उद्योग बाहेका अन्य कुनै उद्योगमा लगानी गर्न चाहेमा पुनः विदेशी लगानी सम्बन्धी स्वीकृति आवश्यक पर्ने छैन।

तर उद्योग वा कम्पनी दर्ता वा कर प्रयोजन वा अन्य कुनै कामको लागि प्रचलित कानून बमोजिम इजाजत वा अनुमति लिनुपर्ने विषयमा सोही बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम कुनै उद्योग स्थापना भएमा वा विदेशी लगानीको कारणबाट कुनै उद्योगको स्वामित्व संरचनामा परिवर्तन भएमा त्यस्तो उद्योगले सोको जानकारी विभाग र नेपाल राष्ट्र बैंकलाई गराउनु पर्नेछ। त्यसरी जानकारी प्राप्त भएपछि विभागले सोको अभिलेख राख्नुपर्नेछ।

(५) उपदफा (२) बमोजिम निवेदन जाँचबुझ गर्दा स्वीकृति दिन नमिल्ने देखिएमा विदेशी लगानी स्वीकृत गर्ने निकायले त्यसको आधार र कारण खुलाई सात दिनभित्र निवेदकलाई सोको लिखित जानकारी दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त जानकारी बमोजिम विभागले गरेको निर्णय चित्त नबुझेमा सम्बन्धित लगानीकर्ताले मन्त्रालय समक्ष त्यस्तो निर्णय उपर पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त निवेदन उपर मन्त्रालयले आवश्यक जाँचबुझ गरी तीस दिनभित्र निर्णय गर्नुपर्नेछ।

१६. **<u>नेपाल राष्ट्र बैंकलाई जानकारी दिनुपर्ने:</u>** (१) दफा १५ बमोजिम विदेशी लगानीको लागि स्वीकृति प्राप्त गरेपछि विदेशी लगानीकर्ताले त्यस्तो लगानीको रकम आफ्नो वैध स्रोतबाट आर्जित रकम भएको स्वःघोषणा सहितको लिखित जानकारी नेपाल राष्ट्र बैंकलाई गराउनु पर्नेछ। त्यस्तो जानकारी गराएपछि विदेशी लगानीकर्ताले त्यस्तो लगानीको रकम नेपाल भित्र्याउन सक्नेछ।

(२) विदेशी लगानीकर्ताले लगानी गर्ने रकम नेपाल राष्ट्र बैंकले निर्धारण

गरेको प्रक्रिया पूरा गरी बैकिङ्ग प्रणाली मार्फत परिवर्त्य विदेशी मुद्रामा ल्याउनु पर्नेछ।

तर भारतीय लगानीकर्ताले त्यस्तो लगानी रकम बैकिङ्ग प्रणाली मार्फत भारतीय मुद्रामा समेत लगानी गर्न सक्नेछन्।

(३) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ बमोजिमको लिज लगानी र दफा ११ बमोजिमको धितोमा जारी गरिएको ऋण लगानी तोकिए बमोजिम हुनेछ।

१७. **<u>विदेशी लगानी स्वीकृत गर्ने निकायः</u>** (१) छ अर्ब रुपैयाँसम्मको विदेशी लगानीको स्वीकृती विभागले गर्नेछ।

(२) छ अर्ब रुपैयाँभन्दा बढीको विदेशी लगानीको लगानी बोर्ड ऐन, २०६८ अन्तर्गतको लगानी बोर्डले गर्नेछ।

१८. **<u>लगानी गरी सक्नु पर्ने अवधिः</u>** (१) विदेशी लगानीकर्ताले दफा १५ को उपदफा (२) बमोजिम विदेशी लगानी गर्न स्वीकृति प्राप्त गरेको रकम तोकिएको अवधिभित्र लगानी गरी सक्नुपर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत विदेशी लगानी गर्न प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरिसकेका विदेशी लगानीकर्ताले समेत तोकिएको न्यूनतम रकम उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र त्यस्तो लगानी गरी सक्नुपर्नेछ।

(३) मनासिब माफिकको कारण बिना उपदफा (१) वा (२) वा दफा ४३ बमोजिमको अवधिभित्र लगानी नगर्ने उद्योगलाई प्रदान गरिएको लगानी स्वीकृति त्यस्तो स्वीकृति दिने निकायले रद्द गर्नेछ।

१९. **<u>शेयर बिक्री वा हक हस्तान्तरणको जानकारी गराउनु पर्नेः</u>** (१) विदेशी लगानीबाट नेपालमा सिर्जित सम्पत्ति, जायजेथा वा शेयर वा अन्य कुनै प्रकारको वित्तीय उपकरणको नेपालभित्र वा बाहिर शेयर बिक्री वा हक हस्तान्तरण वा अन्य कुनै प्रकारले स्वामित्व वा निहित स्वामित्वको संरचनामा परिवर्तन भएमा सम्बन्धित कम्पनीले कारोबार भएको तीस दिनभित्र तत्सम्बन्धी प्रमाण कागजात सहित सोको जानकारी त्यस्तो लगानी गर्न अनुमति दिने निकायमा दिई सोको तोकिए बमोजिम अभिलेखन गराउनु पर्नेछ।

(२) कुनै होल्डिङ कम्पनीको सम्पत्ति, जायजेथा वा शेयर वा अन्य कुनै प्रकारको वित्तीय उपकरणको हक हस्तान्तरण हुँदा नेपालमा विदेशी लगानी भएको उद्योगको स्वामित्व परिवर्तन भएकोमा उपदफा (१) बमोजिमको जानकारी गराउने दायित्व नेपालमा स्थापित सम्बन्धित शाखा उद्योग वा उद्योगको एकाइको हुनेछ।

(३) उपदफा (१) बमोजिम कारोबार भएकोमा सम्बन्धित उद्योगले

कारोबारको रकम खुलाई प्रचलित कानून बमोजिम कर दाखिला नगरेसम्म उपदफा (१) बमोजिम अभिलेखन गरिने छैन।

(४) शेयर बिक्री र हक हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **<u>लगानी तथा आर्जित रकम फिर्ता लैजान पाउने:</u>** (१) विदेशी लगानीकर्ताले चाहेमा प्रचलित नेपाल कानून बमोजिम आफ्नो लगानीको शेयर वा उद्योग पूर्ण वा आंशिक रुपमा बिक्री गरी प्रचलित नेपाल कानून बमोजिम लाग्ने सबै कर भुक्तान गरी नेपालबाट आफ्नो लगानी फिर्ता लैजान पाउनेछ।

(२) विदेशी लगानीकर्ताले जुन विदेशी मुद्रामा लगानी गरेको हो सोही विदेशी मुद्रामा वा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य परिवर्त्य विदेशी मुद्रामा प्रचलित कानून बमोजिमको कर सम्बन्धी दायित्व पूरा गरी देहाय बमोजिमको रकम फिर्ता लैजान पाउनेछः-

(क) विदेशी लगानीको शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) विदेशी लगानीबाट प्राप्त मुनाफा वा लाभांश बापतको रकम,

(ग) उद्योग वा कम्पनी खारेजी वा लिक्विडेसनमा गएकोमा खारेजी वा लिक्विडेसन पश्चात सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहन आउने रकम,

(घ) प्रविधि हस्तान्तरण सम्झौता अन्तर्गत प्राप्त लाभ (रोयल्टी) बापतको रकम,

तर शतप्रतिशत मदिरा निकासी गर्ने मदिराजन्य उद्योग बाहेक अन्य मदिराजन्य उद्योगमा हुने प्रविधि हस्तान्तरण अन्तर्गतको ट्रेडमार्क उपयोग हुने बापतको रोयल्टी वा शुल्कको हकमा त्यस्तो लाभ बापतको रकम प्रचलित कर बाहेकको कुल बिक्री मूल्यको तोकिए बमोजिमको पाँच प्रतिशतभन्दा बढी हुने छैन।

(ङ) लिज लगानी अन्तर्गत लिज भाडा (लिज रेन्ट) रकम,

(च) नेपालमा चलेको मुद्दा, मध्यस्थता वा अन्य कुनै कानूनी प्रक्रियाको अन्तिम व्यवस्थापनबाट प्राप्त

गरेको कुनै हर्जाना वा क्षतिपूर्ति बापतको रकम।

(छ) प्रचलित कानून बमोजिम फिर्ता लैजान पाउने रकम।

(३) उपदफा (१) वा (२) बमोजिम परिवर्त्य विदेशी मुद्रामा रकम फिर्ता लैजाँदा प्रचलित विनिमय दरमा सटही गरी लैजानु पर्नेछ।

(४) कुनै विदेशी लगानीकर्ताले नेपालको चल वा अचल सम्पत्ति धितो वा बन्धक लिई कुनै उद्योग वा कम्पनीलाई ऋण दिएकोमा त्यस्तो ऋणको सावाँ वा ब्याज रकम भुक्तानी नभएको कारणबाट धितो वा बन्धक दिएको चल वा अचल सम्पत्ति लिलाम बिक्री वा जफत गर्नु परेमा त्यस्तो ऋण दिने संस्थाले प्रचलित कानून बमोजिम नेपालको बैंक वा वित्तीय संस्था सरह लिलाम बिक्री गरी ऋणको सावाँव्याज फिर्ता लैजान सक्नेछ।

(५) लिज सम्झौता बमोजिम भुक्तानी नभएको वा सम्झौताको शर्त उल्लंघन भएको कारणबाट लिज सम्झौता अन्त्य भएमा विदेशी लगानीकर्ताले आफ्नो लगानी र लिजमा लगानी गरेको सम्पत्ति फिर्ता लैजान सक्नेछ।

(६) यस दफा बमोजिम विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजान चाहने विदेशी लगानीकर्ताले स्वीकृतिको लागि तोकिए बमोजिमको ढाँचामा विदेशी लगानी स्वीकृत गर्ने निकायमा निवेदन दिनुपर्नेछ।

तर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजाने सम्बन्धी स्वीकृति दिने अधिकार एकल बिन्दु सेवा केन्द्रलाई प्रदान गरेमा त्यस्तो निवेदन एकल बिन्दु सेवा केन्द्रमा दिनुपर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा विदेशी लगानीकर्ताले यस ऐन, प्रचलित कानून तथा विदेशी लगानी सम्बन्धमा भएको सम्झौता बमोजिमका शर्त र दायित्व पूरा गरेको देखिएमा विदेशी लगानी स्वीकृत गर्ने निकायले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र विदेशी लगानी वा त्यसबाट आर्जित रकम फिर्ता लैजाने स्वीकृति दिनुपर्नेछ।

(८) उपदफा (७) बमोजिम स्वीकृति प्राप्त भएपछि विदेशी लगानीकर्ताले विदेशी मुद्राको सटही सुविधाको लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम निवेदन प्राप्त भएपछि नेपाल राष्ट्र बैंकले विदेशी लगानीकर्तालाई विदेशी लगानी फिर्ता लैजान सटहीको सुविधा उपलब्ध गराउनेछ।

(१०) विदेशी लगानी भएको कुनै उद्योग पूर्ण वा आंशिक रुपमा बिक्री गरी वा कुनै कारणले उद्योग वा कम्पनीको दर्ता खारेज भई लगानी रकम फिर्ता

लैजाने भएमा त्यस्तो उद्योगले भुक्तान गर्नुपर्ने कर लगायत सम्पूर्ण दायित्व भुक्तान वा फरफारख भएपछि मात्र बाँकी रकम फिर्ता लैजान पाउनेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानीकर्ताले यस ऐन बमोजिम कुनै उद्योगमा गरेको विदेशी लगानी वा सोबाट आर्जित मुनाफा फिर्ता लैजाँदा निजको सम्बन्धित कम्पनीमा रहेको लगानीको हिस्साको अनुपातको हदसम्म मात्र त्यस्तो लगानी वा मुनाफा फिर्ता लैजान पाउनेछ।

(१२) कुनै विदेशी लगानीकर्ताले आफ्नो लगानी रकम फिर्ता लैजाने सन्दर्भमा त्यस्तो स्वीकृति दिने निकायले गरेको निर्णय उपर चित्त नबुझेमा मन्त्रालय समक्ष निवेदन दिन सक्नेछ। मन्त्रालयले त्यस्तो निवेदन उपर तीस कार्यदिन भित्र निर्णय गरी सक्नु पर्नेछ।

परिच्छेद-४

विदेशी लगानीको प्रवर्द्धन, सहजीकरण तथा नियमन

२१. **बोर्डको काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त बोर्डको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक तथा पूर्वाधार संरचना विकासमा विदेशी लगानी आकर्षण गर्न अवलम्बन गर्नुपर्ने नीतिगत, संस्थागत र प्रक्रियागत सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ख) नेपालमा विदेशी लगानीको आकर्षण बढाउन र त्यसको प्रबर्द्धन तथा संरक्षण गर्न आवश्यक रणनीति र कार्यक्रम तय गर्ने,

(ग) विदेशी लगानीमा आधारित उद्योग तथा पूर्वाधार संरचनाको स्थापनाको लागि स्वीकृति दिने तथा विदेशी लगानीको प्रबर्द्धन गर्ने,

(घ) विदेशी लगानीको अभिवृद्धि, विस्तार तथा संरक्षण गरी विदेशी लगानीको लागि सहजीकरण गर्ने,

(ङ) विदेशी लगानीको नीतिगत तथा कार्यान्वयनको तहमा समन्वय कायम गर्ने,

(च) विदेशी लगानी सम्बन्धी नीति तथा कानूनको कार्यान्वयनमा सहयोग गर्ने,

(छ) विदेशी लगानीकर्तालाई एकल बिन्दु सेवा केन्द्रबाट सेवा उपलब्ध गराउने व्यवस्था गर्ने,

(ज) विदेशी लगानीको स्वीकृति तथा सेवा प्रवाहको काम कारबाही उचित ढङ्गले सञ्चालन भए वा नभएको जानकारी लिई सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(झ) दफा २० बमोजिमको विदेशी लगानी वा आर्जित रकम फिर्ता लैजाने सम्बन्धमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयनमा कुनै समस्या देखिए सहजिकरण गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

२२. **<u>विभागको काम, कर्तव्य र अधिकार:</u>** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त विभागको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विदेशी लगानीमा स्थापित हुने उद्योगहरु स्थापना र सञ्चालनको लागि सहज वातावरण सृजना गर्ने,

(ख) प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका कुनै स्वीकृति वा अनुमतिपत्र प्राप्त गर्नका लागि विदेशी लगानीकर्तालाई सहजीकरण गर्ने,

(ग) यस ऐन वा प्रचलित कानून बमोजिम स्वीकृत भएका वा अनुमति प्राप्त गरेका विदेशी लगानी तथा नेपालमा हस्तान्तरण भएको प्रविधिको अद्यावधिक अभिलेख राख्ने, त्यसलाई अद्यावधिक गर्ने र आवधिक रुपमा सार्वजनिक गर्ने,

(घ) विदेशी लगानीकर्ता तथा विदेशी लगानी भएका उद्योगमा दफा २७ बमोजिम कार्यरत विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीलाई लगानी तथा पारिश्रमिक फिर्ता लैजान स्वीकृति दिने,

(ङ) विदेशी लगानीलाई पारदर्शी बनाउन तथा प्रक्रियागत सरलीकरण गर्न कार्य सञ्चालन कार्यविधि (स्टाण्डर्ड अपरेटिङ्ग प्रोसिड्युर) बनाई लागू गर्ने,

(च) विदेशी लगानीकर्ता र निजका आधिकारिक प्रतिनिधि तथा विदेशी लगानी भएका उद्योगमा दफा २७ बमोजिम कार्यरत विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारी र निजका परिवारका नाबालक सदस्यलाई भिसाको लागि सिफारिस गर्ने तथा सोको लागि सहजीकरण गर्ने,

(छ) विदेशी लगानी भएका उद्योगले यस ऐन बमोजिम दिइएको सुविधाको दुरुपयोग गरे वा नगरेको नियमित सुपरीवेक्षण तथा अनुगमन गर्ने,

(ज) विदेशी लगानी भएका उद्योगको लागि औद्योगिक क्षेत्र वा विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापनाका लागि सहजीकरण गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

२३. **<u>एकल बिन्दु सेवा केन्द्र मार्फत् सेवा उपलब्ध गराइने:</u>** (१) नेपाल सरकारले विदेशी लगानीकर्तालाई यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम प्रदान गरिने छुट, सुविधा, सहुलियत वा सेवाहरू एकल बिन्दु सेवा केन्द्र मार्फत् उपलब्ध गराउने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रबाट प्रदान गरिने सेवाहरूको व्यवस्थापन गर्दा क्रमशः देहायका सेवाहरू प्रदान गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछः-

(क) उद्योगको दर्ता तथा उद्योग प्रशासन,

(ख) विदेशी लगानी र ऋणको स्वीकृति,

(ग) कम्पनी दर्ता तथा कम्पनी प्रशासन,

(घ) श्रम स्वीकृति,

(ङ) भिसा सुविधा,

(च) उद्योगबाट उत्पादित वस्तुको गुणस्तर मापन तथा नियन्त्रण,

(छ) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति,

(ज) उर्जा र पूर्वाधार विकास तथा सोको लागि आवश्यक समन्वय एवं अन्य निकायहरुकाबीच सम्पर्क बिन्दु (फोकल पोइन्ट),

(झ) उद्योगले पाउने छुट, सुविधा,

(ञ) स्थायी लेखा नम्बर प्रदान गर्ने कार्य,

(ट) विदेशी विनिमय स्वीकृति,

(ठ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम उद्योगका लागि गर्नुपर्ने अन्य कार्यसँग सम्बन्धित कुनै सेवा।

(३) एकल विन्दु सेवा केन्द्रलाई यस दफा बमोजिम प्रदान गरिने सेवा सुविधाका अतिरिक्त प्रचलित कानून बमोजिमका अन्य सेवाहरु प्रदान गर्ने गरी तोक्न

सकिनेछ।

परिच्छेद-५

विदेशी लगानी भएका उद्योग वा विदेशी लगानीकर्तालाई प्रदान गरिने छुट, सुविधा र सहुलियत

२४. **उद्योगले प्राप्त गर्ने सुविधाः** (१) विदेशी लगानी भएका उद्योगलाई यस ऐन बमोजिमका छुट, सुविधा, सहुलियत वा संरक्षणको अतिरिक्त प्रचलित औद्योगिक व्यवसाय ऐन र अन्य प्रचलित कानून बमोजिम उपलब्ध हुने छुट, सुविधा वा सहुलियत समेत प्रदान गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी भएका उद्योगलाई प्रचलित कानून बमोजिम रुग्ण उद्योगले पाउने सुविधा उपलब्ध हुनेछैन।

२५. **विदेशी मुद्राको कारोबार गर्न सुविधाः** (१) विदेशी लगानीकर्ता वा विदेशी लगानी भएका उद्योगले नेपालको कुनै वाणिज्य बैंक वा पूर्वाधार विकास बैंक वा वित्तीय संस्थामा नेपाली मुद्रामा र प्रचलित कानून बमोजिम परिवर्त्य विदेशी मुद्राको कारोबार गर्न इजाजत प्राप्त कुनै बैंक वा वित्तीय संस्थामा विदेशी मुद्रामा खाता खोली कारोबार गर्न सक्नेछ।

तर परिवर्त्य विदेशी मुद्रामा खाता खोली कारोबार गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु पर्नेछ।

(२) विदेशी लगानी भएका उद्योगले परिवर्त्य विदेशी मुद्राको विनिमयदर हेरफेरको जोखिम न्यूनीकरण गर्न बैंक वा वित्तीय संस्था मार्फत स्वीकृत प्राप्त डेरिभेटिभस् उपकरणको प्रयोग गर्न सक्नेछ।

२६. **विदेशी मुद्राको सुविधाः** (१) विदेशी लगानी भएका उद्योगले विदेशी लगानी स्वीकृत गर्ने निकायको सिफारिसमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई देहायको प्रयोजनका लागि आवश्यक पर्ने रकमको लागि विदेशी मुद्राको सुविधा प्राप्त गर्न सक्नेछः-

(क) दफा २७ बमोजिम उद्योगमा काम लगाइएका विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीले पाउने पारिश्रमिक भुक्तानी गर्न,

(ख) दफा ११ को उपदफा (१) बमोजिम जारी भएको ऋणपत्र वा डिवेञ्चरको सावाँ वा ब्याज भुक्तानी गर्न,

(ग) दफा २० बमोजिम विदेशी लगानी वा आर्जित रकम फिर्ता लैजान।

(२) उपदफा (१) बमोजिम नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएपछि विदेशी लगानी भएका उद्योगले स्वीकृत भए बमोजिमको रकम त्यस्तो उद्योगको दफा २५ बमोजिमको खातामा रहेको विदेशी मुद्राबाट भुक्तानी वा प्रयोग गर्न सक्नेछ।

(३) दफा २७ बमोजिम उद्योगमा काम लगाइएका विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीले प्रचलित कानून बमोजिम नेपालमा आयकर दाखिला गरी निजले पाउने पारिश्रमिकको रकममध्ये बचत हुन आएको रकम परिवर्त्य विदेशी मुद्रामा निजको मुलुकमा लैजान सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम परिवर्त्य विदेशी मुद्रा सटही गर्दा वा लैजाँदा खुला बजार विनिमयदरबाट गर्नुपर्नेछ।

२७. **विशेषज्ञ, उच्च प्राविधिक र व्यवस्थापकीय कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) विदेशी लगानी भएको उद्योगको उच्च व्यवस्थापनमा विशेषज्ञ, उच्च प्राविधिक, व्यवस्थापकीय कर्मचारी वा प्राविधिक कर्मचारीको पूर्ति गर्दा नेपाली नागरिकबाट गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको उच्च व्यवस्थापनमा विशेषज्ञ, उच्च प्राविधिक, व्यवस्थापकीय कर्मचारी वा प्राविधिक कर्मचारीको पूर्ति नेपाली नागरिकबाट हुन नसक्ने भएमा र त्यस्तो उद्योगमा अन्य देशका प्राविधिक वा विशेषज्ञ मार्फत प्राविधिक ज्ञान वा सीप हस्तान्तरण गर्नु परेमा प्रचलित कानून बमोजिम विदेशी नागरिकलाई काममा लगाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम काममा लगाइएको विदेशी नागरिक सम्बन्धी विवरण सम्बन्धित उद्योगले विभागलाई उपलब्ध गराउनु पर्नेछ। विभागले त्यस्तो विवरण अर्थ मन्त्रालाय, गृह मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई समेत उपलब्ध गराउनेछ।

(४) उपदफा (२) बमोजिम विदेशी लगानी भएका उद्योगमा काममा लगाइएका कर्मचारी एवं कामदारले प्रचलित नेपाल कानून अनुसारका शर्त पालना गर्नुपर्नेछ।

२८. **औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्थाः** विदेशी लगानी भएका उद्योगलाई नेपालमा स्थापित अन्य उद्योग सरहको औद्योगिक सुरक्षा उपलब्ध गराइने छ।

२९. **परिचयपत्रको सुविधाः** विभागले तोकिए बमोजिमको विदेशी लगानी गर्ने विदेशी लगानीकर्तालाई तोकिएको ढाँचामा परिचयपत्र उपलब्ध गराउन सक्नेछ।

३०. **<u>भिसा सुविधा सम्बन्धी व्यवस्थाः</u>** (१) विदेशी लगानीका लागि अध्ययन, अनुसन्धान वा सर्भेक्षण गर्न आउने विदेशी नागरिकलाई छ महिनासम्मको गैर पर्यटक भिसा दिइनेछ।

(२) विदेशी लगानीकर्ता वा निजको एकजना आधिकारिक प्रतिनिधि र त्यस्तो लगानीकर्ता वा प्रतिनिधिको परिवारका सदस्यलाई तोकिए बमोजिमको न्यूनतम रकम बराबरको विदेशी लगानी कायम रहेसम्म नेपालमा बस्न व्यावसायिक भिसा दिइनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "परिवारका सदस्य" भन्नाले विदेशी लगानीकर्ता वा निजको आधिकारिक प्रतिनिधिको पति वा पत्नी, आमा बाबु र नाबालक छोराछोरी सम्झनु पर्छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको रकमभन्दा बढी लगानी गर्ने लगानीकर्ताको हकमा यस्तो सुविधा बढीमा दुई जनासम्म र निजको परिवारको सदस्यलाई मात्र उपलब्ध गराइनेछ।

(४) एकै पटक दश लाख अमेरिकी डलरभन्दा बढी रकम वा सो बराबरको परिवर्त्य विदेशी मुद्रामा विदेशी लगानी गर्ने विदेशी लगानीकर्ता वा निजको आधिकारिक प्रतिनिधि र त्यस्तो व्यक्तिको परिवारका सदस्यलाई तोकिए बमोजिमको न्यूनतम रकम बराबरको विदेशी लगानी कायम रहेसम्मको लागि आवासीय भिसा दिइनेछ।

(५) दफा २७ बमोजिम उद्योगमा काम गर्न आउने विदेशी विशेषज्ञ, प्राविधिक वा व्यवस्थापकीय कर्मचारीलाई गैर पर्यटक भिसा दिइनेछ।

(६) गैर पर्यटक भिसाको लागि कार्य सहमति र श्रम स्वीकृति दिने निकायले पन्ध्र दिनभित्र आवश्यक प्रक्रिया पूरा गरी कार्य सहमति र श्रम स्वीकृति दिने वा नदिने सम्बन्धी निर्णय गरिसक्नु पर्नेछ।

(७) भिसा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **<u>जग्गा सम्बन्धी व्यवस्थाः</u>** (१) विदेशी लगानीकर्ताले उद्योगको लागि आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम आफैले खरिद गरी वा अन्य उपायद्वारा जग्गाको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको उद्योग सञ्चालनको लागि विदेशी लगानीकर्ता आफैले आवश्यक जग्गा खरिद गर्न वा व्यवस्था गर्न नसकेमा त्यसको व्यहोरा खुलाई जग्गा खरिद गर्न वा प्राप्त गरिदिन अनुरोध गरेमा विदेशी लगानी स्वीकृत गर्ने निकायले त्यसको लागि आवश्यक सिफारिस, समन्वय र सहजीकरण गर्नेछ।

(३) विदेशी लगानीमा सञ्चालित वा सञ्चालन हुने उद्योगलाई उद्योग स्थापना तथा सञ्चालनका लागि हदबन्दी भन्दा बढी जग्गा आवश्यक पर्ने भएमा प्रचलित कानून बमोजिम हुने गरी उद्योग दर्ता गर्ने निकायले आवश्यक सिफारिस, समन्वय र सहजीकरण गर्नेछ। त्यसरी हदबन्दी नलागेको जग्गा जुन प्रयोजनको लागि खरिद गरेको हो सोही प्रयोजनको लागि मात्र उपयोग गर्न पाइनेछ।

(४) विदेशी लगानी भएका उद्योगको लागि जग्गा लिजमा उपलब्ध गराउने तथा जग्गाको हदबन्दी सम्बन्धी अन्य व्यवस्था औद्योगिक व्यवसाय ऐन र प्रचलित कानून बमोजिम हुनेछ।

(५) विदेशी लगानीमा सञ्चालन हुने उद्योगलाई उपलब्ध गराईने जग्गा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **राष्ट्रिय व्यवहार गरिनेः** (१) यो ऐन प्रारम्भ भएपछि कुनै विदेशीले नेपालमा यस ऐन र प्रचलित अन्य कानूनको अधीनमा रही गरेको विदेशी लगानी त्यस्तो लगानी नेपाल भित्रिइसकेपछि सो लगानी नेपालमा रहेको अवधिसम्म सो लगानीको व्यवस्थापन, संभार, प्रयोग, हस्तान्तरण, बिक्रीमा लागू हुने शर्त नेपाली व्यक्तिले गरेको लगानीको व्यवस्थापन, संभार, प्रयोग, हस्तान्तरण, बिक्रीमा लागू हुने शर्तभन्दा कम अनुकुल नहुने गरी राष्ट्रिय व्यवहार (नेशनल ट्रिटमेन्ट) हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अगावै स्वीकृति लिएको विदेशी लगानीका हकमा त्यस्तो लगानी हुँदाका बखत बहाल रहेको विदेशी लगानी सम्बन्धी प्रचलित कानूनमा भएको व्यवस्था लागू हुनेछ र सो बमोजिम कुनै विदेशी लगानीकर्ताले पाएको कुनै सुविधामा असर पर्ने गरी निजको मञ्जुरी बिना कुनै परिवर्तन गरिने छैन।

(३) उपदफा (१) बमोजिम विदेशी लगानी भएका उद्योगहरुलाई देहायको संरक्षण प्राप्त हुनेछः-

(क) विदेशी लगानी भएको उद्योग व्यवसायलाई सोही प्रकृतिको नेपाली नागरिकले लगानी गरेको उद्योगलाई गरिए सरहको व्यवहार गरिनेछ।

(ख) विदेशी लगानी भएको उद्योग व्यवसायले प्रचलित कानूनको परिधिभित्र रहेर वस्तु तथा सेवाको मूल्य निर्धारण गर्न स्वतन्त्र हुनेछन्।

(ग) विदेशी लगानी भएको उद्योग व्यवसायलाई आफनो उद्योगसँग सिमित रही तोकिए बमोजिम व्यापार गर्न रोक लगाइने छैन।

(घ) विदेशी लगानी भएको उद्योग व्यवसायलाई नाफा लैजान, लगानी फिर्ता लैजान, ऋणको ब्याज तिर्न र ऋणको सावाँ भुक्तानी गर्न प्रतिबन्ध लगाइने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा राष्ट्रिय व्यवहार (नेशनल ट्रिटमेन्ट) लागू हुने छैनः

(क) विश्व व्यापार संगठन अन्तर्गत गरिएका सम्झौतामा उल्लेखित बौद्धिक सम्पत्तिको सिर्जना, त्यसका सीमा, हक हस्तान्तरण वा प्रयोगमा अनिवार्य अनुमति लिनुपर्ने (कम्पलसरी लाइसेन्सिङ्ग) भनी तोकिएका व्यवस्थाको विषय,

(ख) सार्वजनिक खरिद सम्बन्धी प्रचलित नेपाल कानून बमोजिम स्वदेशी उद्योग वा मालसामानलाई कुनै छुट वा सुविधा दिएको रहेछ भने त्यस्तो छुट वा सुविधाको विषय,

(ग) नेपाल सरकारबाट प्रदान गरिने वा उपलब्ध हुने अनुदान वा सहुलियतको विषय,

(घ) नेपाल सरकारबाट प्रवाह हुने गैर व्यापारिक सेवाको विषय,

(ङ) लगानीकर्ता, धितोपत्र बजारका सहभागीहरु, बिमा पोलिसी बाहक वा बिमा पोलिसी दावीकर्ताहरुको संरक्षण गर्न वा कुनै व्यक्तिको आर्थिक स्वार्थको रक्षा गर्ने दायित्व लिएका वित्तीय संस्थाहरु सम्बन्धी विषय तथा वित्तीय संस्थाको स्वस्थता (साउण्डनेस), नैतिकता वा वित्तीय जिम्मेवारी कायम राख्ने जस्ता विषयहरुमा नेपाल सरकारले उचित ठानी अवलम्बन वा व्यवस्थापन गरेका वित्तीय सेवा सम्बन्धी उपायहरु,

(च) नेपाल सरकार पक्ष रहेको वा हुने कुनै क्षेत्रीय वा बहुपक्षीय आर्थिक, मौद्रिक वा यस्तै प्रकृतिको कुनै संगठनको पक्ष भएको कारणबाट नेपाल सरकारले विशेष व्यवहार गर्नुपर्ने दायित्व वा प्रावधान भएको विषय,

(छ) नेपाल बाहिर लगानी फिर्ता, ऋण भुक्तानी (सावाँ, ब्याज तथा शुल्क समेत), सेवा शुल्कको भुक्तानीमा प्रचलित कानून बमोजिम नियामक निकायले तोक्ने शर्त सम्बन्धी विषयहरु,

(ज) मानव स्वास्थ्य, जीवजन्तु, वनस्पती वा वातावरण संरक्षणको

विषय।

३३. **राष्ट्रियकरण वा अधिग्रहण नगरिने:** (१) यस ऐन बमोजिम विदेशी लगानी भएको उद्योगलाई राष्ट्रियकरण गरिने छैन।

(२) कुनै पनि उद्योगलाई सार्वजनिक प्रयोजनको लागि बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अधिग्रहण गरिने छैन। सार्वजनिक प्रयोजनको लागि अधिग्रहण गर्नु पर्दा प्रचलित कानून बमोजिमको उचित प्रकृया पूरा गर्नुपर्नेछ।

३४. **शर्त तथा सेवा सुविधामा परिवर्तन:** यस ऐन वा प्रचलित कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानीका शर्त तथा विदेशी लगानीकर्ताले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियतमा परिवर्तन गर्ने गरी भएको कुनै व्यवस्थाले त्यस्तो परिवर्तन हुनु अगावै स्वीकृति प्राप्त गरको कुनै विदेशी लगानीकर्तालाई मर्का पर्ने भएमा त्यस्तो परिर्वतन त्यस्तो लगानीकर्ताको हकमा लागू हुनेछैन।

परिच्छेद-६

गुनासो व्यवस्थापन तथा कारबाही

३५. **गुनासो व्यवस्थापन:** (१) प्रचलित कानून बमोजिम उद्योगको दर्ता, नियमन वा अनुगमन गर्ने अधिकारी वा एकल बिन्दु सेवा केन्द्रको कुनै अधिकारीले गरेको कुनै काम कारबाहीका सम्बन्धमा विदेशी लगानीकर्ता वा उद्योगको कुनै गुनासो भए निजले सो व्यहोरा खोली विभाग समक्ष सुनुवाइको लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गुनासोलाई विभागले तोकिए बमोजिम सम्बोधन गर्नेछ।

(३) विभाग वा एकल बिन्दु सेवा केन्द्रबाट भएको कुनै काम कारबाहीको सम्बन्धमा विदेशी लगानीकर्ता वा उद्योगको कुनै गुनासो भए निजले सो व्यहोरा खोली मन्त्रालय समक्ष सुनुवाइको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त गुनासोलाई मन्त्रालयले तोकिए बमोजिम सम्बोधन गर्नेछ।

३६. **शर्त विपरीतको काम कारबाही गर्न नहुने:** विदेशी लगानीकर्ता वा विदेशी लगानी भएका उद्योगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विदेशी लगानीको लागि स्वीकृति दिँदा तोकिएको शर्त विपरीतको कुनै काम गरेको पाइएमा त्यस्तो स्वीकृति तोकिए बमोजिमको प्रकृया पूरा गरी रद्द गर्न वा त्रुटि सच्याउन लगाउन सकिनेछ।

३७. **उद्योगको अनुगमन तथा निरीक्षण:** (१) विभागले तोकिदिएको अधिकृतले विदेशी लगानी भएको उद्योगको समेत आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणमा जाने अधिकृतले विदेशी लगानीकर्ता वा उद्योगद्वारा दफा ३६ विपरीतको काम गरे नगरेको समेतको विवरण खुलाई अनुगमन तथा निरीक्षण सम्पन्न भएको मितिले तीन दिनभित्र विभागमा प्रतिवेदन दिनुपर्नेछ।

(३) उद्योगको अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-७

विविध

३८. **द्विपक्षीय वा बहुपक्षीय लगानी सम्झौता गर्न सकिने:** विदेशी लगानी प्रवर्द्धनका लागि नेपाल सरकारले विदेशी मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय संस्थासँग द्विपक्षीय वा बहुपक्षीय लगानी सम्झौता गरी विदेशी लगानी भित्र्याउन सक्नेछ।

३९. **सम्झौता गर्न सक्ने:** (१) कुनै उद्योगमा नेपाली लगानीकर्ता र विदेशी लगानीकर्ताबीच संयुक्त लगानी गर्दा सो लगानीका सम्बन्धमा यस ऐनको अधीनमा रही विदेशी लगानी सम्बन्धी संयुक्त सम्झौता गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अन्य कुराका अतिरिक्त संयुक्त लगानीका शर्तहरु, लगानीबाट आर्जित मुनाफा बाँडफाँट तथा लगानी सम्बन्धी विवाद समाधान सम्बन्धी व्यवस्था गर्नुपर्नेछ।

४०. **विवादको समाधान:** (१) विदेशी लगानीका सम्बन्धमा नेपाली लगानीकर्ता र विदेशी लगानीकर्ताबीच कुनै विवाद उत्पन्न भएमा सम्बन्धित पक्षहरुले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्न विभागले आवश्यक सहजिकरण गर्न सक्नेछ।

(२) विवाद उत्पन्न भएको पैंतालीस दिनभित्र उपदफा (१) बमोजिमको प्रकृयाबाट विवाद समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरुबीच संयुक्त लगानी वा विवाद समाधान सम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौता बमोजिम विवादको समाधान गरिनेछ।

(३) उपदफा (२) बमोजिम विवाद समाधान भएको कुराको जानकारी पक्षहरुले त्यस्तो विवाद समाधान भएको पन्ध्र दिनभित्रमा विदेशी लगानी स्वीकृति दिने

निकायलाई दिनुपर्नेछ।

तर के कुन शर्तहरुमा त्यस्तो सहमति भएको हो भन्ने कुराको जानकारी दिन पक्षहरु बाध्य हुने छैनन्।

(४) उपदफा (२) बमोजिम पक्षहरुबीच भएको सम्झौतामा विवाद समाधान सम्बन्धमा कुनै व्यवस्था नभएकोमा नेपालको मध्यस्थता सम्बन्धी कानून बमोजिम मध्यस्थताद्वारा त्यस्तो विवादको समाधान गरिनेछ।

(५) कुनै विदेशी लगानीका सम्बन्धमा उत्पन्न विवादको समाधान विवादका पक्षहरुले अन्यथा मन्जुर गरेमा बाहेक अन्तर्राष्ट्रिय व्यापार कानून सम्बन्धी संयुक्त राष्ट्र संघीय आयोग (अनसिट्राल) को प्रचलित नियम वा कार्यविधिको पालना गरी मध्यस्थता गरिनेछ।

(६) यस दफा बमोजिम गरिने मध्यस्थता नेपालमा हुनेछ र मध्यस्थता सम्बन्धी नेपालको सारवान कानून लागू हुनेछ।

तर उपदफा (२) बमोजिमको अवस्थामा सोही उपदफा बमोजिम हुनेछ।

(७) पक्षहरुबीच विवाद हुनुअघि विवाद समाधान सम्बन्धी कुनै सम्झौता नभएको वा भएको सम्झौता अपर्याप्त भएको महसुस गरेमा विवाद उत्पन्न भएपछि पनि विवाद समाधानका लागि सम्बन्धित पक्षहरुले सम्झौता गर्न सक्नेछन्। यसरी गरिएको सम्झौताको जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनुपर्नेछ।

(८) उपदफा (७) बमोजिम भएको सम्झौताको हकमा समेत यस दफा बमोजिम विवाद समाधान गर्न सकिनेछ।

४१. **<u>विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने:</u>** विदेशी लगानी स्वीकृत गर्ने निकायले यस ऐन बमोजिम विदेशी लगानीको लागि स्वीकृति तथा तत्सम्बन्धी अन्य काम कारबाही विद्युतीय कारोबार सम्बन्धी प्रचलित कानून बमोजिम मान्यता प्राप्त विद्युतीय माध्यमबाट गर्न सक्नेछ।

४२. **<u>स्वचालित स्वीकृति प्रक्रिया सम्बन्धी व्यवस्था गर्न सकिने:</u>** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विदेशी लगानी प्रक्रियालाई सरल, सहज बनाउन यस ऐन तथा प्रचलित कानून बमोजिम कम्पनी दर्ता, उद्योग दर्ता, विदेशी लगानी स्वीकृति जस्ता सेवाहरु स्वचालित मार्ग (अटोमेटिक रुट) बाट प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वचालित मार्ग (अटोमेटिक रुट) तथा विद्युतीय प्रणाली (अनलाइन सिस्टम) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **विदेशी लगानी स्वीकृति बहाल रहने अवधिः** (१) विदेशी लगानी स्वीकृत गर्ने निकायले प्रदान गरेको विदेशी लगानीको स्वीकृति त्यस्तो लगानी नेपालमा कायम रहेको अवधिसम्म बहाल रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो स्वीकृति स्वतः निष्क्रीय भएको मानिनेछः-

(क) कुनै मनासिब कारण बिना विदेशी लगानी स्वीकृति भएको मितिले दुई वर्षभित्र त्यस्तो लगानी रकम नेपाल भित्र्याउन प्रारम्भ नगरेमा,

(ख) विदेशी लगानी स्वीकृति भई दर्ता भएको उद्योगको शेयर बिक्री वितरणको परिणामस्वरुप त्यसरी विदेशी लगानी भएको उद्योगको शतप्रतिशत स्वामित्व नेपाली लगानीकर्तामा हस्तान्तरण भएमा,

(ग) विदेशी लगानी स्वीकृत भएको उद्योग वा त्यस्तो उद्योग स्थापना गर्ने कम्पनीको कुनै कारणले दर्ता खारेजी भएमा,

(३) विदेशी लगानी स्वीकृति बहाल रहने अवधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. **शर्तहरु पालना गर्नुपर्नेः** विदेशी लगानीकर्ताले यस ऐनमा लेखिएको अतिरिक्त तोकिए बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछ।

४५. **करार गरी उत्पादन गर्न सकिनेः** (१) विदेशी लगानी भएका उद्योगले त्यस्तो उद्योगको उत्पादनको मुख्य उत्पादन बाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाई आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसँग करार गरी उत्पादन गर्न सक्नेछ।

(२) करार गरी उत्पादन गर्न सकिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. **अख्तियारनामा दिन सकिनेः** (१) यस ऐन बमोजिम विदेशी लगानी गर्न चाहने व्यक्तिले आफुले गर्नुपर्ने कुनै, केही वा सबै काम कारबाही गर्नको निमित्त कुनै व्यक्तिलाई अख्तियारनामा दिन सक्नेछ। अख्तियारनामा प्राप्त व्यक्तिद्वारा अख्तियारनामा बमोजिम भए गरेका सबै काम कारबाहीहरु निज लगानीकर्ताले नै गरेको मानिनेछ।

(२) उपदफा (१) बमोजिम दिइएको अख्तियारनामा बमोजिम काम गर्न त्यस्तो अख्तियारनामा नोटरी प्रमाणित गराई विदेशी लगानी स्वीकृत गर्ने निकायमा

उपलब्ध गराउनु पर्नेछ। विदेशी लगानी स्वीकृत गर्ने निकायले आवश्यक ठानेमा त्यस्तो अख्तियारनामाको सक्कल हेर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम अख्तियारनामा प्राप्त व्यक्तिले आफुलाई प्राप्त अख्तियार अन्य व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछैन।

(४) अख्तियारनामा प्रदान गर्ने व्यक्तिले आफुले प्रदान गरेको अख्तियारनामा जुनसुकै बखत फिर्ता लिन सक्नेछ। यसरी अख्तियारनामा फिर्ता लिएको जानकारी अख्तियारनामा प्रदान गर्ने व्यक्तिले विदेशी लगानी स्वीकृत गर्ने निकायमा दर्ता गराएको मितिदेखि बहाल रहने छैन।

(५) अख्तियारनामा दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४७. **अधिकार प्रत्यायोजनः** बोर्ड वा विभागले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार नेपाल सरकारको कुनै निकाय वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

४८. **प्रदेशमा दर्ता भएको उद्योगमा विदेशी लगानीः** (१) प्रचलित संघीय वा प्रदेश कानून बमोजिम प्रदेश सरकारद्वारा दर्ता भएको कुनै उद्योगमा यस ऐन बमोजिम विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्नुपर्ने भएमा यस ऐन बमोजिम विभागको स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति लिँदा अन्य कुराका अतिरिक्त प्रदेशमा उद्योग दर्ता भएको प्रमाणपत्र र उद्योग सम्बन्धी विषय हेर्ने सम्बन्धित प्रदेश मन्त्रालयको सिफारिस पेश गर्नुपर्नेछ।

(३) प्रदेशमा दर्ता भएका उद्योगमा विदेशी लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४९. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएका विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

५०. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

५१. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

५२. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाइ लागू गर्न सक्नेः** नेपाल सरकारले यो ऐन तथा

यस ऐन अन्तर्गत बनेको नियमावलीको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

५३. <u>खारेजी र बचाउः</u> (१) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ खारेज गरिएको छ।

(२) विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

विदेशी लगानी खुला नगरिएका उद्योग वा व्यवसाय

१. पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र कृषिका प्राथमिक उत्पादनका अन्य क्षेत्रहरु,

२. लघु तथा घरेलु उद्यम,

३. व्यक्तिगत सेवा व्यवसाय (जस्तो कपाल काट्ने, सिलाइ (टेलरिङ्ग), ड्राइभिङ्ग आदि)

४. हातहतियार, खरखजाना, गोलीगठ्ठा, बारुद वा विष्फोटक पदार्थ तथा न्यूक्लियर, बायोलोजिकल तथा केमिकल (एन. बी. सी.) हतियार उत्पादन गर्ने उद्योग, आणविक शक्ति (एटोमिक इनर्जी), विकीरणजन्य सामग्री (रेडियो एक्टिभ म्याटेरियल्स) उत्पादन गर्ने उद्योग,

५. घर जग्गा खरिद बिक्री व्यवसाय (निर्माण उद्योग बाहेक), खुद्रा व्यापार, आन्तरिक कुरियर सेवा, स्थानीय क्याटरिङ्ग सेवा, मनिचेन्जर, रेमिटेन्स सेवा,

६. पर्यटनमा संलग्न ट्राभल एजेन्सी, पथ प्रदर्शक, ट्रेकिङ्ग तथा पर्वतारोहण पथ प्रदर्शक, होमस्टे लगायतका ग्रामीण पर्यटन,

७. आमसञ्चारका माध्यमहरु (पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइन समाचार) को व्यवसाय, राष्ट्र भाषाको चलचित्र व्यवसाय,

८. व्यवस्थापन, लेखा, इन्जिनियरिङ, कानूनी परामर्श सेवा र भाषा तालिम, सङ्गित तालिम, कम्प्युटर तालिम, र

९. एकाउन्न प्रतिशतभन्दा बढी विदेशी लगानी हुने परामर्श सेवाहरु।

प्रतिनिधि सभाले पारित गरेको मितिः २०७५/१२/०४
राष्ट्रिय सभाले संशोधन विना पारित गरेको मितिः २०७५/१२/०८
प्रमाणीकरण मितिः २०७५/१२/१३

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना: बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ६ मा संशोधन:** बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) यो दफा प्रारम्भ भएपछि नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि एक वर्षको हुनेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ:-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि थप गर्न वा दफा ४ बमोजिमको योग्यता भएका अन्य व्यक्तिलाई दफा ३ बमोजिम नियुक्त गर्न सक्नेछ।"

(३) उपदफा (२) मा रहेका "उपदफा (१) मा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (१क) मा" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ:-

"(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत बहाल रहेका अध्यक्ष तथा सदस्यको पदावधि संवत् २०७५ साल चैत्र मसान्तसम्म कायम रहनेछ।

तर दफा ७ को उपदफा (३) बमोजिम पदपूर्ति भएकोमा त्यस्ता अध्यक्ष तथा सदस्यको पदावधि स्वत: समाप्त भएको मानिनेछ।"

३. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) दफा ६ को उपदफा (१) वा (४) बमोजिम पदावधि समाप्त भएमा,"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६ को उपदफा (४) बमोजिमको पदावधि समाप्त हुनुभन्दा अगावै अध्यक्ष वा सदस्य पदमा दफा ३ बमोजिमको प्रक्रिया पूरा गरी पूर्ति गर्न सकिनेछ।"

४. **मूल ऐनको दफा ३८ मा संशोधनः** मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः-

"३८. आयोगको कार्यावधिः (१) आयोगको कार्यावधि यो दफा प्रारम्भ भएको मितिले एक वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित अवधिभित्र यस ऐन बमोजिम आयोगबाट सम्पन्न हुनु पर्ने काम बाँकी रहन गएमा नेपाल सरकारले आयोगको कार्यावधि एक वर्षसम्मको लागि थप गर्न सक्नेछ।

(३) यस ऐन बमोजिम अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएको कारणले मात्र आयोगको कार्यावधि समाप्त भएको मानिने छैन।"

राष्ट्रिय सभाले पारित गरेकोः २०७५/१०/२०
प्रतिनिधि सभाले संशोधनविना पारित गरेकोः २०७५/१०/२३
प्रमाणीकरण मितिः २०७५/१०/२५

लेखापरीक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: लेखापरीक्षण सम्बन्धी कानूनलाई समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

संघीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "लेखापरीक्षण ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ख) "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था" भन्नाले सबै शेयर वा जायजेथामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सङ्गठित संस्था वा सबै शेयर वा जायजेथामा त्यस्तो संस्थाको वा त्यस्तो संस्था र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पूर्ण उत्तरदायित्व व्यहोर्नु पर्ने सङ्गठित संस्थालाई समेत जनाउँछ।

(ग) "लेखा" भन्नाले आर्थिक कारोबार भएको व्यहोरा देखिने गरी कानून बमोजिम राखिने अभिलेख, खाता, किताब वा अन्य कागजपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय माध्यमबाट राखिएको अभिलेख वा कारोबारलाई प्रमाणित गर्ने विद्युतीय अभिलेखलाई समेत जनाउँछ।

(घ) "लेखापरीक्षण" भन्नाले दफा ३ बमोजिमका निकायको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनु पर्छ र सो शब्दले सम्परीक्षण गर्ने कार्यलाई समेत जनाउँछ।

(ङ) "लेखासँग सम्बन्धित कागजात" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमका निकायको लेखापरीक्षण गर्न आवश्यक पर्ने कागजात सम्झनु पर्छ र सो शब्दले त्यस्ता निकायका रणनीति, वार्षिक वा आवधिक योजना, कार्ययोजना, निर्णय, सम्झौता वा समझदारी, प्रगति प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन र

लेखापरीक्षणको कामसँग सम्बन्धित अन्य कागजात वा विद्युतीय प्रणालीमा सङ्ग्रहित विवरण तथ्याङ्क वा सूचनालाई समेत जनाउँछ।

(च) "सङ्गठित संस्था" भन्नाले पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा सङ्गठित संस्थाको स्वामित्व भएको संस्थालाई समेत जनाउँछ।

(छ) "सरकारी कार्यालय" भन्नाले राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, प्रदेश प्रमुखको कार्यालय, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायत संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय सम्झनु पर्छ।

३. **<u>महालेखापरीक्षकबाट लेखापरीक्षण हुने निकाय</u>** :(१) महालेखापरीक्षकबाट देहायका निकायको लेखापरीक्षण हुनेछः-

(क) सरकारी कार्यालय,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था,

(ग) महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानूनद्वारा तोकिएको संस्था वा निकाय।

(२) उपदफा (१) बमोजिमका निकायहरुको जिम्मेवार पदाधिकारीले प्रचलित कानून बमोजिम आय व्ययको लेखा र आर्थिक विवरण पेश गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

४. **<u>लेखापरीक्षण सम्बन्धी तरिका</u>**ः महालेखापरीक्षकले लेखापरीक्षण गर्ने दफा ३ को उपदफा (१) बमोजिमका निकाय वा सो अन्तर्गतका कुनै एकाईहरु छनौट गरी आर्थिक कारोबार र त्यससँग सम्बन्धित अन्य क्रियाकलापहरूको एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएको तथ्यहरू दर्शाउन, त्यसमा विवेचना तथा आलोचना गर्न र आर्थिक विवरण उपर आवश्यकता अनुसार राय सहितको प्रतिवेदन जारी गर्न सक्नेछ।

५. **वित्तीय तथा विविध विषयको लेखापरीक्षण**: (१) महालेखापरीक्षकले लेखापरीक्षण गर्ने दफा ३ को उपदफा (१) बमोजिमका निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको समेत विचार गरी वित्तीय लेखापरीक्षणको अतिरिक्त छनौटको आधारमा सूचना प्रविधि, कार्यमूलक, लैङ्गिक, विधि विज्ञान, वातावरण जस्ता विविध विषयको समेत लेखापरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विविध विषयको लेखापरीक्षण गर्ने विधि, तरिका, क्षेत्र, अवधि, परीक्षण र प्रतिवेदन गर्ने कुराहरू महालेखापरीक्षकले तोकिदिए बमोजिम हुनेछ।

६. **सामयिक लेखापरीक्षण**: (१) महालेखापरीक्षकले दफा ३ को उपदफा (१) बमोजिमका निकायको छनौटको आधारमा आर्थिक वर्ष समाप्त नहुँदै वा कारोबार सम्पन्न भएपश्चात् सामयिक लेखापरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गर्ने विधि, तरिका, क्षेत्र, अवधि, परीक्षण र प्रतिवेदन गर्ने कुराहरू महालेखापरीक्षकले तोकिदिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम तयार गरेको प्रतिवेदन महालेखापरीक्षकले सम्बन्धित निकायमा पठाई सार्वजनिक गर्नुपर्नेछ।

७. **अनुदान तथा सहायताको लेखापरीक्षण**: (१) महालेखापरीक्षकले संघीय कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई प्राप्त हुने जुनसुकै प्रकारका सहायता, अनुदान तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्रदान गरिने जुनसुकै सहायता वा अनुदान रकमको लेखापरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गर्ने विधि, तरिका, क्षेत्र, अवधि, परीक्षण र प्रतिवेदन गर्ने कुराहरू महालेखापरीक्षकले तोकिदिए बमोजिम हुनेछ।

८. **लेखापरीक्षण गर्ने विषय**: महालेखापरीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी आवश्यकता अनुसार देहायका विषयको लेखापरीक्षण गर्नेछः-

(क) विनियोजन ऐन तथा अन्य ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्ट शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकमहरू सोही शीर्षक तथा उपशीर्षकको सीमामा रही निर्दिष्ट प्रयोजनको लागि खर्च भए, नभएको,

(ख) कारोबारको लेखा तोकिएको ढाँचा अनुरुप राखे, नराखेको तथा निर्दिष्ट समयमा प्रतिवेदन गरे, नगरेको,

(ग) संवैधानिक निकाय, मन्त्रालय, विभाग र सो सरहका केन्द्रीय तहका कार्यालयले मातहतका कार्यालयको तथा प्रदेशका मन्त्रालय र प्रदेश तहका अन्य कार्यालयले मातहतका कार्यालयको विनियोजन, राजस्व, धरौटी लगायतका सम्पूर्ण आर्थिक कारोबारको केन्द्रीय लेखा राखी केन्द्रीय विवरण तयार पारे, नपारेको र तयार पारेको भए त्यसले आर्थिक कारोबारको यथार्थ चित्रण गरे, नगरेको,

(घ) संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष, स्थानीय सञ्चित कोष, संघीय आकस्मिक कोष, प्रदेश आकस्मिक कोष र अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहे, नरहेको,

(ङ) सम्बन्धित सरकारी निकायले समयमा बजेट निकासा गरे, नगरेको,

(च) आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोबारको सही र यथार्थ चित्रण गरे, नगरेको,

(छ) आम्दानी वा खर्च भएका कलमहरूको पुष्ट्याईं हुने प्रमाण यथेष्ट भए, नभएको,

(ज) लेखा वा प्रतिवेदन बमोजिम भौतिक प्रगति भए, नभएको ,

(झ) खर्च गर्न अधिकार प्राप्त अधिकारीको स्वीकृति भए, नभएको,

(ञ) सिर्जना भएको दायित्व समयमा भुक्तानी भए, नभएको ,

(ट) नगदी जिन्सी लगायत उपलब्ध स्रोत, साधन र सम्पत्तिको उचित रुपमा उपयोग गरे, नगरेको,

(ठ) सरकारी सम्पत्तिको प्रचलित कानून बमोजिम अभिलेख राखे, नराखेको,

(ड) सरकारी सम्पत्तिको हानि नोक्सानी नहुने गरी उचित संरक्षण तथा मर्मत सम्भार गरे, नगरेको,

(ढ) सरकारी ऋण तथा लगानी र त्यसबाट प्राप्त हुनुपर्ने वा तिर्नु बुझाउनु पर्ने र बुझाइएको सावाँ, ब्याज, लाभांश लगायतको लेखा राख्ने व्यवस्था पर्याप्त भए, नभएको वा त्यस अनुरूप लेखा राखे, नराखेको र राखेको लेखा यथार्थ भए, नभएको,

(ण) खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी पर्याप्त कानूनी व्यवस्था भए, नभएको, तत्सम्बन्धी नियमन तथा नियन्त्रण व्यवस्था पर्याप्त भए, नभएको र ती कुराहरूको अनुशरण गरे, नगरेको,

(त) आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्था भए, नभएको र त्यसको अनुशरण गरे, नगरेको,

(थ) आन्तरिक लेखापरीक्षण सन्तोषजनक तरिकाबाट भए, नभएको र भएकोमा प्रतिवेदनको कार्यान्वयन गरे, नगरेको,

(द) राजस्व तथा सरकारी कोषमा जम्मा हुनुपर्ने रकम कानून बमोजिम निर्धारण, असुली, दाखिला र लेखाङ्कन भए, नभएको र राजस्व चुहावट नियन्त्रण गर्न प्रयास गरे, नगरेको,

(ध) धरौटी सम्बन्धी प्रचलित कानूनको पर्याप्तता भए, नभएको र त्यसको पालना गरे, नगरेको,

(न) औद्योगिक तथा व्यावसायिक सेवाहरूको आम्दानी खर्चको लेखा, त्यसको जिन्सी, नगदी मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र तत्सम्बन्धी कानून पर्याप्त भए, नभएको र तिनको पालना गरे, नगरेको,

(प) कार्यालयको संगठन र व्यवस्थापन तथा कार्य विभाजन यथेष्ट र समुचित भए, नभएको र त्यस अनुसार कार्यालय सञ्चालन तथा व्यवस्थापन गरे, नगरेको,

(फ) कुनै काम अनावश्यक रूपमा दोहोरो हुने गरी विभिन्न कर्मचारी वा निकायबाट गरिएको वा गर्नुपर्ने कुनै काम छुटाएको वा कार्यालयको काम निर्दिष्ट समयमा गर्ने, गराउने प्रभावकारी व्यवस्था भए, नभएको,

(ब) संगठन र कार्यक्रमको उपलब्धी किटान गर्ने आधार स्पष्ट भए, नभएको, कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भए, नभएको तथा कामको गुणस्तर र परिमाण मानदण्ड अनुरुप भए, नभएको,

(भ) कार्यालयको उद्देश्य र नीति स्पष्ट भए, नभएको र निर्दिष्ट उद्देश्य तथा नीति अनुरुप योजना, बजेट तथा कार्यक्रम तर्जुमा गरे, नगरेको तथा सोही बमोजिम कार्यान्वयन गरे, नगरेको,

(म) स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरे, नगरेको, खर्च गर्दा लागत तथा उपलब्धी विश्लेषण गरी उचित ढङ्गले खर्च गरे, नगरेको र लागतको तुलनामा प्रतिफल प्राप्त भए, नभएको,

(य) लक्ष्य, प्रगति तथा लागत खर्चको अभिलेख राख्ने व्यवस्था पर्याप्त र भरपर्दो भए, नभएको,

(र) प्रचलित कानूनले अनुगमन गर्नुपर्ने व्यवस्था गरे अनुरुप अनुगमन गरे, नगरेको र अनुगमनबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गरे, नगरेको,

(ल) वित्तीय कारोबार, अभिलेख र प्रतिवेदन व्यवस्थालाई सूचना प्रविधिमा आधारित बनाउन प्रयास गरे, नगरेको,

(व) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा प्रचलित कानून बमोजिम बाँडफाँट भएको राजस्व, अनुदान तथा रोयल्टीको उपयोग र परिचालन प्रभावकारी भए, नभएको,

(श) सोधभर्ना लिने कार्य समयमा गरे, नगरेको,

(ष) बेरुजु लगत र फछ्यौंटको अभिलेख अद्यावधिक राखे, नराखेको तथा बेरुजु फछ्यौंट गर्न प्रयास गरे, नगरेको।

९. **<u>महालेखापरीक्षकले औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरु</u>**: (१) देहायका कुराहरूको सम्बन्धमा महालेखापरीक्षकले औचित्यको दृष्टिकोणबाट आवश्यकता अनुसार परीक्षण गर्नेछः-

(क) निकासा अनुसार खर्च गरेको भए तापनि बेमनासिब तरिकाले वा राष्ट्रिय धनको हानि नोक्सानी हुने गरी खर्च भएको देखेमा त्यस्तो खर्च र निकासाको सम्बन्धमा,

(ख) चल, अचल राष्ट्रिय धनको अनुदान वा राजस्वको अभिहस्ताङ्कन वा खानी, जङ्गल, जलशक्ति आदिको सुविधा प्रदान सम्बन्धमा पट्टा, अनुमतिपत्र, लाइसेन्स, अधिकार र कुनै अन्य प्रकारबाट राजस्व वा चल, अचल राष्ट्रिय धन त्याग गर्ने गरी जारी गरिएका सबै निकासाको सम्बन्धमा,

(ग) सार्वजनिक निर्माण, मर्मत सम्भार, खरिद तथा आपूर्ति, परामर्श सेवा सम्बन्धी ठेक्का र सम्झौता, सेवा प्रवाह, सार्वजनिक खर्च, राजश्व परिचालन लगायत विविध आर्थिक कारोबारका विषयवस्तुको सम्बन्धमा।

(२) महालेखापरीक्षकले उपयुक्त ठानेमा आफ्नो कार्य क्षेत्रभित्रको कुनै पदाधिकारीले वित्तीय जवाफदेहिता बहन गरे, नगरेको सम्बन्धमा लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम परीक्षण गर्न सक्नेछ।

(३) महालेखापरीक्षकले बेरूजुका सामान्य कलमहरू वा औचित्यको दृष्टिकोणबाट उल्लेखनीय र महत्वपूर्ण नदेखिएका अन्य कलमहरू आफ्नो प्रतिवेदनमा समावेश नगर्न सक्नेछ।

१०. **<u>नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण</u>**: (१) दफा ३ को उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण गर्न महालेखापरीक्षकले आवश्यकतानुसार प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकलाई महालेखापरीक्षकले सहायकको रुपमा नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएका लेखापरीक्षकले महालेखापरीक्षकको निर्देशन, नियन्त्रण र रेखदेखमा रही काम गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकको काम, कर्तव्य, अधिकार, सेवाका शर्त, दायित्व, निजले लेखापरीक्षण गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था यस ऐनमा उल्लेख भएको कुरामा यसै ऐन बमोजिम र यस ऐनमा उल्लेख नभएको विषयमा महालेखापरीक्षकले तोकिदिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकले सम्बन्धित संस्थाबाट पाउने पारिश्रमिक त्यस्तो संस्थाको आर्थिक कारोबार, लेखाको अवस्था, शाखा, उपशाखाको सङ्ख्या कार्य बोझ तथा कार्य प्रगति समेतको विचार गरी महालेखापरीक्षकले तोकिदिए बमोजिम हुनेछ।

११. **<u>सङ्गठित संस्थाको लेखापरीक्षण</u>**: (१) महालेखापरीक्षकले तोकिदिएको सिद्दान्तको अधिनमा रही सङ्गठित संस्थाले लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठित संस्थाले लेखापरिक्षकको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनु पर्ने छ।

(३) उपदफा (१) बमोजिम नियुक्त भएको लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदनको एक प्रति सम्बन्धित सङ्गठित संस्थाले महालेखापरीक्षकको कार्यालयमा समेत पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनबाट त्यस्तो सङ्गठित संस्थाको लेखा सम्बन्धमा कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटिको सम्बन्धमा महालेखापरीक्षकले सम्बन्धित सङ्गठित संस्था र लेखापरीक्षकलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित सङ्गठित संस्था र लेखापरीक्षकको कर्तव्य हुनेछ।

(५) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनबाट औंल्याईएका विषय वा उपदफा (४) बमोजिम दिएको निर्देशन सम्बन्धमा सम्बन्धित सङ्गठित संस्थाले महालेखापरीक्षकले तोकिदिएको अवधिभित्र कार्यान्वयनको प्रगति विवरण पेश गर्नुपर्नेछ।

१२. **<u>महालेखापरीक्षकले परीक्षण गर्न वा कागजात पेश गर्न लगाउन सक्ने</u>**: (१) महालेखापरीक्षकले जुनसुकै बखत दफा ३ को उपदफा (१) बमोजिमका निकायको जिम्मेवार पदाधिकारीलाई लेखासँग सम्बन्धित कागजात पेश गर्न लगाउन र सम्बन्धित पदाधिकारीसँग तत्सम्बन्धी सूचना तथा जानकारी लिन सक्नेछ।

(२) महालेखापरीक्षकले आवश्यक ठानेमा देहाय बमोजिम गर्न सक्नेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त गरी सञ्चालन भएका कार्यक्रम तथा आयोजनाको स्थिति तथा लेखासँग सम्बन्धित कागजात जुनसुकै बखत परीक्षण गर्न,

(ख) सरकारी कामको ठेक्का लिने निर्माण व्यवसायी, आपूर्तिकर्ता वा त्यस्तो निकायको कामको जिम्मा लिने संस्था वा व्यक्तिलाई समेत त्यस्तो ठेक्का, आपूर्ति वा अन्य सरकारी कामसँग सम्बन्धित कागजात र राजस्वको लेखापरीक्षणको सन्दर्भमा राजश्व निर्धारण प्रयोजनका लागि लिइएका आधारसँग सम्बन्धित थप प्रमाण कागजात पेश गर्न लगाउन,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको आंशिक स्वामित्व रहेको संस्था र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको कार्यसञ्चालन सम्बन्धी कागजात पेश गर्न लगाउन।

(३) दफा ३ को उपदफा (१) बमोजिमका निकायले कारोबार सञ्चालन गर्न, लेखा राख्न, अभिलेख व्यवस्थापन गर्न वा सूचना प्रवाह गर्न अपनाएका सूचना प्रविधि सम्बन्धी प्रणालीमा महालेखापरीक्षकको पहुँच हुनेछ।

१३. **शुल्क लिन सक्ने**: (१) महालेखापरीक्षकले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण गरे बापत त्यस्तो संस्थाबाट तोकिए बमोजिमको शुल्क लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लिएको शुल्क संघीय सञ्चित कोषमा दाखिला गरिनेछ।

१४. **लेखापरीक्षणको पुनरावलोकन:** (१) यस ऐन बमोजिम सम्पन्न गरेको लेखापरीक्षण कार्यको गुणस्तर सुनिश्चित गर्न महालेखापरीक्षकले आवधिक रूपमा गुणस्तर आश्वस्तता पुनरावलोकन वा समकक्षी पेशागत पुनरावलोकनको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने पुनरावलोकन बाहेक अन्य कुनै व्यक्ति वा निकायबाट लेखापरीक्षणको पुनरावलोकन गर्न सकिने छैन।

१५. **विशेषज्ञ सेवा लिन सक्ने** : (१) महालेखा परीक्षकले आफूले सम्पादन गर्नुपर्ने कामको लागि सम्बन्धित विषयको विशेषज्ञको सेवा लिन सक्नेछ।

(२) महालेखापरीक्षकले आफूले सम्पादन गर्नुपर्ने कुनै काममा सहयोगका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायमा कार्यरत विशेषज्ञ वा पदाधिकारीलाई खटाई पठाईदिन अनुरोध गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुरोध भई आएमा सम्बन्धित निकायले त्यस्तो विशेषज्ञ वा पदाधिकारीलाई महालेखापरीक्षकले तोकेको काममा खटाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम विशेषज्ञको सेवा प्रदान गर्ने वा उपदफा (३) बमोजिम खटिएको विशेषज्ञ वा पदाधिकारीलाई महालेखापरीक्षकले तोके बमोजिमको पारिश्रमिक वा सुविधा दिइनेछ।

१६. **असल नियतले गरेको कामको लागि जिम्मेवार नहुने**: महालेखापरीक्षकले यस ऐन बमोजिम लेखापरीक्षणलाई व्यवस्थित गर्न जारी गरेको मानदण्ड, नीति, निर्देशन,

निर्देशिका तथा लेखापरीक्षण योजना बमोजिम कर्तव्य पालनाको सिलसिलामा असल नियतले सम्पन्न गरेको लेखापरीक्षण कार्यबाट हुन गएको कुनै क्षति वा अन्य कुनै प्रकारको त्रुटिको लागि महालेखापरीक्षकको कार्यालयको कुनै कर्मचारी व्यक्तिगत रुपमा जिम्मेवार हुनेछैन।

१७. **विद्युतीय माध्यमबाट अभिलेख राख्नेः** महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको लेखापरीक्षण फाइल, कार्यपत्र तथा अन्य कागजात विवरणको अभिलेख विद्युतीय माध्यमबाट राख्न सक्नेछ।

१८. **महालेखापरीक्षकको कार्यालयः** (१) महालेखापरीक्षक आफैले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यकता अनुसार संघ तथा प्रदेशमा कार्यालय स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएका कार्यालयमा खटिएका कर्मचारीले महालेखापरीक्षकको निर्देशन अनुसार काम गर्नेछन्।

(३) महालेखापरीक्षकको कार्यालयको संगठनात्मक संरचना र कर्मचारीको दरबन्दी महालेखापरीक्षकको सिफारिशमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

१९. **वार्षिक प्रतिवेदनः** (१) महालेखापरीक्षकले संविधानको धारा २९४ बमोजिम राष्ट्रपति समक्ष पेश गर्ने वार्षिक प्रतिवेदनमा देहायका विषयहरु खुलाउनु पर्नेछः–

(क) महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण,

(ख) लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश,

(ग) लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार,

(घ) आवश्यक अन्य कुराहरु।

(२) महालेखापरीक्षकले दफा ३ को उपदफा (१) बमोजिमका निकायको लेखापरीक्षण सम्पन्न गरिसकेपछि राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्नेछ।

(३) उपदफा (२) मा उल्लेख गरिएको अतिरिक्त महालेखापरीक्षकले दफा ३ को उपदफा (१) बमोजिमका निकायको कार्यमूलक, सूचना प्रविधि, विधिविज्ञान, लैङ्गिक, वातावरणीय तथा सामयिक लेखापरीक्षणको प्रतिवेदन समेत जारी गर्न सक्नेछ।

(४) महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम पेश गरेको प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुनेछ।

(६) चल वा अचल राष्ट्रिय सम्पत्तिको ठूलो हानि नोक्सानी भएको वा तत्कालै कारबाही नगरे त्यस्तो हानि नोक्सानी हुन सक्ने देखिएमा महालेखा परीक्षकले जुनसुकै बेला त्यस्तो कारोबारको लेखापरीक्षण गरी राष्ट्रपति वा प्रदेश प्रमुख समक्ष प्रतिवेदन पेश गर्न सक्नेछ।

(७) महालेखापरीक्षकले यस दफा बमोजिम पेश गरेको प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ।

२०. **स्थानीय तहको लेखापरीक्षणः** (१) प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ।

(२) महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम महालेखापरीक्षकले जारी गरेको प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय तहको प्रचलित कानून बमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्नेछ।

२१. **लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः** (१) महालेखापरीक्षकले यस ऐन बमोजिम जारी गरेको प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुनेछ।

(२) महालेखापरीक्षकले यस ऐन बमोजिम जारी गरेको प्रतिवेदनमा उल्लेख गरिएका विषयमा सुधार भए, नभएको र सुझाव कार्यान्वयन भए, नभएको सुनिश्चित गर्न लेखापरीक्षण गरिएका निकायबाट भएका कारबाहीको प्रतिवेदन लिने, जवाफ लिने, कार्यान्वयनका लागि समयावधि तोक्ने, पुनःजाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने लगायतका कार्य गर्न सक्नेछ।

२२. **बेरूजुमा कारबाही गर्नेः** नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको आयव्यय तथा अन्य रकम कलमको लेखापरीक्षण गर्दा देखिएका त्रुटि तथा बेरूजुमा सम्बन्धित निकायले कानून बमोजिम कारबाही गर्नुपर्नेछ।

२३. **<u>लेखा ढाँचाः</u>** (१) सरकारी कार्यालयको कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको ढाँचा स्वीकृत गराउने तथा लागू गर्ने गराउने कर्तव्य महालेखा नियन्त्रक कार्यालयको हुनेछ।

२४. **<u>महालेखापरीक्षकले निर्देशन दिन सक्नेः</u>** (१) महालेखापरीक्षकले संविधान र यस ऐनको अधीनमा रही लेखा सम्बन्धी व्यवस्था मिलाउन वा नियमितता ल्याउनको लागि सम्बन्धित निकायलाई समय समयमा निर्देशन दिन सक्नेछ।

(२) महालेखापरीक्षकले संविधान र यस ऐनको अधीनमा रही लेखापरीक्षण सम्बन्धी व्यवस्थाका सम्बन्धमा सम्बन्धित नियमनकारी निकायलाई समय समयमा निर्देशन दिन सक्नेछ।

(३) महालेखापरीक्षकले यस ऐन बमोजिम सरकारी कार्यालय र सङ्गठित संस्थाको लेखापरीक्षण गर्न नियुक्त गरेका लेखापरीक्षकलाई लेखापरीक्षण गर्ने विषय, प्रतिवेदनमा समावेश गर्नुपर्ने विषय र प्रतिवेदनमा उल्लेख भएका विषयमा समय समयमा निर्देशन दिन सक्नेछ।

(४) यस दफा बमोजिम महालेखापरीक्षकले दिएको निर्देशनको पालना गर्नु त्यस्तो कार्यालय र सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ।

२५. **<u>कारबाहीको लागि लेखी पठाउन सक्नेः</u>** (१) यस ऐन बमोजिम लेखापरीक्षण नगराउने, दफा १० र ११ बमोजिम नियुक्त लेखापरीक्षकलाई वित्तीय विवरण तथा लेखा उपलब्ध नगराउने, दफा १२ अनुसार लेखासँग सम्बन्धित कागजात पेश नगर्ने, तत्सम्बन्धित सूचना तथा जानकारी नदिने, दफा २३ बमोजिमको ढाँचामा लेखा नराख्ने, लेखापरीक्षण सम्बन्धी काम कारबाहीमा बाधा विरोध गर्ने तथा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लङ्घन गर्ने सम्बन्धित कामको जिम्मेवारी तोकिएको पदाधिकारी वा व्यक्तिलाई महालेखापरीक्षकले विभागीय कारबाही लगायतका प्रचलित कानून बमोजिमको कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले पदाधिकारी वा व्यक्तिलाई यथाशीघ्र कारबाही गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

२६. **<u>पुरस्कार दिन सक्नेः</u>** (१) महालेखा परीक्षकको संघ तथा प्रदेश कार्यालयमा कार्यरत कर्मचारीहरुमध्येबाट प्रत्येक वर्ष उत्कृष्ट काम गर्ने कर्मचारीको छनौट गरी तोकिए बमोजिम पुरस्कार दिन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि उत्कृष्ट काम गर्ने कर्मचारी छनौट गर्ने कार्यविधि महालेखापरीक्षकले तोके बमोजिम हुनेछ।

२७. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** महालेखापरीक्षकले यस ऐन बमोजिम आफूले सम्पादन गर्नुपर्ने काममध्ये कुनै काम गर्न आफ्नो कार्यालयका पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

२८. **नियम बनाउन सक्ने:** यो ऐन कार्यान्वयन गर्न महालेखा परीक्षकले नेपाल सरकारको परामर्शमा आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्ता नियमहरु नेपाल राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२९. **मापदण्ड वा निर्देशिका जारी गर्न सक्ने:** महालेखापरीक्षकले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय लेखापरीक्षण मानदण्ड र प्रचलित असल अभ्यासमा आधारित लेखापरीक्षण मापदण्ड वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

३०. **खारेजी र बचाउ** : (१) लेखापरीक्षण ऐन, २०४८ खारेज गरिएको छ।

(२) लेखापरीक्षण ऐन, २०४८ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत लेखापरीक्षण ऐन, २०४८ बमोजिम लेखापरीक्षण हुन बाँकी रहेको लेखाको लेखापरीक्षण यसै ऐन बमोजिम हुनेछ।

प्रतिनिधि सभाले पारित गरेकोः २०७५/११/०६
राष्ट्रिय सभाले संशोधनविन पारित गरेकोः २०७५/१२/०४
प्रमाणीकरण मितिः २०७५/१२/१५

प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक

प्रस्तावनाः प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवद्र्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(ग) "प्रदेश अन्य सरकारी सेवा" भन्नाले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा बाहेकका प्रदेश कानून बमोजिम गठन भएका अन्य सरकारी सेवा सम्झनु पर्छ।

(घ) "प्रदेश निजामती सेवा" भन्नाले प्रदेश प्रहरी सेवा र प्रदेश अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानूनद्वारा तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा सम्झनु पर्छ।

(ङ) "प्रदेश प्रहरी सेवा" भन्नाले कानूनद्वारा गठन भएको प्रदेश प्रहरी सेवा सम्झनु पर्छ।

(च) "सङ्गठित संस्था" भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित

आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(झ) "स्थानीय सरकारी सेवा" भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम कानूनद्वारा गठन हुने स्थानीय सेवा सम्झनु पर्छ।

(ञ) "स्थानीय तहको सङ्गठित संस्थाको सेवा" भन्नाले स्थानीय तहमा स्थानीय कानून बमोजिम गठन भएका स्थानीय तहको सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ।

(ट) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. **<u>आयोग गठनका आधार:</u>** (१) आयोगमा कम्तिमा एकजना महिला हुने गरी अध्यक्ष सहित बढीमा तीनजना सदस्य रहने छन्।

(२) अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिस गर्न प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभामा विपक्षी दलको नेता रहेको एक सिफारिस समिति रहनेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिको सिफारिसको आधारमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

(५) देहायको योग्यता भएको नेपाली नागरिक अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविधालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको।

(६) आयोगका सदस्यहरुमध्ये कम्तीमा एकजना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरुमध्येबाट र बाँकी सदस्यहरु विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेको व्यक्तिहरुमध्येबाट नियुक्त हुनेछन्।

(७) अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ।

४. **<u>पद रिक्त हुने आधार:</u>** (१) देहायको आधारमा आयोगको अध्यक्ष र सदस्यको पद रिक्त हुने गरी प्रदेश कानूनमा व्यवस्था गर्नु पर्नेछः-

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) उपदफा (५) बमोजिम पदमुक्त भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसको आधारमा दफा ३ को उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा।

(२) संविधान र प्रचलित कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भनी प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले अध्यक्ष वा सदस्य विरुद्ध आरोपको प्रस्ताव पेश गर्न सक्ने छन्।

(३) उपदफा (२) बमोजिम आरोपको प्रस्ताव पेश भई दर्ता भएमा त्यस्तो प्रस्तावमा उल्लिखित आधार र कारण विद्यमान भए नभएको सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न प्रदेश सभामा एक छानबिन समिति गठन गरिनेछ।

(४) अध्यक्ष वा सदस्य विरुद्धको आरोपको प्रस्ताव उपर छानबिन गर्ने सम्बन्धी व्यवस्था प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिमको समितिले पद मुक्त गर्ने भनीे सिफारिस सहितको प्रस्ताव प्रदेश सभामा पेश गरेमा र प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेमा अध्यक्ष वा सदस्य पदबाट मुक्त हुनेछ।

(६) उपदफा (५) बमोजिम पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनित हुन सक्ने छैन।

५. **पुनः नियुक्तिः** (१) अध्यक्ष र सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन र निज कुनै पनि सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अध्यक्ष र सदस्य देहायको पदमा नियुक्तिको लागि ग्राह्य हुन सक्नेछः-

(क) संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्त हुन,

(ख) आयोगको सदस्य सोही आयोगको अध्यक्ष पदमा नियुक्त हुन,

(ग) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त हुन।

(३) आयोगको सदस्य सोही आयोगको अध्यक्ष पदमा नियुक्त हुने भएमा निजको पदावधि गणना गर्दा निज सदस्य भएको अवधि समेतलाई जोडी गणना गरिनेछ।

६. **आयोगको काम, कर्तव्य र अधिकारः** आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा प्रदेश कानूनमा व्यवस्था गर्दा देहायका आधार र मापदण्ड बमोजिम गर्नु पर्नेछः-

(क) लोक सेवा आयोग सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता र सिद्धान्त, र

(ख) विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारबाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्ड।

७. **परीक्षा सञ्चालनः** (१) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्दा लिखित परीक्षाका अतिरिक्त देहायको कुनै एक वा एकभन्दा बढी तरिका अपनाउन सक्नेछः-

(क) प्रयोगात्मक परीक्षा,

(ख) अन्तर्वार्ता, र

(ग) आयोगले समय समयमा तोकेका अन्य तरिका।

(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

८. **परीक्षाको माध्यम भाषाः** (१) आयोगले सञ्चालन गर्ने लिखित परीक्षाको माध्यम भाषा संघीय सरकारी कामकाजको भाषा हुनेछ।

(२) उपदफा (१) मा लेखिएको भाषाका अतिरिक्त अङ्ग्रेजी वा प्रदेश कानून बमोजिम निर्धारण गरिएको सरकारी कामकाजको भाषा समेत परीक्षाको माध्यम भाषा हुन सक्नेछ।

९. **लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेः** आयोगले सञ्चालन गर्ने कुनै परीक्षा सञ्चालन गरिदिन आयोगको सिफारिसमा प्रदेश सरकारले नेपाल सरकार मार्फत् लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेछ।

१०. **स्थायी नियुक्ति र परामर्शः** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद, प्रदेश सङ्गठित संस्थाको सेवाको पद, स्थानीय सरकारी सेवाको पद, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा स्थायी नियुक्ति गर्दा आयोगको परामर्शविना गरिने छैन।

(२) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा, र

(च) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

११. **<u>सिद्धान्त र मापदण्ड अवलम्बन गर्नु पर्ने:</u>** (१) प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदको पदपूर्तिको लागि उम्मेदवारको छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले संघीय कानून बमोजिम अपनाएको सिद्धान्त र मापदण्डलाई आयोगले अवलम्बन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिद्धान्त र मापदण्ड लोक सेवा आयोगले सार्वजनिक गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सिद्धान्त र मापदण्ड बमोजिम काम कारबाही गर्नको लागि लोक सेवा आयोगले आयोगसँग आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ।

(४) उपदफा (१) विपरीत हुने गरी आयोगले गरेको काम, कारबाही स्वतः बदर भएको मानिनेछ।

१२. **सहयोग लिन सक्नेः** आयोगले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण वा परीक्षा सम्बन्धी कुनै पनि विषयका सम्बन्धमा लोक सेवा आयोगको सहयोग लिन सक्नेछ।

राष्ट्रिय सभाले पारित गरेकोः २०७५/११/१२
प्रतिनिधि सभाले संशोधन सहित पारित गरेकोः २०७५/११/२९
राष्ट्रिय सभाले पुनः पारित गरेकोः २०७५/१२/०४
प्रमाणीकरण मितिः २०७५/१२/१५

मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक

प्रस्तावनाः मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मुलुकी देवानी (संहिता) ऐन, २०७४ मा संशोधनः मुलुकी देवानी (संहिता) ऐन, २०७४ को,–

(१) दफा १ को उपदफा (१) मा रहेका "मुलुकी देवानी (संहिता) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी संहिता, २०७४" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ४२ को उपदफा (६) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) आफ्नो कार्य सम्पादन गर्न कानूनको अधीनमा रही कर्मचारी नियुक्ति गर्ने,"

(३) दफा ५४ को उपदफा (७) को खण्ड (क) मा रहेका "नेपाल सरकारलाई" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ६१ को उपदफा (१) को खण्ड (ग) मा रहेका "नेपाल सरकारलाई" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा ७२ को उपदफा (१) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्:–

"(ग) दफा ७० को उपदफा (१) को खण्ड (घ) विपरीत भएको विवाह,

(घ) कानून बमोजिम अंशवण्डा गरी भिन्न भएको अवस्थामा बाहेक विवाहित पुरुष वा महिलाले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह।"

(६) दफा ७३ को उपदफा (१) को खण्ड (क) झिकिएको छ।

(७) दफा ७४ को उपदफा (२) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्:-

"(ग) दफा ७० को उपदफा (१) को खण्ड (घ) बमोजिम विवाह गर्ने उमेर पूरा नभएमा,

(घ) बहुविवाह कायम हुने अवस्था भएमा।"

(८) दफा ७६ को,–

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी समक्ष" भन्ने शब्दहरूको सट्टा "कानून बमोजिम तोकिएको अधिकारी समक्ष" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका "नेपाल सरकारले तोकिदिएको ढाँचामा" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिमको ढाँचामा" भन्ने शब्दहरू राखिएका छन्।

(९) दफा ८० को उपदफा (२) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको ढाँचामा" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानूनले तोकिएको ढाँचामा" भन्ने शब्दहरू राखिएका छन्।

(१०) दफा ९६ मा रहेको "अदालतमा" भन्ने शब्दको सट्टा "सम्बन्धित जिल्ला अदालतमा" भन्ने शब्दहरु राखिएका छन्।

(११) दफा ११३ को,-

(क) उपदफा (१) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारी समक्ष" भन्ने शब्दहरूको सट्टा "कानून बमोजिम तोकिएको अधिकारी समक्ष" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमको" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानूनमा तोकिदिए बमोजिमको" भन्ने शब्दहरू राखिएका
छन्।

(१२) दफा ११७ को उपदफा (१) र (२) मा रहेको "अदालत" भन्ने शब्दको सट्टा "सम्बन्धित जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन्।

(१३) दफा १३० मा रहेका "त्यसरी नियुक्त भएको वा" भन्ने शब्दहरुको सट्टा "त्यसरी नियुक्त भएको शिक्षक वा" भन्ने शब्दहरु राखिएका छन्।

(१४) दफा १३५ मा रहेका "व्यक्तिको हक, हित वा संरक्षण" भन्ने शब्दहरुको सट्टा "व्यक्तिको संरक्षण, निजको हक वा हितको संरक्षण" भन्ने शब्दहरु राखिएका छन्।

(१५) दफा १४५ को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "देवानी" भन्ने शब्द झिकिएको छ।

(१६) दफा १७१ को उपदफा (३) मा रहेका "अदालतमा निवेदन" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित जिल्ला अदालतमा निवेदन" भन्ने शब्दहरु राखिएका छन्।

(१७) दफा १७७ को उपदफा (१) मा रहेका "सम्बन्धित अदालतमा" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित जिल्ला अदालतमा" भन्ने शब्दहरु राखिएका छन्।

(१८) दफा २०० मा रहेका "विदेशस्थित नेपाली नियोग र त्यस्तो नियोग" भन्ने शब्दहरुको सट्टा "नेपाली नियोग र त्यस्तो दूतावास वा नियोग" भन्ने शब्दहरु राखिएका छन्।

(१९) दफा २४५ मा रहेका "ज्यान लिने वा लिन लगाउनेका हकवालाले" भन्ने शब्दहरुको सट्टा "ज्यान लिने वा लिन लगाउने व्यक्ति र निजका हकवालाले" भन्ने शब्दहरु राखिएका छन्।

(२०) दफा २४८ को उपदफा (२) मा रहेका "हकवाला रहेनछ। तर" भन्ने शब्दहरुको सट्टा "हकवाला रहेनछ र" भन्ने शब्दहरु राखिएका छन्।

(२१) दफा २९९ मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन्।

(२२) दफा ३०५ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) सरकारी, सार्वजनिक वा सामुदायिक सम्पत्ति आफ्नो वा व्यक्ति विशेषको नाममा दर्ता गराउने कार्य प्रचलित कानून बमोजिम पनि कसूर हुनेमा सो बमोजिमको कसूरमा सजाय गर्नको लागि कारबाही चलाउन यस दफामा लेखिएका कुराले कुनै बाधा पर्ने छैन।"

(२३) दफा ३२८ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) निजको मृत्यु भएमा वा दामासाहीमा परेमा,"

(२४) दफा ३४२ को उपदफा (१) को खण्ड (च) मा रहेका "गुठी सञ्चालक बहाल रहेको वा गुठी सञ्चालकबाट" भन्ने शब्दहरुको सट्टा "गुठी सञ्चालक बहाल रहेको अवधिभर र गुठी सञ्चालकबाट" भन्ने शब्दहरु राखिएका छन्।

(२५) दफा ३४९ मा रहेका "उच्च अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन्।

(२६) दफा ४२८ मा रहेका "माथवरी वा गर्भमा रहेका शिशुको लागि" भन्ने शब्दहरुको सट्टा "माथवरीमा रहेको असक्षम वा अर्धसक्षम व्यक्ति वा संरक्षकले आफ्नो वा सगोल परिवारका सदस्यले गर्भमा रहेको शिशुको लागि" भन्ने शब्दहरु राखिएका छन्।

(२७) दफा ४३२ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा प्रचलित कानून बमोजिम हुनेछ।"

(२८) दफा ४३४ मा रहेका "दफा ४४९" भन्ने शब्दहरुको सट्टा "दफा ४३२" भन्ने शब्दहरु राखिएका छन्।

(२९) दफा ४५८ को उपदफा (१) मा रहेका "दफा ४७१, ४७२ वा ४७३ मा" भन्ने शब्दहरुको सट्टा "दफा ४५५, ४५६ वा ४५७ मा" भन्ने शब्दहरु राखिएका छन्।

(३०) दफा ४५९ मा रहेका "दफा ४७८ र ४७९ मा" भन्ने शब्दहरुको सट्टा "दफा ४५७ र ४५८ मा" भन्ने शब्दहरु राखिएका छन्।

(३१) दफा ५११ को उपदफा (२) मा रहेका "एक वा" भन्ने शब्दहरु झिकिएका छन्।

(३२) दफा ५२७ को खण्ड (ङ) मा रहेका "नहुने करार" भन्ने शब्दहरुको सट्टा "हुन नसक्ने करार" भन्ने शब्दहरु राखिएका छन्।

(३३) दफा ५३६ मा रहेका "करार रद्द गर्ने कार्य त्यस्ता सम्पूर्ण व्यक्तिहरुले रद्द गरेमा" भन्ने शब्दहरुको सट्टा "करार रद्द गर्ने कार्य त्यस्ता सम्पूर्ण व्यक्तिहरुले गरेमा" भन्ने शब्दहरु राखिएका छन्।

(३४) दफा ५७२ को उपदफा (२) मा रहेका "करारमा निश्चित रकम" भन्ने शब्दहरुको सट्टा "निश्चित रकम" भन्ने शब्दहरु राखिएका छन्।

(३५) दफा ६१८ को उपदफा (७) मा रहेका "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरुको सट्टा "यस दफामा लेखिएको कुनै कुराले" भन्ने शब्दहरु राखिएका छन्।

(३६) दफा ६४४ को उपदफा (१) को खण्ड (ज) मा रहेको "व्यवहार" भन्ने शब्दपछि "वा" भन्ने शब्द थपिएको छ।

(३७) दफा ६५६ को दफा शीर्षकमा रहेको "आफन्तले" भन्ने शब्द झिकिएको छ।

(३८) दफा ६७२ को उपदफा (४) झिकिएको छ।

(३९) दफा ६७६ मा रहेका "त्यस्तो पशु धनीले दायित्व" भन्ने शब्दहरुको सट्टा "बापतको दायित्व त्यस्तो पशु धनीले" भन्ने शब्दहरु राखिएका छन्।

(४०) दफा ६८० को स्पष्टीकरणमा रहेका "त्यसको उत्पादनको कब्जा अनधिकृत क्षति" भन्ने शब्दहरुको सट्टा "त्यसको उत्पादनको कब्जा, अनधिकृत क्षति" भन्ने शब्दहरु राखिएका छन्।

(४१) दफा ६९२ को ठाउँ ठाउँमा रहेको "परिच्छेद" भन्ने शब्दको सट्टा "भाग" भन्ने शब्द राखिएको छ।

(४२) लामो शीर्षक, प्रस्तावना, विधि निर्माण सूत्र र दफा १ को उपदफा (१) बाहेक अन्यत्र ठाउँ ठाउँमा रहेको "ऐन" भन्ने शब्दको सट्टा "संहिता" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

३. <u>मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ मा संशोधन:</u> मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को,–

(१) दफा १ को उपदफा (१) मा रहेका "मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ९ को उपदफा (३) को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा २८ को उपदफा (१) को स्पष्टीकरणको खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) "सरकारी कार्यालय" भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, नेपाल सरकारको कार्यालय, प्रदेश सरकारको कार्यालय, स्थानीय तहको कार्यालय, प्रदेश प्रमुखको कार्यालय, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायतका संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय सम्झनु पर्छ।"

(४) परिच्छेद–४ को ठाउँ ठाउँमा रहेका देहायका शब्दको सट्टा देहाय बमोजिमका शब्द राखी रुपान्तर गरिएको छः-

(क) "हस्ताक्षर" भन्ने शब्दको सट्टा "दस्तखत"

(ख) "दर्जा" भन्ने शब्दको सट्टा "पद"।

(५) दफा ४८ मा रहेका "फिराद गर्नु पर्ने कारण परेको मितिले छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "जहिले सुकै पनि" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा ५१ को उपदफा (२) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-

"<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "सार्वजनिक बिदा भन्नाले" प्रचलित कानून बमोजिम तोकिएको सार्वजनिक बिदा सम्झनु पर्छ।"

(७) दफा ५८ को खण्ड (क) मा रहेको "शोकवरण" भन्ने शब्दको सट्टा "किरिया सरहको शोकवरण" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा ६३ को उपदफा (३) मा रहेका "नेपाल सरकार वा प्रदेश सरकार वादी हुने मुद्दा, स्थानीय तहको क्षेत्राधिकारभित्रको मुद्दा सार्वजनिक वा

सरकारी सम्पत्तिको उपयोगको मुद्दा" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वादी हुने मुद्दा" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ६४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) यस परिच्छेद बमोजिम लाग्ने अदालती शुल्क दाखिल नगरी अदालतमा दिएको फिरादपत्र वा पुनरावेदनपत्र, लिएको प्रतिदावी वा मुद्दा पुनरावलोकन गरी वा दोहोऱ्याई हेर्न दिएको निवेदन उपर कुनै कारबाही हुन सक्ने छैन।"

(१०) दफा ७२ मा रहेका "मुद्दा दायर" भन्ने शब्दहरुको सट्टा "फिरादपत्र दायर" भन्ने शब्दहरु राखिएका छन्।

(११) दफा ९९ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः–

"(४) उपदफा (१) बमोजिम वादी वा निजको कानून व्यवसायीले प्रतिवादीलाई म्याद बुझाउन ल्याएमा प्रतिवादीले त्यस्तो म्याद बुझिलिनु पर्नेछ र त्यसरी बुझिलिएकोमा रीतपूर्वक म्याद बुझाएको मानिनेछ।"

(१२) दफा १०७ को उपदफा (१) मा रहेको "पहिचान" भन्ने शब्दको सट्टा "अभिलेख" भन्ने शब्द राखिएको छ।

(१३) दफा ११९ को उपदफा (१) मा रहेका "म्याद तामेल भएको मितिले" भन्ने शब्दहरुको सट्टा "म्याद तामेल भएको मितिले बाटोको म्याद बाहेक" भन्ने शब्दहरु राखिएका छन्।

(१४) दफा १२८ को सट्टा देहायको दफा १२८ राखिएको छः–

"१२८. <u>लिखत दरपीठ गर्नु पर्ने</u> : (१) दफा १२६ बमोजिम जाँच गर्दा त्यस्तो लिखत हदम्याद वा म्यादभित्र नभएको, सम्बन्धित अदालतको अधिकारक्षेत्रभित्र नरहेको, अदालतले हेर्न नपर्ने वा नहुने वा कानून विपरीत भएको कारण दर्ता गर्न नमिल्ने देखिएमा सम्बन्धित अधिकृतले दरपीठ गरी अदालतको छाप लगाई सम्बन्धित व्यक्तिलाई भरपाई गराई फिर्ता दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अधिकारक्षेत्र नभएको कारणले दरपीठ भएको उजुरीको विषयमा मुद्दा गर्नु पर्ने अन्तिम हदम्याद दरपीठ भएको दिनसम्म रहेछ भने प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो उजुरी गर्ने व्यक्तिले सो दिनबाट बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र दर्ता गर्न ल्याएमा अधिकारक्षेत्र भएको अदालतले कानून बमोजिम दर्ता गरिदिनु पर्नेछ।"

(१५) दफा १४२ को ठाउँ ठाउँमा रहेका "वा त्यस्तो निकाय" भन्ने शब्दहरु झिकी सोही दफाको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर मुद्दाको प्रमाण परीक्षण गर्दा, सुनुवाइ गर्दा वा अदालतले उपस्थित हुन भनी आदेश दिएको दिन नेपाल सरकार, संवैधानिक निकाय वा अदालतको प्रतिनिधित्व गर्न सरकारी वकील र प्रदेश सरकार वा स्थानीय तहको प्रतिनिधित्व गर्न प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकील उपस्थित हुनु पर्नेछ।"

(१६) दफा १५४ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) यस दफा बमोजिमको अख्तियारनामा प्रमाणित गर्दा तीन पुस्ताको नाताभित्र भएमा दफा १५३ को उपदफा (४) बमोजिम र सो बाहेक अरुलाई सम्पत्ति बिक्री गर्ने वा हक छाडी दिने गरी गरिएको अख्तियारनामा प्रमाणित गर्दा पाँच हजार रुपैयाँ दस्तुर लाग्नेछ।"

(१७) दफा १५५ को उपदफा (१) को,-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) वारिस मार्फत् हक हस्तान्तरण वा सट्टापट्टा गर्ने भनिएको सम्पत्ति सम्बन्धित व्यक्ति नै आफैं उपस्थित भई हस्तान्तरण वा सट्टापट्टा गरेमा,"

(ख) परिच्छेद-१३ को ठाउँ ठाउँमा रहेको "अख्तियारनामा" भन्ने शब्दको सट्टा "वारिसनामा" भन्ने शब्द राखिएको छ।

(१८) दफा १९१ को उपदफा (७) झिकिएको छ।

(१९) दफा १९५ मा रहेका "मुद्दा र" भन्ने शब्दहरु झिकिएका छन्।

(२०) दफा १९७ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) अदालतबाट एकतर्फी फैसला भएकोमा त्यसरी फैसला गर्ने अदालतले त्यस्तो फैसला तयार भई प्रमाणीकरण भएको मितिले तीस दिनभित्र मुद्दामा उपस्थित नरहेको पक्षलाई फैसलाको अनुसूची-२० बमोजिमको ढाँचामा परिच्छेद-८ को प्रक्रिया पूरा गरी सूचना तामेल गर्नु पर्नेछ र त्यस्तो सूचना तामेल हुन नसकेमा मुद्दामा उपस्थित नरहेको पक्षको जानकारीको लागि राष्ट्रियस्तरका दैनिक पत्रिकामा एकतर्फी फैसला भएको सूचना प्रकाशन गर्नु पर्नेछ।"

(२१) दफा १९८ को,–

(क) उपदफा (१) मा रहेका "दफा १९२ बमोजिम" भन्ने शब्दहरुको सट्टा "दफा १९७ बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन्:-

"(२क) उपदफा (१) बमोजिमको अवधिभित्र फैसला तयार हुन नसकेमा त्यस्तो अवधि समाप्त भएको तीन दिनभित्र सम्बन्धित पक्षले उच्च अदालत र मातहत अदालतको फैसलाको हकमा सम्बन्धित उच्च अदालतका मुख्य न्यायाधीश समक्ष र सर्वोच्च अदालतको फैसलाको हकमा प्रधान न्यायाधीश समक्ष उजुर गर्न सक्नेछ।

(२ख) उपदफा (२क) बमोजिम उजुर पर्न आएकोमा सम्बन्धित मुख्य न्यायाधीश वा प्रधान न्यायाधीशले एक हप्ताभित्र फैसला तयार गरिसक्न सम्बन्धित न्यायाधीशलाई निर्देशन दिनु पर्नेछ।"

(२२) दफा २०० को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः–

"(५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले फैसला सुनी पाएको कागज गराएको दिनमा नै फैसला तयार गरी न्यायाधीशले हस्ताक्षर गरी प्रमाणीकरण गरेकोमा बाहेक अन्य अवस्थामा फैसला सुनी पाएको कागज गराएको भए पनि दफा १९८ बमोजिम फैसला प्रमाणीकरण भएको दिनलाई फैसला सुनी पाएको दिन मानिनेछ।"

(२३) दफा २०१ को उपदफा (४) मा रहेका "तारिख तोक्नु पर्ने भए पक्षलाई" भन्ने शब्दहरुपछि "पन्ध्र दिनभित्र हाजिर हुन जानु भनी" भन्ने शब्दहरु थपिएका छन्।

(२४) दफा २०३ को,–

(क) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः–

"(४क) कुनै अदालतमा दायर रहेको कुनै मुद्दा यस संहिता बमोजिम त्यस्तो अदालतको न्यायाधीशले हेर्न नहुने कुनै कारण भएमा सम्बन्धित अदालतले त्यस्तो कुरा उल्लेख गरी पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन पठाउनु पर्नेछ र त्यस बमोजिम प्रतिवेदन प्राप्त भएमा पुनरावेदन सुन्ने अदालतले पक्षहरुको सुविधालाई समेत विचार गरी त्यस्तो मुद्दा आफ्नो प्रादेशिक अधिकार क्षेत्रको समान तहको अर्को अदालतमा सार्न आदेश दिन सक्नेछ।"

(ख) उपदफा (५) र (६) मा रहेका "उपदफा (२) वा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२), (३) र (४क)" भन्ने शब्दहरु राखिएका छन्।

(२५) दफा २०६ को खण्ड (ख) मा रहेको "मिलापत्र" भन्ने शब्दको सट्टा "मेलमिलाप वा मिलापत्र" भन्ने शब्दहरु राखिएका छन्।

(२६) दफा २१८ को उपदफा (२) मा रहेका "त्यस्तो पुनरावेदनको पहिले निर्णय नभए सरह ठानी" भन्ने शब्दहरु झिकिएका छन्।

(२७) दफा २१९ को,–

(क) दफा (१) को खण्ड (क) र (ग) को सट्टा देहायको खण्ड (क) र (ग) राखिएका छन्ः-

"(क) उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटि भएको,

(ग) सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा"

(ख) उपदफा (३) मा रहेका "तोकिए बमोजिमका" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) बमोजिमको अवस्था रहेको प्रमाणित गर्ने" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (६) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (५)" भन्ने शब्दहरु राखिएका छन्।

(२८) दफा २२० को उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राखिएका छन्:–

"(३) पुनरावलोकनको लागि निवेदन दिँदा सर्वोच्च अदालतका न्यायाधीशले फैसला वा अन्तिम आदेशमा हस्ताक्षर गरी प्रमाणित गरेको मितिले साठी दिनभित्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर पहिला फैसला गर्ने न्यायाधीश बाहेकका अन्य न्यायाधीशबाट अनुमति प्रदान गर्ने वा नगर्ने आदेश गर्नु पर्नेछ।"

(२९) दफा २२५ को,–

(क) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) राखिएका छन् :-

"(क) अदालतमा उपस्थित हुनु पर्ने व्यक्तिको कोही मृत्यु भई परम्परा अनुसार निज आफैं किरिया वा किरिया सरहको शोकवरण गरी बस्नु परेको भए त्यस्तो व्यक्तिको मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटोको म्याद बाहेक सात दिन,

(ख) अदालतमा उपस्थित हुनु पर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक साठी दिन,

(ग) अदालतमा उपस्थित हुनु पर्ने म्यादभित्र खोलो, पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यूको घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक

यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(घ) अदालतमा उपस्थित हुनु पर्ने म्यादभित्र भूकम्प वा ज्वालामुखी जस्ता विपद् परेको भए त्यस्तो भएको मितिले बाटोको म्याद बाहेक दश दिन,

(ङ) अदालतमा उपस्थित हुनु पर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको भए त्यस्तो अपहरण वा बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(च) अदालतमा उपस्थित हुनु पर्ने व्यक्ति कुनै दुर्घटनाको कारण अचेत वा हिँडडुल गर्न नसक्ने भई वा अशक्त विरामी भएको कारण हिँडडुल गर्न नसक्ने भई नेपाल सरकारबाट स्वीकृत अस्पतालमा भर्ना भई उपचार गराएकोमा पन्ध्र दिन।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (५) को खण्ड (क) र (ङ) को अवस्थामा सम्भव भएसम्म सम्बन्धित व्यक्तिले अदालतलाई सोको सूचना तुरुन्त दिनु पर्नेछ।"

(३०) दफा २६१ को उपदफा (२) मा रहेको "सरकारी वकीलले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तहको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले" भन्ने शब्दहरू राखिएका छन्।

(३१) दफा २६२ को उपदफा (२) मा रहेका "परिच्छेद-८" भन्ने शब्दहरुको सट्टा "परिच्छेद-२१" भन्ने शब्दहरु राखिएका छन्।

(३२) दफा २६३ को,-

(क) उपदफा (१) मा रहेको "सरकारी वकीलले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह वादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका सरकारी वकीलले" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार वादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह वादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले" भन्ने शब्दहरू राखिएका छन्।

(३३) दफा २७० झिकिएको छ।

(३४) दफा २८६ को सट्टा देहायको दफा २८६ राखिएको छः-

"२८६. अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-२८ मा आवश्यक हेरफेर र थपघट गर्न सक्नेछ।

(२) सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-२८ बाहेकका अन्य अनुसूचीहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।"

(३५) दफा २८८ मा रहेका "सर्वोच्च अदालतले" भन्ने शब्दहरूको सट्टा "सर्वोच्च अदालतले र अन्य विषयमा नेपाल सरकारले" भन्ने शब्दहरू राखिएका छन्।

(३६) लामो शीर्षक, प्रस्तावना र विधि निर्माण सूत्र, दफा १ को उपदफा (१) र अनुसूची-१ बाहेक अन्यत्र ठाउँ ठाउँमा रहेको "ऐन" भन्ने शब्दको सट्टा "संहिता" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

(३७) अनुसूची-१३ को ठाउँ ठाउँमा रहेका "अख्तियारनामा" भन्ने शब्दको सट्टा "वारिसनामा" भन्ने शब्द राखिएको छ।

४. मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा संशोधनः मुलुकी अपराध (संहिता) ऐन, २०७४ को,–

(१) दफा १ को उपदफा (१) मा रहेका "मुलुकी अपराध (संहिता) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी अपराध संहिता, २०७४" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को उपदफा (३) मा रहेका "नेपाली नागरिकले" भन्ने शब्दहरुको सट्टा "नेपाली नागरिक वा अन्य कसैले" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ३ को,–

(क) खण्ड (ञ) को उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको छः-

"(३) स्थानीय तह वा जिल्ला समन्वय समितिको कुनै पद वा सेवामा निर्वाचित, मनोनीत वा नियुक्त भएको व्यक्ति,"

(ख) खण्ड (ढ) को,–

(१) उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छः-

"(२क) संविधान बमोजिम प्रदेश प्रमुखबाट भएको औपचारिक कार्यको अभिलेखको रुपमा रहेको लिखत,"

(२) उपखण्ड (३) पछि देहायको उपखण्ड (३क) थपिएको छः-

"(३क) संघीय, प्रदेश वा स्थानीय कानून बमोजिम जारी भएको कुनै लिखत,"

(४) दफा ४ मा रहेका "यस ऐनको" र "यस ऐन" भन्ने शब्दहरुको सट्टा क्रमशः "यस संहिताको" र "यस संहिता" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २४ को उपदफा (३) मा रहेका "विश्वास भई" भन्ने शब्दहरुको सट्टा "विश्वास भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा ३३ को उपदफा (२) मा रहेका "एकजना मात्र वा दुवै जनाले" भन्ने शब्दहरुको सट्टा "एकजना मात्र वा दुई वा दुईभन्दा बढी व्यक्तिहरुले" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा ३८ को,–

(क) खण्ड (ट) मा रहेका "लाभको प्रलोभन पाउन" भन्ने शब्दहरुको सट्टा "लाभ पाई वा लाभ पाउने प्रलोभनमा परी" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ड) मा रहेका "क्रूर यातना," भन्ने शब्दहरुको सट्टा "यातना दिई वा क्रूर," भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (ध) मा रहेका "विनाश गर्ने" भन्ने शब्दहरुपछि "गरी" भन्ने शब्द थपिएको छ।

(घ) खण्ड (भ) मा रहेका "सवारी साधन," भन्ने शब्दहरुको सट्टा "सवारी वा" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा ४० को उपदफा (१) को खण्ड (छ) मा रहेका "सामुदायिक सेवा" भन्ने शब्दहरुको सट्टा "सुधार गृह वा सामुदायिक सेवा" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ४१ को खण्ड (ङ) मा रहेका "लोप गर्ने" भन्ने शब्दहरुको सट्टा "विनाश गर्ने गरी" भन्ने शब्दहरु राखिएका छन्।

(१०) दफा ४३ र ४४ को सट्टा देहायका दफा ४३ र ४४ राखिएका छन्:-

"४३. <u>एकीकृत कसूर बापत थप सजाय हुने:</u> (१) कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसूर गरेको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको एकीकृत कसूर गर्ने कसूरदारलाई सजाय गर्दा सबैभन्दा बढी सजाय हुने कसूर बापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसूर बापतको सजायको आधा सजाय थप गरी सजाय गर्नु पर्नेछ।

तर जन्मकैदको सजाय हुने अवस्थाको कसूरदारको हकमा यो उपदफा लागू हुने छैन।

४४. <u>थप सजाय हुने</u>: (१) जघन्य वा गम्भीर कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुनेछ।

तर जन्म कैदको सजाय पाएको कसूरदारको हकमा यो दफा लागू हुने छैन।

(२) उपदफा (१) बमोजिमको कसूर बाहेक अन्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेमा निजलाई पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुनेछ।"

(११) दफा ४५ को,–

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दश वर्ष वा दश वर्षभन्दा माथि र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिले कानून बमोजिम जरिबाना हुने कुनै कसूर गरेकोमा जरिबाना नगरी निजलाई सम्झाई बुझाई गर्नु पर्नेछ र कैद हुने कसूर गरेकोमा कसूर हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ।"

(ख) उपदफा (३) र (४) मा रहेका "कैदको सजाय हुने" भन्ने शब्दहरु झिकिएका छन्।

(ग) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटके रुपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन।"

(१२) दफा ४६ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कुनै कसूरदारलाई तोकिएको जरिबाना निजको सम्पत्तिबाट असूल उपर गरिनेछ। निजको कुनै सम्पत्ति नभएमा वा त्यसरी जरिबाना बापतको रकम निजबाट असूल उपर हुन नसकेमा निजलाई कैद गर्न सकिनेछ।"

(ख) उपदफा (२) को खण्ड (क) मा रहेको "सजाय हुने" भन्ने शब्दहरु पछि "ठहर भएको" भन्ने शब्दहरु थपिएका छन्।

(ग) उपदफा (२) को खण्ड (ग) र उपदफा (३) को खण्ड (ख) मा रहेका "कैद सजाय निर्धारण" भन्ने शब्दहरुको सट्टा "कैद निर्धारण" भन्ने शब्दहरु राखिएका छन्।

(१३) दफा ४८ को सट्टा देहायको दफा ४८ राखिएको छः-

"४८. **<u>अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने</u>:** (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसूर भएको कारणबाट त्यस्तो कसूरबाट पीडित व्यक्ति वा निजमा आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश भएमा कसूरबाट पीडित वा निजका आश्रित व्यक्तिलाई फौजदारी कसूरमा सजाय निर्धारण र कार्यान्वयन सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको क्षतिपूर्ति वा राहत रकम अदालतबाट फैसला हुँदा अभियोग लागेको व्यक्ति कसूरदार ठहर भएमा त्यस्तो कसूरदारलाई फैसला भएको पैंतीस दिनभित्र त्यस्तो रकम पीडित राहत कोषमा जम्मा गर्न अदालतले आदेश दिनेछ।

(४) उपदफा (३) बमोजिम अदालतले आदेश दिएकोमा त्यस्तो कसूरदारले क्षतिपूर्ति वा राहत बापतको रकम पीडित राहत कोषमा जम्मा गर्नु पर्नेछ र निजले सो अवधिमा त्यस्तो रकम जम्मा नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो कसूरदारको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असूल उपर गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति वा राहत रकम पाएको व्यक्तिले झुठा उजुरी गरेको ठहरेमा वा वारदात स्थापित नभएमा निजले क्षतिपूर्ति वा राहत बापत पाएको रकम फिर्ता गर्न अदालतले आदेश दिनेछ।

(६) उपदफा (५) बमोजिम अदालतले आदेश दिएकोमा त्यस्तो व्यक्तिले क्षतिपूर्ति वा राहत बापत पाएको रकम फैसला भएको पैंतीस दिनभित्र पीडित राहत कोषमा फिर्ता गर्नु पर्नेछ र निजले सो अवधिमा त्यस्तो रकम फिर्ता नगरेमा फैसला भएको साठी दिनभित्र त्यस्तो व्यक्तिको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ।"

(१४) दफा ५६ को उपदफा (२) को,–

(क) खण्ड (ग) मा रहेका "पचास हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (घ) मा रहेका "एक लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(१५) दफा ६८ को उपदफा (१) मा रहेका "डर, त्रास," भन्ने शब्दहरुको सट्टा "डर त्रास" भन्ने शब्दहरु राखिएका छन्।

(१६) दफा ७० को उपदफा (२) मा रहेको "र" भन्ने शब्दको सट्टा "वा" भन्ने शब्द राखिएको छ।

(१७) दफा ७३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कसैले यस परिच्छेद अन्तर्गतको कुनै कसूर गरी कानून बमोजिम आवश्यक वस्तु मानिने कुनै वस्तु वा सार्वजनिक वा निजी सम्पत्ति हानि, नोक्सानी, तोडफोड वा आगजनी गर्न वा गराउन वा अरु कसैलाई प्रयोग गरी वा आफैंले त्यस्तो वस्तु वा सम्पत्ति बिगार्नु हुँदैन।"

(१८) दफा १०० को उपदफा (१) को स्पष्टीकरणमा रहेको "नगद," भन्ने शब्दपछि "जेथा," भन्ने शब्द थपिएको छ।

(१९) दफा ११२ को उपदफा (१) र (२) मा रहेका "उत्पादन, प्रसारण वा निष्काशन" भन्ने शब्दहरुको सट्टा "उत्पादन, प्रशोधन, प्रसारण, निष्काशन, उत्सर्जन, ओसारपसार" भन्ने शब्दहरु राखिएका छन्।

(२०) दफा १४७ को उपदफा (१) को खण्ड (क) मा रहेको "सरकारी" भन्ने शब्द झिकिएको छ।

(२१) दफा १६८ को उपदफा (१) को स्पष्टीकरण झिकिएको छ।

(२२) दफा १७९ को उपदफा (१) मा रहेका "दफा १७६ वा १७७" भन्ने शब्दहरुको सट्टा "दफा १७७ वा १७८" भन्ने शब्दहरु राखिएका छन्।

(२३) दफा १८७ को उपदफा (१) मा रहेका "कसूरमा जहिलेसुकै उजुरी गरे पनि लाग्नेछ" भन्ने शब्दहरुको सट्टा "कसूरदार आफैं साबित भई पोलेकोमा जहिलेसुकै पनि उजुर लाग्नेछ। त्यस्तो कसूरमा कर्तव्यको उजुरी परेकोमा अनुसन्धानबाट कर्तव्यवाला यही हो भन्ने पत्ता नलागेकोमा बीस वर्ष पछि र

कर्तव्यको उजुर नपरेकोमा सो वारदात भएको दुई वर्षपछि उजुरी लाग्ने छैन" भन्ने शब्दहरु राखिएका छन्।"

(२४) दफा १९१ को उपदफा (२) को खण्ड (ख) मा रहेको "गरी" भन्ने शब्द पछि "दफा १०४ र १०५ मा उल्लिखित रोग बाहेकको अन्य कुनै" भन्ने शब्दहरु थपिएका छन्।

(२५) दफा २१९ को,-

(क) उपदफा (३) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

" (क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद,"

(ख) उपदफा (३) को खण्ड (ख) मा रहेका"चौध वर्षदेखि सोह्र वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "अठार वर्षदेखि बीस वर्षसम्म" भन्ने शब्दहरु राखिएको छ।

(ग) उपदफा (७) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर पूर्ण अशक्त अपाङ्गता भएकी महिला भएमा उपदफा (३) को खण्ड (क) बमोजिमको सजाय हुनेछ।"

(२६) दफा २२८ मा रहेका "दफा २२० र २२६" भन्ने शब्दहरुको सट्टा "दफा २२० र २२७" भन्ने शब्दहरु राखी दफा २२८ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर कसूरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसूरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा र प्रचलित कानून बमोजिमको पीडित राहत कोष स्थापना भइनसकेको अवस्थामा अदालतले नेपाल सरकारको महिला तथा बालबालिका विषय हेर्ने निकायको नाममा क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्न सक्नेछ र त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्ति बापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ।"

(२७) दफा २४४ को उपदफा (२) को खण्ड (क) को ठाउँ ठाउँमा रहेका "कुटपीट गरी चोट" भन्ने शब्दहरूको सट्टा "गम्भीर चोट" भन्ने शब्दहरू राखिएका छन्।

(२८) दफा २४६ पछि देहायको दफा २४६क. थपिएको छः-

"२४६क. <u>थप सजाय गरी क्षतिपूर्ति भराईनेः</u> (१) कानून बमोजिम आवश्यक वस्तु मानिने कुनै सरकारी, सार्वजनिक वा निजी वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी प्राप्त गरेको वस्तु वा सम्पत्ति जानी-जानी किन्ने वा बेच्ने कार्य गर्ने व्यक्तिलाई यस परिच्छेद बमोजिमको कसूरमा हुने सजायमा थप एक वर्ष कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(२) उपदफा (१) बमोजिमको वस्तु वा सम्पत्तिको हानि, नोक्सानी भइसकेको रहेछ भने त्यसको बिगो बमोजिमको क्षतिपूर्ति समेत कसूरदारबाट भराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्ति यकिन भएकोमा सोही व्यक्ति र त्यस्तो व्यक्ति यकिन नभएकोमा त्यस्तो काम गर्न उक्साउने वा आदेश दिने व्यक्तिले कसूर गरेको मानिनेछ।"

(२९) दफा २४७ को दफा शीर्षकपछि उपदफाक्रम "(१)" राखी सो उपदफापछि देहायको उपदफा (२) थपिएको छः-

"(२) उपदफा (१) बमोजिम बिगो भराउँदा बरामद भई आएको मालमध्ये चिन्हले वा प्रमाणबाट यसको भन्ने ठहरेको जति जसको हो उसैलाई भराई दिई अरु धनी पत्ता नलागेको माल धरौट राखी तीन महिनाको अवधि दिई सूचना जारी गर्नु पर्नेछ र सो अवधिमा कसैले लिन आयो र चोरीको दरखास्तमा लेखिएको मालसँग मिल्न आयो भने सम्बन्धित मालधनीलाई फिर्ता दिनु पर्नेछ। त्यसरी मालवस्तु लिन आएन वा दरखास्तको मालमा मिलेन भने पहिले पक्री ल्याउने धनीलाई साबूत भराई बढ्ता भए अरु कायम गराइसकेको धनीलाई दामासाहीको हिसाबले भराई दिई बढी भए लिलाम गरी सरकारी कोषमा दाखिला गर्नु पर्नेछ।"

(३०) दफा २३१ को उपदफा (२) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्ः-

"(क) कसैको ज्यान गएकोमा जन्मकैद,

(ख) कसैको अङ्गभङ्ग भएकोमा दफा १९२ बमोजिमको सजाय।"

(३१) दफा २३२ को उपदफा (१) मा रहेका "पर्याप्त होशियारी र सावधानी नअपनाई लापरबाही वा हेलचेक्र्याइँ गरी" भन्ने शब्दहरूको सट्टा "गम्भीर लापरबाही वा हेलचेक्र्याइँ गरी" भन्ने शब्दहरू राखिएका छन्।

(३२) दफा २३३ को उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर विपद् वा सडक दुर्घटना भएको वा सम्बन्धित व्यक्तिको बाबु, आमा वा संरक्षकको तत्काल मञ्जुरी लिन नसकिने वा सो कुराको जानकारी दिन नसकिने अवस्थामा त्यस्तो व्यक्तिको ज्यान जोगाउनको लागि तत्काल उपचार वा अङ्ग चिरफार गर्न कुनै बाधा पर्ने छैन।"

(३३) दफा २४० को उपदफा (१) मा रहेका "जहिले सुकै पनि उजुरी लाग्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "दफा १८७ को उपदफा (१) मा उल्लिखित हदम्याद लाग्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(३४) दफा २७६ को उपदफा (३) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको लिखत कीर्ते गर्नेलाई खण्ड (क) बमोजिमको कैद र जरिबाना,"

(३५) दफा २८१ को उपदफा (२) मा रहेका "दफा २७३" भन्ने शब्दहरुको सट्टा "दफा २७६" भन्ने शब्दहरु राखिएका छन्।

(३६) दफा ३०६ को,–

(क) उपदफा (२) को खण्ड (ग) झिकिएको छ।

(ख) उपदफा (३) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः-

"(ज) सार्वजनिक हित, सदाचार वा नैतिकताको लागि असल नियतले कसैको कुनै कार्य, चरित्र वा आचरणको सम्बन्धमा व्यङ्ग्य गर्न वा आधार र कारण सहित कुनै टिप्पणी

गर्न वा कुनै कुरा प्रकाशन वा प्रसारण गर्न।"

(३७) लामो शीर्षक, विधि निर्माण सूत्र, दफा १ को उपदफा (१), दफा ३ को खण्ड (ढ) को उपखण्ड (३), दफा ४ र दफा ५ बाहेक अन्यत्र ठाउँ ठाउँमा रहेको "ऐन" भन्ने शब्दको सट्टा "संहिता" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

५. मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ मा संशोधनः मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को,–

(१) दफा १ को उपदफा (१) मा रहेका "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. छुट्टै कानूनी व्यवस्था भएकोमा असर नपर्ने : (१) कुनै कसूरको अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने अधिकारक्षेत्र, सुनुवाइ फैसला कार्यान्वयन वा अन्य कुनै कारबाहीका सम्बन्धमा छुट्टै ऐनमा व्यवस्था गरिएको रहेछ भने त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले असर पार्ने छैन।

(२) उपदफा (१) मा उल्लिखित छुट्टै ऐनमा व्यवस्था नभएको कार्यविधिको विषयमा यस संहिताको व्यवस्था लागू हुनेछ।

(३) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा देहाय बमोजिम हुनेछः-

(क) कुनै कसूरमा मुद्दा चलाउने सम्बन्धमा छुट्टै ऐनमा कुनै अधिकारी तोकिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित कार्यालय प्रमुखले सबुत प्रमाण साथ अभियोगपत्र दायर गर्न म्याद ननाघ्ने गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष मिसिल पेश गर्नु पर्ने,

(ख) खण्ड (क) बमोजिम मिसिल प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने निर्णय भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दाबी समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्ने,

(ग) खण्ड (ख) बमोजिम मुद्दा चलाउने निर्णय प्राप्त भएपछि सोही अनुरूपको अभियोगपत्र तयार गरी थुनुवा भए थुनुवा समेत लगी म्यादभित्रै सम्बन्धित अदालत समक्ष मुद्दा दायर गरी मिसिलको एक प्रति नक्कल सरकारी वकीललाई उपलब्ध गराउनु पर्ने,

(घ) खण्ड (क) बमोजिमको अधिकारी वा कार्यालय प्रमुखले खण्ड (ग) बमोजिम अभियोगपत्र दायर गर्नुका अतिरिक्त देहायका कार्य गर्न सक्नेछः-

(१) सरकारी वकीलको राय लिई दफा ३३ बमोजिम अभियुक्तलाई सजाय कम गर्ने सम्बन्धी माग दाबी लिई अभियोगपत्र दायर गर्न र सोही दफाको उपदफा (६) को अवस्थामा छुट सजाय रद्द गर्न माग दाबी लिई सम्बन्धित अदालतमा निवेदन दिन,

(२) सरकारी वकीलको राय लिई दफा ३५ बमोजिम थप दाबी सहित मुद्दा दायर गर्न,

(३) सरकारी वकीलको राय लिई दफा ३६ बमोजिम थप दाबी सहित मुद्दा दायर गर्न,

(४) सरकारी वकीलको राय लिई दफा ३७ बमोजिम त्रुटि सच्याउनको लागि अदालतमा निवेदन दिन,

(५) सरकारी वकील मार्फत् दफा १०१ बमोजिम अदालतमा साक्षी पेश गर्न,

(६) साक्षी विशेषज्ञलाई दफा ११३ बमोजिमको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउन।

(३) दफा ४ को,–

(क) उपदफा (२) मा रहेका "लिखित रुपमा नदिएमा" भन्ने शब्दहरुपछि "वा निजले दिएको जाहेरी दरखास्त अनुसूची–५ बमोजिमको ढाँचा अनुरुप नभएमा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका "वा कुनै व्यक्ति मार्फत् पठाएमा" भन्ने शब्दहरुको सट्टा "वा हुलाक वा कुनै व्यक्ति मार्फत् पठाएमा" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) उपदफा (१) बमोजिम हुलाक वा विद्युतीय माध्यमबाट प्राप्त हुन आएको सूचनाको विश्वसनीयता यकिन गर्नु पर्ने भएमा त्यस्तो सूचना दिने व्यक्तिलाई झिकाई प्रहरी कार्यालयले सनाखत गराउन सक्नेछ।"

(घ) उपदफा (५) मा रहेका "प्रहरी कार्यालयले" भन्ने शब्दहरुको सट्टा "प्रहरी कार्यालय वा अनुसन्धान गर्न अधिकारप्राप्त कार्यालय वा अधिकारीले" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ८ को,–

(क) उपदफा (१) को,–

(अ) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) मा रहेका "२३३ को उपदफा (४), दफा २३५, २३८ को उपदफा (४)" भन्ने शब्दहरुको सट्टा "२३३, २३५, २३८" भन्ने शब्दहरु राखिएका छन्।

(आ) खण्ड (ख) झिकिएको छ।

(ख) उपदफा (३) मा रहेका "मुचुल्का तयार गरेपछि" भन्ने शब्दहरूको सट्टा "मुचुल्का तयार गर्दा" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा ९ को,–

(क) उपदफा (६) मा रहेका "नभएमा वा" भन्ने शब्दहरूको सट्टा "नभएमा" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (७) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर कसूरसँग सम्बन्धित सबूद प्रमाण नष्ट हुने, हराउने वा नासिने सम्भावना भएमा पक्राउ गरिएको व्यक्तिको शरीर, निजले प्रयोग गरेको चिजवस्तु, सवारी साधन, निज रहे बसेको घर वा स्थानको तत्काल खानतलासी लिन सकिनेछ। त्यसरी खानतलासी लिएकोमा त्यसको विवरण, खानतलासी पूर्जी तथा बरामदी मुचुल्का समेत संलग्न राखी मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।"

(ग) उपदफा (१६) को सट्टा देहायको उपदफा (१६) राखिएको छः-

"(१६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतका कुनै कसूर कुनै व्यक्तिले कुनै प्रहरी कर्मचारी वा अधिकारीको उपस्थितिमा वा कुनै सरकारी कार्यालयमा गरेमा त्यस्तो व्यक्तिलाई सम्बन्धित प्रहरी कर्मचारी, अधिकारी वा कार्यालय प्रमुखले भाग्न उम्कन नदिई निजलाई पक्राउ गरी सम्बन्धित प्रहरी कार्यालय वा अनुसन्धान अधिकारी समक्ष बुझाउनु पर्नेछ।"

(घ) उपदफा (१६) पछि देहायको उपदफा (१७) थपिएको छ :-

"(१७) उपदफा (८) र (१६) बमोजिम पक्राउ गरी ल्याएको व्यक्तिलाई सम्बन्धित प्रहरी वा अनुसन्धान अधिकारीले जरुरी पक्राउ पूर्जी दिई उपदफा (६) बमोजिम स्वीकृतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।"

(६) दफा ११ को उपदफा (१) मा रहेका "प्रहरी कार्यालयले" भन्ने शब्दहरुको सट्टा "प्रहरी कार्यालय वा सम्बन्धित अनुसन्धान अधिकारीले" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा १२ को उपदफा (५) मा रहेका "प्रहरी कार्यालयलाई" भन्ने शब्दहरुको सट्टा "प्रहरी कार्यालय वा अनुसन्धान गर्न अधिकारप्राप्त कार्यालय वा अधिकारीलाई" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा १४ को,-

(क) उपदफा (३) को स्पष्टीकरणको ठाउँ ठाउँमा रहेका "प्रहरी कार्यालय" भन्ने शब्दहरुको सट्टा "प्रहरी कार्यालय वा अनुसन्धान गर्न अधिकारप्राप्त कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (७) मा रहेका "सरकारी वकील दुवैले" भन्ने शब्दहरु पछि "संयुक्त रुपमा" भन्ने शब्दहरु थपिएका छन्।

(९) दफा १५ को उपदफा (४) मा रहेका "जमानी दिने व्यक्तिलाई पाँच हजार रूपैँयासम्म जरिबाना हुनेछ" भन्ने शब्दहरुको सट्टा "जमानी दिने व्यक्तिलाई अनुसन्धान गर्ने अधिकारीले पचास हजार रूपैँयासम्म जरिबाना गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(१०) दफा १८ को उपदफा (८) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखिएका छन्।

(११) दफा २१ को उपदफा (१) मा रहेका "डी.एन.ए. वा अन्य कुनै भौतिक प्रमाण" भन्ने शब्दहरुको सट्टा "डी.एन.ए. वा विद्युतीय स्वरुपमा रहेको सामग्री वा अन्य कुनै भौतिक प्रमाण" भन्ने शब्दहरु राखिएका छन्।

(१२) दफा २२ को,–

(क) उपदफा (५) मा रहेका "प्रहरी कार्यालयलाई" भन्ने शब्दहरुको सट्टा "प्रहरी कार्यालय वा अनुसन्धान गर्ने अधिकारप्राप्त कार्यालय वा अधिकारीलाई" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले घा जाँच गर्न सरकारी चिकित्सक वा स्वास्थकर्मीलाई लेखी नपठाएमा त्यसको व्यहोरा उल्लेख गरी सरोकारवाला व्यक्तिले अदालतमा निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा अदालतले घा जाँचको लागि सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीलाई आदेश दिन सक्नेछ।"

(१३) दफा २५ को,–

(क) दफा शीर्षकमा र उपदफा (१) मा रहेका "प्रहरी डायरी" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान डायरी" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेको "प्रहरीले" भन्ने शब्द झिकिएको छ।

(ग) ठाउँ ठाउँमा रहेको "प्रहरी अधिकृतले" भन्ने शब्दहरुको सट्टा "प्रहरी अधिकृत वा अनुसन्धान अधिकारीले" भन्ने शब्दहरु राखिएका छन्।

(१४) दफा ३१ को,–

(क) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखी सोही उपदफाको स्पष्टीकरण झिकिएको छ :-

"तर मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार महान्यायाधिवक्ताबाट मातहतको सरकारी वकीललाई सुम्पिएकोमा त्यस्तो मिसिल सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ।"

(ख) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–१ वा अनुसूची–२ मा उल्लिखित कुनै कसूरमा प्रमाणको अभावमा मुद्दा नचलाउने गरी निर्णय भए पनि पछि कुनै महत्वपूर्ण प्रमाण प्राप्त भएमा त्यस्तो कसूरका सम्बन्धमा पुनः अनुसन्धान गरी अभियोगपत्र दायर गर्न सकिनेछ।"

(१५) दफा ३२ को,–

(क) उपदफा (१) को खण्ड (ञ) पछि देहायका खण्ड (ञ१) र (ञ२) थपिएका छन् :-

"(ञ१) कुनै अभियुक्त फरार रहेको भए निजको सम्पत्ति तथा अन्य विवरण र निज कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति भए सोको विवरण,

(ञ२) अभियोग लगाईएको कसूरबाट अभियुक्तको नैतिक पतन हुने भएमा सोको लागि माग दाबी,"

(ख) उपदफा (९) मा रहेका "उच्च सरकारी वकील कार्यालयले" भन्ने शब्दहरुको सट्टा "उच्च सरकारी वकील कार्यालयको प्रमुखले" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (१०) मा रहेका "उच्च सरकारी वकीलले" भन्ने शब्दहरुको सट्टा "उच्च सरकारी वकील कार्यालयको प्रमुखले" भन्ने शब्दहरु राखिएका छन्।

(घ) उपदफा (१३) मा रहेका "अनुसन्धानबाट निज उपर मुद्दा नचल्ने निर्णय भएमा" भन्ने शब्दहरुको सट्टा "निज उपर मुद्दा चलाइएकोमा अदालतबाट अन्यथा आदेश भएकोमा बाहेक थुनछेक आदेश भएपछि र मुद्दा नचल्ने निर्णय भएमा" भन्ने शब्दहरु राखिएका छन्।

(१६) दफा ३३ को उपदफा (२) मा रहेका "सिफारिस भई आएमा सरकारी वकीलले त्यस्तो सिफारिस" भन्ने शब्दहरुको सट्टा "सिफारिस भई आएमा वा अनुसन्धान प्रतिवेदन वा मिसिल संलग्न कागजातबाट अभियुक्तले अनुसन्धानमा सहयोग पुऱ्याएको देखिएमा सरकारी वकीलले त्यस्तो सिफारिस वा सहयोग" भन्ने शब्दहरु राखिएका छन्।

(१७) दफा ३४ को,–

(क) उपदफा (१) मा रहेका "कुनै खास किसिमको" भन्ने शब्दहरुको सट्टा "अनुसूची–१ वा अनुसूची–२ बमोजिमको कुनै खास किसिमको" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (५) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा (४)" भन्ने शब्दहरु राखिएका छन्।

(१८) दफा ३७ को उपदफा (१) मा रहेका "जिल्ला अदालत" भन्ने शब्दहरुको सट्टा "अदालत" भन्ने शब्द राखिएको छ।

(१९) दफा ५१ को,–

(क) उपदफा (१) मा रहेका "अदालतको अधिकारक्षेत्र नभएको वा हदम्याद नभएको भन्ने प्रश्न उठाएमा" भन्ने शब्दहरुको सट्टा "अदालतको अधिकार क्षेत्र नभएको, वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको वा हदम्याद नभएको भन्ने प्रश्न उठाएमा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "पैंतीस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "तीस दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(२०) दफा ५२ को,–

(क) उपदफा (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर दफा ३४ को उपदफा (७) मा उल्लिखित विषयमा सोही बमोजिम हुनेछ।"

(ग) उपदफा (६) मा रहेका "छुट्टै उजुरी दिन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "अभियोग पत्र पेश गरेको साठी दिनभित्र छुट्टै उजुरी दिन सक्नेछ" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (ङ) मा रहेका "कुनै सङ्गठित संस्था संलग्न रहेको कसूरको सम्बन्धमा" भन्ने शब्दहरुको सट्टा "कसूरबाट कुनै सङ्गठित संस्थालाई क्षति पुगेकोमा" भन्ने शब्दहरु राखिएका छन्।

(२१) दफा ५३ को,–

(क) उपदफा (१) मा रहेका "व्यवस्था भएकोमा बाहेक" भन्ने शब्दहरुपछि "अनुसूची–४ बमोजिमको" भन्ने शब्दहरु थपी सोही उपदफाको खण्ड (ङ) मा रहेका "कुनै सङ्गठित संस्था संलग्न रहेको कसूरको सम्बन्धमा" भन्ने शब्दहरुको सट्टा "कसूरबाट कुनै सङ्गठित संस्थालाई क्षति पुगेकोमा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) को ठाउँ ठाउँमा रहेको "अभियुक्त" भन्ने शब्दको सट्टा "अभियुक्त वा प्रतिवादी" भन्ने शब्दहरु राखी सोही उपदफाको खण्ड (छ) मा रहेको "अभियोग" भन्ने शब्दको सट्टा "अभियोग वा आरोप" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (३) मा रहेको "अभियुक्त" भन्ने शब्दको सट्टा "अभियुक्त वा प्रतिवादी" भन्ने शब्दहरु राखी सो उपदफाको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(२२) दफा ५८ को,–

(क) उपदफा (८) मा रहेका "स्थानीय व्यक्ति" भन्ने शब्दहरुको सट्टा "स्थानीय व्यक्तिलाई साक्षी" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (१३) मा रहेका "कुनै राष्ट्रिय दैनिक समाचारपत्रमा" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (१५) मा रहेका "उपदफा (८) बमोजिम सूचना टाँसिएपछि" भन्ने शब्दहरु पछि "वा उपदफा (१३) बमोजिम सूचना प्रकाशन भएपछि" भन्ने शब्दहरु थपिएका छन्।

(२३) दफा ५९ को,–

(क) उपदफा (१), (२) र (३) को सट्टा देहायका उपदफा (१), (२) र (३) राखिएका छन्:-

"(१) अदालतले यस ऐन बमोजिम अभियुक्त वा प्रतिवादीको नाउँमा अदालतमा उपस्थित हुन समाह्वान जारी गर्दा बाटाको म्याद बाहेक एक्काईस दिनको अवधि तोकी म्याद जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अभियुक्त वा प्रतिवादीको नाउँमा समाह्वान जारी गर्दा अनुसूची–४ मा उल्लिखित कसूर बाहेकको मुद्दामा अनुसूची–२६ बमोजिमको ढाँचामा र अनुसूची–४ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा अनुसूची–२७ बमोजिमको ढाँचामा म्याद जारी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र उपस्थित हुन नसकेको कारण देखाई समाह्वानको म्याद थामी पाउन निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिब देखिएमा अदालतले एकपटकको लागि बढीमा पन्ध्र दिनसम्मको समाह्वानको म्याद थामी दिने आदेश दिन सक्नेछ।"

(ख) उपदफा (४) झिकिएको छ।

(ग) उपदफा (५) मा रहेको "अभियुक्त" भन्ने शब्दको सट्टा "अभियुक्त वा प्रतिवादी" भन्ने शब्दहरु राखी सोही उपदफाको स्पष्टीकरणको

खण्ड (क) मा रहेको "शोकवरण" भन्ने शब्दको सट्टा "किरिया सरहको शोकवरण" भन्ने शब्दहरु राखिएका छन्।

(घ) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

"(७) उपदफा (५) बमोजिम दिइने निवेदन साथ काबूबाहिरको परिस्थिति उत्पन्न भएको व्यहोरा पुष्टी गर्न आवश्यक पर्ने प्रमाण संलग्न गर्नु पर्नेछ।"

(२४) दफा ६१ को,–

(क) उपदफा (२) मा रहेका "जारी भएको जुन व्यक्तिको नाममा" भन्ने शब्दहरुको सट्टा "जारी भएको समाह्वान जुन व्यक्तिको नाममा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (४) मा रहेका "वडा समितिमा" भन्ने शब्दहरुको सट्टा "वडा कार्यालयमा" भन्ने शब्दहरु राखिएका छन्।

(२५) दफा ६३ को,–

(क) उपदफा (१) मा रहेका "बुझाउनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "बुझाई पक्राउ गरी ल्याउनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (४) मा रहेका "सम्बन्धित वडाको सदस्य एकजना र कम्तीमा दुईजना स्थानीय व्यक्ति समेत राखी" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित वडा समितिका सदस्य उपलब्ध भए निज र निज पनि उपलब्ध नभए कम्तीमा दुईजना स्थानीय व्यक्ति साक्षी राखी" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (५) मा रहेका "वडा समितिले" भन्ने शब्दहरुको सट्टा "वडा कार्यालयले" भन्ने शब्दहरु राखिएका छन्।

(२६) दफा ६५ को उपदफा (१) मा रहेका "तीस दिनको" भन्ने शब्दहरुको सट्टा "पैंतीस दिनको" भन्ने शब्दहरु राखिएका छन्।

(२७) दफा ६६ को ठाउँ ठाउँमा रहेका "म्याद वा सूचना" भन्ने शब्दहरुको सट्टा "म्याद, पक्राउ पूर्जी, समाह्वान वा सूचना" भन्ने शब्दहरु राखिएका छन्।

(२८) दफा ६७ को,–

(क) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) अभियुक्तले अदालतमा कसूर स्वीकार गरेको र मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गर्दा थुनामा राख्न मनासिब देखिएको, "

(ख) उपदफा (३) मा रहेका "धरौट वा जमानतमा" भन्ने शब्दहरुको सट्टा "धरौटी वा जमानत लिई तारिखमा" भन्ने शब्दहरु राखिएका छन्।

(२९) दफा ६८ को उपदफा (१) मा रहेका "धरौट, जमानत वा बैंक जमानत माग्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "धरौटी, जमानत वा बैंक जमानत लिई तारिखमा राख्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(३०) दफा ७३ मा रहेका "व्यक्तिले" र "पाँच वर्ष वा" भन्ने शब्दहरुको सट्टा क्रमशः "पक्षले" र "दश वर्ष वा" भन्ने शब्दहरु राखिएका छन्।

(३१) दफा ८० को सट्टा देहायको दफा ८० राखिएको छ :-

"८०. <u>थुनुवा पूर्जी दिनु पर्ने</u> : यस परिच्छेद बमोजिम कुनै व्यक्तिलाई थुनामा राख्दा त्यसको कानूनी आधार र कारण खुलाई अधिकार प्राप्त अधिकारीले अनुसूची–३२ बमोजिमको ढाँचामा थुनुवा पूर्जी दिई थुनामा राख्नु पर्नेछ।"

(३२) दफा ८२ को उपदफा (३) मा रहेका "तारिख किताबमा" भन्ने शब्दहरुको सट्टा "तारिख भरपाईमा" भन्ने शब्दहरु राखिएका छन्।

(३३) दफा ८५ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर तोकिएको तारिखका दिन काबूबाहिरको परिस्थिति उत्पन्न भई अदालतमा उपस्थित हुन नसकेको कारण देखाई मुद्दाका कुनै पक्षले निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिब देखिएमा अदालतले बढीमा दुई पटकसम्म एक्काईस दिनसम्मको गुन्द्रेको तारिख थामिदिने आदेश दिन सक्नेछ।"

(३४) दफा ८६ को,–

(क) उपदफा (१) मा रहेको "अनुसूची-४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा" भन्ने शब्दहरूको सट्टा "मुद्दाको कुनै पक्ष" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "दफा ५९ को उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही" भन्ने शब्दहरु झिकिएका छन्।

(३५) दफा ८८ को उपदफा (१) मा रहेका "यस दफामा" भन्ने शब्दहरुको सट्टा "यस परिच्छेदमा" भन्ने शब्दहरु राखिएका छन्।

(३६) दफा ९७ को,–

(क) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अर्को अदालतमा विचाराधीन रहेको मुद्दाको निर्णय भएको जानकारी प्राप्त भएमा वा मुद्दा मुलतबी राखी राख्नु पर्ने कुनै कारण नदेखिएमा अदालतले मुलतबी रहेको मुद्दा तुरुन्त जगाई कारबाही गर्नु पर्नेछ।"

(ख) उपदफा (७) मा रहेका "पुनरावेदन सुन्ने अदालतको आदेश बमोजिम गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "पुनरावेदन सुन्ने अदालतले एक महिनाभित्र उपयुक्त आदेश गर्नेछ र त्यस्तो आदेश बमोजिम सम्बन्धित अदालतले मुद्दाको कारबाही गर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) उपदफा (५) बमोजिम भिन्न राय भएका दुई अदालतको पुनरावेदन सुन्ने अदालत एउटै नभई भिन्न भिन्न भएमा त्यस्तो विषयको प्रतिवेदन सर्वोच्च अदालतमा पेश गर्नु पर्नेछ। यसरी पेश भएको विषयमा सर्वोच्च अदालतले तीन महिनाभित्र उपयुक्त आदेश गर्नेछ र सम्बन्धित अदालतले त्यस्तो आदेश बमोजिम मुद्दाको कारबाही गर्नु पर्नेछ।"

(३७) दफा ९८ को,–

(क) उपदफा (२) मा रहेका "मुद्दाको सबै कारबाही स्थगन गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "मुद्दा मुलतबी रहेका प्रतिवादीहरुको हकमा मुद्दाको कारबाही स्थगन गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (४) बमोजिम मुद्दा मुलतबी रहन सक्ने अवधिसम्म पनि अभियुक्त अदालतमा उपस्थित नभएमा दफा ५८ को उपदफा (१५) बमोजिम रोक्का भएको निजको हकको सम्पत्ति मुद्दा फैसला हुँदा निज कसूरदार ठहरेमा कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त भएको रकममध्ये निजलाई फैसला बमोजिम लागेको दण्ड, जरिबाना, बिगो वा क्षतिपूर्ति बापतको रकम असूल उपर गरिनेछ र बाँकी रकम निजले फिर्ता माग गर्न आएको बखत फिर्ता दिनु पर्नेछ।"

(३८) दफा १०२ को ठाउँ ठाउँमा रहेको "साक्षी" भन्ने शब्द झिकिएको छ।

(३९) दफा १०४ को सट्टा देहायको दफा १०४ राखिएको छः-

"१०४. <u>सट्टे किर्तेमा बयान गराउनु पर्ने</u>: (१) प्रमाण बुझ्न तोकिएको तारिखमा वादीले पेश गरेको प्रमाणको कागज प्रतिवादीलाई र प्रतिवादीले पेश गरेको प्रमाणको कागज वादीलाई सक्कलै देखाई सुनाई निजले त्यस्तो कागजलाई सट्टे, किर्ते वा जालसाजी नामाकरण गरेमा अदालतले सोही व्यहोराको बयान गराई अभिलेख गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम देखाउँदा वा सुनाउँदा तत्काल सट्टे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भई कुनै पक्षले म्याद माग गरेमा अदालतले तीन दिनसम्मको म्याद दिनु पर्नेछ।

(३) मुद्दाको पक्ष बाहेक अरुको सहीछाप परेको कागज पेश भएमा तत्काल सट्टे, किर्ते वा जालसाजी छुट्याई नामाकरण गर्न नसक्ने भई मुद्दाका कुनै पक्षले म्याद मागेमा प्रमाण सहित सट्टे, किर्ते वा जालसाजीमा बयान गर्न पन्ध्र दिनसम्मको म्याद दिन सकिनेछ।

(४) उपदफा (३) बमोजिम दिइएको म्यादभित्र बयान गर्ने व्यक्तिले सट्टे, किर्ते वा जालसाजी जे नामाकरण गर्दछ अदालतले सोही अनुरुप बयान गराई अभिलेख गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बयान गराउँदा कुनै पक्षले त्यस्तो लिखत किर्ते वा जालसाजी हो भन्ने बयान गरेमा अदालतले सो दिन मुद्दाका सबै पक्षहरू हाजिर रहेको भए निजहरूको सोही दिन र कुनै पक्ष हाजिर नरहेको भए त्यस्तो पक्षको हकमा त्यसपछि हाजिर भएकै दिन बयान गराउनु पर्नेछ।

(६) वारिस वा कानून व्यवसायी तारिखमा रहेको मुद्दामा सम्बन्धित पक्षलाई नै झिकाउनु आवश्यक देखिएमा अदालतले त्यस्तो पक्षलाई झिकाई निजको बयान गराउनु पर्नेछ।

(७) यस दफा बमोजिम प्रमाणको कागज देखाउँदा वा सुनाउँदा सम्बन्धित पक्षले सट्टे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भएमा अदालतले त्यस्तो प्रमाणको कागज जाँच गर्न सम्बन्धित विशेषज्ञ समक्ष पठाउन सक्नेछ।"

(४०) दफा ११२ को उपदफा (५) मा रहेका "पैतालीस दिनसम्म कैद" भन्ने शब्दहरुको सट्टा "पैतालीस दिनसम्म कैद सजाय" भन्ने शब्दहरु राखिएका छन्।

(४१) दफा ११४ को उपदफा (५) मा रहेका "सूचना प्राप्त भएमा प्रहरीले त्यस्ता साक्षीको" भन्ने शब्दहरुको सट्टा "सूचना प्रहरीलाई दिएमा प्रहरीले त्यस्ता साक्षी वा पीडितको" भन्ने शब्दहरु राखिएका छन्।

(४२) दफा ११६ को उपदफा (२) को खण्ड (ख) मा रहेका "दफा ५६" भन्ने शब्दहरुको सट्टा "दफा ५२ र ५६" भन्ने शब्दहरु राखिएका छन्।

(४३) दफा ११६ पछि देहायको दफा ११६क. थपिएको छः-

"११६क. <u>दाबी फिर्ता लिन सक्ने</u>ः (१) नेपाल सरकार वादी हुने मुद्दामा बाहेक अन्य कुनै पनि मुद्दामा मुद्दाको पक्षले उजुरी, पुनरावेदनपत्र वा निवेदनपत्रमा आफूले लिएको दाबी त्यागी सो दाबी फिर्ता लिनको लागि वा आफ्नो दाबी साबित गर्न नसक्ने

वा दाबीको प्रयोजन समाप्त भएको कारण देखाई सो उजुरी, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिनको लागि मुद्दाको फैसला हुनु अघि जुनसुकै बखत अदालतमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अदालतले निवेदन माग बमोजिम उजुरी, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिन अनुमति दिने आदेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उजुरी, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिने आदेश भएमा अदालतले सो मुद्दाको लगत कट्टा गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम कसैले उजुरी, पुनरावेदनपत्र वा निवेदनपत्र फिर्ता लिएकोमा सोही व्यक्तिले त्यस्तो उजुरी, पुनरावेदनपत्र वा निवेदनमा विपक्ष बनाइएका व्यक्ति उपर सोही विषयमा उजुर गर्न सक्ने छैन।"

(४४) दफा ११७ को सट्टा देहायको दफा ११७ राखिएको छः-

"११७. <u>मिलापत्र हुन सक्ने</u> : (१) अनुसूची–३ र अनुसूची–४ अन्तर्गतका कसूर सम्बन्धी कुनै मुद्दामा मुद्दाका पक्षहरुको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिनेछ।

(२) उपदफा (१) को अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ।"

(४५) दफा ११८ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः–

"(४) यस परिच्छेद बमोजिम मिलापत्र गर्दा वारिसनामा दिई मिलापत्र गर्ने अधिकार दिएकोमा सोही बमोजिम र वारिसनामामा वारिसलाई त्यस्तो अधिकार नदिएकोमा वारिस मार्फत् मिलापत्र गर्दा त्यस्तो व्यहोरा उल्लेख भएको पक्षको मञ्जुरीनामा पेश गर्नु पर्नेछ।"

(४६) दफा १२१ को उपदफा (२) मा रहेका "त्यस्तो अभियोगमा समेत" भन्ने शब्दहरुको सट्टा "त्यस्तो अभियोगमा हुनसक्ने सजाय समेत" भन्ने शब्दहरु राखिएका छन्।

(४७) दफा १२४ को उपदफा (१) मा रहेका "कसूर स्वीकार नगरेको अवस्थामा" भन्ने शब्दहरूको सट्टा "कसूर इन्कार रहेको वा इन्कारी प्रतिउत्तर दिएको अवस्थामा" भन्ने शब्दहरू राखिएका छन्।

(४८) दफा १२८ को उपदफा (५) मा रहेका "उपदफा (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखिएका छन्।

(४९) दफा १३१ को,–

(क) उपदफा (६) मा रहेका "एक महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "एक्काइस कार्य दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः-

"(६क) उपदफा (६) बमोजिम तयार गरिएको फैसलामा फैसला भएको र फैसला तयार भएको मिति उल्लेख गरी न्यायाधीशले हस्ताक्षर गरी प्रमाणीकरण गर्नु पर्नेछ।"

(५०) दफा १३३ को उपदफा (२) को ठाउँ ठाउँमा रहेका "बिगो" भन्ने शब्दहरुको सट्टा "बिगो वा क्षतिपूर्ति" भन्ने शब्दहरु राखिएका छन्।

(५१) दफा १३४ को,-

(क) उपदफा (१) मा रहेका "तीस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको हकमा सत्तरी दिन र अन्य मुद्दामा तीस दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर सरकार वादी भएको मुद्दाको हकमा दफा १३२ को उपदफा (४) बमोजिम फैसलाको जानकारी प्राप्त भएको मितिबाट पुनरावेदन गर्ने म्याद शुरु हुनेछ।"

(५२) दफा १३७ को,-

(क) उपदफा (९) मा रहेको "हकमा" भन्ने शब्दको सट्टा "हकमा निवेदन दिँदा वा पुनरावेदन गर्दा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (१०) झिकिएको छ।

(५३) दफा १४० को,–

(क) उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राखिएका छन्:-

"(३) उपदफा (१) बमोजिम सुनुवाइ गर्दा तल्लो अदालतबाट भएको निर्णय फरक पर्न सक्ने देखिएमा त्यसको कारण खुलाई पुनरावेदन सुन्ने अदालतले सुनुवाइको लागि प्रत्यर्थी झिकाउने आदेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रत्यर्थी झिकाउने आदेश भएमा पुनरावेदन सुन्ने अदालतले पुनरावेदन पत्रको प्रतिलिपि साथै राखी प्रत्यर्थीको नाउँमा बाटोको म्यादबाहेक पन्ध्र दिनभित्र उपस्थित हुन म्याद जारी गर्नु पर्नेछ।"

(ख) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः–

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन सुन्ने अदालतले चाहेमा उपदफा (१) बमोजिमको म्याद आफैंले वा शुरु मुद्दा फैसला गर्ने अदालत मार्फत् यस संहिता बमोजिमको रीत पुऱ्याई तामेल गर्न सक्नेछ।"

(ग) उपदफा (५) मा रहेका "उपदफा (३) बमोजिम सूचना" भन्ने शब्दहरुको सट्टा "उपदफा (४) बमोजिमको म्याद" भन्ने शब्दहरु राखिएका छन्।

(घ) उपदफा (६) मा रहेको "लिखत" भन्ने शब्दको सट्टा "लिखित" भन्ने शब्द राखिएको छ।

(५४) दफा १४३ मा रहेका "दफा १४०, १४१" भन्ने शब्दहरुको सट्टा "दफा १४०" भन्ने शब्दहरु राखिएका छन्।

(५५) दफा १४४ को उपदफा (१) को,–

(क) खण्ड (घ) मा रहेका "तल्लो अदालतलाई आदेश दिने।" भन्ने शब्दहरुको सट्टा "तल्लो अदालतमा पठाउने," भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) तल्लो अदालतको फैसलामा आनुषङ्गिक वा प्रासङ्गिक परिवर्तन गर्ने।"

(५६) दफा १४५ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्रचलित कानून बमोजिम जन्मकैद गर्नु पर्ने मुद्दाको अभियुक्तले कसूर गरेको कुरामा अदालतमा साबित भएकोमा त्यस्तो कसूर गर्दाको परिस्थितिलाई विचार गर्दा जन्मकैदको सजाय गर्नु न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले कारण सहित घटी सजायको प्रस्ताव गरी राय सहित फैसला गरेकोमा त्यसरी फैसला भएको मितिले पैंतीस दिनभित्र मिसिल सहित पुनरावेदन सुन्ने अदालतमा राय पेश गर्नु पर्नेछ।"

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१क) बमोजिम राय पेश भएकोमा पुनरावेदन सुन्ने अदालतले त्यसरी गरिएको घटी सजायलाई सदर गरेकोमा सर्वोच्च अदालतमा राय पेश गर्नु पर्नेछ।"

(५७) दफा १४७ को दफा शीर्षक पछि "(१)" भन्ने अङ्क थपिएको छ।

(५८) दफा १५१ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) फैसला कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा कारागार कार्यालयले सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनु पर्नेछ र जिल्ला अदालतबाट निकासा भए बमोजिम गर्नु पर्नेछ।"

(५९) दफा १५४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा १५१ को उपदफा (४) बमोजिम अदालतमा उपस्थित कसूरदारको हकमा कैदी पूर्जी जारी भई आएपछि र फरारको

हकमा समेत कसूरदार प्रहरी कार्यालयबाट पक्राउ भई अदालतमा पेश गरी निजको नाममा कैदी पूर्जी जारी भई आएपछि कारागार कार्यालयले त्यस्तो कसूरदारलाई कानून बमोजिम कैदमा राख्नु पर्नेछ।

तर अठार वर्ष उमेर नपुगेको बालबालिका कसूरदार ठहरिएकोमा निजलाई नेपाल सरकारले व्यवस्था गरेको छुट्टै बाल सुधार गृह वा यस्तै अन्य गृहमा राख्नु पर्नेछ।"

(६०) दफा १६० को उपदफा (१) को खण्ड (ङ) मा रहेको "पूरै" भन्ने शब्द झिकिएको छ।

(६१) दफा १६२ को उपदफा (९) मा रहेको "तत्काल" भन्ने शब्दको सट्टा "अन्तिम फैसला भएपछि तत्काल" भन्ने शब्दहरु राखिएका छन्।

(६२) दफा १६४ को उपदफा (३) को खण्ड (ङ) मा रहेका "छ महिना" भन्ने शब्दहरुको सट्टा "छ महिनाको दरले" भन्ने शब्दहरु राखिएका छन्।

(६३) दफा १६५ को उपदफा (१२) मा रहेका "सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(६४) दफा १६६ को उपदफा (२) को,-

(क) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) सरकारी बिगो,"

(ख) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) बिगो,"

(६५) दफा १६७ को,-

(क) उपदफा (१) मा रहेको "कसूरदार" भन्ने शब्दको सट्टा "अभियुक्त, प्रतिवादी वा कसूरदार" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (४) मा रहेको "उजुर" भन्ने शब्दको सट्टा "निवेदन" भन्ने शब्द राखिएको छ।

(६६) दफा १६८ को उपदफा (४) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३)" भन्ने शब्दहरु राखिएका छन्।

(६७) दफा १६८ पछि परिच्छेद–१६ मा देहायको दफा १६८क. थपिएको छः-

"१६८क.<u>उजुर गर्न सक्ने</u>ः (१) अदालतका कर्मचारीले मुद्दामा गरेको काम कारबाही उपर चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले पन्ध्र दिनभित्र सोही अदालतका न्यायाधीश समक्ष उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीमा भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय भएको पन्ध्र दिनभित्र पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम परेको उजुरी एक महिनाभित्र र उपदफा (२) बमोजिम परेको निवेदन दुई महिनाभित्र टुङ्गो लगाउनु पर्नेछ।

(४) फैसला कार्यान्वयनको उपस्थितिको लागि दिइएको सूचना प्राप्त गरी तारिखमा अनुपस्थित रहने पक्षले यस दफा बमोजिमको उजुरी वा निवेदन दिन पाउने छैन।"

(६८) दफा १६९ को सट्टा देहायको दफा १६९ राखिएको छः-

"१६९. <u>सम्बन्धित जिल्ला अदालतलाई अधिकार क्षेत्र हुने</u>ः (१) अपराध संहितामा उल्लिखित मुद्दामा जिल्ला अदालतले शुरु कारबाही, सुनुवाइ र किनारा गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपराध संहितामा मुद्दा हेर्ने अधिकारी सम्बन्धमा छुटै व्यवस्था भएको वा सो संहितामा उल्लिखित मुद्दामध्ये नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टै मुद्दा हेर्ने अधिकारी तोकिदिएकोमा त्यस्ता अधिकारीबाट त्यस्ता मुद्दाको शुरु कारबाही, कारबाही, सुनुवाइ र किनारा गर्न बाधा पर्ने छैन।

(३) कानून बमोजिम कुनै अदालत, निकाय वा अधिकारीलाई मुद्दामा कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकार भएको तर त्यस्तो अदालत वा निकाय गठन नभएको वा अधिकारी नतोकिएको अवस्थामा त्यस्तो अदालत वा निकाय गठन नभएसम्म वा अधिकारी नतोकिएसम्म त्यस्तो मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकार समेत सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।"

(६९) दफा १६९ पछि देहायको दफा १६९क. थपिएको छः-

"१६९क. <u>हदम्याद</u>ः प्रचलित कानून बमोजिम हदम्याद तोकिएकोमा सोही बमोजिम र हदम्याद नतोकिएकोमा जहिलेसुकै मुद्दा गर्न सकिनेछ।"

(७०) दफा १७२ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) पक्षको नाममा जारी भएको पक्राउ पूर्जी वा समाह्वान,"

(७१) दफा १७० झिकिएको छ।

(७२) दफा १७७ को उपदफा (२) को खण्ड (ख) मा रहेका "परिच्छेद–६" भन्ने शब्दहरुको सट्टा "परिच्छेद–७" भन्ने शब्दहरु राखिएका छन्।

(७३) दफा १८२ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिम लिखत दरपीठ भएकोमा तीन दिनभन्दा बढी हदम्याद वा म्याद बाँकी रहेछ भने बाँकी रहेको हदम्याद वा म्यादभित्र र तीन दिनभन्दा कम हदम्याद वा म्याद बाँकी रहेछ भने दरपीठ भएको मितिले सात दिनभित्र रीत पुऱ्याई वा सच्याई दर्ता गर्न ल्याएमा सम्बन्धित अधिकृतले त्यस्तो लिखत दर्ता गर्ने आदेश दिनु पर्नेछ।"

(७४) दफा १८९ को उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थपिएका छन्ः-

"(३) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपराध संहिताको दफा २३१,२३२,२३३ र २३८ बमोजिमको कसूरको अनुसन्धान देहाय बमोजिमको समितिले गर्नेछः-

(क) नेपाल मेडिकल काउन्सिलले तोकेको सम्बन्धित विज्ञ चिकित्सक - संयोजक

(ख) स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले तोकेको नेपाल स्वास्थ्य सेवाको सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेको कम्तीमा एघारौं तहको अधिकृत - सदस्य

(ग) महान्यायाधिवक्ताले तोकेको सहन्यायाधिवक्ता - सदस्य

(घ) गृह मन्त्रालयले तोकेको नेपाल प्रहरीको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य

(ङ) उपभोक्ता हकहितको क्षेत्रमा क्रियाशील व्यक्तिमध्येबाट स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले तोकेको एकजना - सदस्य

(४) उपदफा (३) बमोजिमको समितिले अनुसन्धान गर्दा सम्बन्धित व्यक्तिले कसूर गरेको प्रमाण भेटिएमा निज विरुद्ध मुद्दा चलाउन सम्बन्धित सरकारी वकीलको कार्यालयलाई लेखी पठाउनेछ।"

(७५) दफा १९३ पछि देहायको दफा १९३क. थपिएको छः-

"१९३क. दस्तुर लाग्नेः (१) यस संहितामा अन्यथा उल्लेख भएकोमा बाहेक अदालतमा देहायका विषयमा देहाय बमोजिम दस्तुर लाग्नेछः–

(क) उजुरीपत्र, फिरादपत्र वा प्रतिउत्तरपत्र दिंदा रु २००।–

(ख) पुनरावेदनपत्र दिंदा रु ३००।–

(ग) खण्ड (क) र (ख) बमोजिम बाहेक अन्य निवेदन दिंदा रु १०।–

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी भएको मुद्दामा उपदफा (१) बमोजिमको दस्तुर लाग्ने छैन।"

(७६) दफा १९६ को उपदफा (१) मा रहेका "अनुसन्धानको विषयमा" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान, अभियोजन तथा सरकारी वकीलको काम, कर्तव्य र अधिकारको विषयमा" भन्ने शब्दहरु राखिएका छन्।

(७७) दफा १९८ को सट्टा देहायको दफा १९८ राखिएको छः-

"१९८. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः (१) नेपाल सरकारले महान्यायाधिवक्ताको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची–१, अनुसूची–२, अनुसूची–३ र अनुसूची–४ मा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

(२) उपदफा (१) मा उल्लेख भए बाहेक अन्य अनुसूचीमा अनुसन्धान तथा अभियोजन सम्बन्धी विषयमा महान्यायाधिवक्ताको र अदालती कारबाहीको विषयमा सर्वोच्च अदालतको परामर्शमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ।"

(७८) लामो शीर्षक, विधि निर्माण सुत्र, दफा १ को उपदफा (१), दफा २ को खण्ड (ङ), दफा ३ को उपदफा (१) तथा अनुसूची–१ बाहेक अन्यत्र ठाउँ-ठाउँमा रहेको "ऐन" भन्ने शब्दको सट्टा "संहिता" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

६. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा संशोधन: फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को,–

(१) दफा १ को उपदफा (२) मा रहेका "दफा २२, २५" भन्ने शब्दहरुको सट्टा "दफा २२, २४, २५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को,–

(क) खण्ड (क) मा रहेका "मुलुकी अपराध (संहिता) ऐन,२०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी अपराध संहिता,२०७४" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ज) मा रहेका "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ख) मा रहेका "व्यवस्थापिका–संसदले" भन्ने शब्दहरुको सट्टा "सङ्घीय संसद वा प्रदेश सभाले" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ८ को उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर देहायको कसूर ठहर गर्दाकै बखत कसूरदारलाई सजाय निर्धारण गर्नु पर्नेछः-

(क) प्रचलित कानूनमा नै कैद वा जरिबानाको निश्चित अंक किटान गरिएको कसूर,

(ख) तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना हुने कसूर,

(ग) फौजदारी कार्यविधि संहिताको दफा १४५ को उपदफा (१क) बमोजिम घटी सजायको राय प्रस्ताव गरिएको जन्मकैद ठहर हुने कसूर।"

(५) दफा ९ को,

(क) उपदफा (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहाको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर दफा ८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कसूरको हकमा सजाय निर्धारण गर्दा छुट्टै सुनुवाइ गर्नु पर्ने छैन।"

(ख) उपदफा (२) मा रहेका "अवकाश भएको" भन्ने शब्दहरुको सट्टा "अवकाश भएको, माथिल्लो तहको अदालतको न्यायाधीश पदमा नियुक्ति भएको, कुनै कारणले सो पदको काम गर्न नसक्ने भएमा वा पदमा नरहेमा" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा ११ को दफा शीर्षकको सट्टा देहायको दफा शीर्षक राखी उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

"<u>छुट्टाछुट्टै सजाय निर्धारण गर्नु पर्ने</u>"

(७) दफा १७ पछि देहायको दफा १७क. थपिएको छः-

"१७क. <u>कम सजाय तोक्ने र राय पेश गर्ने</u>: (१) प्रचलित कानून बमोजिम जन्मकैद गर्नु पर्ने मुद्दाको अभियुक्तले कसूर गरेको कुरामा अदालतमा साबित भएको र मिसिल संलग्न प्रमाणबाट त्यस्तो साबिती साँचो देखिएमा निजलाई जन्मकैदको सजाय दिंदा त्यस्तो कसूर गर्दाको परिस्थितिलाई विचार गर्दा न्यायको रोहमा बढी पर्ने भई न्यायाधीशले घटी सजाय गर्न उपयुक्त देखेमा सोको कारण खुलाई राय सहितको फैसला गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कसूरदारलाई हुनु पर्ने सजायको प्रस्तावसहित पैंतीस दिनभित्र मिसील सहित पुनरावेदन सुन्ने अदालतमा राय पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम राय पेश भएको विषयमा पुनरावेदन सुन्ने अदालतले पनि घटी सजाय गर्ने ठहर गरेकोमा सर्वोच्च अदालतमा राय पेश गर्नु पर्नेछ।"

(८) दफा २४ को,–

(क) उपदफा (२) र (३) मा रहेका "कैद निलम्बन" भन्ने शब्दहरुको सट्टा "कैद सजाय निलम्बन" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (४) मा रहेका "काम गर्ने गरी" भन्ने शब्दहरु पछि "शर्त तोकी" भन्ने शब्दहरु थपी सोही उपदफाको,-

(अ) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) पीडितको सहमति भएमा पीडित व्यक्तिको कुनै काममा सहयोग गर्ने "

(आ) खण्ड (ङ) झिकिएको छ।

(९) ऐनको दफा २८ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१) बमोजिम खुल्ला कारागारमा राखिएको कसूरदारले उपदफा (२) बमोजिमका शर्तहरु पालना गरी त्यस्तो अवधि भुक्तान गरेमा निजले खुल्ला कारागारमा रही त्यस्तो कैद भुक्तान गरेको मानिनेछ।"

(१०) दफा २९ मा रहेका "जिल्ला प्रोवेशन तथा प्यारोल बोर्डको" भन्ने शब्दहरुको सट्टा "प्रोवेशन तथा प्यारोल बोर्डको" भन्ने शब्दहरु राखिएका छन्।

(११) दफा ३७ मा रहेका "तीन चौथाई कैद" भन्ने शब्दहरुको सट्टा "पचास प्रतिशत कैद" भन्ने शब्दहरु राखी सोही दफाको खण्ड (च) मा रहेका "कारोबार सम्बन्धी कसूर," भन्ने शब्दहरुको सट्टा "कारोबार सम्बन्धी कसूरमा सजाय पाएको," भन्ने शब्दहरु राखिएका छन्।

७. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ मा संशोधनः केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को,–

(१) दफा ८ को उपदफा (१) को खण्ड (क) बाट संशोधन गरिएको खण्ड (ङ) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १५ को,–

(क) उपदफा (२) र (५) को सट्टा देहायका उपदफा (२) र (५) राखिएका छन्:–

"(२) दफा ३ को उपदफा (३) मा रहेका "मुलुकी ऐन, अदालती बन्दोवस्तको ७८ नं. बमोजिमको" भन्ने शब्दहरूको सट्टा "मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७२ वा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०४ बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा ८ को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२५ र दफा २२६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९० मा लेखिएको कुरामा सोही बमोजिम हुनेछ।"

(ख) उपदफा (६) मा रहेका "चित्त नबुझ्ने व्यक्तिले" भन्ने शब्दहरूपछि "थाहा पाएको मितिले तीस दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(ग) उपदफा (७) अन्तर्गतको अनुसूची–१ को,–

(अ) क्रम संख्या ९ मा रहेका "श्रम ऐन, २०४८" भन्ने शब्दहरुको सट्टा "श्रम ऐन, २०७४" भन्ने शब्दहरु राखिएका छन्।

(आ) क्रम संख्या १४ मा रहेका "मुलुकी देवानी (संहिता) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी देवानी

संहिता, २०७४" भन्ने शब्दहरु राखिएका छन्।

(इ) क्रम संख्या १५ मा रहेका "मुलुकी अपराध (संहिता) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "मुलुकी अपराध संहिता, २०७४" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १८ को उपदफा (१) अन्तर्गत संशोधन गरिएको दफा २४ को,–

(क) उपदफा (३) मा रहेका "प्रहरीले गिरफ्तार गरी" भन्ने शब्दहरुको सट्टा "निकुञ्ज वा आरक्षका सुरक्षाकर्मी वा कर्मचारीले गिरफ्तार गरी" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (४) मा रहेका "अनुसन्धान अधिकारीले" भन्ने शब्दहरुको सट्टा "अधिकारप्राप्त अधिकारीले" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २० को उपदफा (१) अन्तर्गत संशोधन गरिएको खण्ड (ख२) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा २६ को उपदफा (३) अन्तर्गत संशोधन गरिएको उपदफा (१) मा रहेका "परिच्छेद–१० मा" भन्ने शब्दहरुको सट्टा "परिच्छेद–१२ मा" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा २७ को उपदफा (२) अन्तर्गत संशोधन गरिएको दफा ५९ को उपदफा (३) मा रहेका "प्रहरीले" भन्ने शब्दहरुको सट्टा "प्रहरी वा वन सम्बन्धी काम गर्ने कर्मचारीले" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा ३० झिकिएको छ।

(८) दफा ३९ को,–

(क) उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) गाली र बेइज्जतीको ऐन, २०१६"

(ख) उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको मुद्दा जुनसुकै तहमा भए पनि सोही अदालतबाट मुलुकी देवानी कार्यविधि संहिता वा मुलुकी फौजदारी कार्यविधि संहिताको कार्यविधि अवलम्बन गरी कारबाही र किनारा हुनेछ।"

(ग) उपदफा (२) को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन्:-

"(ख१) विचाराधिन वा फैसला भईसकेको मुद्दामा जरिबाना वा बिगो बापत कैद गर्दा वा कैद बसेको अवधिलाई जरिबानामा परिणत गर्नुपर्दा मुलुकी देवानी कार्यविधि संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्था बमोजिम हुनेछ।

(ख२) मुलुकी अपराध संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिता प्रारम्भ हुनु अगावै १६ वर्ष उमेर पूरा भएको र १८ वर्ष उमेर पूरा नभएको व्यक्तिले गरेको कसूरका सम्बन्धमा मुद्दा दायर गर्दा वा फैसला गर्दा मुलुकी अपराध संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्था बमोजिम हुनेछ र त्यस्तो व्यक्ति थुना वा कैदमा रहेछ भने मुद्दाको पुर्पक्ष वा सजाय भुक्तानको लागि निजलाई बाल सुधार गृहमा पठाउनु पर्नेछ।"

(९) दफा ४० को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१" को सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१।"

८. <u>जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ मा संशोधन</u>: जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ७ को उपदफा (१) को खण्ड (क) मा रहेका "एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "तीस हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।

९. स्टाण्डर्ड नाप तौल ऐन, २०२५ मा संशोधन : स्टाण्डर्ड नाप तौल ऐन, २०२५ को दफा ३३क. को सट्टा देहायको दफा ३३क. राखिएको छः–

"३३क. मुद्दाको तहकिकात : (१) दफा १९क., १९ख. र दफा ३० को उपदफा (१) र (३) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात र दायरी निरीक्षकले गर्नेछ।

(२) दफा ३० को उपदफा (४) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात र दायरी महानिर्देशकले तोकेको अधिकृतले गर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम तहकिकातको काम पूरा भएपछि तहकिकात गर्ने अधिकारीले मुद्दा दायर गर्ने हदम्याद अगावै अनुसन्धान प्रतिवेदन सरकारी वकील समक्ष पेश गर्नु पर्नेछ।"

राष्ट्रिय सभाले पारित गरेको मितिः २०७५/०६/०७
प्रतिनिधि सभाले संशोधन विना पारित गरेको मितिः २०७५/१२/१०
प्रमाणीकरण मितिः २०७६/०१/०२

प्रकाशकः संघीय संसद सचिवालय, विधेयक शाखा,
सिंहदरवार।

मुद्रकः संघीय संसद सचिवालय, मुद्रण तथा प्रकाशन शाखा,
अफसेट प्रेस, सिंहदरवार, काठमाडौं ।